# संविधान सभा

## साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति

# *अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा सम्वन्धी प्रतिवेदन, २०६६*

संविधान सभा
*साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति*
सिंहदरवार, काठमाण्डौं, नेपाल

# मन्तव्य

सम्माननीय अध्यक्ष महोदय,

नेपाल क्षेत्रफलको हिसावले सानो भएता पनि भौगोलिक, सांस्कृतिक, धार्मिक, भाषिक जातिय तथा अन्य कैयौं विविधताले समृद्ध मुलुक हो । वर्तमान अवस्थामा नेपाल नविन परिवेशवाट गुज्रीरहेको छ । अब हिजोको जस्तो केन्द्रीकृत एवं एकात्मक राज्य संरचनाले जनताको परिवर्तित आकांक्षा एवं सामाजिक, सांस्कृतिक र भाषिक पहिचानहरुलाई समुचित रुपले संवोधन र आत्मसात गर्न नसक्ने सिद्ध भै सकेको छ ।

संघियताले मुलुकमा मौजुदा तमाम जातजाति, भाषाभाषि, धर्म, सम्प्रदाय र भौगोलिक क्षेत्रका नेपालीलाई विना कुनै भेदभाव समान रुपमा विश्वव्यापि मानवीय मूल्य मान्यतामा आधारित प्रजातान्त्रिक अधिकारको सुनिश्चित गर्ने र उनीहरुको सामाजिक, आर्थिक र सांस्कृतिक समृद्धिमा टेवा दिने विश्वास लिइएको छ । मुलुकमा जातिय, भाषिक, धार्मिक, सांस्कृतिक र क्षेत्रिय विविधताको विशिष्ट अवस्था विद्यमान छ । यसका वावजुद देशमा विद्यमान विविध भाषाभाषी, जातजाति, वर्ग र समुदायहरु विचमा लामो समयदेखि रहँदै आएको पारस्परिक सम्वन्ध, आपसी विश्वास, सद्भाव, सम्मिलन र अन्तरघुलनको सहज प्रकियाले नेपाली समाजलाई सहिष्णुता र एकिकृत वनाएको सर्वविद्धितै छ ।

सम्माननीय अध्यक्ष महोदय,

देश संघीय संरचनामा जान लागिरहेको परिप्रेक्ष्यमा विभिन्न तहका संघीय इकाईहरुमा सरकारी कामकाजको भाषा, अन्य राष्ट्रभाषा र संस्कृतिको संरक्षण, सामाजिक ऐक्यवद्धताको आधार निर्धारण सम्वन्धी विषयहरु संवैधानिक रुपले व्यवस्थित गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७९ र संविधान सभा नियमावली, २०६५ को नियम ६६ अनुसार संविधान सभावाट सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको गठन भएको हो ।

संविधान सभा नियमावली, २०६५ को नियम ७३ ले निर्दिष्ट गरे अनुसार समितिको काम कर्तव्य र अधिकार एवं समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा समितिमा रहनुहुने माननीय सदस्यहरु विच व्यापक छलफल, अध्ययन एवं विश्लेषणका साथै सम्वन्धित विषयविज्ञहरुको सुझाव, समितिले तयार गरेको

प्रश्नावली एवं विभिन्न माध्यमहरुवाट यस समितिलाई प्राप्त हुन आएका नागरिकहरुका राय सुझावहरु लगायत समितिको कार्यक्षेत्रसँग सरोकार राख्ने विभिन्न संघ संस्थाका राय सुझावहरुको विस्तृत अध्ययन, विश्लेषण पश्चात यो अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा सम्वन्धी प्रतिवेदन तयार गरिएको व्यहोरा जानकारी गराउदै यो प्रतिवेदन यस सम्मानित संविधान सभामा पेश गर्दछु ।

समितिले आफ्नो कार्यसम्पादनको सिलसिलामा ४ वटा विभिन्न उपसमितिहरु गठन गर्नुका साथै आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा अवधारणा पत्र लगायत प्रारम्भिक मस्यौदा तयार गर्नका लागि भाषा सम्वन्धी एवं सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्वन्धी उपसमिति गठन गरेको थियो । उपसमितिहरुवाट प्राप्त प्रतिवेदन माथि समितिको पूर्ण वैठकमा छलफल गरि आवश्यक संशोधन सहित यो प्रतिवेदन तयार गरिएको हो ।

यसै समयावधिमा आम नागरिकहरुको राय सुझाव लिने शिलशिलामा समितिले यस समितिका माननीय सदस्य स्वर्गीय श्री बोध नारायण सरदारलाई गुमाउनु परेकोमा पिडा सहन गर्नु पर्‍यो ।

समितिमा प्रतिवेदन तयार गर्ने क्रममा ४८ वटा वैठक वसी करिव १३८ घण्टा ३८ मिनेटको समयावधि उपयोग गरिएको थियो ।

अन्त्यमा समय समयमा समितिलाई आवश्यक मार्गनिर्देशन एवं हौसला प्रदान गर्नु भएकोमा सम्माननीय अध्यक्ष एवं माननीय उपाध्यक्ष, माननीय सदस्यहरु समितिलाई आवश्यक सहयोग पुऱ्याउनु हुने विषय विज्ञहरु, विभिन्न राजनैतिक दल, नागरिक समाज, संघ संस्थाहरु लगायत संविधान सभा सचिवालय एवं समिति सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

नवोदिता चौधरी

सभापति

सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति

# संविधान–सभा

(सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति)

मिति : २०६६ आषाढ ३ गते

सम्माननीय अध्यक्षज्यू,
संविधान सभा,

विषय :– **समितिको अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन पेश गरेको**

संविधान सभा, सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको मिति २०६६ ३ ३ गते बसेको बैठकले समितिले तयार पारेको अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन संविधान सभा नियमावली, २०६५ को नियम ७३ अनुसार संविधान सभामा पेश गर्ने प्रयोजनका लागि सम्माननीय अध्यक्षज्यू समक्ष प्रस्तुत गर्ने निर्णयानुसार यो प्रतिवेदन पेश गरेका छौं ।

| नाम | हस्ताक्षर | |
|---|---|---|
| मा.श्री नवोदिता चौधरी (सभापति) | | |
| मा.श्री अर्जुनप्रसाद जोशी | | |
| मा.श्री इन्द्रावती अधिकारी (दनुवार) | | |
| मा.श्री उषा गुरुङ | | |
| मा.श्री कमला शर्मा | | |
| मा.श्री करिमा बेगम | | भाषामा फरक मतसहित |
| मा.श्री कविन्द्रनाथ ठाकुर | | (भाषामा फरक मत सहित पेश गरेको) |
| मा.श्री कालीबहादुर मल्ल | | |
| मा.श्री कृष्णा ठाकुर | Krishna | |
| मा.श्री गोपाल ठाकुर | | |
| मा.श्री गौरी महतो कोइरी | | भाषामा फरक मत |
| मा.श्री गौरी शंकर खड्का | | |
| मा.श्री चन्द्रबहादुर गुरुङ | | |
| मा.श्री जयराम यादव | | (भाषामा फरक मत सहित) |
| मा.श्री डबल बहादुर शाह | | |
| मा.श्री नारा कुमारी घर्तिमगर | | |
| मा.श्री तिर्थराम डंगोल | तीर्थराम डंगोल | |
| मा.श्री तुलसी सुब्बा | | |
| मा.श्री दलबहादुर राना | | |
| मा.श्री दुर्गाकुमारी वि.क. | | |
| मा.श्री धर्मराज वि.क. | | |
| मा.श्री नेत्रप्रसाद पन्थी | | |

| | | |
|---|---|---|
| मा.श्री पार्वती रमाइली | | |
| मा.श्री बिना पौडेल | [signature] | |
| मा.श्री बिना ज्ञवाली | [signature] | |
| मा.श्री विरेन्द्र कुमार मार्भी | [signature] | |
| मा.श्री मातृकाप्रसाद यादव | | |
| मा.श्री मृगालाल महतो | [signature] | |
| मा.श्री मंगल वि.क. | | |
| मा.श्री रणध्वज लिम्बु | [signature] | |
| मा.श्री रामनारायण सिंह | | |
| मा.श्री रामशिला ठाकुर | [signature] | |
| मा.श्री लिलाकुमारी बगाले सोमई | | |
| मा.श्री लेखराज भट्ट | | |
| मा.श्री शारदा नेपाली | [signature] | |
| मा.श्री शुषमा शर्मा घिमिरे | | |
| मा.श्री सविनादेवी यादव | [signature] | ([illegible]) |
| मा.श्री सन्तोष कुमार बुढामगर | | |
| मा.श्री सुकदैया चौधरी थारु | | |
| मा.श्री हरिनारायण यादव | [signature] | ([illegible]) |
| मा.श्री हिमकुमारी सुनार | | |
| मा.श्री श्रामणेर आनन्द | | |

[signature]

# संविधान सभा
## सामाजिक र साँस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समिति
## संविधानको प्रारम्भिक मस्यौदा

| विषयवस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| सामाजिक ऐक्यबद्धताको प्रवर्द्धन । | १. "................... संघीय संरचना अन्तर्गत विभिन्न इकाईहरुको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र भाषिक अधिकारको सुनिश्चितता गर्दै आपसी सद्भाव, विश्वास र सम्मान मार्फत सामाजिक ऐक्यबद्धतालाई प्रवर्द्धन गर्ने कुरामा दृढ संकल्प गर्दै" । | प्रस्तावनाको उपयुक्त स्थानमा रहनु पर्ने । | विभिन्न संघीय इकाईहरुको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र भाषिक अधिकारको जगमा सामाजिक ऐक्यबद्धता निर्माण हुने र सोही आधारमा राष्ट्रिय एकता मजबुत हुने भएकोले सो को प्रत्याभूतिका लागि यसलाई संविधानको प्रस्तावनामा नै उल्लेख गर्नु परेको हो । |
| मातृभाषामा शिक्षा । | २. **शिक्षा सम्बन्धी हक** :– (१) प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।<br>(२) उपधारा (१) को प्रचलन कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | मौलिक हक अन्तर्गत छुट्टै धारामा रहनु पर्ने । | नेपाल भाषिक विविधतायुक्त मुलुक भएको हुँदा मातृभाषामा आधारभूत शिक्षा दिंदा भाषिक समुदायको आत्मसम्मान हुने, बालबालिकाले सरल एवं सहज रुपमा शिक्षा प्राप्त गर्न सक्ने र यसबाट अन्ततः देशको शैक्षिक तथा भाषिक विकासमा मद्दत पुग्ने हुँदा प्रत्येक समुदायलाई मातृभाषामा आधारभूत शिक्षा दिने व्यवस्था गरिएको हो । |
| संस्कृति, भाषा तथा लिपिको संरक्षण, | ३. **संस्कृति तथा भाषा सम्बन्धी हक** :– (१) प्रत्येक समुदायलाई आफ्नो संस्कृतिको संरक्षण, | मौलिक हक अन्तर्गत छुट्टै धारामा रहनु पर्ने । | संस्कृति समाजको मौलिक पहिचान र समुदायको प्रतिष्ठाको विषय भएको हुँदा यस प्रति प्रत्येक समुदायको आस्था र विश्वास रहेको हुन्छ । नेपाल |

| | | | |
|---|---|---|---|
| **सम्वर्द्धन र विकास ।** | सम्वर्द्धन र अवलम्वन गर्ने हक हुनेछ ।<br>तर संस्कृतिको आडमा निर्मित कुरीति, कुसंस्कार र कुप्रथा वा मान्यताको प्रयोगमा रोक लगाउने गरी कानूनद्वारा विशेष व्यवस्था गर्न बाधा पु-याएको मानिने छैन ।<br>(२) प्रत्येक समुदायलाई आफ्नो भाषा तथा लिपिको संरक्षण, सम्वर्द्धन, प्रयोग र विकास गर्ने हक हुनेछ । | | सांस्कृतिक विविधतायुक्त मुलुक भएकोले राष्ट्रको पहिचानको रुपमा रहेको सांस्कृतिक विविधतालाई जोगाउन र प्रत्येक समुदायको आफ्नो संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने प्रयोजनको लागि संस्कृतिलाई विशेष महत्व दिई मौलिक हकको रुपमा संविधानमा व्यवस्था गरिएको हो ।<br>नेपाली समाजमा संस्कृतिको मौलिक पहिचान र प्रतिष्ठाका नाममा कतिपय कुरीति, कुसंस्कार र कुप्रथाहरु रहेका हुदा त्यस्ता विकृतिलाई समाजबाट हटाउनु जरुरी छ । यसको लागि कानूनद्वारा विशेष व्यवस्था गरी त्यस्ता कुरीति, कुसंस्कार र कुप्रथाहरुलाई दण्डनीय बनाउन बाधा नपरोस् भन्ने अभिप्रायले नै संविधानमा कानून बनाई रोक लगाउन सकिने व्यवस्था गरिएको हो ।<br>भाषा र लिपिको संरक्षण नभएसम्म भाषिक विकास हुन सक्दैन । भाषाको लेख्य परम्परा, शब्दकोषको निर्माण, साहित्य,व्याकरण,ComputerFont लगायत पाठ्य सामाग्रीहरुको प्रकाशन गर्न सकिएमा मात्रै भाषाको विकास हुन सक्दछ । त्यसैले सबै भाषिक समुदायलाई आफ्नो भाषा र लिपिको संरक्षण, सम्वर्द्धन, प्रयोग र विकास गर्ने हकको व्यवस्था गरिएको हो । |
| **आदिवासी/जनजातिको पहिचान तथा सम्मान ।** | **४. आदिवासी/जनजातिको हक** :–प्राकृतिक श्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्वन्धको आधारमा आदिवासी/जनजातिलाई आफ्नो पहिचान र सम्मानजनक पहुँचको हक हुनेछ । | मौलिक हक अन्तर्गत छुट्टै धारामा रहनु पर्ने । | आदिवासी/जनजातिलाई भूमि लगायत राज्यको प्राकृतिक श्रोत र साधनमा रहेको अन्योन्याश्रित सम्वन्धको मान्यताका आधारमा उनीहरुको पहिचान र सम्मानजनक पहुँचको व्यवस्थाबाट आफूसंग सरोकार राख्ने विषयका निर्णयमा सहभागी हुन पाउने हक सुनिश्चित गर्दछ । यसबाटआदिवासी/जनजातिको आफ्नो पहिचान र आत्मसम्मानमा अभिवृद्धि भई |

| | | | |
|---|---|---|---|
| | | | सामाजिक सम्बन्धको जग मजबुत हुने कुरालाई ध्यानमा राखी संविधानमा उल्लेख गरिएको हो । |
| **छुवाछुत तथा जातिय विभेद लगायत सबै किसिमका भेद्भावको अन्त्य ।** | **५. छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हक** :– (१) कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातिय भेद्भाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहारलाई गम्भिर अपराध मानी दण्ड गरिने छ । पिडीत व्यक्तिले कानूनद्वारा निर्धारण भए बमोजिम क्षतिपूर्ति पाउनेछ ।<br>(२) कुनै पनि व्यक्तिलाई जात, जातिको आधारमा कुनै पनि सेवा, सुविधा वा उपभोगका कुराहरुको प्रयोगमा कुनै पनि स्थानमा भेदभाव गरिने छैन ।<br>(३) कुनै वस्तु, सेवा वा सुविधाको उत्पादन, विक्रि वितरण, खरिद वा प्राप्त गर्न जात, जाति वा समुदायको आधारमा भेदभाव गरिने छैन ।<br>(४) कुनै जात, जाति, उत्पत्ति वा पेशाका व्यक्ति वा व्यक्तिहरुको समूहको धार्मिक वा अन्य कुनै आधारमा उच निच दर्शाउन, जात | मौलिक हक अन्तर्गत छुट्टै धारामा रहनु पर्ने । | नेपालमा छुवाछुत र जातिय विभेदको अन्त्य हुन सकेको छैन । समाजमा सबैले सम्मानपूर्वक जीवनयापन गर्न पाउनुपर्छ । यसको लागि जात, वंश र पेशाको आधारमा हुने छुवाछुत र जातीय भेदभाव नगरिने कुराको प्रत्याभूति गर्न यो व्यवस्था राखिएको हो । त्यस्तो व्यवहारलाई निरुत्साहित गर्न भेदभावपूर्ण व्यवहारलाई दण्डनीय बनाई त्यसबाट पिडीत व्यक्तिलाई क्षतिपूर्ति दिने व्यवस्था उल्लेख गरिएको हो ।<br>जातिय आधारमा हुने सबैखाले छुवाछुत वा भेदभावलाई अन्त्य गरी समतामूलक समाजको निर्माण गरिनु पर्छ । यसको लागि कुनै पनि स्थानमा सबै किसिमका सेवाको उपयोगमा सबैको समान पहुँच सुनिश्चित गर्न र कुनैपनि सेवा, सुविधा वा उपभोगका कुराको निर्बाध रुपमा उपभोग गर्न पाउनु पर्छ भन्ने मान्यताका आधारमा यो व्यवस्था उल्लेख गरिएको हो । |

| | | | |
|---|---|---|---|
| | जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउन वा जातिय सर्वोच्चता वा घृणामा आधारित अभिव्यक्ति दिन, विचारको प्रचार प्रसार गर्न वा जातिय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न पाइने छैन् ।<br>(५) उपधारा (२), (३), (४), विपरितको कार्य कानून बमोजिम दण्डनीय हुनेछ । | | |
| सामाजिक न्याय । | ६. **सामाजिक न्यायको हक** :– (१) प्रत्येक व्यक्तिलाई आफ्नो व्यक्तित्व विकास गर्ने, स्वच्छ व्यवहार पाउने र राज्यको श्रोत, साधन र अवसरमा समान पहुँचको हक हुनेछ ।<br>(२) राजनैतिक, आर्थिक, सामाजिक, सास्कृतिक, लैङ्गिक वा शैक्षिक दृष्टिले पछि पारिएका उत्पिडीत क्षेत्र, वर्ग र समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको सरचनामा सहभागी हुने हक हुनेछ । | मौलिक हक अन्तर्गत छुट्टै धारामा रहनु पर्ने । | राज्यको दृष्टिकोणमा सबै नागरिक समान हुन्छन् । व्यक्तित्व विकासका लागि व्यक्तिले अनुकूल वातावरणको अपेक्षा राज्यबाट गरेको हुन्छ । त्यस्तै राज्यबाट स्वच्छ व्यवहार पाउनु पनि व्यक्तिको नैसर्गिक अधिकार हो । यी सबै कुराको लागि राज्यको श्रोत, साधन र अवसरमा सबैको समान पहुँच र अवसरको सुनिश्चितता गर्नु परेको हो ।<br>राज्यमा सबै नागरिकको समान आर्थिक हैसियत हुँदैन । समाजका कुनै वर्ग वा समुदाय विभिन्न कारणले गर्दा आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा पछाडि परेका हुन्छन् । त्यसरी पछाडि पारिएका वर्ग वा समुदायलाई विशेष व्यवस्था गरी राज्यको मूलप्रवाहमा ल्याई राष्ट्रिय एकतालाई मजबुत गरिनु पर्छ । यसको लागि आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा पछाडि पारिएका महिला, दलित, आदिवासी/जनजाति, मधेशी/तराईवासी समुदाय, मुस्लिम, कमैया, हलिया, चरवा, हरवा, कम्लहरी, धुकरी, बादी, धोबी, मुसहर, बान्तर, डोम, माझी, अल्पसंख्यक, सिमान्तकृत आदिलाई राज्यका सरचनामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व गराई तिनीहरुमा |

| | | | |
|---|---|---|---|
| | | | स्वामीत्व र अपनत्वको भावना वृद्धि हुन्छ भन्ने अभिप्रायले नै यो व्यवस्था गरिएको हो । |
| **सामाजिक सुरक्षा ।** | **७. सामाजिक सुरक्षाको हक** :– एकल महिला, वृद्ध, अपाङ्ग, अशक्त, असहाय नागरिक र लोपोन्मुख जातिलाई कानूनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । | मौलिक हक अन्तर्गत छुट्टै धारामा रहनु पर्ने । | राज्यको श्रोत र साधनमा पहुँच नभएका वा गरिबी, वृद्धावस्था, अपाङ्गता, अशक्तावस्था जस्ता फरक फरक सामाजिक अवस्थाका व्यक्तिलाई गास, बास, र कपासको सुनिश्चितता राज्यले गर्नु पर्दछ । यसको लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गरिनु पर्छ भन्ने उद्देश्यबाट नै प्रस्तुत व्यवस्था राखिएको हो । |
| **भाषिक एवं सांस्कृतिक विविधताको मान्यता र समानता, संस्कृतिको संरक्षण र सम्बर्द्धन, विभेदको अन्त्य, राहत, सम्मान र पुनर्स्थापना तथा सन्धि सम्झौताको कार्यान्वयन ।** | ८. राज्यको दायित्व :– (१) देशमा विद्यमान भाषिक एवं सांस्कृतिक विविधताको सम्मान गर्दै सबै भाषा तथा संस्कृतिको मान्यता र समानताको प्रत्याभूति गर्ने ।<br>(२) सांस्कृतिक महत्वका सम्पदा लगायत सबै किसिमका संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि कानूनी तथा संरचनागत व्यवस्था गर्ने ।<br>(३) जातिय छुवाछुत तथा सबै किसिमका सामाजिक विभेदको अन्त्यका लागि छुट्टै कानूनको निर्माण गरी कार्यान्वयनको अनुगमनका लागि आयोगको व्यवस्था गर्ने ।<br>(४) सशस्त्र द्वन्द्व र विभिन्न जनआन्दोलनको क्रममा शहिद भएका, | राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत राज्यको दायित्व धाराको उपधारामा रहनु पर्ने । | नेपाल बहुभाषिक तथा बहुसांस्कृतिक मुलुक हो । नेपालमा ९२ भन्दा बढी मातृभाषाहरु रहेको तथ्याङ्क छ । त्यस्तै विभिन्न समुदायहरुमा आ–आफ्नै संस्कृति, मूल्य मान्यता र परम्परा रहेका छन् । यस प्रकार नेपाल भाषिक एवं सांस्कृतिक रुपले विविधतायुक्त छ । तसर्थ, व्यापक सामाजिक ऐक्यबद्धताको निर्माणका लागि भाषिक एवं सांस्कृतिक विविधताको मान्यताको आधारमा राज्यले सबै भाषा र संस्कृतिको पहिचान र समानताको प्रत्याभूति गर्नु परेको हो ।<br>संस्कृति र समाजको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । अर्थात, संस्कृति समाजको पहिचान पनि हो । सबै संस्कृतिलाई बचाई राख्नु राज्यको दायित्व हुन्छ । तसर्थ, राज्यले सांस्कृतिक महत्वका सम्पदा लगायत सबै किसिमका संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने ठोस् आधारका रुपमा आवश्यक कानूनी र संरचनागत व्यवस्था गर्न आवश्यक परेको हो ।<br>नेपाली समाज जातिय व्यवस्थामा आधारित छ । जातिय भेदभावको रुढीवादी मान्यताले जातीय छुवाछुत जस्ता कुरीति र कुसंस्कारको जन्म भएको |

| | | | |
|---|---|---|---|
| | मारिएका वा बेपत्ता पारिएकाहरुको परिवार तथा त्यस क्रममा घाइते भई अपाङ्ग वा अशक्त भएका र विस्थापितहरुको लागि उचित राहत, सम्मान र पुनर्स्थापनाको व्यवस्था गर्ने ।<br>(५) सहिद परिवार, बेरोजगार, श्रमिक, असहाय बालबालिका, कमैया, भूमिहीन, बेच बिखनमा परेका चेलीबेटी र मानसिक सन्तुलन ठिक नभएका व्यक्तिको लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने ।<br>(६) नेपाल राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धी सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने । | | छ । त्यस्तै नेपालमा अन्य थुप्रै किसिमका सामाजिक एवं सांस्कृतिक विभेद रहीआएका छन् । यी कुरीति, कुसंस्कार र विभेदलाई निषेध गर्ने गरी विभिन्न कानूनी व्यवस्था रहेपनि छरिएर रहेका ती व्यवस्थाहरुको प्रभावकारिता अपेक्षाकृत रुपमा नरहेको पृष्ठभूमिमा त्यसका लागि एउटा छुट्टै र प्रभावकारी कानूनको निर्माण गरी कार्यान्वयनको लागि उपयुक्त संरचनाको आवश्यकता महसुस भएको हो । सबै किसिमका विभेद र छुवाछुतको अन्त्यबाट मात्रै सामाजिक ऐक्यबद्धता कायम हुनसक्ने अपेक्षा गरी छुट्टै कानून र आयोगको व्यवस्था उल्लेख गरिएको हो ।<br>नेपालमा विभिन्न समयमा सशस्त्र द्वन्द्व लगायत जनआन्दोलनहरु भएका छन् । त्यस क्रममा थुप्रै व्यक्तिहरु मारिएका, घाईते, अपाङ्ग, वा अशक्त भएका, बेपत्ता पारिएका र विस्थापित भएका छन् । त्यस्ता व्यक्ति वा परिवारहरुको लागि उचित राहत, सम्मान र पुनर्स्थापनाको व्यवस्था गर्नु राज्यको कर्तव्य हुन्छ । यसले त्यस्ता व्यक्तिहरुमा गौरवको महसुस भई राज्यसंगको भावनात्मक सम्बन्धको समेत विकास भई सामाजिक ऐक्यबद्धताको प्रवर्द्धन गर्न टेवा पुग्ने भएकोले प्रस्तुत व्यवस्था राखिएको हो ।<br>राष्ट्र र जनताको निमित्त बलिदान दिने सहिद, श्रममा आश्रित श्रमिक, कुनै सहारा नपाई सडकमै बस्न बाध्य रहेका बालबालिका, कमैया, भूमिहीन, बेचबिखनमा परी फर्किएका चेलिबेटी तथा मानसिक सन्तुलन ठीक नभई सडकमा रहेका व्यक्ति आदिको सामाजिक सुरक्षाको व्यवस्था गर्नु राज्यको अहम दायित्व हुने भएकोले त्यस्ता व्यक्ति तथा परिवारको लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्नु पर्ने कर्तव्य तोकिएको हो । |

| | | | |
|---|---|---|---|
| | | | नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, लैङ्गिक, भाषिक, शैक्षिक समेतका अधिकारको प्रत्याभूतिका सम्बन्धमा संयुक्त राष्ट्रसंघीय प्रणाली लगायत अन्तर्राष्ट्रियस्तरमा धुप्रै सन्धि, सम्झौताहरु भएका छन् । नेपाल ती मध्ये अधिकांशको पक्ष राष्ट्र समेत रहेको छ । सार्वभौम मुलुकको हैसियतले त्यस्ता सन्धि सम्झौताहरुको पक्ष भैसकेपछि तिनको पालना गर्नु नेपालको दायित्व हुन्छ । त्यस्तै ती सन्धि सम्झौताहरुले प्रत्याभूत गरेका अधिकारहरुको जगमा व्यक्ति वा समुदायका हक अधिकारहरुको सुनिश्चिततताबाट नै सामाजिक ऐक्यबद्धताको प्रवर्द्धन हुनसक्ने भएकोले राज्यले अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पालना गर्नुपर्ने दायित्व किटान गरिएको हो । |
| **राज्यको सामाजिक उद्देश्य ।** | ९ <u>राज्यका निर्देशक सिद्धान्तहरु</u> :- राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सबै किसिमका असमानता हटाई विभिन्न वर्ग, क्षेत्र, जात, जाति, धर्म, वर्ण, लिङ्ग, भाषा, समुदाय, र सम्प्रदायका बीच सामञ्जस्यता कायम गरी न्याय र समानतामा आधारित समाजको निर्माण र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ । | राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत राज्यका निर्देशक सिद्धान्तहरु धाराको उपधारामा रहनु पर्ने । | नेपालमा विगत लामो समयदेखि नै विभिन्न किसिमका राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक असमानता रहीआएका छन् । फरक संस्कृति वा मूल्य मान्यताका आधारमा सामाजिक विभेद वा असमानता रहेको हुदा त्यसलाई हटाउनु अपरिहार्य छ । त्यस्तै नेपालमा रहेका विभिन्न वर्ग, क्षेत्र, जात, जाति, धर्म, लिङ्ग, भाषा, संस्कृति र समुदायका बीच सद्भाव वा सामञ्जस्यता कायम गरी न्याय र समानतामा आधारित समाजको निर्माणबाट मात्रै सामाजिक एकता कायम हुनसक्ने भएकोले यसलाई निर्देशक सिद्धान्त अन्तर्गत राज्यको सामाजिक उद्देश्यमा राखिएको हो । |
| **भाषा,संस्कृतिको संरक्षण र विकास, मूलप्रवाहीकरण, समावेशीकरण, आर्थिक** | १० <u>राज्यका नीतिहरु</u> :- (१) विभिन्न भाषा, धर्म, संस्कृति वा मूल्य मान्यता रहेका व्यक्ति, समुदाय वा सम्प्रदाय बीच समानता, आपसी विश्वास, सम्मान एवं सद्भावका आधारमा | राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत राज्यका नीतिहरु धाराको उपधारामा रहनु पर्ने | नेपालमा विभिन्न भाषा, धर्म, संस्कृति र मूल्य मान्यता रहेका व्यक्ति, समुदाय वा सम्प्रदाय छन् । तिनीहरुका बीचको आपसी विश्वास, सम्मान र सद्भावबाट नै व्यापक सामाजिक सम्बन्धको विकास हुन्छ । त्यस्तै सबैको भाषा, संस्कृति र मूल्य मान्यताको समान संरक्षण, प्रयोग र विकासबाट मात्रै |

| | | | |
|---|---|---|---|
| **विकास र समानता, कानून परिमार्जन र समयानुकुल निर्माण तथा सामाजिक सुरक्षाको विशेष व्यवस्था र समन्यायिक वितरण ।** | व्यापक सामाजिक सम्बन्धको विकास गरी सबै भाषा, संस्कृति र मूल्य मान्यताको समान संरक्षण, प्रयोग र विकासद्वारा सामाजिक स्वार्थको प्रोत्साहन गर्दै राष्ट्रिय एकतालाई मजबुत गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।<br>(२) लोपोन्मुख भाषा एवं संस्कृतिको संरक्षण, प्रयोग र विकासका लागि राज्यले विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।<br>(३) सामाजिक, सांस्कृतिक मूल्य मान्यता वा भिन्नताका कारण सामाजिक बहिस्करणमा परेका समूह, समुदाय वा वर्गको मूलप्रवाहीकरणका लागि राज्यले सकारात्मक विभेदका साथै महिला र दलितको लागि विशेषाधिकारको नीति अख्तियार गर्दै एउटा महिला आयोग गठन गर्नेछ ।<br>(४) मधेशी/तराईवासी, दलित, आदिवासी जनजाति, महिला, मुस्लिम, मजदुर, किसान, अपाङ्ग, तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समानुपातिक समावेशीकरणको आधारमा राज्य संरचनामा सहभागी गराई सम्मानजनक पहुँचको सुनिश्चितता गर्न ती | । | सबैको सम्मानका साथै अपनत्वको अनुभूति हुन्छ । तसर्थ, व्यापक सामाजिक सम्बन्ध, सद्भाव र सामूहिक भावनाको विकासबाट सामाजिक स्वार्थको प्रोत्साहन मार्फत राष्ट्रिय एकतालाई मजबुत गर्ने नीति उल्लेख गरिएको हो ।<br>सामाजिक ऐक्यबद्धताका लागि विद्यमान सबै भाषा र संस्कृतिको समान संरक्षण, सम्वर्द्धन, प्रयोग र विकास हुनुपर्ने भएपनि नेपालको भाषिक र सांस्कृतिक अवस्थामा विविधता छ । लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण सम्वर्द्धन, प्रयोग र विकासका लागि उपयुक्त एवं प्रभावकारी व्यवस्था गर्न नसकेका कारण थुप्रै भाषा र संस्कृतिको अस्तित्व नै संकटमा रहेको छ । भाषा र संस्कृतिको समग्र रुपमा संरक्षण, सम्वर्द्धन, प्रयोग र विकास गर्ने नीति भाषिक एवं सांस्कृतिक लोपोन्मुखतालाई रोक्न पर्याप्त नहुने हुँदा त्यसका लागि राज्यले विशेष व्यवस्था गर्नु पर्ने नीति राखिएको हो ।<br>सामाजिक, सांस्कृतिक मूल्य मान्यता वा भिन्नताकै कारणबाट नेपालका कतिपय समूह, समुदाय वा वर्ग पछाडि पारिएका छन् । तिनीहरुको मूल प्रवाहीकरण हुन सकेको छैन । यसले जाति, क्षेत्र, समूह वा समुदाय बीच असमानता पैदा गरेको छ । तसर्थ, तिनीहरुको मूलप्रवाहीकरणको लागि राज्यले सकारात्मक विभेदका साथै महिला र दलितको लागि विशेषाधिकारको नीति अख्तियार गरी महिलाको हकहितको सम्बन्धमा कार्य गर्न छुट्टै आयोगको समेत व्यवस्था गर्नु परेको हो ।<br>सामाजिक ऐक्यबद्धताका लागि राज्य संरचनामा सबैको पहिचान, सम्मान र पहुँच अनिवार्य हुन्छ । तसर्थ, खासगरी मधेशी/तराईवासी, दलित, आदिवासी/जनजाति, महिला, मुस्लिम, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग, |

| | | | |
|---|---|---|---|
| | समूहहरुको आर्थिक, सामाजिक विकासका विशेष कार्यक्रम सञ्चालन गर्नेछ।<br>(५) सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाउन देशमा उपलब्ध श्रोत र साधनलाई राज्यले सामाजिक न्यायका आधारमा वितरण गर्नेछ । राष्ट्रिय अर्थतन्त्रको विकासका लागि पूँजी निर्माण, जनशक्ति विकास र पूर्वाधार निर्माण गर्न राज्यले विशेष नीति अख्तियार गर्नेछ । आर्थिक स्वावलम्बन कार्यक्रम मार्फत सामाजिक एकता कायम गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।<br>(६) समाजका उन्नत मूल्य मान्यता र नैतिकताको प्रतिकूल रहेका कानूनको परिमार्जन गरी समयानुकूल कानूनको निर्माणमा राज्यले जोड दिने छ ।<br>(७) आर्थिक, सामाजिक रुपले पछाडि परेका, पारिएका वर्ग, एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र विकासका लागि राज्यले सामाजिक सुरक्षाको विशेष व्यवस्था गरी समन्यायिक ढंगबाट वितरण गर्ने नीति | | क्षेत्र र समुदायको राज्य संरचनामा समानुपातिक समावेशीकरणलाई सुनिश्चित गर्न सक्षम बनाउने हेतुले तिनीहरुको आर्थिक, सामाजिक विकासका विशेष कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गर्न आवश्यक परेको हो ।<br>आर्थिक, सामाजिक असमानता हटाउन मूलतः देशमा उपलब्ध श्रोत र साधनको उपयोग र वितरण उपयुक्त ढंगले हुनु पर्दछ । त्यसका लागि श्रोत र साधनको वितरण सामाजिक न्यायका आधारमा गर्नु पर्दछ । यसबाट जाति, लिङ्ग, वर्ग र क्षेत्रका आधारमा हुनसक्ने आर्थिक, सामाजिक असमानतालाई हटाउन सकिन्छ । त्यस्तै आमनागरिकको आर्थिक उन्नति वा विकासका लागि राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउनु पर्ने अपरिहार्यता रहन्छ । यसका लागि पूँजी निर्माण, जनशक्ति विकास र पूर्वाधार विकास गर्न राज्यले विशेष नीति अवलम्बन गर्नु पर्दछ । आर्थिक सक्षमताले मात्र व्यक्तिको विकास हुने र त्यसबाट नै सामाजिक एकता सम्भव भएकोले आर्थिक स्वावलम्बनका कार्यक्रम समेत राज्यले सञ्चालन गर्नुपर्ने भएको हो ।<br>कानूनको वैधानिकता त्यस समाजका वास्तविक मूल्य मान्यता र नैतिकतामा अडिएको हुन्छ । अर्थात, कानून सामाजिक, सांस्कृतिक मूल्य मान्यता र नैतिकतामा आधारित हुनु पर्दछ । यसको अभावमा कानून र सामाजिक व्यवहार बीच भिन्नता आई कानूनले सामाजिक मान्यता गुमाउँदछ । त्यस्तै कानून सामाजिक, सांस्कृतिक परिवर्तनको माध्यम पनि हो र यसले समाजलाई गति प्रदान गर्दछ । तसर्थ, समाजका उन्नत मूल्य मान्यता र नैतिकता प्रतिकूल रहेका कानूनको परिमार्जन गरी समयानुकूल कानूनको निर्माणमा जोड दिनु परेको हो । |

| | | | |
|---|---|---|---|
| | अवलम्बन गर्नेछ । | | नेपालमा आर्थिक, सामाजिक रुपले पछाडि परेका वर्ग वा समुदाय छन् । तिनीहरुको सामाजिक सुरक्षाको व्यवस्था गर्नु राज्यको कर्तव्य हुन्छ । यसबाट मात्र समाजमा सामाजिक ऐक्यबद्धता कायम हुन सक्दछ । त्यस्तै सामाजिक सुरक्षाका व्यवस्थाहरुको समन्यायिक रुपले वितरण गर्न सकिएमा मात्र यसले वान्छित प्रतिफल दिन सक्दछ । तसर्थ, राज्यले आर्थिक सामाजिक रुपले पछाडि परेका वर्ग, एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र विकासका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्नु परेको हो । |
| **सामाजिकऐक्यबद्धताको प्रबर्द्धन ।** | **११ सामाजिक ऐक्यबद्धताको प्रवर्द्धन गर्ने :–** संघीय संरचनाको निर्माण गर्दा सांस्कृतिक तथा सामाजिक ऐक्यबद्धताको प्रबर्द्धन गर्ने कुरामा जोड दिइनेछ । | संघीय इकाईहरुको निर्माण सम्बन्धी व्यवस्था अन्तर्गत रहनु पर्ने । | संघीय संरचना अन्तर्गत विभिन्न इकाईहरु बीच आपसी सद्भाव, सामञ्जस्यता, सहिष्णुता र अन्तरनिर्भरतालाई प्रोत्साहित गर्दै सामाजिक तथा सांस्कृतिक ऐक्यबद्धताको प्रवर्द्धन गर्न प्रस्तुत व्यवस्था गर्नु परेको हो । |
| **दलित अयोगको स्थापना ।** | **१२ दलित आयोगको स्थापना :–** (१) केन्द्रिय सरकार अन्तर्गत एउटा दलित आयोगको स्थापना गरिनेछ ।<br>(२) आयोगमा दलित समुदाय मध्येबाट एक जना अध्यक्ष र आवश्यक संख्यामा सदस्यहरु रहनेछन् ।<br>(३) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) दलित उपर हुने छुवाछुत लगायत | संवैधानिक निकायको संरचना अन्तर्गत छुट्टै भाग वा धारामा रहनु पर्ने । | दलित उपर हुने छुवाछुत लगायत सबै किसिमका विभेदको अन्त्य गर्न विभिन्न कानूनी तथा नीतिगत व्यवस्थाहरु गरिएपनि त्यसको अन्त्य हुन सकेको छैन् । यो एउटा गम्भिर सामाजिक अपराध हो । जातीय छुवाछुत वा विभेदका कतिपय राजनैतिक, धार्मिक, सामाजिक र मनोवैज्ञानिक पक्ष पनि हुन्छन् । यसको समूल अन्त्यका लागि कानूनको प्रभावकारी कार्यान्वयन तथा आम सचेतनाको अभिवृद्धि गर्नु पर्ने अपरिहार्यता समेत रहन्छ । त्यस्तै यो सामाजिक अपराध भएकोले समाजमा घट्ने यस प्रकारको अपराधको निरन्तर अनुगमन भई कानूनको दायरामा ल्याउनु आवश्यक हुन्छ । यी लगायत दलित समुदायको हक, हितसंग सम्बन्धित विषयहरुमा निरन्तर रुपमा कार्य गर्न एउटा प्रभावकारी |

| | | | |
|---|---|---|---|
| | सबै किसिमका विभेदको अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्न र विद्यमान कानूनको परिमार्जनका लागि सरकारलाई सिफारिस गर्ने,<br>(ख) दलित समुदायको राजनैतिक, आर्थिक, सामाजिक र शैक्षिक उत्थानका लागि चाल्नुपर्ने कदमका बारेमा सुझाव पेश गर्ने,<br>(ग) जातीय विभेदसंग सम्बन्धित सामाजिक विवादहरुको अध्ययन, अनुसन्धान गरी आवश्यक सुझाव दिने,<br>(घ) दलित उपर हुने विभेद र सामाजिक बहिस्करण हटाई दलित मानवअधिकार प्रवर्द्धनमा सहयोग गर्ने,<br>(ङ) आम सचेतनाका कार्यहरु सञ्चालन गर्ने,<br>(च) कानूनको कार्यान्वयन लगायत दलित समुदायको अवस्थाको | | संयन्त्रको रुपमा दलित आयोगको स्थापना गरी त्यसको काम, कर्तव्य र अधिकार समेतको संवैधानिक व्यवस्था गर्नु परेको हो । |

| | | | |
|---|---|---|---|
| | नियमित अध्ययन, अनुसन्धान र अनुगमन गर्ने।<br>(४) आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ।<br>(५) प्रान्तीय सरकारसँग समन्वय गरी प्रान्तमा आयोगका शाखाहरु स्थापना गर्न सकिनेछ। | | |
| **राष्ट्रभाषाको मान्यता, पहिचान, संरक्षण, सम्बर्द्धन र विकास।** | **१३. राष्ट्रभाषा** :– (१) नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन्।<br>(२) राष्ट्रभाषाको समान संरक्षण, सम्बर्द्धन र विकास गर्नु राज्यको दायित्व हुनेछ।<br>(३) प्रत्येक मातृभाषी समुदायलाई आफ्नो भाषिक पहिचान र भाषासँगको सम्बन्धलाई सम्मानपूर्वक अनुभूत गर्न पाउने अधिकार हुनेछ।<br>(४) दृष्टिविहीन तथा आवाज विहीनहरुको लागि ब्रेल लिपि तथा सांकेतिक भाषाको प्रयोग गर्न पाउने अधिकार हुनेछ। | भाषा सम्बन्धी छुट्टै भाग अन्तर्गत छुट्टै धारामा रहनु पर्ने। | नेपालमा बोलिने सबै मातृभाषा देशका साझा सम्पदा हुन्। त्यस्तै भाषासँग व्यक्ति र समुदायको भावनात्मक सम्बन्ध पनि हुन्छ। मातृभाषा लोप हुँदा व्यक्ति र समुदायमा नकारात्मक प्रभाव पर्नुका साथै यसबाट राज्यको एउटा सम्पदाको पनि लोप हुन्छ। त्यसैले नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको रुपमा मान्यता दिँदै भाषाको समान संरक्षण, सम्बर्द्धन र विकास गर्नु राज्यको दायित्व हुने र भाषासँगको सम्बन्धलाई प्रत्येक समुदायले सम्मानपूर्वक अनुभूत गर्न पाउने अधिकारको सुनिश्चितता गर्नुपर्ने कुराको उल्लेख गरिएको हो।<br>दृष्टिविहीन तथा आवाज विहीनहरुले अन्य भाषाभाषी सरह भाषा र लिपिको प्रयोग गर्न नसक्ने हुँदा उनीहरुले ब्रेल लिपि तथा सांकेतिक भाषाको प्रयोग गर्न पाउने अधिकारको सुनिश्चितता गर्नु परेको हो। |
| **विभिन्न तहका संघीय इकाईहरुको सरकारी** | **१४ सरकारी कामकाजको भाषा** :– (१) केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा | भाषा सम्बन्धी छुट्टै भाग अन्तर्गत छुट्टै धारामा रहनु | नेपालमा नेपाली भाषा सरकारी कामकाजको रुपमा प्रयोगमा रहीआएको छ। सरकारी कामकाजको रुपमा अन्य भाषाको प्रयोगको सम्भाव्यताको बारेमा |

| | | | | |
|---|---|---|---|---|
| **कामकाजको भाषा ।** | देवनागरी लिपिमा नेपाली भाषा हुनेछ ।<br><br>तर भाषा आयोगको सिफारिसको आधारमा निश्चित मापदण्ड पुगेको कुनै भाषालाई केन्द्रिय सरकारको सरकारी कामकाजको भाषाका रुपमा मान्यता दिने गरी केन्द्रिय विधायिकाबाट पारित भएमा त्यस्तो भाषाले केन्द्रिय सरकारको सरकारी कामकाजको भाषाको मान्यता पाउनेछ ।<br>(२) केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा र प्रान्तीय विधायिकाले कानूनद्वारा निर्धारण गरे बमोजम प्रान्त भित्र बोलिने एक वा एक भन्दा बढी राष्ट्रभाषा प्रान्तीय सरकारको सरकारी कामकाजको भाषा हुनेछ ।<br>(३) उपधारा (२) मा उल्लेखित भाषाका अतिरिक्त प्रान्तीय विधायिकाले कानूनद्वारा निर्धारण गरे बमोजमको अन्य भाषा स्थानीय निकायको सरकारी कामकाजको भाषा हुनेछ ।<br>(४) उपधारा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सेवा | पर्ने । | | अध्ययन, अनुसन्धान भई नसकेको सन्दर्भमा हाललाई केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा नेपाली राखिएको हो । राज्यको बहुभाषिक नीति अन्तर्गत सरकारी कामकाजको रुपमा केन्द्रमा अन्य भाषाको प्रयोगका सम्बन्धमा आधार, कारण र मापदण्ड सहित निश्चित प्रकृया पुरा भएपछि त्यस्तो भाषालाई पनि सरकारी कामकाजको भाषाको रुपमा प्रयोगमा ल्याउन सकिने व्यवस्था गरिएको हो ।<br>देशको मूल कानून संविधान लगायत केन्द्रिय तहका अन्य कानून केन्द्रिय सरकारको सरकारी कामकाजको भाषामा हुने र केन्द्र तथा प्रान्तबीच केन्द्रिय तहको सरकारी कामकाजको भाषाको प्रयोग हुने सन्दर्भमा केन्द्रिय तहको सरकारी कामकाजको भाषा र प्रान्तको भाषिक अधिकार अन्तर्गत प्रान्तीय विधायिकाले कानूनद्वारा निर्धारण गरे बमोजम प्रान्त भित्र बोलिने एक वा एक भन्दा बढी राष्ट्रभाषालाई प्रान्तीय सरकारको सरकारी कामकाजको भाषाको रुपमा तोक्न सक्ने व्यवस्था गरिएको हो ।<br>स्थानीय निकायमा सरकारी कामकाजको भाषा निर्धारण गर्दा राज्यको बहुभाषिक नीति अन्तर्गत बहुसंख्यक नागरिकलाई समेट्ने किसिमको भाषा चयन गर्नुपर्छ भन्ने मान्यताका आधारमा स्थानीय रुपमा प्रचलनमा रहेको अन्य भाषालाई पनि स्थानीय निकायको सरकारी कामकाजको भाषा हुने व्यवस्था गरिएको हो ।<br>नागरिकले आफ्नो मातृभाषा बाहेक अर्को भाषा नजानेको कारणले नै राज्यबाट प्रदान गरिने सेवा प्राप्त गर्नबाट बञ्चित नगरिने मात्र होइन की राज्यका निकायहरुमा सहज पहुंचको सुनिश्चितता समेत हुनु पर्दछ । त्यसका |

| | | | |
|---|---|---|---|
| | प्राप्त गर्न आफ्नो मातृभाषाको प्रयोगमा कसैलाई बाधा पु-याएको मानिने छैन् ।<br><br>**स्पष्टिकरण** :– यस उपधारा बमोजिम मातृभाषामा प्राप्त लिखत, कागजात ईत्यादि सम्बन्धित निकायले केन्द्रीय सरकारको सरकारी कामकाजको भाषामा अनुवाद गरी राख्नेछ । | | लागि सार्वजनिक सेवा प्राप्त गर्न आफ्नो मातृभाषाको प्रयोग गर्न सक्ने व्यवस्था गरिएको हो । |
| **विभिन्न संघीय इकाईहरु बीच सम्पर्क वा सरकारी कामकाजको भाषा ।** | **१५ केन्द्रिय सरकार र प्रान्तीय सरकार तथा प्रान्तीय सरकारहरु बीचको सरकारी कामकाजको भाषा** :–(१) केन्द्रिय सरकार र प्रान्तीय सरकार बीचको सरकारी कामकाजको भाषा केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा हुनेछ ।<br>तर प्रान्तले आफ्नो प्रान्त भित्र सरकारी कामकाजको भाषाको रुपमा तोकेको भाषा मध्ये कुनै एक भाषामा केन्द्रिय सरकारसंग सरकारी कामकाज गर्न सक्नेछ ।<br>(२) प्रान्तीय सरकारहरु बीच केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा र | भाषा सम्बन्धी छुट्टै भाग अन्तर्गत छुट्टै धारामा रहनु पर्ने । | केन्द्रिय सरकारबाट जारी हुने नीति, निर्देशन आदि विषयमा भाषागत एकरुपता, सहजता, सरलता र बोधगम्यताजस्ता पक्षहरुलाई दृष्टिगत गरी केन्द्रिय सरकार र प्रान्तीय सरकार बीच एक आपसमा सम्पर्क गर्दा केन्द्रिय सरकारको सरकारी कामकाजको भाषाको प्रयोग गर्ने व्यवस्था गरिएको हो ।<br>भाषाहरुको विकास र प्रवर्द्धनको लागि भाषाहरुको प्रयोगलाई प्रोत्साहित गर्ने हेतुले प्रान्त भित्र सरकारी कामकाजको भाषाको रुपमा रहेको भाषा मध्ये प्रान्तले तोकेको कुनै एक भाषामा केन्द्रिय सरकारसंग सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको हो ।<br>आपसी सम्पर्कको लागि प्रान्तहरु बीच सरकारी कामकाजको भाषा निर्धारण गर्न प्रान्तहरु स्वतन्त्र हुने भएपनि प्रान्तहरुबीच कुनै विवाद उत्पन्न भई केन्द्रिय तहबाट निरोपण गर्नुपर्ने अवस्था आउनसक्ने सन्दर्भमा केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा रहनुपर्ने र प्रान्तहरुको आपसी |

| | | | |
|---|---|---|---|
| | आपसी सहमतिका आधारमा निर्धारण भएको अन्य कुनै भाषा सरकारी कामकाजको भाषा हुन सक्नेछ । | | सहमतिबाट निर्धारण भएको अन्य कुनै भाषा प्रान्तीय सरकारहरु बीचको सरकारी कामकाजको भाषाको रुपमा रहनसक्ने व्यवस्था गरिएको हो । |
| **भाषा आयोगको स्थापना तथा काम, कर्तव्य र अधिकार ।** | **१६ भाषा आयोगको स्थापना** :– (१) केन्द्रिय सरकार अन्तर्गत एउटा भाषा आयोगको स्थापना गरिनेछ ।<br>(२) आयोगमा अध्यक्षका अतिरिक्त आवश्यक संख्यामा सदस्यहरु रहनेछन् ।<br>(३) उपधारा (२) बमोजिम सदस्यहरुको नियुक्ति गर्दा प्रान्तहरुबाट समेत प्रतिनिधित्व गराइनेछ ।<br>(४) आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :<br>(क) सरकारी कामकाजको भाषाका रुपमा मान्यता पाउन पुरा गर्नुपर्ने आधारहरुको निर्धारण गरी भाषाको सिफारिस गर्ने ।<br>(ख) भाषाहरुको संरक्षण, सम्बर्द्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरुको सिफारिस गर्ने । | भाषा सम्बन्धी छुट्टै भाग अन्तर्गत छुट्टै धारामा रहनु पर्ने । | नेपाली भाषा बाहेकका अन्य मातृभाषाहरुको विकासको स्तर र सरकारी कामकाजको भाषाको रुपमा मान्यता पाउन आवश्यक पर्ने मापदण्ड पुरा भए नभएको सम्बन्धमा हालसम्म शुक्ष्म अध्ययन र विश्लेषण भएको छैन् । नेपालमा मातृभाषाको रुपमा बोलिने भाषाहरुको बारेमा अध्ययन, अनुसन्धान र भाषाहरुको संरक्षण, सम्बर्द्धन तथा विकासको लागि अवलम्बन गर्नुपर्ने उपाय एवं सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्राप्त गर्न मापदण्ड पुरा गरेका भाषाको सिफारिश लगायत भाषाहरुको अनुगमनको कार्य गर्ने भाषा आयोगको स्थापना गरिएको हो । |

| | | | |
|---|---|---|---|
| | (ग) मातृभाषाहरुको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा सुझाव पेश गर्ने ।<br>(घ) भाषाहरुको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने ।<br>(५) भाषा आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।<br>(६) उपधारा (१) बमोजिमको आयोग यो संविधान जारी भएको मितिले १ वर्ष भित्र गठन भई उपधारा (३) को खण्ड (क) बमोजिमको कार्य पहिलो पटकको लागि बढिमा ५ वर्ष भित्र सम्पन्न गर्नेछ ।<br>(७) केन्द्रिय सरकारले प्रान्तीय सरकारसंग समन्वय गरी प्रान्तमा आयोगका शाखाहरु स्थापना गर्न सक्नेछ । | | |
| **अदालत तथा आधिकारिक लिखतमा प्रयोग हुने भाषा ।** | **१७ अदालती काम कारवाही तथा आधिकारिक लिखतको भाषा** :– (१) अदालती काम कारवाहीको भाषा केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा हुनेछ । | भाषा सम्बन्धी छुट्टै भाग अन्तर्गत छुट्टै धारामा रहनु पर्ने । | पुनरावेदकीय क्षेत्राधिकार अन्तर्गत मुद्दामा माथिल्लो अदालतमा पुनरावेदन लाग्दछ । त्यस्तै प्रान्तीय उच्च अदालतका निर्णय नजीरका रुपमा रहने अवस्था समेत रहन्छ । यसरी सर्वोच्च अदालतबाट प्रतिपादित नजिरको पालना र उच्च अदालतका नजीरको अनुसरण आदिका दृष्टिकोणले अदालतमा |

| | | | |
|---|---|---|---|
| | तर यस व्यवस्थाले कुनै पनि अदालतमा आफ्नो मातृभाषामा दावी वा मर्का प्रस्तुत गर्न बाधा पुर्‍याएको मानिने छैन ।<br><br>**स्पष्टिकरण** :- यस उपधाराको प्रतिबन्धात्मक वाक्यांस बमोजिम मातृभाषामा प्रस्तुत दावी वा मर्का सम्बन्धी लिखत, कागजात ईत्यादि लाई सम्बन्धित अदालतले केन्द्रीय सरकारको सरकारी कामकाजको भाषामा अनुवाद गरी राख्नेछ । त्यस्ता लिखत, कागजात ईत्यादिको आधिकारिकताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा मातृभाषामा रहेको लिखत, कागजातलाई मान्यता दिइनेछ ।<br>(२) एकै पटक एक भन्दा बढी भाषामा तयार भएको लिखत, दस्तावेज आदिको आधिकारिकताको विषयमा कुनै विवाद उत्पन्न भएमा देवनागरी लिपिको नेपाली भाषामा तयार गरिएको लिखत, दस्तावेजले मान्यता पाउनेछ । | | एउटै भाषाको प्रयोग गर्नु उपयुक्त हुन्छ । यसले संविधान र कानूनको आधारमा अदालतका फैसलाको आधिकारिकताको निक्यौल गर्न मद्दत पुग्दछ । यसका साथै संविधान तथा केन्द्रिय कानूनको प्रयोग सबै अदालतहरुले गर्नुपर्ने र कानूनको व्याख्या समेतको सन्दर्भमा केन्द्रिय तहको आधिकारिक काम कारवाहीको भाषा अदालती काम कारवाहीको भाषाको रुपमा रहने व्यवस्था गरिएको हो ।<br>उपरोक्त व्यवस्था गरिए तापनि अदालतमा आम नागरिकको सहज पहुँचलाई सुनिश्चित गर्न आफ्नो मातृभाषामा दावी वा मर्का प्रस्तुत गर्नसक्ने व्यवस्था गरिएको हो ।<br>बहुभाषा अन्तर्गत केन्द्रिय, प्रान्तीय तथा स्थानीय स्तरमा सरकारी कामकाजको भाषाका रुपमा विभिन्न राष्ट्रभाषाहरुको प्रयोग हुने अवस्थामा आधिकारिक लिखतको एउटा भाषा निर्धारण गर्न वान्छनीय हुने र यसबाट एक भन्दा बढी भाषामा तयार भएको लिखत, दस्तावेज आदिको आधिकारिकताको विषयमा कुनै विवाद उत्पन्न भएमा त्यसको सहज निकास हुन सक्दछ । त्यसका लागि केन्द्रिय स्तरको सरकारी कामकाजको भाषाका रुपमा रहेको देवनागरी लिपिको नेपाली भाषामा तयार गरिएको लिखत, दस्तावेजले मान्यता पाउने व्यवस्था गरिएको हो । |

# विषय सूची


मन्तव्य

प्रतिवेदन पेश गरेको बारे

संविधानको प्रारम्भिक मस्यौदा

## भाग – १

१. प्रारम्भिक
- १.१ समितिको गठन १
- १.२ समितिको कार्यक्षेत्र १
- १.३ समितिको कार्यप्रक्रिया १
- १.४ समितिले अवधारणा पत्र तयार गर्दा अपनाएको विधि ३
- १.५ प्रतिवेदनको सीमा ४

## भाग – २

## अवधारणा पत्र

## क) भाषा सम्बन्धी

१. पृष्ठभूमि
- १.१ भाषाको सामान्य परिचय ५
- १.२ नेपालको भाषिक अवस्था ६
- १.३ विगतमा नेपालको भाषिक नीति र विभिन्न संविधानहरुमा रहेको भाषा सम्बन्धी व्यवस्था ८
- १.४ नेपालमा भाषिक समस्या र सवालहरु ११

२. विभिन्न तहका संघीय इकाईहरुमा सरकारी कामकाजको भाषा
- २.१ सरकारी काम काजको भाषा सम्बन्धी सामान्य परिचय १३
- २.२ केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा सम्बन्धी विभिन्न पक्षहरु १५
  - २.२.१ सरकारी कामकाजको भाषा सम्बन्धी सैद्धान्तिक पक्ष १५
  - २.२.२ अन्तर्राष्ट्रिय अभ्यास १७

२.२.३ नेपालमा सरकारी कामकाजको भाषा सम्वन्धी वर्तमान अवस्था
२.२.४ उपलब्ध तथ्याङ्कहरुको विश्लेषण २३
२.२.५ विद्यमान समस्या र सवालहरु २४
२.२.६ सरकारी कामकाजको भाषा निर्धारणका आधारहरु २५
२.३ प्रान्तीय सरकारमा सरकारी कामकाजको भाषा निर्धारणका पक्षहरु २८
२.३.१ सैद्धान्तिक आधारहरु २९
२.३.२ अन्तर्राष्ट्रिय अभ्यास २९
२.३.३ नेपालको भाषिक भौगोलिक स्थिति २९
२.३.४ भाषा निर्धारणका आधार, औचित्य र पुष्ट्याइं ३०
२.४ केन्द्रिय सरकार र प्रान्तीय सरकार बीचको कामकाजको भाषा ३१
२.५ प्रान्तीय सरकार र स्थानीय निकायबीचको सरकारी कामकाजको भाषा ३१
२.६ अन्तर प्रान्तीय सरकार बीचको सरकारी कामकाजको भाषा ३२
२.७ अदालती कामकारवाहीको भाषा ३२
२.७.१ अदालती कामकारवाहीको भाषा सम्वन्धी सैद्धान्तिक पक्ष ३२
२.७.२ अन्तर्राष्ट्रिय अभ्यास ३३
२.७.३ भाषा निर्धारणका आधारहरु, औचित्य र कारण ३४
३. राष्ट्रभाषाको संरक्षण ३५
३.१ मातृभाषाहरुको संरक्षण, विकास र प्रयोग ३५
३.१.१ मातृभाषाको सामान्य परिचय ३५
३.१.२ नेपालमा मातृभाषाहरुको विद्यमान अवस्था ३६
३.१.३ मातृभाषाहरुको संरक्षण, विकास र प्रयोगमा विद्यमान चुनौति र सुझावहरु ३८
३.२ शिक्षामा मातृभाषाको प्रयोग, चुनौति र सम्भावनाहरु ४३
३.३ लोपोन्मुख भाषाहरुको संरक्षण र विकास ४८


## ख) संस्कृति सम्बन्धी


१. पृष्ठभूमि
१.१ संस्कृति सम्वन्धी अवधारणा ५३
१.२ संस्कृतिको महत्व ५४
१.३ संस्कृतिको विकास र परिवर्तन ५४
१.४ समाज र संस्कृतिको सम्वन्ध ५५
२. नेपालको सांस्कृतिक अवस्था
२.१ सामान्य परिचय ५५

| | | | |
|---|---|---|---|
| | २.२ | नेपाली समाजको सांस्कृतिक स्थिति | ५६ |
| | २.३ | नेपाली समाजको सांस्कृतिक विशेषता | ५७ |
| ३ | संस्कृति सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास | | ५८ |
| | ३.१ | स्वीस महासंघको संघीय संविधान | ५८ |
| | ३.२ | गणतन्त्र दक्षिण अफ्रिकाको संविधान | ५९ |
| | ३.३ | गणतन्त्र चीनको संविधान | ५९ |
| ४. | संस्कृति सम्बन्धी नेपालको संवैधानिक र अन्य व्यवस्था | | ६० |
| | ४.१ | नेपाल सरकार वैधानिक कानून, २००४ | ६० |
| | ४.२ | नेपालको अन्तरिम शासन विधान, २००७ | ६१ |
| | ४.३ | नेपालको संविधान, २०१९ | ६१ |
| | ४.४ | नेपाल अधिराज्यको संविधान, २०४७ | ६१ |
| | ४.५ | समझदारी र सम्झौता | ६२ |
| | ४.६ | नेपालको अन्तरिम संविधान, २०६३ | ६२ |
| ५ | संस्कृति संरक्षण र विकासमा देखिएका समस्याहरु | | ६३ |
| ६ | संस्कृति संरक्षण र विकासका लागि अवलम्बन गरिनुपर्ने उपायहरु | | ६५ |


## ग) सामाजिक ऐक्यबद्धताको आधार निर्धारण सम्बन्धी


| | | |
|---|---|---|
| १. | सामाजिक ऐक्यबद्धता सम्बन्धी सैद्धान्तिक अवधारणा | ६७ |
| २. | नेपाली समाज र सामाजिक ऐक्यबद्धताको सवाल | ६९ |
| ३. | विद्यमान चुनौतिहरु | ७५ |
| ४. | सामाजिक ऐक्यबद्धताका लागि संविधानले संबोधन गर्नुपर्ने आधारभूत पक्षहरु | ७७ |

८५


## फरक मतको विवरण

## अनुसूचीहरु


| | | |
|---|---|---|
| १. | समितिमा रहनु हुने माननीय सदस्यहरुको नामावली | ९२ |
| २. | कार्यरत कर्मचारीहरुको नामावली | ९३ |
| ३. | कार्य क्षेत्र र कार्यविवरण प्रतिवेदन | ९४ |
| ४. | कार्यतालिका | ९७ |
| ५. | कार्यक्षेत्र अन्तर्गत विशेषज्ञ सेवाको कार्यविवरण (TOR) | १०१ |
| ६. | विज्ञहरुसंगको अन्तरक्रियामा विज्ञहरुबाट प्राप्त राय सुझावको सार-संक्षेप | १०५ |

| | | |
|---|---|---|
| ७. | विज्ञहरुलाई धन्यवाद दिइएको पत्र | १२३ |
| ८. | प्रश्नावली तयार पार्न गठित उप समितिको प्रतिवेदन | १२४ |
| ९. | राय सुझाव संकलनार्थ खटिएका टोलीहरुवाट प्राप्त सुझावहरु | १३० |
| १०. | प्रश्नावली मार्फत प्राप्त नागरिकहरुका राय सुझाव अध्ययन विश्लेषणको प्रारम्भिक प्रतिवेदन | १३९ |
| ११. | विभिन्न संघ, संस्था तथा व्यक्तिवाट प्राप्त राय सुझावहरु | १५२ |
| १२. | भाषा, संस्कृति तथा सामाजिक ऐक्यवद्धताका सम्वन्धमा दलहरुका अवधारणा | १८१ |
| १३. | भाषा सम्वन्धी उपसमितिको वैठकको विवरणहरु | १८६ |
| १४. | सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्वन्धी उपसमिति वैठक विवरणहरु | १८८ |
| १५. | आवधारणा पत्र र प्रारम्भिक मस्यौदा प्रतिवेदन (भाषा) | १९१ |
| १६. | आवधारणा पत्र र प्रारम्भिक मस्यौदा प्रतिवेदन (संस्कृति) | १९३ |
| १७. | सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति वैठक सम्वन्धी विवरणहरु | १९५ |

# भाग–१
# प्रारम्भिक

## १.१ समितिको गठन :–

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ७९ तथा संविधान सभा नियमावली, २०६५ को नियम ६४ बमोजिम संविधान सभाको संविधान निर्माण कार्य र सो सँग सम्वद्ध अन्य प्रकियागत कार्यमा सहयोग पुऱ्याउन संविधान सभा अन्तर्गत संवैधानिक समिति, विषयगत समितिहरु र प्रकियागत समितिहरु गठन गर्न सकिने प्रावधान अनुरुप विषयगत समिति अन्तर्गत साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको गठन भएको हो । यस समितिमा ४२ जना माननीय सदस्यहरु रहनु भएको छ । समितिमा रहनुहुने माननीय सदस्यहरुको नामावली अनुसूची–१ मा रहेको छ ।

## १.२ समितिको कार्यक्षेत्र :–

संविधान सभा नियमावली, २०६५ को नियम ६६ वमोजिम यस समितिलाई तोकिएको विषयमा अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा तयार पार्न समितिलाई देहाय वमोजिम कार्यक्षेत्र तोकिएको छ :–

१. विभिन्न तहका संघीय इकाईहरुमा सरकारी कामकाजको भाषा,
२. अन्य राष्ट्र भाषा र संस्कृतिको संरक्षण,
३. भाषा सम्वन्धी अन्य विषय,
४. सामाजिक ऐक्यवद्धताको आधार निर्धारण,
५. समितिको कार्यक्षेत्रसंग सम्वन्धीत अन्य आवश्यक कुराहरु ।

## १.३ समितिको कार्यप्रकिया :–

समितिलाई तोकिएको कार्य सम्पादनको सिलसिलामा समितिको पहिलो वैठक मिति २०६५/९/१ मा वसी आफ्नो कार्य प्रारम्भ गऱ्यो । यस समितिको २०६५ पौष २९ मा वसेको वैठकले समितिका सदस्य मा.श्री नवोदिता चौधरीलाई सर्व सम्मतिवाट समितिको सभापति पदमा चयन गऱ्यो । समितिले आफ्नो कार्य सम्पादनको सिलसिलामा विभिन्न उपसमितिहरु गठन गरेको थियो । समितिको कार्य सम्पादनमा

सहयोगका लागि (अनुसूची–२) मा उल्लेखित कर्मचारीहरु कार्यरत थिए । यसै क्रममा समितिको कार्यक्षेत्र अन्तर्गत विस्तृत कार्यविवरण र कार्यक्षेत्र तथा कार्यतालिका तयार गर्न गठित उपसमितिको प्रतिवेदन (अनुसूची –३ र ४), विशेषज्ञ सेवाको क्षेत्र पहिचान र सो को विस्तृत विवरण(TOR) र बैठकको विवरण (अनुसूची–५), विज्ञहरुसंगको अन्तरक्रिया (अनुसूची–६), विज्ञहरुलाई धन्यवाद ज्ञापन पत्रको नमूना (अनुसूची–७), राय सुझावका लागि प्रश्नावली तयार गर्न गठित उपसमितिको प्रतिवेदन प्रश्नावली र बैठकको विवरण (अनुसूची–८), राय सुझाव संकलनार्थ खटिएका विभिन्न टोलीबाट प्राप्त सुझाव (अनुसूची–९), प्रश्नावली मार्फत आम नागरीकबाट प्राप्त राय सुझावको विश्लेषण (अनुसूची–१०), विभिन्न संघ संस्था लगायत आम नागरीकबाट प्राप्त राय सुझाव (अनुसूची–११) तथा विभिन्न राजनैतिक दलबाट प्राप्त अवधारणा (अनुसूची–१२) को अध्ययन विश्लेषण गर्दै समितिको कार्य प्रकिया अगाडि बढाइएको थियो ।

समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत पर्ने विषयहरुमा आम नागरीक, संघ संस्था तथा विज्ञहरुबाट प्राप्त राय सुझावहरुको अध्ययन विश्लेषण गरी अवधारणा पत्र र प्रारम्भिक मस्यौदा तयार गर्न निम्न उपसमितिहरु गठन गरेको थियो :

१. भाषा सम्बन्धी उपसमिति
२. साँस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्बन्धी उपसमिति

गठित उपसमितिहरु मध्ये भाषा सम्बन्धी उपसमितिको १५ वटा बैठक (अनुसूची–१३) र साँस्कृतिक तथा सामाजिक ऐक्यवद्धता सम्बन्धी उपसमितिका १८ वटा बैठक (अनुसूची–१४) बसी विषय वस्तुको व्यापक अध्ययन विश्लेषण र छलफल गरी आ–आफ्नो उपसमितिका तर्फबाट समिति समक्ष अवधारणा पत्र र प्रारम्भिक मस्यौदा सम्बन्धमा प्रतिवेदन (अनुसूची–१५ र १६) प्रस्तुत गरीएको थियो ।

समितिको गठन पश्चात् समितिको कार्य सम्पादनको क्रममा बसेका समितिका विभिन्न बैठक लगायत उपसमितिहरुबाट प्राप्त अवधारणा पत्र र प्रारम्भिक मस्यौदा उपर समितिका जम्मा ४५ वटा बैठक (अनुसूची–१७) बसी गहन अध्ययन, विश्लेषण र छलफलबाट ती विषयमा आवश्यक परिमार्जन समेत भई अवधारणा पत्र र प्रारम्भिक मस्यौदालाई समितिको तर्फबाट अन्तिम रुप दिइएको हो । यसै क्रममा अवधारणा पत्र र प्रारम्भिक मस्यौदाका विभिन्न ठाँउमा सन्दर्भ अनुसार "जनयुद्ध" वा "सशस्त्र द्वन्द" भन्ने

शब्द मध्ये कुन शब्दको प्रयोग गर्ने भन्ने सम्बन्धमा समितिका सदस्यहरुवीच मतैक्य हुन नसकी संविधान सभा नियमावली, २०६५ को नियम ७८(१) वमोजिम समिति समक्ष निर्णयार्थ प्रस्तुत हुँदा "जनयुद्ध" शब्द राख्ने पक्षमा १२ मत र "सशस्त्र द्वन्द्व" शब्द राख्ने भन्ने पक्षमा १९ मत प्राप्त भै अवधारणा पत्र र प्रारम्भिक मस्यौदामा "सशस्त्र द्वन्द्व" भन्ने शब्द उल्लेख भएको हो।

## १.४ समितिले अवधारणा पत्र तयार गर्दा अपनाएको विधि :–

सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिले समितिलाई तोकिएको कार्यक्षेत्र अन्तर्गतका विषयमा समितिको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा तयार गर्दा मूलतः सैद्धान्तिक र विश्लेषणात्मक विधि अवलम्वन गरेको छ । त्यस अतिरिक्त व्यवहारिक (Empirical) पद्धति समेत अपनाइएको छ।

समितिको कार्यक्षेत्रको विषयमा प्राथमिक श्रोतका रुपमा नेपालको अन्तरिम संविधान, २०६३ र विगतका विभिन्न संविधानहरु तथा विश्वका विभिन्न मुलुकका संविधानहरु, अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरु समेतको अध्ययन गरीयो । त्यसैगरी जनमत संकलनार्थ तयार पारिएका प्रश्नावलीहरुमा नागरीकहरुवाट प्राप्त अभिमत, विभिन्न संघ संस्था र आम जनतावाट सोझै वा विभिन्न माध्यमवाट प्राप्त राय सुझाव को पनि अध्ययन भएको छ।

द्वितीय श्रोतको रुपमा समितिको विषयसँग सम्बन्धीत विभिन्न लेखकहरुका पुस्तकहरु, विभिन्न पत्र पत्रिकामा प्रकाशित विज्ञहरुका लेख रचनाहरु, इन्टरनेट मार्फत प्राप्त सूचनाहरु आदिको अध्ययन विश्लेषण गरीएको छ।

यसका अतिरिक्त समितिको आमन्त्रणमा उपस्थित हुनुभएका विषय विज्ञज्यूहरु संगको अन्तरक्रिया, विभिन्न राजनैतिक दलका अवधारणा, राय सुझाव संकलनार्थ खटिएका टोलीहरुवाट समितिसंग सम्वन्धीत विषयमा प्राप्त सुझाव समेतको अध्ययन विश्लेषण गरीएको छ।

यसरी उपरोक्त विधि र श्रोतहरुका आधारमा उपसमिति तथा समितिमा गहन रुपमा अध्ययन विश्लेषण र छलफल भई समितिको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा तयार भएको हो।

## १.५ प्रतिवेदनको सीमा :–

यस समितिले यो प्रतिवेदन तयार गर्ने सिलसिलामा मूलत: निम्न अनुसारका सीमा महसुस गरेको छ :

१. आम नागरीक तथा विभिन्न संघ संस्थाहरुवाट प्राप्त सुझावहरुमा विभिन्न समितिहरु संग सम्वन्धीत सुझावहरु रहेकोले यस समितिसँग सम्वन्धीत सुझावहरु छुट्याउन समग्र सुझावहरुको अध्ययन गर्नु परेको कारण अतिरिक्त समय लाग्नुका साथै केही कठिनाई समेत महसुस भयो ।

२. सीमित समयावधिमा समितिको कार्यक्षेत्र, कार्यविवरण, विज्ञहरुको पहिचान र आमन्त्रण, प्रश्नावलीको निर्माण र त्यसवाट प्राप्त भएको रायको विश्लेषण, अन्य विभिन्न माध्यमवाट प्राप्त राय सुझावको अध्ययन विश्लेषण लगायतका कार्य पुरा गरी तत् पश्चात मात्रै अवधारणा र त्यसको आधारमा मस्यौदा तयार गर्नु पर्ने भएवाट अझ विस्तृत छलफल र अध्ययन गर्न पर्याप्त समय नभएको महसुस भयो ।

३. समितिको कार्यक्षेत्रका कतिपय विषय नवीनतम भएकोले त्यस सम्वन्धी सन्दर्भ सामग्रीहरुको अपर्याप्तता महसुस भयो ।

## भाग–२
## अवधारणा पत्र

### क) भाषा सम्बन्धी

### १. पृष्ठभूमि :

### १.१ भाषाको सामान्य परिचय

भाषा मानिसको आफ्नो विचार संप्रेषण गर्ने माध्यम हो । मानवको उत्पत्तिसँगै भाषाको पनि उत्पत्ति भएको र समाज र सभ्यताको विकाससँगै यसको उत्थान र विकास हुँदै आएको पाईन्छ । भाषाका रुपहरु फरक हुने भए पनि मानिसका लागि यो एउटा पूर्व शर्त हो र यसैका आधारमा मानव सभ्यताको विकास भएको छ । मानिसको सापेक्षित सम्वन्ध समुदाय वा समाजसँग रहे जस्तै भाषा पनि एउटा सामाजिक विषयवस्तु हो र यो समाज जस्तै गतिशिल हुन्छ । भाषाको विकासमा त्यस समाजको चेतनाले प्रभाव पार्दछ । त्यसकारण समाजको चेतनासँगै भाषा पनि परिस्कृत हुँदैजान्छ । त्यस्तै भाषाको अन्योन्याश्रित सम्वन्ध सामाजिक सांस्कृतिक पक्षसंग पनि रहेको हुन्छ ।

यसरी भाषा अन्तर्वैयक्तिक र सामाजिक विषयवस्तु भएपनि आधुनिक राज्य प्रणाली अर्न्तगत यो राज्यसंग पनि सम्वन्धीत विषय हो । राज्यको धारणा र खास गरी लोककल्याणकारी अवधारणाको विकासले नागरीकको हितका निमित्त राज्यले निश्चित जिम्मेवारीहरुको निर्वाह गर्नुपर्ने भएको छ । यसरी जिम्मेवारी निर्वाह र नागरीकसंगको सम्वन्धका लागि राज्यले भाषाको प्रयोग गर्नुपर्ने हुन्छ । त्यसैगरी राज्यले अन्तर्राष्ट्रिय सम्वन्ध स्थापित गर्ने सन्दर्भमा पनि भाषा अनिवार्य रहन्छ ।

नेपाल बिभिन्न जातजाति, भाषाभाषी र समुदायको समष्टी रुप हो । नेपालमा सांस्कृतिक विविधता जस्तै भाषिक विविधता पनि रहेको छ । नेपालको विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजाति वा समुदायले प्रयोग गर्ने भाषा नै नेपाली समाजको भाषा हो । तसर्थ राज्यले भाषिक नीति अख्तियार गर्दा सबै भाषाहरुको सम्मान र संरक्षणको प्रत्याभूति दिनु अनिवार्य रहन्छ । यसबाट नै नेपालमा भाषिक एकता कायम हुन सक्छ । भाषिक बहुलवाद, भाषाहरुको संरक्षण र विकास एवं भाषिक एकता र समन्वय अब बन्ने संविधानको मेरुदण्ड हुनु पर्दछ ।

भाषालाई अन्तर्राष्ट्रिय रुपमै दुई किसिमले विभाजन गर्ने गरीएको पाइन्छ । मातृभाषा र सम्पर्क भाषा । यस बाहेक अन्तर्राष्ट्रिय भाषाको रुपमा पनि भाषालाई परिभाषित गरीएको पाइन्छ । मातृभाषालाई प्रथम भाषा (First Language or Mother Tongue) पनि भनिन्छ । जुन मानिसले जन्मका आधारमा वा परिवारमा प्राप्त गर्दछ । मातृभाषा पछाडि बोलिने भाषालाई दोश्रो भाषा (Second Language or Lingua Francas) भनिन्छ । मातृभाषा जातजाति वा समुदाय अनुसार फरक हुनसक्ने भएकोले एक अर्का बीच सम्पर्कका लागि सम्पर्क भाषाको आवश्यकता पर्न गएको हो । जुन एक अर्काका लागि बोधगम्य हुन्छ । भाषालाई राज्यसँग जोडेर हेर्ने सन्दर्भमा सरकारी कामकाजको भाषा (Official Language) को रुपमा पनि भाषालाई परिभाषित गरीएको हुन्छ ।

## १.२ नेपालको भाषिक अवस्था :

नेपाल भाषिक वहुलता रहेको मुलुक हो । वि.सं. २००९/२०११ को जनगणना देखि भाषिक गणना पनि शुरु भएको देखिन्छ । विभिन्न गणनाले नेपालका भाषाहरुको संख्या फरक फरक देखाएको छ । त्यस्तै विभिन्न अनुसन्धानहरुवाट समेत भाषाहरुको संख्यामा भिन्नता पाईएको छ । पछिल्लो राष्ट्रिय जनगणना २०५८ ले नेपालका विभिन्न जातजातिहरुले ९२ वटा भाषा बोल्ने देखाएको छ । यसवाट नेपालमा विभिन्न जातिले एउटै भाषा, एउटै जातिले विभिन्न भाषा र एउटा जातिले एउटा भाषा बोल्ने स्थिति देखिन्छ ।

भाषाहरुको उत्थान, विकास र प्रयोगको सुगमताका हिसावले लेख्य परम्परा आवश्यक हुने भएपनि नेपालका अधिकांश भाषाहरु कथ्य रुपमा मात्रै सिमित छन् । केहि भाषाहरुको भने लेख्य परम्पराका अतिरिक्त समृद्ध र लामो कथ्य अभ्यासको परम्परा रहेको छ । नेपालका विभिन्न भाषाहरु विभिन्न लिपिमा लेखिन्छन् । नेपालका कतिपय भाषाहरुको भर्खरै लेख्य परम्परा शुरु भएको छ । त्यसैगरी पाठ्य सामग्रीहरु, व्याकरण, शब्दग्रन्थ आदिको उपलब्धताका हिसावले पनि नेपालका सबै भाषाहरुको स्थिति एउटै छैन । यसरी नेपालको भाषिक विविधता जस्तै भाषाहरुको स्तरमा समेत विविधता छ । कतिपय भाषा त लोप हुने स्थितिमा पुगेका छन् भने केहि भाषाहरु लोप नै भैसकेको अध्ययनले देखाएको छ । यसले नेपालमा वहुभाषाको प्रयोग र संरक्षण तथा विकासमा चुनौति थपेको छ । तसर्थ वहुभाषिकतालाई आत्मसात् गर्ने सन्दर्भमा अब वन्ने संविधानले उल्लिखित पक्षहरुलाई उपयुक्त ढंगले संबोधन गर्नु पर्दछ ।

नेपालका भाषाहरु मूलत: चारवटा भाषा परिवारसँग आवद्ध देखिन्छन् । ती भाषापरिवारसँग रहेको सम्वद्धताका आधारमा २०५८ सालको जनगणनाको तथ्याङ्कलाई विश्लेषण गर्दा भारोपेली परिवार अन्तर्गत ७९.१५, भोट बर्मेली परिवार अन्तर्गत १८.४५, आग्नेशियाली परिवार अन्तर्गत ०.२५ र द्रविडेली परिवार अन्तर्गत ०.१५ वक्ताहरु रहेका छन् । त्यस्तै कुसुण्डा, नेपाली सांकेतिक लगायत केहि भाषाहरुको भाषिक परिवार रहेको छैन् । केहि भाषाहरुको भाषिक परिवार र वर्गिकरणमा समस्या देखिएको छ । भाषिक परिवारले भाषाहरुको उत्पत्ति वा श्रोतको पहिचानमा टेवा पुऱ्याउने हुँदा यसबाट भाषाहरुको विकासमा आधार प्राप्त हुन सक्दछ । यसले भाषिक परिवारको महत्वलाई उजागर गर्दछ । तसर्थ, लेख्य परम्परा नभएका र लोपोन्मुख भाषाहरुको संरक्षण र विकासका लागि यस पक्षमा दृष्टि पुऱ्याउनु आवश्यक छ ।

नेपालमा विभिन्न भाषाभाषीहरुको वितरणलाई हेर्दा मिश्रीत प्रकृतिको रहेको छ । कुनै खास भौगोलिक क्षेत्रमा कुनै खास भाषाको वर्चश्व भन्दा पनि अन्य भाषाभाषीको समेत उपस्थित रहेको छ । यद्यपि संख्यात्मक हिसावले कुनै भाषा विशेषको वाहुल्यता भने रहेको छ । २०५८ सालको जनगणनालाई आधार मान्दा नेपालको पहाडी, हिमाली र तराई/मधेश क्षेत्रमा प्राय सवै जात जातिकै भाषिक जनसंख्या रहेको छ । त्यस्तै विकास क्षेत्रको हिसावले हेर्दा पनि विभिन्न विकास क्षेत्रहरुमा भाषिक वहुलता रहेको छ । त्यसैगरी जिल्लागत हिसावले पनि वहुभाषाको स्थिति विद्यमान छ । नेपालमा हालसम्म आधिकारिक रुपले समाजभाषावैज्ञानिक विवरण तयार गरीएको छैन् । यस्तो विवरण तयार गर्न सकिएको खण्डमा भाषाको भौगोलिक क्षेत्र, वक्ताहरुको जनसांख्यिक विवरण, भाषिकाहरुको पारस्परिक बोधगम्यता, मानक रुपको विकास, सम्पर्क भाषाको रुपमा काम गर्ने भाषाहरु, वक्ताको आफ्नो मातृभाषा आदिको बारेमा जानकारी लिन सकिन्छ ।

उल्लिखित तथ्यवाट नेपालको कुनै स्थान विशेषमा कुनै भाषाको जनसंख्याको वाहुल्यता रहेपनि कुनै खास भौगोलिक क्षेत्रमा कुनै एक भाषाको जनसंख्या मात्रै रहेको स्थिति छैन् । अर्को तर्फ समाजभाषावैज्ञानिक अध्ययन पनि भएको छैन् । तसर्थ संघीय संरचना अन्तर्गत भाषाको मान्यता र संरक्षण एवं विकास गर्ने सन्दर्भमा पनि उल्लिखित भाषिक वहुलताको सिद्धान्तलाई आत्मसात् गर्नुपर्ने हुन्छ । यसवाट अव वन्ने संघीय इकाईहरुमा सरकारी कामकाजको भाषा निर्धारण गरीरहंदा अन्य भाषाहरुको मान्यता, संरक्षण र विकासको प्रत्याभूति हुने अवस्थाको सिर्जना गरीनु वान्छनीय छ । र, साथै अव वन्ने संविधानले पनि त्यही भावनालाई आत्मसात् गर्न सक्नु पर्दछ ।

## १.३ विगतमा नेपालको भाषिक नीति र विभिन्न संविधानहरुमा रहेको भाषा सम्बन्धी व्यवस्था :

नेपालमा भाषिक बहुलता र विविधता रहेपनि राज्यले सोही अनुरुपको भाषिक नीति अख्तियार गरेको देखिदैन । भाषिक एकताका नाममा एक मात्र भाषाको मान्यता नै नेपाली राज्य व्यवस्थाको अभिष्ट रह्यो । सवै भाषाभाषीहरुको पहिचान, संरक्षण र विकास गर्ने हेतुले नत वैज्ञानिक भाषिक सर्वेक्षणको प्रयास भयो नत त्यसलाई सम्वोधन गर्ने किसिमले भाषिक नीतिको अख्तियार गरीयो । यद्यपि राष्ट्रिय भाषा नीतिका लागि राष्ट्रिय भाषा नीति सुझाव आयोग, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग आदिको गठन गरी भाषाको विकास र मातृभाषामा शिक्षाको सम्भाव्यताको वारेमा अध्ययन भने भएको देखिन्छ ।

नेपालका मातृभाषाहरुको संरक्षण र विकास कसरी गर्न सकिन्छ भन्ने वारेमा अध्ययन गरी सुझाव पेश गर्न तिल विक्रम नेम्वाङ (वैरागी काँइला) को संयोजकत्वमा गठित समितिले आफ्नो प्रतिवेदन २०५० सालमा सरकार समक्ष वुझाएको थियो । उक्त आयोगले आफ्ना सुझावहरुलाई विभिन्न चार वर्गमा वाँडी तदअनुरुपका जम्मा अन्ठाउन्न वटा सुझावहरु प्रस्तुत गरेको थियो । खासगरी ती सुझावहरुमा मातृभाषाहरुको विकास र संरक्षण कसरी गर्ने, मातृभाषाहरुको अध्ययन अनुसन्धानका लागि भाषा प्रतिष्ठान स्थापना गर्ने, शिक्षामा मातृभाषाको प्रयोग कसरी गर्ने भन्ने विषयमा केन्द्रित रहेको देखिन्छ । यसरी उक्त आयोगले मातृभाषाको संरक्षण, विकास र प्रयोगका सम्वन्धमा समसामयिक सुझावहरु प्रस्तुत गरेको भएपनि दुई–तीनवटा सुझाव वाहेक अन्यमा राज्यको तर्फवाट कुनै पहल भएको पाइदैन । त्यसका साथै अन्य आयोग वा समितिका प्रतिवेदनहरुको कार्यान्वयन समेत उपयुक्त ढंगले हुन सकेको देखिदैन । यसले विगत सरकारहरुको भाषा नीति प्रतिको अन्यौलता र नेपालीतर भाषाभाषी प्रतिको उपेक्षालाई इंगित गर्दछ ।

भाषा सम्वन्धमा नेपालका विगत संविधानहरुमा रहेको व्यवस्था तर्फ अध्ययन गर्दा वि.सं.२००४ को नेपाल सरकार वैधानिक कानून यस सम्वन्धमा मौन रहेको देखिन्छ । यद्यपि यसको धारा ४४ मा व्यवस्थापक सभामा कुनै कुरा कहानी, छलफल इत्यादि राष्ट्रभाषा नेपालीमा हुने उल्लेख थियो । यो कानून जारी हुनुपूर्व भाषिक आन्दोलन र भाषिक दमन भएको इतिहास रहेको छ । वि.स. १९८३ तिर त कोलकत्तावाट नेवारी भाषिक आन्दोलन शुरु गरीएको पाइन्छ । त्यसैगरी नेपालमा प्रजातन्त्रको स्थापना भएपछि जारी गरीएको नेपाल अन्तरिम शासन विधान, २००७ ले समेत भाषाको सम्वन्धमा उल्लेख गर्न

आवश्यक ठानेन । नेपाल अधिराज्यको संविधान, २०१५ ले भने देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्रभाषा हुने कुरा उल्लेख गऱ्यो । यस संविधानले नेपालीलाई सरकारी कामकाजको भाषाका रुपमा स्थापित त गऱ्यो तर अन्य भाषाहरुका सम्बन्धमा मौन नै रह्यो । नेपालको संविधान, २०१९ ले पनि २०१५ सालको संविधान सरह नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा नेपाली भाषा रहेको उल्लेख गऱ्यो ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले अघिल्ला संविधानहरुले सरह नेपाली भाषालाई राष्ट्रभाषाको दर्जा प्रदान गऱ्यो । त्यस अतिरिक्त यो संविधानले नेपाली भाषा सरकारी काम काजको भाषा हुने उल्लेख गऱ्यो । जनआन्दोलनको परिणामस्वरुप निर्मित प्रस्तुत संविधानले अन्य संविधानको तुलनामा एक कदम अगाडि बढेर नेपालमा बोलिने अर्थात मातृभाषाका रुपमा बोलिने सबै भाषाहरुलाई नेपालका राष्ट्रिय भाषाको मान्यता दियो । यस संविधानले नेपालको भाषिक बहुलतालाई अनुभुत गरेको भएपनि घोषित रुपमै सबै भाषाहरुको मान्यता, संरक्षण र सम्बर्द्धनको ठोस् व्यवस्था गर्न सकेन । सबै भाषा (मातृभाषा) लाई राष्ट्रिय भाषाको मान्यता दिनुको अघोषित उद्देश्य भाषाहरुको संरक्षण र संवर्द्धन नै भएपनि व्यवहारमा समेत त्यसको आभाषा देखिएन । संविधान निर्माणका क्रममा भाषा भाषिका विभिन्न सुझावहरु प्राप्त भएका भएपनि ती सुझावहरुलाई वास्तविक रुपमा आत्मसात् गरीएन । अर्थात, यस संविधानले पनि बहुभाषिकतालाई पूर्णतः ग्रहण गर्न सकेन र त्यसपछिका दिनमा भाषिक मुद्दा वा भाषिक विषय पनि द्वन्द्वको लागि कारक बन्न पुग्यो ।

आजसम्मका ऐतिहासिक संघर्ष, क्रान्ती, सशस्त्र द्वन्द्व, मधेश आन्दोलन, आदिवासी/जनजाति लगायत जनआन्दोलनहरुको परिणामस्वरुप जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलो पटक सबै मातृभाषालाई राष्ट्रभाषाको मान्यता प्रदान गऱ्यो । यद्यपि यो संविधानले पनि नेपाली भाषालाई नै सरकारी कामकाजको भाषा मानेको छ । त्यस अतिरिक्त यसले स्थानिय निकाय तथा कार्यालयमा मातृभाषाको प्रयोगलाई मार्गप्रशस्त गरेको छ । प्रस्तुत संविधानले त्यसरी स्थानीय निकाय वा कार्यालयमा प्रयोग गरीएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रुपान्तरण गर्नुपर्ने दायित्व समेत किटान गरेको छ । यसरी प्रस्तुत संविधानको भाषा सम्बन्धी व्यवस्थालाई विवेचना गर्दा प्रथमतः यसले आजसम्मका अन्य संविधानहरुले आत्मसात् गर्न नसकेको मातृभाषाहरुलाई राष्ट्रभाषाकै दर्जा प्रदान गरेको छ । दोश्रो, स्थानीय निकायहरुमा मातृभाषाको प्रयोगलाई वैधानिकता प्रदान गरेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले गरेको सबैभन्दा महत्वपूर्ण व्यवस्था भनेको स्थानीय निकायहरुमा प्रयोग गरीएको भाषालाई सरकारी कामकाजको भाषामा रुपान्तरण गर्ने हो । त्यस्तो रुपान्तरणको विधि र प्रक्रियाका बारेमा थप स्पष्टता नभए पनि यसले सिद्धान्ततः भाषिक बहुलवाद र बहु सरकारी भाषाको मार्गचित्र कोरेको छ । यसले अब बन्ने संघीय संरचना अन्तर्गत विभिन्न भाषाहरुको आधिकारिक मान्यता वा प्रयोगका लागि सैद्धान्तिक आधार प्रदान गरेको छ । स्वभावैले अन्तरिम प्रकृतिको र संविधानसभाबाट भावि संविधान निमार्ण नभए सम्मका लागि जारी भएको संविधानको प्रस्तुत प्रावधान धेरै हदसम्म महत्वपूर्ण नै मान्नु पर्ने हुन्छ तथापि यसका पनि केहि कमजोर पक्ष भने अवश्य छन् । यस संविधानले अन्य भाषाहरु (नेपालीतर) को संरक्षण र विकास बारेमा के गर्ने र नेपाली बाहेकका अन्य भाषाहरुको दर्जा के हुने भन्ने बारेमा स्पष्ट गर्न सकेको छैन् ।

नेपालमा भाषा प्रतिको चेतना वा संवेदनशिलता धेरै अगाडि देखि नै शुरु भएको पाईन्छ । जसको परिणामस्वरुप वि.सं.१८३५ र १९२७ तिर नै लिम्बुभाषीहरुले आफ्नो भाषाका सम्वन्धमा आवाज उठाएको पाइन्छ । त्यसैगरी वि.सं. १९८३ तिर नेवार भाषीहरुले भारतको कोलकतावाट भाषिक आन्दोलन शुरु गरेको इतिहास रहेको छ । यसपछि पनि भाषाका सम्वन्धमा संगठीत वा असंगठीत आन्दोलन वा संघर्षहरु भएका छन् । खासगरी नेपालमा प्रजातन्त्रको पुर्नस्थापना पछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले ती आवाजहरुलाई सम्बोधन गर्ला भन्ने जन अपेक्षा रहेको थियो । त्यसैकारणले संविधान निर्माणको क्रममा थुप्रै सुझावहरु पनि प्राप्त भएका हुन तर तिनीहरुको आत्मसातिकरण हुन सकेको देखिदैन । त्यस पछिका दिनमा भाषिक विषय पनि नेपाली द्वन्द्वको एउटा कारण बनेर आयो । सशस्त्र द्वन्दका क्रममा भाषिक मुद्दा पनि एउटा महत्वपूर्ण विषयका रुपमा उठ्यो । त्यस्तै अन्य संगठन र विभिन्न भाषिक संघ संस्था र आदिवासी जनजातिहरुले पनि विभिन्न समयमा आवाज उठाउदै आए । नेपाल जनजाति महासंघको आयोजनामा वि.सं. २०५६, चैत्र ३ र ४ मा काठमाण्डौमा सम्पन्न सम्मेलनले "भाषिक अधिकार सम्बन्धी राष्ट्रिय घोषणा पत्र" नै जारी गऱ्यो । त्यसैगरी काठमाण्डौं महानगरपालिकाले नेवारी भाषालाई र राजविराज नगरपालिका तथा धनुषा जि. वि. स. ले मैथिली भाषालाई सरकारी कामकाजको भाषाका रुपमा मान्यता दिने गरी गरेको निर्णयका सम्बन्धमा सम्मानित सर्वोच्च अदालत समक्ष रीट निवेदन दायर भएकोमा ती निर्णयहरुलाई बदर गर्ने गरी अदालतबाट जारी भएको आदेश उपर पनि व्यापक असन्तुष्टि प्रकट भएको थियो । खासगरी नेवार भाषी समुदायबाट आन्दोलनकै आयोजना गरीएको थियो । यसले नेपालमा बहुभाषिकता वा सबैभाषाको मान्यता प्रति राज्यले देखाएको उदासिनता

विरुद्धको असन्तुष्टिलाई प्रकट गर्दछ । तसर्थ, अब बन्ने संविधानले ती आन्दोलन र आवाजहरुका मूल मर्मलाई उपयुक्त ढंगले सम्बोधन गर्नु पर्ने भएको छ ।

## १.४ नेपालमा भाषिक समस्या र सवालहरु :

नेपालको भाषिक समस्याका वहुआयामिक पक्षहरु छन् । यद्यपि भाषिक समस्यालाई मूलतः राज्यसँग जोडेर हेर्ने गरीएको छ । यसको प्रमुख कारण भाषा प्रति राज्यले अख्तियार गरेको दृष्टिकोण वा नीति नै हो । यसरी भाषाहरुको संरक्षण, विकास र प्रयोगमा राज्यको भूमिका अहम् रहने भएपनि भाषिक समस्याका कतिपय पक्षहरु भाषिक चेतना, भाषा प्रतिको संवेदनशिलता र अन्तर्वैयक्तिक एवं सामाजिक, सांस्कृतिक विषयसंग पनि सम्वन्धीत रहेका हुन्छन् । तसर्थ, भाषिक समस्याको निराकरणका लागि यी सवै पक्ष र पहलुहरुको उपयुक्त ढंगले विश्लेषण हुनु आवश्यक छ । भाषा अत्यन्त संवेदनशिल विषय हो । भाषिक समस्याहरुको निराकरणका लागि समस्याहरुको सही रुपमा पहिचान हुन सक्नु पर्दछ र त्यसको समाधानका उपायहरु पनि अत्यन्त सुझबुझपूर्ण ढंगले अवलम्वन गरीनु पर्दछ । यसबाट मात्रै भाषिक एकता वा सामाजिक ऐक्यवद्धतालाई प्रश्रय मिल्न सक्दछ । नेपालमा विभिन्न भाषिक मुद्दाहरु उठ्ने गरेको र भाषिक समस्यालाई विभिन्न कोणबाट हेर्ने गरीएको छ । ती मध्ये मूलभूत सवालहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- नेपालको पछिल्लो सरकारी आंकडा अनुसार पनि नेपालमा करिव ९२ वटा भाषाहरु छन् । यस बाहेक विभिन्न अनुसन्धानहरुबाट नेपालमा भाषाहरुको संख्या त्यो भन्दा अधिक देखिएको छ । यस प्रकार वहुभाषिकता नेपालको आधारभूत विशेषताको रुपमा रहेको भएपनि विगतमा सरकारी कामकाज लगायत सवै क्षेत्रमा एक भाषाको मात्र सरकारी पक्षपोषण भयो । नेपाल अधिराज्यको संविधान, २०४७ पूर्वका संविधानहरुले नेपाली बाहेकका अन्य भाषाहरुलाई राष्ट्रिय भाषाको मान्यता नै दिएनन् । एकात्मक राज्य संरचना अन्तर्गत सरकारी कामकाजको एकमात्र नेपाली भाषालाई मान्यता दिनाले अन्य भाषाहरुको संरक्षण र प्रयोग ओझेलमा पर्‍यो । अर्थात वहुल भाषा नीतिको अभाव विगतमा नेपालको भाषिक समस्याको प्रमुख कारण रहयो ।

- भाषा अत्यन्त भावनात्मक र संवेदनशिल विषयवस्तु पनि हो । भाषा प्रतिको सम्मानले मानिसको भावनाको कदर भएको महसुस हुन्छ । सवैको भावनाको सम्मानबाट राष्ट्रियताको जन्म हुन्छ ।

भाषा यति महत्वको विषय हुंदा हुँदै पनि विगतमा विभिन्न भाषाहरुको मान्यता र समान व्यवहार गर्ने कुरामा राज्यको तर्फबाट विभेद गरीयो। विभिन्न आन्दोलन र दवावको परिणामस्वरुप विभिन्न कालखण्डमा भाषाहरुलाई मान्यता दिने तर्फ वैधानिक पहल त भए त्यसले पनि यथेष्ट रुपमा भाषाहरु प्रति समानताको स्थिति ल्याउन सकेन।

- भाषाहरुको संरक्षण र विकासका लागि प्रथमतः विद्यमान भाषा र भाषिकाहरुको पहिचान हुनु पर्ने आवश्यकता रहन्छ । नेपालको अवस्थालाई हेर्दा भाषाहरुको निर्धारण वा पहिचानमा समस्या देखिन्छ । २००९/२०११ को जनगणनाले नेपालमा भाषाहरुको संख्या ४४ देखिएको छ । २०२८ को जनगणनामा त्यो संख्या १७ देखिएको छ भने पछिल्लो जनगणना २०५८ ले त्यो संख्या ९२ देखाएको छ । यसले भाषाहरुको पहिचानमा देखिएको समस्यालाई इङ्गित गर्दछ । भाषाहरुको निर्धारणमा विशेष प्रयासको अभाव र खासगरी सरकारको एक भाषा नीति नै भाषाहरुको पहिचानमा बाधक रह्यो । भाषाहरुको पहिचान, संरक्षण र विकासकालागि सरकारले न कुनै नीति लागु गऱ्यो न त वैज्ञानिक अध्ययन नै गरीयो । यस बाहेक भाषाहरुको नामाकरण र वर्गिकरणमा पनि असन्तुष्टी रही आएको छ।

- वालवालिकाहरुलाई मातृभाषामा शिक्षा उपलब्ध गराउंदा त्यो अत्यन्त प्रभावकारी हुन सक्दछ । यसबाट वालवालिकाहरुले सजिलोसंग शिक्षा आर्जन गर्न सक्ने तथ्यप्रति युनेस्कोले समेत निर्देशित गरेको छ । नेपालमा नेपाल अधिराज्यको संविधान, २०४७ पूर्वका संविधानहरुले मातृभाषामा शिक्षाको अधिकारलाई मान्यता नै दिएनन् । २०४७ सालको संविधानले मातृभाषामा शिक्षाको अधिकारलाई मौलिक अधिकारकै रुपमा स्थापित गरेको भएपनि व्यवहारमा त्यति प्रभावकारी रुपमा लागु हुन सकेन । मातृभाषामा शिक्षालाई प्रभावकारी बनाउन विभिन्न मातृभाषाहरुको लेख्य परम्पराको विकास हुनु पर्ने, मातृभाषामा पाठ्य सामग्री तयार हुनुपर्ने, वक्ताहरुको साख्यिक निर्धारण हुनु पर्ने, वक्ताहरुको सकारात्मक धारणा विकास हुनुपर्ने, शैक्षिक जनशक्ति तयार हुनुपर्ने र मूलतः यी सबैका लागि सरकारको सहयोग आवश्यक हुने भएपनि त्यसतर्फ सक्रिय पहल हुन सकेन । फलतः राज्यले संविधानले प्रत्याभूत गरेको मातृभाषामा शिक्षाको अधिकारलाई व्यवहारिक प्रयोगको सुनिश्चितता गर्न सकेन ।

- भाषाहरुको पहिचान, संरक्षण, विकास र भाषाहरुको प्रयोगका लागि भाषाहरुको विद्यमान स्थितिका बारेमा उजागर हुनु आवश्यक हुन्छ । यसबाट भाषिक समस्याहरुको सही पहिचान हुन सक्दछ । त्यसका लागि वैज्ञानिक भाषिक सर्वेक्षण अनिवार्य शर्त हो । तथापि नेपालमा जनगणना मार्फत भाषाभाषीका वक्ताहरुको अध्ययन बाहेक अन्य भाषिक सर्वेक्षणले पूर्णता पाएको छैन् । त्यस्तै जनगणनाबाट प्राप्त भाषिक तथ्याङ्क प्रति वा त्यसको आधिकारिकताप्रति आम रुपमा असन्तुष्टी रहेको छ । वि.सं. २०३८ साल तिर जर्मन सरकारको सहयोगमा नेपालको पूर्वी भागको भाषिक सर्वेक्षण शुरु गरीएको भएपनि त्यो पुरा हुन सकेन । भाषाहरुको स्थिति अर्थात तिनीहरुको लेख्य परम्परा, सामग्रीहरुको उपलब्धता, शब्दकोषको विकास आदिको जानकारी हुन सकेमा मात्र लोपोन्मुख लगायत अन्य भाषाहरुको संरक्षण र विकासलाई सही रुपमा सम्बोधन गर्न सकिन्छ । यसप्रकार वैज्ञानिक भाषिक सर्वेक्षणको अभाव नै विद्यमान भाषिक समस्याहरुको केन्द्र बिन्दु रहेको छ ।

- भाषा अत्यन्त अन्तर्वैयक्तिक र सामाजिक विषयवस्तु हो । भाषाको पनि संस्कृति जस्तै आफ्नै महत्व हुन्छ । भनिन्छ, हरेक भाषाको आफ्नै प्रकारको सोच्ने पद्धति र विचार हुन्छ । भाषाको यति महत्व हुँदा हुँदै पनि विगतको एकभाषिक नीति वा भाषिक प्रभुत्ववादका कारण भाषिक आधारमा समेत सामाजिक विभेदको स्थिति रह्यो । यसले गर्दा कतिपय भाषाभाषीहरुले आफ्नो मौलिक भाषालाई नै परित्याग गरे अर्थात, प्रयोगलाई बन्द गरे । जसका कारण भाषिक लोपोन्मुखताले प्रश्रय पायो । यसरी भाषिक आधारमा सामाजिक विभेद पनि नेपालको भाषिक समस्याको एउटा कारक बनेर आएको छ ।

## २. विभिन्न तहका संघीय इकाईहरुमा सरकारी कामकाजको भाषा :

### २.१. सरकारी कामकाजको भाषा सम्बन्धी सामान्य परिचय :

नेपाल भाषिक सम्पदाको धनी मुलुक हो । आकारमा सानो भैकन पनि यहां भाषिक विविधता छ । पछिल्लो जनगणना (२०५८) अनुसार नेपालमा बोलिने मातृभाषाको संख्या ९२ रहेको छ । नेपालको विभिन्न भागमा बसोबास गर्ने विभिन्न मानिसहरुले मातृभाषाको रुपमा बोल्ने विभिन्न भाषाको अतिरिक्त अन्य भाषा पनि बोल्छन् । मानिसलाई शिक्षा, संचार, व्यापार, प्रशासन लगायत राज्यका विभिन्न

गतिविधिमा सामेल हुन मातृभाषा बाहेक अन्य प्रभावकारी भाषा सिकेर प्रयोग गर्नुपर्ने हुन्छ । भाषालाई प्रयोग र विस्तारको आधारमा विभिन्न कोणबाट हेर्न सकिन्छ । जस्तो सम्पर्क भाषा (दुई बेग्ला बेग्लै भाषाका वक्ताले आपसमा कुरा गर्दा प्रयोग गर्ने भाषा), धार्मिक र सांस्कृतिक भाषा (विभिन्न धार्मिक र सांस्कृतिक अवसरहरुमा प्रयोग गरीने भाषा), शिक्षाको माध्यम भाषा (अध्ययनको क्रममा शिक्षाको माध्यमका रुपमा आवश्यकता अनुसार प्रयोग गरीने नेपाली, अंग्रेजी, हिन्दी, जर्मनी, अरबेली आदि भाषा) हुन सक्दछन् । त्यस्तै वैज्ञानिक र प्राविधिक क्षेत्रको भाषा ( सामान्य बोलिचालीमा प्रयोग नहुने नयाँ ज्ञान, विज्ञान र प्रविधिका कुराहरुलाई व्यक्त गर्न प्रयोग गरीने नयाँ शब्दहरु), अन्तर्राष्ट्रिय भाषा (अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पर्क गर्दा प्रयोग गरीने भाषा) लाई उदाहरणको रुपमा हेर्न सकिन्छ । यसका अतिरिक्त विभिन्न देशमा भाषालाई राष्ट्रिय भाषा, आधिकारिक भाषा तथा सरकारी कामकाजको भाषा जस्ता विभिन्न फरक फरक विशेषणबाट संबोधन गरेको पनि पाइन्छ ।

सामान्यतया कुनै निश्चित देश, राज्य वा क्षेत्रद्वारा विशेष कानूनी हैसियत दिइएको भाषालाई सरकारी कामकाजको भाषा (Official Language) भन्न सकिन्छ । त्यस्तो भाषा कुनै पनि राष्ट्, राज्य वा क्षेत्रका अदालत, व्यवस्थापिका (Parliament) र प्रशासनमा प्रयोग हुन्छ । सरकारी कामकाजको भाषा कुनै पनि व्यक्तिको आफ्नो मातृभाषा पनि हुन सक्छ, सम्पर्क भाषा पनि हुन सक्छ र यी बाहेकको तेश्रो भाषा पनि हुन सक्छ ।

"सरकारी कामजकाजी भाषा" (Official Language) भन्ने वाक्यांश विश्वका सबै मुलुकमा समान रुपमा प्रयोग भएको पनि पाइदैन । विशेष गरी जुन मुलुकमा भाषिक विविधता छ र त्यस देशका बासिन्दाको मातृभाषाको रुपमा धेरै भाषाहरु रहेका छन् र व्यवहारिक रुपमा ती सबै भाषाहरुलाई राज्यका सबै क्षेत्रमा समान रुपमा प्रयोग गर्न सकिदैन, त्यस्ता मुलुकमा यो बढी प्रयोगमा आउने गरेको पाइन्छ । किनकि राज्यको दृष्टिकोणमा भाषा नागरीकहरु बीच संचार गर्ने, नीति, कानून र निर्देशिका लागु गर्ने, सार्वजनिक सेवाको व्यवस्थापन र प्रबन्ध गर्ने, न्याय सम्पादन गर्ने, शिक्षाको माध्यमको रुपमा काम गर्ने, अन्तर्राष्ट्रिय समुदायसंग सम्पर्क गर्ने लगायतका महत्वपूर्ण कार्य भाषाको माध्यमबाट सम्पादन गर्नुपर्ने हुन्छ । त्यही प्रयोजनको लागि पनि राज्यले निश्चित भाषा निर्धारण गर्नु पर्ने हुन्छ । कुनै मुलुकमा Official Language भनी संविधानमा उल्लेख गरीएको छैन भने कतिपय मुलुकमा संविधानमा नै उल्लेख गरीएको छ । कतिपय मुलुकमा राष्ट्रिय भाषा र सरकारी भाषा भनी संविधानमा भाषालाई अलग अलग किसिमले राखिएको हुन्छ भने कतिपय मुलुकमा राष्ट्रिय भाषा नै सरकारी कामकाजको भाषा हुन्छ ।

## २.२ केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा सम्बन्धी विभिन्न पक्षहरु :

मुलुक संघीय राज्य प्रणालीमा प्रवेश गरेपछि केन्द्रिय सरकार र प्रान्तीय सरकारका कार्यक्षेत्र र सीमाहरु फरक फरक हुन्छन् । संघीय संरचनामा केन्द्रिय सरकारले कतिपय अवस्थामा निर्देशनात्मक आदेश जारी गर्नु पर्ने र कतिपय अवस्थामा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने, अन्तराष्ट्रिय स्तरमा सम्पर्क स्थापित गर्नु पर्ने जस्ता विविध काम सम्पादन गर्नुपर्ने हुन्छ । केन्द्रिय सरकारले राष्ट्रिय स्तरमा विभिन्न प्रान्तीय सरकार तथा आम नागरीकसँग शिक्षा, संचार, प्रशासन लगायत विभिन्न गतिविधि र क्रियाकलापको सम्बन्धमा सम्पर्क गर्नुपर्ने हुन्छ । यी कार्यहरुका अतिरिक्त विभिन्न प्रयोजनको लागि कुनै पनि मुलुकले निश्चित भाषाको निर्धारण गर्नु पर्ने हुन्छ । नेपाल भाषिक विविधतायुक्त देश भएको र संघीय संरचनामा जान लागि रहेको परिप्रेक्ष्यमा केन्द्रिय सरकारले प्रान्तीय सरकार, देशका नागरीक लगायत विभिन्न निकायसँग पत्र व्यवहार गर्दा वा औपचारिक सम्पर्क गर्दा भैरहेको नेपाली भाषा वा अन्य कुन भाषामा सम्पर्क र व्यवहार गर्ने भन्ने विषय महत्वपूर्ण हुन्छ । सिद्धान्ततः कुनै पनि देशको धर्म हुँदैन, जाति हुँदैन तर भाषा हुनु पर्छ भन्ने मान्यता राखिन्छ । किनकी देशको सम्पर्क माध्यम भाषा नै हो । त्यस्तै अब बन्ने संविधानमा सरकारी कामकाजको भाषा निर्धारण गर्दा के कस्ता कुराहरुलाई आधार लिनु पर्छ भन्ने सम्बन्धमा सैद्धान्तिक पक्ष, अन्तर्राष्ट्रिय अभ्यास र व्यवहारिक पक्षलाई ध्यान दिनु पर्छ । यिनै पक्षमा संक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुन्छ ।

### २.२.१ सरकारी कामकाजको भाषा सम्बन्धी सैद्धान्तिक पक्ष :

भाषिक विविधता भएको देशमा त्यस देशको आधिकारिक भाषालाई राष्ट्रिय स्तरमा संबोधन गर्दा राष्ट्रिय भाषा (National Language), सरकारी कामकाजी भाषा (Official Language), आधिकारीक भाषा, भन्ने जस्ता विभिन्न शब्दावलीबाट पहिचान दिइएको पाइन्छ । कतिपय देशमा भाषाका सम्बन्धमा संविधानमा उल्लेख नै नगरीए पनि लामो अभ्यासबाट स्थापित भएको भाषा निर्विवाद रुपमा प्रयोग भईरहेको (जस्तो संयुक्त राज्य अमेरिका, संघीय गणतन्त्र जर्मनी, जापान आदि) पाइएको छ । भाषालाई यो यस्तो आधारमा सरकारी कामकाजको भाषाको हैसियत दिनु पर्छ भन्ने गणितीय र ठोस् आधार पाइदैन । कुनै पनि मुलुकले सम्बन्धीत मुलुकका जनताको भावना, भाषाको स्थिति, भौगोलिकता, भाषाको देश भित्रका विभिन्न स्थानमा भएको फैलावट बोधगम्यता जस्ता पक्षलाई दृष्टिगत गरी निर्धारण गर्ने विषय हो । एउटा मुलुकले निर्धारण गरेको आधार अर्को मुलुकमा उपयुक्त नहुन पनि सक्छ । कुनै मुलुकले एउटा

भाषालाई सरकारी कामकाजी भाषा भनेर किटान गर्दछन् । कसैले २ वटा भाषा त कसैले ११ वटा भाषासम्म तोकेको पनि पाइन्छ । तसर्थ यो सम्बन्धीत मुलुकको वस्तुस्थिति र परिवेशमा भरपर्ने कुरा हो । तथापि भाषिक विविधता भएका मुलुकमा सरकारी कामकाजको भाषा निर्धारण गर्दा अन्य कुराको अतिरिक्त देहायका कुरामा ध्यान पुऱ्याउनु उपयुक्त हुन्छ :

- सरकारी कामकाजको भाषा निर्धारण गर्दा त्यो भाषाको वक्ताको संख्या, पाठकको संख्या, विभिन्न जाति र समुदायको बीच अन्तरमाध्यमको रुपमा प्रयोग भई रहेको र प्रयोग हुने स्थिति आदि पक्षलाई विचार गर्नुपर्छ ।

- "वहुसंख्यक जनताले बुझ्न नसक्ने भाषा प्रजातान्त्रिक समाजमा प्रशासनको भाषा हुन सक्दैन र यसले वहुसंख्यक समुदायको वास्तविक प्रतिनिधित्व सुनिश्चित गर्न सक्दैन" भन्ने मान्यताका आधारमा सरकारी कामकाजी भाषाको रुपमा प्रयोग हुन  अधिक भन्दा अधिक जनसंख्यालाई समेट्ने हुनुपर्छ ।

- विविधतालाई एकतामा वाध्नु नै कुनै पनि देशको उद्देश्य रहने हुँदा भाषिक विविधताले विभाजन होइन एकता कायम गर्न सक्नुपर्छ । यसको लागि छनोट गरीने भाषा लोकप्रिय हुनु पर्छ ।

- भाषा विभिन्न ठाँउमा भिन्न भिन्न तरिकाले प्रयोग गर्नुपर्ने हुन्छ । भाषामा आईपर्ने समस्या भाषा भित्र रहने सामग्रीबाटै हल गर्नुपर्ने भएको हुँदा त्यो भाषाको लिपि, व्याकरण, साहित्य, शब्दकोष, ऐतिहासिक पृष्ठभूमि, प्रयोगको क्षेत्र, जनतामा यसको अभ्यस्तता आदि कुराहरु समेट्न सक्ने क्षमताको विद्यमानता हुनुपर्छ ।

- प्रशासनमा विभिन्न शब्दावलीको प्रयोग हुने हुँदा सरकारी कामकाजको भाषाको रुपमा मान्यता पाउने भाषामा शब्द भण्डारको विविधता हुनु पर्छ । जस्तो प्रशासनिक शब्द, विपरीतार्थी शब्द, समानार्थी शब्द, कानूनी शब्द, साहित्यिक शब्द आदि प्रयोगमा आउने कुरा पूर्वानुमान गरीन्छ । त्यसैले भाषामा विभिन्न विचार ग्रहण गर्न सक्ने क्षमताको विद्यमानता, अरु भाषामा गरीएका

भाषाण तथा त्यसका तरिका आदिलाई समेट्न सक्ने क्षमता, विभिन्न शैलीका अभिव्यक्ति, व्यंग्य, लक्षण अलंकार आदिलाई ग्रहण गर्ने शब्द भण्डार पनि आवश्यक मानिन्छ।

- सरकारी कामकाजको भाषाको रुपमा छनौट गरीने भाषामा देशको संस्कृति, गौरवगाथा त्यससँगको आवद्धताजस्ता गुण भएको र समग्रमा साहित्यिक, शाब्दिक लगायत धेरै दृष्टिकोणवाट भाषा समृद्ध हुनुपर्छ भन्ने मान्यता राखिन्छ।

- भाषिक विविधता भएको स्थितिमा सरकारी कामकाजको भाषा निर्धारण गर्दा आवेगको आधारमा होइन विवेकको आधारमा गर्नु पर्छ। देशको साधन र श्रोत, सामाजिक परिवेश आदिमा पनि पर्याप्त ध्यान पुऱ्याउनु पर्छ। किनकि एउटा परिवेशमा निर्धारण गरीएको भाषाको स्थितिले अर्को परिवेशमा यसको स्थिति निर्धारण नगर्न पनि सक्दछ।

### २.२.२ अन्तर्राष्ट्रिय अभ्यास :

विश्वमानचित्रमा करीब २०० मुलुक छन्। यी सवै मुलुकका आ–आफ्नै परिवेश र विशेषता रहेका हुन्छन्। प्रत्येक देशले आ–आफ्नो परिवेश अनुरुपका पद्धति अवलम्वन गरेका हुन्छन्। एउटा देशमा हुन लागेको अभ्यास अर्को देशमा दशौं, विशौं वर्ष अगडि अभ्यास भैसकेको पनि हुन सक्छ। यी अभ्यासको क्रममा एउटा मुलुकले अपनाएको पद्धति र परिवेश अर्को मुलुकमा केहि हदसम्म मिल्न पनि सक्छ र केही हदसम्म नमिल्न पनि सक्छ। अहिले देश संविधानमा भाषिक नीति कसरी समावेशी वनाउने भन्ने सम्बन्धमा एउटा निर्णयमा पुग्न लागेको अवस्थामा छ। अन्य मुलुकमा संविधान निर्माणका क्रममा भाषा सम्वन्धी के कस्ता सवाल उठेका थिए र ती सवाललाई संविधानमा कसरी समावेश गरीयो ? त्यसवाट हामीले ग्रहण गर्नुपर्ने कुराहरु के के हुन सक्छन् र के कस्ता कुरामा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ ? भन्ने सम्वन्धमा जानकारी हासिल गर्न उपयोगी नै हुन सक्छ। त्यसैले यहां केही मुलुकका बारेमा चर्चा गर्नु उपयोगि एवं सान्दर्भिक हुन्छ।

### क) भारतको सन्दर्भ :

वेलायतीहरुले भारतमा शासन गर्दा अंग्रेजी भाषालाई प्रशासन (सरकारी कामकाज) को भाषाको रुपमा प्रयोग गरीयो। वेलायती साम्राज्यको समयमा भारतमा अंग्रेजी भाषा वाहेक स्वदेशी भाषाहरु उचित

रुपमा विकास हुन र संवृद्ध हुन सकेनन् । यद्यपि भारतमा अंग्रेजी भाषा कहिल्यै पनि वहुसंख्यकको भाषा हुन सकेन र वेलायती शासन कालमा ८–१०% जनता मात्रै अंग्रेजी भाषामा साक्षर थिए । अंग्रेजी राम्रोसंग लेख्न र वोल्न सक्नेको संख्या निकै कम थियो । भारतमा संविधान निर्माणका वेला भाषा सम्वन्धी विवाद व्यापक वहसको विषय वनेको थियो । अन्त्यमा २ वटा कुरामा सहमति भएको थियो

1. At some stage, the English Language should be displaced from its preeminant position.
2. Its place should be taken by Hindi.

त्यहाँ तत्काल वहु प्रचलनमा रहेको अंग्रेजी भाषालाई छाडेर तुरुन्तै हिन्दी ग्रहण गर्न धेरै कठिनाईहरु थिए । किनकी अंग्रेजीलाई प्रतिस्थापन गर्न हिन्दीको राष्ट्रव्यापी रुपमा विकास भएको थिएन । यसको विकास गर्न केही समय लाग्ने देखियो । देशका वौद्धिक वर्गवाटै हिन्दीलाई तुरुन्तै प्रशासनको भाषाको रुपमा ग्रहण गर्न धेरै कठिनाई हुने कुरा स्वीकार गरीयो । किनकी त्यहाँ सरकारी कामकाजको रुपमा हिन्दी भाषा कायम गर्दा गैर हिन्दी भाषीलाई प्रशासन र केन्द्रको सेवामा अझ वढी समस्या झेल्नुपर्ने महसुस गरीयो ।

त्यसपछि भारतको संविधान सभामा यो अवस्था कति समय सम्म रहन दिने भन्ने कुरा विवादास्पद वनेको थियो र अन्त्यमा निम्नकुरामा सहमति कायम भयो :

१. अंग्रेजी भाषालाई Official Language को रुपमा १५ वर्षसम्म निरन्तरता दिने,
२. त्यसपछि हिन्दीले अंग्रेजी को स्थान ग्रहण गर्ने,
३. हिन्दी भाषाको संरक्षण सम्वर्द्धन र प्रवर्धन गर्न उपाय अवलम्वन गर्ने,
४. कुनै पनि राज्यले अंग्रेजी वाहेकका अन्य भाषालाई Official भाषाको रुपमा ग्रहण गर्न सक्ने।

साथसाथै यो पनि भनियो कि यदि हिन्दी भाषालाई संक्रमणकालमा प्रवर्द्धन गरीएन भने अंग्रेजी भाषालाई निरन्तरता दिन सकिने र हिन्दीको पर्याप्त विकास भएमा १५ वर्षको वीचको अवधिमा पनि राष्ट्रपतिले आदेशद्वारा अंग्रेजीको सट्टा हिन्दी भाषालाई मान्यता दिन सकिने प्रावधान राखियो ।

## ख) दक्षिण अफिकाको सन्दर्भ :

दक्षिण अफिकी संविधान The Constitution of The Republic of South Africa, 1996 को Section 6 : Language को देहाय (१) ले ११ वटा भाषालाई आधिकारिक भाषाको रुपमा स्वीकार गरेको छ भने राष्ट्रिय तथा प्रान्तीय सरकारले सरकारी कामकारवाहीको लागि कुनै विशेष आधिकारीक भाषा, त्यसको प्रचलन, व्यवहारिकता, खर्च, क्षेत्रीय वस्तुस्थिति र समग्र जनता वा सम्वन्धीत प्रान्तका आवश्यकता र चयनलाई सन्तुलित गर्दै प्रयोग गर्न सक्ने मार्गप्रशस्त गरेको छ । तर राष्ट्रिय सरकार र प्रत्येक प्रान्तीय सरकारले कम्तिमा २ वटा आधिकारिक भाषाको प्रयोग गनुपर्ने प्रावधान छ ।

दक्षिण अफ्रिकामा ११ वटा भाषालाई मान्यता दिईएपनि व्यवहारमा राष्ट्रिय सरकारले English र Afrikaans २ वटा भाषा र प्रान्तले यी भाषावाहेक प्रान्तमा सवैभन्दा बढी प्रयोग हुने अफ्रिकी भाषा मात्रै प्रयोग गर्दछन् । यसका साथ साथै भाषाको प्रवर्द्धन विकास र प्रयोगको लागि "Pan South African Language Board " को स्थापना गर्ने कुरा पनि संविधानले सुनिश्चित गरेको छ । भाषाको सम्वन्धमा यावत् व्यवस्था गरीएपनि त्यहांका नागरीकहरुले आफ्ना वालवालिकालाई मातृभाषाको सट्टा अंग्रेजी भाषा माध्यमको विद्यालयमा पढाउन रुचाउंछन् । आलोचकहरुले अफ्रिकी भाषाहरुको प्रयोग मुख्यतया एकपिढीवाट अर्को पिढीमा सांस्कृतिक परम्पराहरुको हस्तान्तरण गर्ने माध्यमको रुपमा प्रयोग भएको भनी व्यंग्य गर्ने गरेको पाइन्छ ।

## ग) क्यानाडाली अनुभव :

क्यानाडा एउटा पुरानो संघीय राज्य हो । क्यानाडाको संविधानले Official Language of the Canada भन्दै English र French लाई भनेको छ । संविधानको Section 16(1) मा "English and French are the Official Language of Canada and have equal rights and privileges as to their use in all instituitons of the parliament and government of Canada" भनिएको छ । औपनिवेशिकरणका कारण क्यानाडामा ५९% जनता अंग्रेजी मातृभाषी र फ्रेन्च मातृभाषी २३% छन् । क्यानाडा भाषिक समुदायको आधारमा संघीय राज्य निर्माण भएको मुलुक हो । क्यानाडाको संविधानमा आ–आफ्ना प्रान्तका निम्ति अधिकारीक भाषा प्रयोग गर्न अप्रत्यक्ष रुपमा अधिकार दिइएको छ । अंग्रेजी भाषी प्रान्तले अंग्रेजीलाई नै आफ्नो आधिकारिक भाषाको रुपमा र सरकारको काम कारवाही र अदालती काम कारवाहीमा प्रयोग गर्दै

आएका छन् । क्युवेक भन्ने प्रान्तमा आफ्नो पहिचानलाई जोगाई राख्न फ्रेन्च भाषा प्रयोग गर्दछन् र सरकारी सेवा सम्वन्धी कार्य फ्रेन्च भाषामा गरीन्छ भने अंग्रेजी भाषीहरुका लागि पनि विशेष व्यवस्था गरीएको छ । संसदमा दुवै भाषा प्रयोग हुन्छ, कानून पनि दुवै भाषामा निर्माण हुन्छ र अदालतमा पनि दुवै भाषा प्रयोग हुन्छ ।

## २.२.३ नेपालमा सरकारी कामकाजको भाषा सम्वन्धी वर्तमान अवस्था :

नेपाल बहुभाषिक मुलुक हो । राष्ट्र निर्माणको क्रममा नेपाल भित्र ठूलो भू भागलाई समेटिए पनि भाषिक विविधतालाई समेट्न सकेको पाइदैन । खासगरी गोर्खा राज्यको विस्तार पछि त्यसवेलाका शासक र खसहरुको मातृभाषा तथा त्यस क्षेत्रका पहाडका जनताको सम्पर्क भाषा "गोर्खाली वा खस कुरा" थियो । त्यसैलाई "नेपाली" भनी नामाकरण गरीयो र पछि यसैलाई राष्ट्र भाषा र सरकारी कामकाजको भाषा वनाइयो । राणा शासन कालमा "एक राष्ट्र एक भाषा"को नीति कठोर रुपमा अपनाइएको पाईन्छ । वि.सं. २००५ साल भन्दा अगाडि पनि नेपाली भाषालाई नै सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गरीएको थियो । नेपाल सरकारवाट हुने सम्पूर्ण काम कारवाही तत्कालीन ऐन, कानून, अदालती निर्णय, सरकारी संचार माध्यम आदिमा नेपाली भाषा नै प्रयोग भएको पाइन्छ । राणा शासनको अन्त्यतिर जारी भएको संविधानको हैसियत राख्ने नेपाल सरकार वैधानिक कानून २००४ ले त नेपाली भाषालाई मात्र घोषित रुपमै राष्ट्रभाषाको मान्यता प्रदान गर्‍यो । उक्त वैधानिक कानूनको धारा ४४ मा भएको व्यवस्था यस्तो थियो -

"व्यवस्थापक सभामा कुनै कुरा कहानि छलफल इत्यादि राष्ट्र भाषा नेपालीमा हुनेछ ।"

उक्त कानूनमा व्यवस्थापक सभा भन्नाले श्री ३ महाराज, राष्ट्र सभा र भारदारी सभावाट व्यवस्थापक सभा वन्ने भनी धारा २२ मा उल्लेख भएको पाइन्छ । सो प्रावधानले राष्ट्र भाषा नेपाली भन्ने कुरालाई स्पष्टसंग उल्लेख गरेपनि अन्य सरकारी निकाय, अदालतमा कुन भाषा प्रयोग हुने भन्ने कुरा उल्लेख गरेको छैन । प्रचलनमा भने नेपाली भाषा नै प्रयोग भएको पाइन्छ ।

२००७ सालको अन्तरिम शासन विधानमा राष्ट्र भाषा तथा सरकारी कामकाजको भाषा के हुने भन्ने कुरा उल्लेख भएको पाइदैन तर प्रचलनमा भने नेपाली भाषा नै रहेको थियो । नेपाल अधिराज्यको संविधान २०१५को धारा ७० तथा नेपालको संविधान २०१९ को धारा ४ मा राष्ट्र भाषा भन्ने शीर्षक अन्तर्गत नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा नेपाली भाषा हो भन्ने व्यहोरा उल्लेख भएको थियो । यिनै प्रावधान अन्तर्गत २०४७ सालको संविधान आउनुपूर्व सम्म देवनागरी लिपिमा नेपाली भाषालाई राष्ट्र भाषाको रुपमा संविधानवाटै स्थापित गरी सरकारी निकाय, व्यवस्थापिका र न्यायालय लगायतका सबै संगठनमा सरकारी कामकाजको रुपमा नै प्रयोग हुँदै आएको पाईन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ आएपछि भाषाका सम्बन्धमा केही फरक स्थिति देखिएको छ । उक्त संविधानको धारा ६ मा रहेको प्रावधान यस्तो थियो :-

"राष्ट्र भाषा (१) देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।

(२) नेपालका विभिन्न भागमा मातृभाषाको रुपमा वोलिने सबै भाषाहरु नेपालका राष्ट्रिय भाषा हुन । "

उल्लेखित प्रावधानका अतिरिक्त प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण गर्ने अधिकार तथा बालबालिकालाई प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने गरी विद्यालय संचालन गर्न पाउने कुरा मौलिक हक अन्तर्गत समावेश गरीएको थियो । साथै सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकास गरीने कुरा राज्यका नीतिहरु अन्तर्गत राखिएको पाइन्छ ।

यो संविधानले पहिलो पटक नेपाली भाषालाई सरकारी कामकाजको भाषा हुने कुरा उल्लेख गऱ्यो । नेपालका विभिन्न भागमा मातृभाषाको रुपमा वोलिने सबै भाषालाई राष्ट्रिय भाषाको मान्यता प्रदान गऱ्यो । राष्ट्रिय भाषालाई सरकारी कामकाजको रुपमा स्थापित गर्न सकेन । २०४७ सालको संविधान लागु भएपश्चात काठमाण्डौं महानगरपालिकाले नेवारी(नेपाल) भाषालाई सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिने गरी ०५४/४/१० मा, राजविराज नगरपालिकाले मैथिली भाषालाई सरकारी कामकाजको रुपमा प्रयोगमा ल्याउने गरी मिति ०५४/८/२४ मा र धनुषा जिल्ला विकास समितिले पनि मैथिली

भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने भनी मिति २०५४/८/३ मा निर्णय गरेका थिए ।

उल्लिखित निर्णयहरुका विरुद्धमा सर्वोच्च अदालतमा परेको रिट निवेदनमा देवनागरी लिपिमा नेपाली भाषालाई सरकारी कामकाजको भाषा भन्ने संवैधानिक प्रावधान रहेको छ । संविधानको व्यवस्था विपरीत भएका निर्णय बदर हुनुपर्ने भनी माग राखी दायर भएको (नि. अधिवक्ता लाल बहादुर थापा समेत वि.स्थानीय विकास मन्त्रालय समेत, ०५४ सालको रिट नं. २९३१, उत्प्रेषण) थियो । सो रिट निवेदन सर्वोच्च अदालतबाट निर्णय हुँदा सरकारी कामकाजको भाषालाई यसरी परिभाषित गरीएको छ :-

"नेपाल अधिराज्यको कार्यकारिणी अधिकार विधायिकी अधिकार र न्याय सम्बन्धी अधिकार प्रयोग गर्ने संवैधानिक अंग तथा अधिकार प्राप्त अन्य निकायबाट सर्वसाधारण जनताको हितमा गरीने काम राज्यको काम भएकोले सरकारी काम हो । यसका अतिरिक्त सर्व साधारण जनताको स्वास्थ्य, सुरक्षा तथा सार्वजनिक हितप्रति रहेको राज्यको दायित्व राज्यको आकांक्षा अनुरुप निर्वाह गर्ने सिलसिलामा गरीने कार्य सरकारी हैसियतमा गरीएको हुन्छ । सरकारी कामकै रुपमा लिइन्छ ।

उक्त महानगरपालिका, नगरपालिका र जिल्ला विकास समितिले निर्वाह गर्ने सरकारी कामकाज नेपाली भाषामा हुने स्पष्ट हुन आँउछ । तसर्थ का.म.पाले नेपाल भाषालाई र राजविराज नगरपालिका र धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई पनि सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने गरी गरीएको निर्णय बदर हुन्छ" भन्ने निर्णय गरी अदालतबाट पनि राष्ट्रिय भाषालाई सरकारी कामकाजको रुपमा मान्यता नदिई प्रयोग गर्नबाट रोक लगाइयो । यसरी रोक लगाउने गरी भएको सो निर्णय चित्त नबुझेको भनी भाषिक समुदायबाट असन्तुष्टि जनाईएको थियो ।

खासगरी उक्त संविधानमा सबै मातृभाषाहरुलाई राष्ट्रिय भाषाको मान्यता प्रदान गरीएपनि व्यवहारमा सबै मातृभाषाको विकास, संरक्षण र प्रयोग भएन भन्ने भाषिक समुदायको विभिन्न कोणबाट आवाज उठिरहेको पाइन्छ । यसै परिवेशलाई आत्मसात् गर्दै लागु भएको नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालको भाषिक सवालहरुलाई धेरै हदसम्म संबोधन गर्ने प्रयास गरेको पाइन्छ । उक्त संविधानमा रहेका प्रावधान निम्न छन् :

१) नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषा हुन् ।

२) देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।

३) उपधारा (२) मा जनुसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन । त्यसरी प्रयोग गरीएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रुपान्तर गरी अभिलेख राख्नेछ ।

यो व्यवस्थाको अतिरिक्त प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने र आफ्नो भाषा, लिपिको संरक्षण र संवर्द्धन गर्ने हक हुने कुरा मौलिक हकमा समावेश गरीएको छ । वर्गिय, जातिय, भाषिक, साँस्कृतिक लगायतका समस्याहरुलाई संबोधन गर्न राज्यको वर्तमान केन्द्रिकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने कुरा राज्यको दायित्व अन्तर्गत राखिएको छ ।

यी संवैधानिक व्यवस्थाहरु संविधानमा मात्रै सीमित रहे व्यवहारमा लागु भएनन् भन्ने आवाज एकातर्फ उठिरहेकाछन् भने अर्कोतर्फ स्थानीय निकाय हाल पदाधिकारी विहीन भएको कारण स्थानीय निकायमा कार्यान्वयन हुन नसकेको भन्ने तर्क पनि छ ।

## २.२.४ <u>उपलब्ध तथ्याङ्कहरुको विश्लेषण</u> :

नेपालमा जनगणना लिने कार्य वि.स.१९६८ साल देखि शुरु भए तापनि भाषिक आधारमा जनगणना लिने काम २००९/०११ देखि शुरु भएको पाइन्छ । नेपालको २००९/११ को जनगणना अनुसार नेपालमा ४४ प्रकारका भाषा मातृभाषाको रुपमा रहेका थिए । २०५८ सालमा नेपालमा बोलिने मातृभाषाको संख्या ९२ रहेको पाइन्छ । सो जनगणना अनुसार नेपाली मातृभाषी ४८.६१ प्रतिशत रहेको छ भने कुल जनसंख्याको १ प्रतिशतसम्म जनसंख्या हुने नेपाली भाषा बाहेकका अन्य मातृभाषाको संख्या ११ रहेको छ । प्राप्त तथ्याङ्क अनुसार मैथिली १२.३० प्रतिशत, भोजपुरी ७.५३ प्रतिशत, थारु (डगौरा/राना) ५.८६ प्रतिशत, तामाङ ५.१९ प्रतिशत, नेवार ३.६३ प्रतिशत, मगर ३.३९ प्रतिशत, अवधि २.४७ प्रतिशत, बान्तवा १.६३ प्रतिशत, गुरुङ १.४९ प्रतिशत, लिम्बु १.४६ प्रतिशत, बज्जिका १.०५ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी १ प्रतिशत भन्दा तल उर्दु ०.७७ प्रतिशत, राजवंशी ०.५७ प्रतिशत, शेर्पा ०.५७ प्रतिशत रहेको

उक्त तथ्याङ्कले देखाउछ । त्यसपछि ०.४९ देखि ०.०१ प्रतिशतसम्म रहेका भाषाको संख्या ४७ रहेको छ । सो देखि वाहेकका भाषाको संख्या ३० रहेको छ ।

जिल्लागत आधारमा हेर्दा नेपाली भाषाको वाहुल्यता रहेका जिल्ला ५६, मैथिली भाषाको वाहुल्यता रहेका जिल्ला ६, भोजपुरी भाषाको वाहुल्यता रहेका जिल्ला ३, थारु भाषाको वाहुल्यता रहेको १ जिल्ला, तामाङ २, नेवारी १, अवधि २, गुरुङ १, लिम्बु २, बज्जिका १, रहेको र अन्य कुनै पनि भाषाको वाहुल्यता कुनै पनि जिल्लामा रहेको तथ्याङ्कबाट देखिदैन । मगर भाषाको कुल जनसंख्या ३.३९ प्रतिशत र वान्तवाको जनसंख्या १.६ प्रतिशत रहेपनि कुनैपनि जिल्लामा वाहुल्यता रहेको पाइदैन ।

## २.२.५ विद्यमान समस्या र सवालहरु :

नेपाल भौगोलिक रुपमा मात्र नभई भाषिक दृष्टिकोणले पनि विविधतायुक्त छ । भाषिक विविधता जातिय विविधतासँग पनि गाँसिएको छ । भाषिक समुह देशका विभिन्न भागमा छरिएर रहेका छन् । विभिन्न भाषिक समुह एउटै जिल्लमा पनि छरिएर रहेको र एउटै जिल्लामा पनि धेरै प्रकारका भाषा बोल्ने मानिस बसोवास गरेका छन् । २०५८ सालमा भएको राष्ट्रिय जनगणनालाई आधार मान्ने हो भने पनि नेपाली मातृभाषीको जनसंख्या ४८.६ प्रतिशत मात्रै रहेको पाइन्छ । नेपाली भाषाको वाहुल्यता रहेको ५६ जिल्ला छन् । विगतको एकलभाषा नीति प्रति असन्तुष्टिका स्वरहरु व्यापक रुपमा सुन्न पाइन्छ । एकल भाषा नीतिका विरुद्धको भाषिक आन्दोलनलाई पनि विर्सन मिल्दैन । कुनै खास भाषालाई मात्रै आधिकारीक भाषाको दर्जा दिनु मानव अधिकारको उल्लंघन हो भन्ने आवाज पनि उठेकै छन् । हाल नेपालका विद्यमान भाषिक सवालहरुलाई बुँदागत रुपमा निम्न वमोजिम उल्लेख गर्न सकिन्छ :

- नेपालमा भाषिक विविधता रहेको स्थितिमा नेपालमा बोलिने सबै भाषालाई सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्रदान गर्न सकिन्छ कि सकिदैन ? र सकिन्छ भने के कस्ता आधारहरु निर्धारण गर्ने ? नसकिएको अवस्थामा हाल कायम रहेको वाहेक अन्य कुन कुन भाषालाई के कस्तो आधारमा निर्धारण गर्ने ?

- नेपाल एकल भाषानीतिवाट वहुभाषा नीतिमा प्रवेश गरीसकेको र स्थानीय निकायको गठन नभएको कारणले स्थानीय स्तरमा सो नीति कार्यान्वयन हुन मात्रै वाँकी रहेको स्थितिमा वर्तमान

संविधानमा रहेको भाषा सम्बन्धी व्यवस्थालाइं प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्याप्त हुन्छ हुँदैन ?

- मुलुक संघीय संरचनामा जान लागेको अवस्थामा संघीय सरकारको सरकारी कामकाजको भाषा वर्तमानमा कायम रहेको नेपाली नै राखी नेपालमा मातृभाषाको रुपमा बोलिने सबैभाषालाई राष्ट्रिय भाषाको रुपमा मान्यता दिई प्रान्तीय सरकारलाई नेपाली भाषाबाहेक अन्य कुन भाषालाइं सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्रदान गर्ने भन्ने कुराको निर्णय गर्न प्रान्तलाई नै अधिकार प्रदान गर्न सकिने कि नसकिने ?

- राज्यका सबै कामहरु नेपाली भाषामा गरीने र नेपालीतर भाषीहरुले नेपाली भाषा नजानेकै कारणले सरकारी सेवाहरु, राज्यका तर्फबाट गरीने महत्वपूर्ण नियुक्ति, सेवा आयोग जस्ता अवसरहरुमा प्रतिस्पर्धा गर्ने लगायतको पहुँचबाट अल्पसंख्यक, दलित, तराईवासी/मधेशी, मुस्लिम लगायतका समूहलाई बाहिर पारिएको भन्ने सवाललाई कसरी संबोधन गर्ने ?

- हरेक व्यक्तिले आ–आफ्नो मातृभाषामा सार्वजनिक महत्वको विषयमा जानकारी खोज्ने, अवसर प्राप्त गर्ने, आदिवासी/जनजातिहरुका माग सम्बोधन गर्न स्थानीय भाषालाई नेपाली भाषासँगै संवैधानिक मान्यता प्राप्त हुनु पर्छ भन्ने आवाजलाई कुन हद सम्म समेट्ने ?

- समुदायले आफ्नो अस्तित्वको पहिचानको लागि आफ्नो भाषा, संस्कृतिमा जोड दिन्छन् भने अल्पसंख्यकलाई राज्यको बहुसंख्यकको भाषा बोल्न बाध्य पारिनु हुँदैन भन्ने मान्यता पनि छ । यो मान्यतालाई संविधानमा कसरी आत्मसात् गर्ने ?

## २.२.६ सरकारी कामकाजको भाषा निर्धारणका आधारहरु :

एकिकरण पश्चात् नेपालको आधिकारीक भाषाको रुपमा नेपाली भाषा रहेको थियो । एकलभाषानीति प्रति समय समयमा विभिन्न कोणबाट आउने असन्तुष्टिका कारण २०४७ सालको संविधानमा नेपाली भाषा बाहेकका नेपालमा बोलिने अन्य मातृभाषालाई पनि राष्ट्रिय भाषाको रुपमा मान्यता प्रदान गरीयो । मातृभाषामा प्राथमिक शिक्षा दिन सकिने प्रावधान पनि राखियो । २०४७ सालको

संविधानलाई प्रतिस्थापन गरी २०६३ सालमा आएको अन्तरिम संविधानले नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषा मात्रै मानेन स्थानीय निकायमा मातृभाषाको प्रयोगलाई खुला ग-यो । र, प्रत्येक समुदायलाई मातृभाषामा आधारभूत शिक्षा पाउने हक मौलिकहकको रुपमा राखियो ।

हालको अवस्थासम्म आइपुग्दा समुदायका मातृभाषालाई राष्ट्रिय भाषाको रुपमा मान्यता, स्थानीय निकायमा प्रयोग र आधारभूत शिक्षाको हकसम्मको हदसम्म हालसम्मको संवैधानिक व्यवस्थाले प्रत्याभूत गरेको छ । उपर्युक्त संवैधानिक प्रावधानको वावजुद वर्तमान अवस्थामा भाषाका सम्वन्धमा विभिन्न समुदायवाट पृथक पृथक धारणा आइरहेको पाइन्छ ।

जनजातिहरुले स्थानीय भाषालाई नेपाली भाषा सरह संवैधानिक मान्यता दिनुपर्छ । आ–आफ्नो मातृभाषामा सार्वजनिक महत्वको विषयमा जानकारी खोज्न र प्राप्त गर्न पाउनुपर्छ भन्ने मान्यता राख्दछन् । भाषिक समानताको लागि राज्यले सबै भाषा प्रति समान व्यवहार गर्नु पर्छ जसले राष्ट्रिय एकता र शान्तिका लागि थप टेवा पु-याउछ भन्ने भनाई पनि पाइन्छ । त्यसैगरी भाषिक विभेदका कारण सेवा आयोग, सरकारी निकायमा पहुंच, सरकारी महत्वपूर्ण सूचना प्राप्त गर्ने जस्ता कार्यमा वन्चित गरी वहिस्करणमा पारिएको भन्ने मधेशी लगायतका विभिन्न समुदायवाट आवाज उठेको पाइन्छ ।

त्यसैगरी अव वन्ने संविधानमा सरकारी कामकाजको भाषा निर्धारण गर्दा वहुभाषिक नीति अपनाउनुपर्ने, नेपालमा वोलिने सवै मातृभाषालाई सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिइनुपर्ने भन्ने तर्क र सवै मातृभाषालाई मान्यता प्रदान गर्न संभव नभएपनि पछिल्लो जनगणनावाट कुल जनसंख्याको १ प्रतिशतसम्म जनसंख्या भएका मातृभाषाका समुहलाई समावेश गरीनु पर्छ भन्ने विचार तथा द्वि भाषिक नीति अपनाउनुपर्ने भन्ने भनाईहरु पनि आएका छन् । निश्चय पनि यी तर्क, विचार र भनाईहरु मननयोग्य छन् । वहुभाषिक नीति अख्तियार गर्ने सवलमा पनि कसैको विमति पाइदैन । कुनै पनि भाषालाई सरकारी कामकाजको भाषाको रुपमा मान्यता दिन भाषाको प्रयोगको प्रचुरता हुनुपर्ने, देशव्यापी रुपमा वोधगम्यताको स्थिति हुनुपर्ने र सम्पर्क भाषाको रुपमा विकसित भएको हुनुपर्ने मान्यता राखिन्छ । साथै माथि सैद्धान्तिक पक्षमा चर्चा गरीए जस्तो सरकारी कामकाजको भाषाको रुपमा स्थापित हुन त्यस्तो भाषा, साहित्य, व्याकरण, शव्दकोष, वाक्यभण्डार जस्ता विभिन्न दृष्टिवाट संवृद्ध हुनुपर्छ नै । यस सम्वन्धमा विचारणीय पक्ष के पनि छ भने कुन भाषा कति संवृद्ध छ भन्ने सम्वन्धमा नेपालमा

हालसम्म वैज्ञानिक र आधिकारिक अध्ययन, अनुसन्धान भएको पाइदैन । यस्तो अवस्था र कारणवाट अमूक भाषालाइ सरकारी कामकाजको भाषाको रुपमा समावेश गरीनुपर्छ भन्ने ठोस् आधार केलाउन सकिने अवस्थाको विद्यमानता पनि छैन ।

भाषिक गणनाको स्थिति हेर्दा २०५८ सालपूर्व मातृभाषा वाहेक सम्पर्क भाषाको रुपमा अर्को भाषाको प्रयोगको सम्वन्धमा अध्ययन भएको पाइदैन । २०५८ सालको जनगणनाले दोश्रो भाषाको रुपमा सम्पर्क भाषाको अध्ययन गर्न खोजेको भएपनि यसको दायरा सीमित रहेको र सवै भाषालाई अध्ययन गरीएको छैन् । समाजभाषावैज्ञानिक पक्षलाई समेट्न सकेको छैन् ।

विगतको एक भाषानीतिका कारण भाषाको विकास हुन सकेको छैन् । त्यसको अलावा विगतमा भाषिक संवेदनशीलता प्रतिको चेतनाको विकास पनि पर्याप्त मात्रामा हुन सकेन । अहिलेसम्म नेपाली भाषा सम्पर्क भाषाको रुपमा कायम रहेको अवस्था छ । नेपाली भाषा वाहेकका अन्य मातृभाषाको सम्पर्क भाषाको रुपमा कति हदसम्म विकास भएको छ भन्ने सन्दर्भमा हालसम्म शुक्ष्म अध्ययन र विश्लेषण हुन सकेको छैन् । हाल मात्रै राष्ट्रिय योजना आयोगको पहलमा भाषिक सर्वेक्षण शुरु भएको र सो सर्वेक्षण पुरा हुन कम्तिमा पनि ५/६ वर्ष लाग्ने भन्ने विज्ञहरुको भनाई रहेको छ । राज्यको दृष्टिमा सवै भाषालाई समान व्यवहार गर्नुपर्छ र समान स्थान दिनु पर्छ भन्ने कुरामा पनि सवैको एकमत रहेको पाइन्छ ।

यी माथि उल्लेखित अवस्थाको विद्यमानता कायमै रहेको परिप्रेक्ष्यमा सामान्य अनुमानकै भरमा अमुक भाषालाई यो सम्पर्क भाषा हो भनेर भनिएको खण्डमा कालान्तरमा गएर त्यसवाट उत्पन्न हुन सक्ने समस्याहरु प्रति पनि हामी सजग हुनै पर्छ । यी चुनौतिको वावजुद पनि माथि उठेका भाषिक सवाललाई संवोधन गरी अव वन्ने संविधानमा केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा निर्धारण गर्दा देहायका वमोजिम गर्न उपयुक्त देखिन्छ ::

- संविधानमा नेपालमा वोलिने मातृभाषाको इतिहास, त्यसको विकास, लिपि, साहित्य, व्याकरण, शव्दकोष, वोधगम्यता आदि विषयमा विस्तृत अध्ययन गरी केन्द्रिय तहमा सरकारी कामकाजको रुपमा मान्यता पाउन पुरा गर्नुपर्ने आवश्यक तत्व, आधार सहित भाषाको शिफारिस गर्नेगरी

निश्चित अवधि र प्रकृया तोकी एउटा अधिकार सम्पन्न भाषा आयोग गठन गर्ने प्रावधान राखिनु उपयुक्त हुने ।

- निश्चित आधार पुरा भएको भाषालाई एउटा निश्चित विधि र प्रकृयाको आधारमा केन्द्रिय स्तरको सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्रदान गर्ने प्रावधान संविधानमा राख्न उपयुक्त हुने ।

- भाषा आयोगबाट प्रतिवेदन प्राप्त भई निश्चित विधि पुरा गरी लागु नभएसम्मका लागि हाल प्रचलनमा रहेको भाषालाई केन्द्रिय तहको सरकारी कामकाजको भाषाका रुपमा कायम राख्न उपयुक्त हुने ।

- सरकारी कामकाजको भाषा जेसुकै भए तापनि आफ्नो मातृभाषामा महत्वपूर्ण सरकारी सूचना प्राप्त गर्ने हकलाई ध्यानमा राखी मातृभाषामा सरकारी निकायमा पहुँचको सुनिश्चितता गरीनुपर्ने ।

- मातृभाषालाई केन्द्रिय सरकारी कामकाजको भाषाको रुपमा प्रयोग हुनसक्ने गरी स्तर विकास गर्न केन्द्रिय सरकारले प्रान्तीय सरकारसँग समन्वय गरी भाषा विकासको लागि निरन्तर प्रयास गर्नु पर्ने ।

## २ ३. प्रान्तीय सरकारमा सरकारी कामकाजको भाषा निर्धारणका पक्षहरु :

देश संघीय संरचनामा प्रवेश गरेपछि संघीय संरचना भित्रका प्रान्तहरु स्वायत्त हुन्छन् । स्वायत्त प्रान्तलाई के के अधिकार हुने भन्ने कुरा संविधानमा निर्धारण गरीएको हुन्छ । प्रान्तीय सरकारले भाषा निर्धारण सम्बन्धमा के कुन हदसम्मको अधिकारको अभ्यास गर्न पाउने भन्ने पक्ष पनि एउटा महत्वपूर्ण पक्ष हुन सक्छ । यस सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास र सैद्धान्तिक पक्षका सम्बन्धमा पनि केही उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

### २.३.१ **सैद्धान्तिक आधारहरु** :

संघीय राज्य प्रणालीमा प्रान्तहरुको निर्धारण गर्दा संभव भएसम्म भाषाको भौगोलिक अवस्थिति, भाषिक समुदायको अभिमत समेतको आधारमा गरीनु पर्छ । प्रान्तीय सरकारलाई अधिकारको निर्धारण गर्दा त्यस प्रान्त भित्र सरकारी कामको रुपमा प्रयोग हुने भाषाको निर्धारण गर्ने अधिकार संविधानबाट सुनिश्चित गरीनुपर्छ । प्रादेशिक भाषाको चयनगर्दा त्यसको क्षमता र संभाव्यतालाई दृष्टिगत गरी निर्णय गर्ने स्वतन्त्रता सम्बन्धीत प्रान्तलाई दिनुपर्ने मान्यता राखिन्छ ।

### २.३.२ **अन्तर्राष्ट्रिय अभ्यास** :

भारतमा केन्द्रिय तहमा हिन्दी र अंग्रेजी भाषालाई सरकारको आधिकारीक भाषाको रुपमा राखिएको छ । अन्य १८ वटा भाषालाई क्षेत्रीय भाषाको मान्यता दिइएको छ । राज्यहरुले तिनै अनुसूची अन्तर्गतका भाषा मध्येबाट छनौट गरी भाषा निर्धारण गर्न सकिने व्यवस्था गरीएको छ । चीन एकात्मक मुलुक भैकन पनि त्यहाँको स्थानीय स्वायत्त सरकारले आ–आफ्नो क्षेत्रमा प्रयोग गरीने भाषालाइ सोही क्षेत्रमा प्रयोग गर्न पाउने व्यवस्था गरेको पाइन्छ । स्पेनमा क्याष्टिलियन भाषालाई सरकारी कामकाजको भाषाको रुपमा राखी त्यहाँ बोलिने अन्य भाषाहरु स्थानीय स्वायत्त इकाईहरुको तहमा सरकारी कामकाजको रुपमा प्रयोग गर्न सकिने व्यवस्था छ ।

दक्षिण अफ्रिकामा ११ वटा भाषालाई आधिकारिक भाषाको रुपमा मान्यता दिदै प्रान्तीय सरकारले पनि सरकारी काम कारवाहीका लागि कुनै विशेष आधिकारिक भाषा, त्यसको प्रचलन, व्यवहारिकता, खर्च, क्षेत्रीय वस्तुस्थिति, समग्र जनता तथा सम्बन्धीत प्रान्तका आवश्यकता र चाहनालाई संतुलित गर्दै चयन र प्रयोग गर्ने व्यवस्था छ ।

### २.३.३ **नेपालको भाषिक भौगोलिक स्थिति** :

भाषिक भौगोलिक स्थिति अघिल्लो खण्डको तथ्याङ्कहरुको विश्लेषणमा पनि केहि हदसम्म गरीएको छ । केन्द्रिय तथ्याङ्क विभागबाट २०५८ सालमा भएको जनगणना लाई आधार मानी मातृभाषाको जनसंख्याको स्थिति हेर्दा कुनै एउटा मातृभाषी एकैठाउँमा नभै देशका विभिन्न भागमा छरिएर रहेको स्थिति देखिन्छ । भाषिक जनसंख्याको दृष्टिले जिल्लागत हिसाबमा पाँचौं स्थानसम्म रहेको मातृभाषीको स्थिति हेर्दा मैथिली–२४ जिल्ला, भोजपुरी ७, थारु १७, मगर ५३ जिल्ला, तामाङ ४१, नेवार २७, गुरुङ २३,

उर्दु १२, अवधि ४, लिम्बु ८ वटा जिल्लामा, वान्तवा ११ र नेपाली मातृभाषी ७५ वटै जिल्लामा वसोवास गरेको देखिन्छ । विशेषगरी लिम्वुभाषीको वसाई ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, धनकुटा क्षेत्रमा केन्द्रित छ । भोजपुरी भाषा रुपन्देही, नवलपरासी, वारा, पर्सा र रौतहटसम्म फैलिएको छ । थारु मातृभाषीको तराईक्षेत्र मोरङ, सुनुसरीदेखि लिएर वर्दिया, कैलाली र कंचनपुरसम्म फैलिएको छ । मगर मातृभाषी पूर्व इलाम देखि दार्चुलासम्म फैलिएको स्थिति छ । तामाङ भाषीको पनि ताप्लेजुङदेखि कंचनपुरसम्म फैलावट रहेको छ । मैथिली मातृभाषीको मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, भएपनि पश्चिमको डोटी र कैलालीसम्म फैलिएको पाइन्छ । अवधि मातृभाषी कपिलवस्तु, दाङ, वर्दिया र वाँकेमा रहेको पाइन्छ । उर्दु भाषी विशेषगरी तराईको सुनसरीदेखि वाँकेसम्म र पहाडी क्षेत्र अर्घाखाँची, पाल्पा, प्युठान र स्याङजा आदिमा रहेको पाईन्छ ।

## २.३.४ भाषा निर्धारणका आधार, औचित्य र पुष्ट्याई :

भारतमा प्रान्तको सरकारी कामकाजको भाषा निर्धारण गर्दा अनुसूचीमा रहेका भाषा मध्येवाटै निर्धारण गरीनुपर्ने व्यवस्था, क्यानाडामा २ वटा भाषाको समानान्तर प्रयोग, दक्षिण अफ्रिकामा ११ वटा मध्ये कम्तिमा २ वटा भाषा प्रयोग गर्नुपर्ने प्रावधान रहेको छ । हाम्रो मुलुकमा ज्यादै बढी भाषिक विविधताको स्थितिको विद्यमानता छ । विगतमा स्थानीय तहदेखि केन्द्रिय तहसम्म नै नेपाली भाषालाई एकमात्र सरकारी कामकाजको भाषा मानिएको हुनाले अन्य भाषाहरु वहिस्कृत हुनु परेको छ । संघीय संरचनामा यो समस्यालाई संवोधन गर्दा प्रान्तीय सरकार एउटा महत्वपूर्ण निकाय हो । प्रान्त भित्र सरकारी कामकाजको भाषा निर्धारण गर्दा केन्द्रिय सरकारको कामकाजी भाषा एउटा आधिकारिक सरकारी कामकाजको भाषाको रुपमा राख्नुपर्ने हुन्छ । किनकी देशको संविधान, केन्द्रिय स्तरका कानून, प्रान्तको केन्द्रसँगको सम्पर्क आदिको कारणले यो जरुरी मानिन्छ । त्यसपछि अर्को भाषा निर्धारण गर्दा त्यसक्षेत्रमा हुने भाषाको प्रचलन सम्वन्धीत भाषामा हुनुपर्ने, शब्द भण्डार, लिपि लगायतका व्यवहारिक पक्ष, प्रान्तको आर्थिक अवस्था, भौगोलिक वस्तुस्थिति, आम जनभावना र आवश्यकता जस्ता कुरालाई ध्यानमा राखी सन्तुलित तरिकावाट चयन गर्नु उपयुक्त हुन्छ । यसरी यी कुरा समेतलाई आधारमानी भाषा चयन गर्ने अधिकार प्रान्तलाई दिइनु उपयुक्त हुन्छ ।

## २ ४. केन्द्रिय सरकार र प्रान्तीय सरकार बीचको कामकाजको भाषा :

संघीय संरचनामा केन्द्रिय सरकार र प्रान्तीय सरकारको प्रशासनिक काम कारवाही, राज्य संचालनका सम्वन्धमा विभिन्न गतिविधिको एक अर्कावीच समन्वय, सहकार्य, सम्पर्क र संचार गर्नुपर्ने हुन्छ । त्यस क्रममा केन्द्रिय सरकारवाट जारी हुने आदेश, निर्देशन, कानून कार्यान्वयनका विषय आदि हुन्छन् । प्रान्तीय सरकारमा प्रान्तै पिच्छे फरक फरक भाषा हुन सक्छन् । कानूनको व्याख्याको प्रश्न, अदालतबाट भएका फैसलाको पालना आदि कुरा समेतलाई दृष्टिगत गरी सम्पर्क भाषा निर्धारण गर्नु पर्छ । विशेषत: सरकारी कामकाजको भाषा निर्धारण गर्दा वहुसंख्यक जनतालाई समेट्न सक्ने खालको हुनु पर्ने मान्यता राखिन्छ ।

### २.४.१ सरकारी कामकाजको भाषा निर्धारणका आधार र औचित्य :

अन्य मुलुकको अनुभव, व्यवहारिक पक्ष, भाषाको वोधगम्यता, सहजता लगायतका कारणहरुले केन्द्रिय सरकार र प्रान्तीय सरकारवीच एक आपसमा पत्राचार तथा औपचारिक सम्पर्क गर्दा संघीय कामकाजकै भाषा सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्नु वढी उपयुक्त हुन्छ । यसले प्रशासनिक काम कारवाहीमा राज्यका गतिविधिको जानकारी लिन र एक अर्का वीच समन्वय र सहकार्य गर्न सहज हुन्छ ।

## २.५ प्रान्तीय सरकार र स्थानीय निकायबीचको सरकारी कामकाजको भाषा :

संघीय संरचनामा एउटा महत्वपूर्ण पक्ष भनेको वहुभाषिक नीति पनि हो । भाषाको समानतालाई आदर गर्नु पर्छ । सवै जनताले उनीहरुलाई सजिलो हुने भाषा वोल्न पाउनुपर्छ । भाषा सम्वन्धी मुद्दालाई संवोधन गर्दा एउटा एकीकृत र दरिलो राष्ट्र बनाउने मुख्य लक्ष्यलाई टेवा पुऱ्याउने उद्देश्यवाट अभिप्रेरित हुनु पर्छ भन्ने मान्यता पनि रही आएको छ । भाषिक सवालहरुलाई संवोधन गर्ने महत्वपूर्ण क्षेत्र भनेकै प्रान्तीय र स्थानीय निकाय हुन् ।

स्थानीय निकायको भाषा निर्धारण गर्दा जनताले आफ्नो भाषामा आवश्यक सेवा प्राप्त गर्न पाउनु पर्छ । तर स्थानीय सरकारले प्रान्तीय निकायसंग सम्पर्क गर्दा, स्थानीय जनतालाई सेवा प्रदान गर्दा प्रयोग

गरीने भाषाको प्रयोग मात्रै पर्याप्त नहुन सक्छ । तर प्रान्तीय सरकार र स्थानीय निकायको बीचको सम्पर्कमा भाषा निर्धारण गर्दा त्यो भाषा प्रान्तीय तहमा बोधगम्यताको प्रचुरता भएको, प्रान्तीय विधायिकाबाट बनाइएका कानूनको भाषासँग सम्वन्धीत र प्रान्तीय सरकारले निर्धारण गरेको भाषा हुनुपर्छ भन्ने मान्यता पनि रहीआएको छ ।

व्यवहारत: जनतालाई स्थानीय निकायले सेवा प्रदान गर्दा र जनताले स्थानीय निकायबाट सेवा लिने प्रयोजनको लागि स्थानीय तहमा बढी प्रचलनमा रहेको वा लोकप्रिय भाषा प्रयोग गर्न सकिन्छ । तर स्थानीय निकायले प्रान्तीय सरकासँग व्यवहार गर्दा वा औपचारिक पत्राचार गर्दा केन्द्रिय तहको सरकारी कामकाजको भाषा वा प्रान्तीय सरकारबाट निर्धारण भएकै भाषा प्रयोग गर्नु नै व्यवहारिक र सैद्धान्तिक दृष्टिकोणबाट उपयुक्त हुन्छ ।

## २ ६. अन्तर प्रान्तीय सरकार बीचको सरकारी कामकाजको भाषा :

सिद्धान्तत: प्रान्तहरु स्वायत्त हुन्छन् । उनीहरुले एक आपसमा सम्पर्क गर्न कुन भाषा निर्धारण गर्ने भन्ने कुरा प्रान्तको आपसी सहमतिमा निर्णय हुने विषय हो । कहिले काही दुई प्रान्तबीच कुनै विषयमा विवाद हुन सक्छ र त्यस्तो विवाद केन्द्रिय तहबाट निरोपण गर्नु पर्ने अवस्था पनि आउन सक्छ । यस्तो स्थितिमा आपसी सहमतिमा निर्धारण भएको सम्पर्क भाषा भन्दा केन्द्रिय तहबाट मान्यता प्राप्त सरकारी कामकाजको भाषालाई आधार लिनु पर्ने पनि हुन्छ ।

यसरी प्रान्तहरु बीच विवाद उत्पन्न भै त्यसको समाधान गर्नुपर्ने स्थिति आई पर्ने हुंदा अन्तर प्रान्तीय सरकारी कामकाजको भाषाको निर्धारण गर्दा केन्द्रिय तहको सरकारी कामकाजको भाषाका अतिरिक्त आपसी सहमतिमा तय गरीएको भाषाको प्रयोग गरीनु बढी उपयोगी हुन सक्छ ।

## २.७ . अदालती कामकारवाहीको भाषा :

### २.७.१ <u>अदालती कामकारवाहीको भाषा सम्बन्धी सैद्धान्तिक पक्ष</u>

संविधान निर्माण गर्दा अदालती काम कारवाहीको भाषा र विधायिकी कार्यविधिको सन्दर्भमा प्रयोग गरीने भाषा निर्धारण सम्बन्धी विषय पनि एउटा ज्यादै कठिन र महत्वपूर्ण विषय हो । संघीय राज्य

प्रणालीमा केन्द्रिय तहमा र प्रान्तीय तहमा विधायिका हुन्छन् र केन्द्रिय भाषा तथा प्रान्तीय भाषा फरक फरक पनि हुन सक्दछन् । केन्द्रिय विधायिकावाट बनेका कानून केन्द्रिय तहको आधिकारिक भाषामा प्रकाशित भएपनि प्रान्तीय सरकारका विधायिकावाट बनेका कानून केन्द्रिय तहको कामकाजको भाषा नभै प्रान्तीय भाषामा प्रकाशित भै कानूनको व्याख्याको प्रश्न उठ्न सक्छ यस्तो स्थितिमा कुन भाषाको व्याख्यालाई आधिकारिक मान्ने भन्ने सावल उठ्न सक्छ । संघीय राज्य भैकन पनि Unified Legal System (एकिकृत कानूनी प्रणाली) भएको अवस्थामा सर्वोच्च अदालत मात्रै नभै उच्च अदालतका निर्णयहरु पनि नजीरको रुपमा स्थापित हुन्छन् । एउटा अदालतको निर्णय अर्को अदालतले अनुसरण गर्छन । एउटा उच्च अदालतले स्थानीय भाषा अनुसरण गरेमा अर्को अदालतलाइं सो निर्णय अनुसरण गर्न कठिनाई हुन जान्छ । उच्च अदालतहरुले फरक फरक भाषामा निर्णय गरेमा सर्वोच्च अदालतलाई काम गर्न कठिन हुन्छ ।

कानून निर्माणको क्षेत्रमा पनि सोही किसिमको समस्या उत्पन्न हुन सक्छ । यस सम्वन्धमा संवैधानिक कानूनका ज्ञाता Prof. M.P.Jain को धारणा उनकै शव्दमा उद्वत गर्न सान्दर्भिक हुन्छ : "How would the law enacted in one state in its official language be known in other parts of the country, and how would the Supreme Court interpreted the same? The compulson of the situation therefore demand that so far as possible there exist a basic unity in the language of the law and courts through out the country" (Indian Constitutional Law, Wadha Nagpur, 2006,p.775) यिनै कारणले गर्दा अदालती कारवाहीको भाषा एकै किसिमको हुनु पर्छ भन्ने मान्यता रहेको छ ।

२.७.२ **अन्तर्राष्ट्रिय अभ्यास :**

भारतीय सन्दर्भमा हेर्दा भारतीय कानूनी व्यवस्था अंग्रेजी भाषाको मुख्य आधारको रुपमा रहेको छ । त्यहाँ कानूनी शव्दावली तथा वाक्य वुझ्न र व्यक्त गर्न अंग्रेजी भाषा नै धेरै उपयोगी ठानिएको छ । भारतमा Unified Legal System भएको हुँदा एउटा अदालतको निर्णय अर्को अदालतले अनुसरण र अनुकरण गर्दछन् । अदालतले स्थानीय भाषा प्रयोग गरेमा अर्को उच्च अदालत र सर्वोच्च अदालतलाई काम गर्न पनि कठिनाइ हुने मान्यता राख्दछन् । त्यहांको संविधानमा Parliament ले अर्को कानून नवनाएसम्म देहायका कुराहरु अंग्रेजी भाषामा जारी हुने व्यवस्था छ :

- सर्वोच्च अदालत र उच्च अदालतका सबै काम कारवाही,
- सबै विधेयक, संशोधन प्रस्ताव,
- Parliament तथा State का कानून र राष्ट्रपतिले जारी गर्ने अध्यादेश, निर्देशन आदि,
- संविधान र Parliament द्वारा निर्मित कानून अन्तर्गत जारी हुने सबै प्रकारका आदेश, नियम, उप नियम, विनियम ।

संघीय राज्य क्यानाडामा अदालती काम कारवाहीको भाषाको रुपमा त्यहाँका आधिकारिक दुवै भाषा ( English वा French) प्रयोग गर्न सकिने व्यवस्था छ । Canada को संविधानको Section १९ मा रहेको व्यवस्था -

"Either English or French may be used by any person in, or in any pleading in or process issuing from any court established by parliament" वाट प्रष्ट हुन्छ ।

यसका साथै त्यहाँ Parliamentary Language, Legislative Language, Court Language and Administrative Language भनी अलग अलग रुपमा उल्लेख गरीएपनि सबै निकायमा कामकाजी भाषा English र French दुवै रहेका छन् ।

दक्षिण अफ्रिकामा त्यहाँका अंग्रेजी सहितका सबै ११ वटा आधिकारिक भाषालाई अदालतमा प्रयोग गर्न सकिने व्यवस्था रहेको छ ।

### २.७.३ भाषा निर्धारणका आधारहरु, औचित्य र कारण :

अदालती काम कारवाहीको भाषा अन्तर्गत अदालतमा दर्ता हुने मुद्दामा लेखिने भाषा मात्रै नभै प्रस्तुत गर्ने प्रमाण, मुद्दाको कारवाहीमा प्रयोग हुने कानून र व्याख्याको गुन्जाइस भएका संवैधानिक तथा अन्य कानूनी कुराहरु पनि पर्दछन् । अदालतको तहगत प्रणाली अनुसार एक तहवाट फैसला भएको मुद्दा एउटा प्रान्तीय अदालतवाट सर्वोच्च अदालतसम्म पुग्ने अवस्था रहन्छ । त्यस्तो अवस्थामा व्याख्यामा कसरी सुगमता आउंछ र द्विविधात्मक व्याख्याको संभावना कम रहन्छ भन्ने कुरा पनि हेरिनु पर्ने हुन्छ ।

अन्तर्राष्ट्रिय प्रचलनमा यस सम्बन्धमा एकरुपता रहेको पनि पाइदैन । हाम्रो हालसम्मको कानून प्रणाली कमन ल प्रणाली अन्तर्गत भएको र भारतीय अभ्याससंग नजिक रहेको यथार्थता छ । यस्तो स्थितिमा अदालती काम कारवाहीको भाषा निर्धारणका आधार निम्न हुन सक्छन् :

- अदालती काम कारवाहीको भाषा केन्द्रिय तहमा जुन भाषा आधिकारिक सरकारी कामकाजको भाषाको रुपमा रहन्छ सोही भाषा चयन गर्नु उपयुक्त हुने देखिन्छ । किनकि संविधान, ऐन, नियम, विनियम, अध्यादेश, आदेश, सूचना फैसला इत्यादिको आधिकारिकताको कुरा निक्यौल गर्न मद्दत पुग्छ ।

- संविधान र प्रान्तीय विधायिकाले बनाएका कानूनको वैधानिकताको परीक्षणको प्रश्न पनि हुन सक्छ । त्यस्ता प्रश्नको निराकरण पनि केन्द्रिय तहको आधिकारीक भाषाकै आधारमा गर्नु उपयुक्त हुन्छ ।

- अदालती काम कारवाही संघीय तहको आधिकारिक भाषामा भएपनि कुनै पनि नेपाली नागरीकले आफ्नो पीरमर्का, आवश्यक दावी सम्बन्धमा जुनसुकै तहमा भएपनि मातृभाषामा निवेदन दिन सक्ने, बयान दिन सक्ने व्यवस्था गर्नु उचित हुन्छ ।

- यसका अलावा संघीय प्रणालीमा हाल कायम रहेको अदालती तहगत प्रणाली कायम नरहेमा त्यस्तो अवस्थामा प्रान्तीय भाषा हुन सक्ने स्थिति पनि रहन्छ ।

## ३. राष्ट्रभाषाको संरक्षण :

### ३.१ मातृभाषाहरुको संरक्षण, विकास र प्रयोग :

#### ३.१.१ मातृभाषाको सामान्य परिचय :

मातृभाषालाई प्रथम भाषा (First Language or Mother Tongue) पनि भनिन्छ । त्यसो भन्नुको कारण व्यक्तिले जन्मपछि सर्वप्रथम प्राप्त गर्ने भाषा नै मातृभाषा हो । मातृभाषा व्यक्तिले उसको परिवारमा

प्राप्त गर्दछ । मातृभाषा व्यक्तिको सामाजिक, सांस्कृतिक तथा मानसिक विकासको अनिवार्य शर्त हो, यसैका आधारमा उसको ज्ञान र विज्ञानको विकास हुन्छ र उसले आफूलाई परिस्कृत गर्दै जान्छ । मातृभाषा सिक्ने विभिन्न चरणहरु हुन्छन र ती चरणहरुबाटै व्यक्तिमा भाषाको विकास हुन्छ । मातृभाषा व्यक्ति, जातजाति वा समूह सापेक्ष हुन्छ । त्यसकारण स्वभाविक रुपले समाजमा मातृभाषाहरुको विविधता रहन्छ । प्रत्येक भाषाको आफ्नै प्रकारको संस्कृति, परम्परा, पद्दति र सोच्ने विचार हुन्छ त्यसकारण कुनै मातृभाषाको लोप हुँदा एउटा संस्कृति र विचारको पनि लोप हुन्छ । तसर्थ राज्यले मातृभाषाहरुको संरक्षण गर्नुपर्ने अपरिहार्यता रहन्छ ।

कुनै पनि भाषा त्यसको प्रयोगको आधारमा परिस्कृत हुँदै जान्छ । भाषाहरुको प्रयोग वा अप्रयोगका सामाजिक र मनोवैज्ञानिक कारणहरु हुन्छन् । यस अतिरिक्त भाषाका सम्वन्धमा राज्यले अख्तियार गर्ने नीतिको भूमिका अहम् रहन्छ । अर्थात, राज्यको भाषिक नीतिका आधारमा पनि भाषाहरुको विकास वा भाषिक लोपोन्मुखताको स्थिति सिर्जना हुने हुन्छ । तसर्थ, राज्यले मातृभाषाहरुको संरक्षण र विकासका लागि उपयुक्त नीति अवलम्बन गर्नु पर्ने हुन्छ ।

### ३.१.२ नेपालमा मातृभाषाहरुको विद्यमान अवस्था :

नेपालमा मातृभाषाको रुपमा बोलिने थुप्रै भाषाहरु रहेका छन् । नेपालका मातृभाषाहरुको पहिचानका लागि विभिन्न समयमा संस्थागत र व्यक्तिगत प्रयासहरु हुँदै आएको पाईन्छ । सरकारी प्रयासको रुपमा विभिन्न जनगणना मार्फत नेपालमा बोलिने भाषाहरुको तथ्याङ्क लिने प्रयास भएको देखिन्छ । करिब १० वर्षको अन्तरालमा सम्पन्न यस प्रकारका जनगणनाहरुले नेपालमा भाषाहरुको संख्या फरक फरक देखाएका छन् । पहिलो जनगणना २००९/२०११ ले नेपालमा मातृभाषाहरुको संख्या ४४ देखाएको छ । त्यसपछि २०१८ मा ३६, २०२८ मा १७, २०३८ मा १८, २०४८ मा ३२ र २०५८ ले त्यस्तो संख्या ९२ देखाएको छ । त्यस अतिरिक्त जनगणनाहरुको तथ्याङ्कले अज्ञातभाषीहरुको जनसंख्या पनि देखाएको छ । त्यस्तै अन्य अध्ययन अनुसन्धानहरुबाट समेत भाषाहरुको संख्यामा भिन्नता देखिएको छ । भाषाहरुको संख्यामा यसरी उतार चढाव आउनुको पछाडि थुप्रै कारणहरु हुन सक्दछन् तथापि यसले भाषाहरुको संरक्षण र विकासमा यथोचित प्रयासको अभाव रहेको तथ्यलाई संकेत गर्दछ ।

भाषिक परिवारको आधारमा नेपालका मातृभाषाहरुलाई हेर्दा २०५८ सालको जनगणनाको तथ्याङ्क अनुसार भारोपेली परिवार अन्तर्गत ७९.१, भोट बर्मेली परिवार अन्तर्गत १८.४, आग्नेसियाली परिवार अन्तर्गत ०.२ र द्रविडेली परिवार अन्तर्गत ०.१ प्रतिशत मातृभाषाका वक्ताहरु रहेका देखिन्छन । भारोपेली परिवार अन्तर्गत नेपालको वहुसंख्याकले वोल्ने मातृभाषाहरु रहेका छन् । त्यस्तै नेपालमा वोलिने मातृभाषाहरुको नामाकरण मूलत ठाँउ विशेष र जाति विशेषका आधारमा गरीएको देखिन्छ भने केहि भाषाहरु जातिगत पेशाका आधारमा पनि नामाकरण गरीएको छ । नेपालको वहुभाषिकता वहुजातियतासँग पनि सम्वन्धीत छ । यद्यपि मातृभाषा वोल्नेको संख्या जातिगत संख्या भन्दा कम छ ।

जनसंख्याको हिसावले सवैभन्दा धेरै वक्ताहरु रहेको मातृभाषा नेपाली हो । २०५८ सालको जनगणना अनुसार जम्मा ९२ वटा मातृभाषाहरु मध्ये नेपाली मातृभाषीहरुको संख्या ४८.६१ प्रतिशत रहेको छ । त्यसपछि मैथिलीको १२.३० प्रतिशत, भोजपुरीको ७.५३ प्रतिशत, थारुको ५.८६ प्रतिशत, तामाङको ५.१९ प्रतिशत, नेवारको ३.६३ प्रतिशत, मगरको ३.३९ प्रतिशत, अवधिको १.६३ प्रतिशत, वान्तवाको १.६२ प्रतिशत, गुरुङको १.४९ प्रतिशत, लिम्बुको १.४७ प्रतिशत, वज्जिकाको १.०५ प्रतिशत जनसंख्या रहेका छन् । त्यसपछिका अन्य भाषाहरुको जनसंख्या १ प्रतिशत भन्दा कम रहेको छ । यसरी उपरोक्त तथ्याङ्कलाई विश्लेषण गर्दा नेपाल भाषिक तवरले अल्पसंख्यकको मुलुक हो ।

जनगणनाका तथ्याङ्कहरुलाई विश्लेषण गर्दा नेपाली भाषाका वक्ताहरुको संख्या वि.सं.२००९/२०११ देखि २०३८ सालको जनगणनासम्म निरन्तर वृद्धि भएको देखिन्छ भने भोजपुरी वाहेकका अन्य प्रमुख भाषाका वक्ताहरुको संख्या उक्त अवधिसम्म घटेको देखिन्छ तर २०४८ र २०५८ को तथ्याङ्कमा भने नेपालीतर मातृभाषी वक्ताहरुको संख्या वढेको देखिन्छ । यसो हुनु पछाडि पञ्चायतकालको एकराष्ट्र एकभाषा नीति र नेपालमा प्रजातन्त्रको पूनर्स्थापना पश्चात विभिन्न भाषाभाषीहरुमा आफ्नो पुर्ख्यौली मातृभाषा प्रति आएको सचेतता नै यसको कारण हुनसक्छ । नेपालमा जनगणना वाहेक अझैसम्म वैज्ञानिक भाषिक सर्वेक्षण भएको छैन । त्यसकारण जनगणनाले देखाएको मातृभाषाहरुको संख्या र त्यसका वक्ताहरुको संख्याको विश्वसनियता प्रति पनि वेला वेलामा प्रश्न उठ्ने गरेको छ । त्यस्तै विभिन्न मातृभाषाहरुको विद्यमान अवस्थाका वारेमा समेत अन्यौलता नै रहेको छ ।

### ३.१.३ मातृभाषाहरुको संरक्षण, विकास र प्रयोगमा विद्यमान चुनौति र सुझावहरु :

#### ३.१.३.१ विद्यमान चुनौतिहरु :

मातृभाषाहरुको संरक्षण र विकासका सन्दर्भमा नेपालमा थुप्रै चुनौतिहरु रहेका छन् । मूलतः विगतमा राज्यले अवलम्वन गरेको भाषिक नीति र कतिपय सामाजिक तथा मनोवैज्ञानिक कारणहरुबाट त्यस्ता चुनौतिहरुको सिर्जना भएको छ । ती चुनौतिहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- मातृभाषाहरुको संरक्षण र विकासको लागि मुख्य बाधकको रुपमा विगतमा अवलम्वन गरीएको सरकारी नीति नै रहयो । एउटै भाषा एउटै भेषको पञ्चायतकालिन नीति र सो पूर्वका संविधानहरुले पनि नेपाली भाषालाई मात्र मान्यता दिए । प्रजातन्त्रको पूनर्स्थापना पछि जारी गरीएको नेपाल अधिराज्यको संविधान, २०४७ अघिका कुनै पनि संविधानले नेपालमा बोलिने मातृभाषाहरुको बारेमा सम्बोधन नै गरेनन् । यसरी बहुभाषिक देशमा एकभाषिक नीतिको अवलम्वनबाट नेपालमा अन्य मातृभाषाहरुको अस्तित्व नै संकटमा पऱ्यो । नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको विभिन्न भागमा बोलिने मातृभाषाहरुलाई राष्ट्रिय भाषाको संवैधानिक प्रत्याभूति गरेपनि ती भाषाहरुको संरक्षण र प्रयोगको सम्बन्धमा मौन नै रहयो । यसले गर्दा व्यवहारतः साबिकको अवस्थाबाट भाषिक रुपमा कुनै परिवर्तन आउन सकेन । एकात्मक राज्य संरचना अर्न्तगत एकल भाषानीतिले गर्दा सरकारी कामकाजको भाषाका रुपमा एकमात्र नेपाली भाषाले मान्यता पायो । यसले गर्दा वैधानिक र मनोवैज्ञानिक रुपमै अन्य मातृभाषाहरुको प्रयोगमा संकुचन आयो । त्यस्तो अवस्थाका कारण नेपाली बाहेकका अन्य मातृभाषाहरुको लेखन पद्धति, पाठ्य सामग्री, शब्दकोष आदिको विकास हुन सकेन । यसरी भाषाहरुको मान्यता र समानताको अभावका कारण नेपालका कतिपय मातृभाषाहरु लोप हुन पुगे भने कैयन भाषाहरु लोपोन्मुख अवस्थामा रहेका छन् ।

- मातृभाषाहरुको पहिचान वा निर्धारणका लागि जनगणनाको उपयोग गरीएको भएपनि खासगरी विगतको एक भाषिक र समिश्रणवादी भाषिक नीतिले गर्दा सो कार्य त्यति प्रभावकारी बन्न सकेन । भाषा सम्बन्धी विषय गौण रुपमा लिइएकोले देशको योजनाबद्ध विकासमा त्यसले प्राथमिकता पाउन सकेन । त्यस्तै भाषिक पहिचानका लागि कुनै किसिमको संस्थागत प्रयास हुनसकेको देखिदैन

। वैज्ञानिक भाषिक सर्वेक्षण नेपालमा आजसम्म हुन सकेको छैन् । यसरी नेपालका मातृभाषाहरुको बारेमा रहेको अनिश्चितता र मातृभाषाहरुको स्थितिका बारेमा रहेको अन्यौलताले गर्दा मातृभाषाहरुको संरक्षण र विकासमा चुनौति थपेको छ ।

- नेपालमा बोलिने मातृभाषाहरुको पारिवारिक वर्गिकरणमा पनि अन्यौलता रहेको छ । कतिपय मातृभाषाहरुको पारिवारिक सम्बन्धको निर्धारण हुन सकेको छैन् । पारिवारिक सम्बन्धको पहिचानबाट उक्त भाषाको उत्पत्ति र विकासको बारेमा जानकारी हुने र त्यसले गर्दा त्यस्तो भाषाको लिपि एवं अन्य सामग्रीहरुको विकास गर्न सकिने हुन्छ । पारिवारिक वर्गिकरणको एउटा निश्चित मापदण्डको विकास हुन सकेको छैन् । यसले गर्दा नेपालका कतिपय मातृभाषाहरुको अस्तित्वलाई स्वीकार्न समेत कठिनाई देखिएको छ ।

- नेपालका मातृभाषाहरुको नामाकरण मूलतः स्थान विशेष वा जाति विशेषका आधारमा गरीएको छ । भाषाहरुको नामाकरणबारे अधिकांश भाषिक समूदायहरु सकारात्मक रहेका छन् तर केही भाषिक समुदायहरुले आफ्नो मातृभाषाको नामाकरण फेर्नु पर्ने राय व्यक्त गरेको अवस्था छ । नामाकरणबारेको असन्तुष्टिले पनि भाषिक समुदायको भाषाप्रतिको अपनत्वमा कमी आउने सम्भावना रहन्छ ।

- नेपालको भाषिक अवस्था जाति, भाषा र धर्मबीचको पारस्परिक सम्बन्धमा आधारित छ । यस आधारमा नेपालमा एकजातिको बहुभाषा, बहुजातिको एक भाषा र एक जातिको एक भाषा रहेको स्थिति छ । कतिपय स्थानमा भाषिक क्षेत्रका आधारमा भाषाको प्रयोग हुन्छ । यसले गर्दा त्यस्तो क्षेत्रमा एक जाति बहुभाषा र बहुजाति एक भाषाको दोहोरो स्थिति पनि विद्यमान छ । त्यस अवस्थामा मातृभाषी वक्ताहरुको संख्या पत्ता लगाउन बढी सजग रहनु आवश्यक हुन्छ । जाति र भाषा बीचको जटिल अन्तरसम्बन्धलाई सही रुपमा चिरफार गर्न सकिएमा मात्र मातृभाषाको संरक्षण र प्रयोगमा सुगमता आउन सक्दछ । यसको सही विश्लेषण गर्ने दिशामा पनि समस्या रहेका छन् ।

- मातृभाषाहरुको संरक्षण, विकास र प्रयोगमा रहेको अर्को महत्वपूर्ण समस्या लेख्य परम्परा र सामग्रीहरुको अभाव हो । विगतमा सरकारी कामकाज लगायत शिक्षामा समेत नेपाली भाषाको एकल प्रभुत्व रहेबाट अन्य मातृभाषाहरुको विकास अपेक्षाकृत रुपमा हुन सकेको छैन् । लेख्य पद्धतिको विकास विना प्रशासन तथा शिक्षामा त्यसको प्रयोग असम्भव प्राय: हुन्छ । यद्यपि, कतिपय मातृभाषाहरुको लेख्य परम्परा रहेको छ र कतिपयको लेख्य परमपरा भर्खरैमात्र पनि शुरु भईरहेको छ । लिपिको अभावका कारण नेपालका मातृभाषाहरुको संरक्षण, विकास र प्रयोगमा थप चुनौति देखिएको छ ।

- जनगणनाको सन्दर्भमा गरीएको नेपालको भाषिक अध्ययन अधुरो, अपुरो र अपर्याप्त छ । सिमित प्रश्नावलीमा समेटिएको अध्ययन र सो का आधारमा निकालिएको निष्कर्षले नेपालका समाजभाषावैज्ञानिक मुद्दाहरुलाई समेटन् सकेको छैन् । वैज्ञानिक पद्धतिमा आधारित भाषिक अध्ययनको अभावमा नेपालको भाषिक समस्याहरुको समाधान खोज्नु र भाषिक रणनीति अख्तियार गरीनु अपूर्ण हुन सक्दछ । तसर्थ, मातृभाषाहरुको पहिचान, संरक्षण, विकास र प्रयोगका सन्दर्भमा पनि त्यसको प्रभावलाई नकार्न सकिदैन ।

- मातृभाषाहरुको संरक्षण र विकासका लागि भाषिक श्रोत र साधनहरुको अत्यन्त महत्व हुन्छ । नेपालका अधिकांश मातृभाषाहरुमा नत कुनै समाचारपत्र, पाठ्यसामग्री, साहित्यिक कृति नै रहेका छन् नत तिनीहरुको प्रयोग संचार माध्यममा नै भएको छ । तसर्थ भाषा संशाधनको अभाव पनि नेपालका मातृभाषाहरुको संरक्षण, विकास र प्रयोगमा देखिएको समस्या हो ।

- मातृभाषाहरुको संरक्षण र विकासमा देखिएको अर्को समस्या भाषा प्रयोगको सिमितता हो । २०५८ सालको जनगणना पूर्व मातृभाषा वाहेक अन्य दोश्रो वा सम्पर्क भाषाको अध्ययन भएको छैन् । सम्पर्क भाषाको छनौट भाषा परिवारका आधारमा नभई बोधगम्यताका आधारमा हुन्छ । प्रयोगको सुगमताका हिसावले व्यक्तिले सम्पर्क भाषालाई नै मातृभाषा बनाउन पनि सक्दछ । त्यसैगरी भिन्न भाषीहरुको सन्निकटताका कारण भाषिक सम्मिलनको स्थिति पनि सिर्जना हुन्छ । नेपालका विभिन्न जनगणनाहरुको तुलनात्मक अध्ययन गर्ने हो भने भाषा प्रसरण (Language Shift) को स्थिति पनि देखिन्छ । खासगरी नेपाली एकलभाषा नीति र अन्य मातृभाषा प्रतिको उपेक्षाका कारण

मानिसले आफ्नो भाषा त्याग गरेको स्थिति पनि छ । त्यसैगरी रोजगारीको सम्भाव्यता र व्यापक सम्पर्कका लागि समेत कतिपय मातृभाषीहरुले पनि आफ्नो मातृभाषा त्याग गरेका छन् । मातृभाषाहरुको संरक्षण र विकासका लागि यो अर्को चुनौति हो ।

### ३.१.३.२ सुझावहरु :

नेपाल अहिले युगान्तकारी परिवर्तनको संघारमा छ । राज्यको पूनर्संरचना आम नेपाली नागरीक र राजनैतिक पार्टीहरुको साझा एजेण्डाको रुपमा उभिएको छ । राज्यको पूनर्संरचनाले संरचनागत परिवर्तनलाई मात्र समेट्दैन । यसले विगतका मूल्य मान्यता र विभिन्न क्षेत्रमा अख्तियार गरीएका नीतिहरुमा समेत समयानुकुल रुपान्तरणको माग गर्दछ । त्यसको मार्गचित्र कोर्ने काम संविधानको हुन्छ । आम नेपाली नागरीकहरु परिवर्तनलाई संवैधानिक रुपमै संस्थागत गरीयोस् भन्ने चाहन्छन् र राजनैतिक पार्टीहरुको मत पनि त्यहि नै छ । यस पृष्ठभूमिमा विगतको भाषिक नीति र त्यसले भाषाहरुको संरक्षण र विकासमा पुऱ्याएको व्यवधानलाई संवैधानिक रुपमै निराकरण खोजिनु पर्ने भएको छ । यद्यपि संविधानले सवै कुराको विस्तृत विवेचना गर्न सक्दैन र त्यो अनिवार्य छैन पनि तर यसले मार्गदर्शन चाँही गर्नुपर्ने हुन्छ । मातृभाषाहरुको संरक्षण, विकास र प्रयोगलाई सुनिश्चित गर्ने सन्दर्भमा अब वन्ने संविधानले आत्मसात् गर्नुपर्ने मूलभुत पक्षहरुलाई निम्नानुसार उल्लेख गरीएको छ :

- नेपालमा बोलिने सवै मातृभाषाहरुको मान्यता र भाषिक समानताको प्रत्याभूति गरीनु पर्दछ । वहुभाषिक नीति अन्तर्गत सवै भाषाहरुको समान संरक्षण राज्यले गर्नुपर्दछ । खासगरी विगतको एकभाषिक नीतिले गर्दा नेपालीतरका भाषाभाषीहरुले आर्थिक, सामाजिक, राजनैतिक रुपमा विभेद खेप्नु परेको छ । भाषिक समावेशीकरण अव वन्ने संविधानको आधारभूत विषय हुनुपर्दछ ।

- सवै मातृभाषीहरु वा भाषिक समुदायका अधिकारहरुलाई सुनिश्चित गरीनु पर्छ । मातृभाषाका आधारमा आफ्नो पहिचान र अस्तित्व वनाई राख्ने तथा भाषासँगको सम्वन्धलाई सम्मानपूर्वक अनुभूत गर्न पाउने अधिकारको प्रत्याभूति हुनु पर्दछ । भाषिक विविधताको मान्यताका आधारमा भाषिक एकता र सामाजिक ऐक्यवद्धताको जग निर्माण गर्नु पर्दछ । भाषिक अधिकारका सम्वन्धमा सयुक्त राष्ट्रसंघको साधारण सभाका निर्णय, घोषणा पत्र तथा नेपाल पक्ष रहेको

भाषिक अधिकारहरुको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुको सम्मान र कार्यान्वयनमा जोड दिइनु पर्दछ ।

- भाषाको प्रयोगले भाषाको विकास र सम्वृद्धि हुन्छ । तसर्थ, अब वन्ने संघीय संरचना अन्तर्गत केन्द्रिय तथा प्रान्तीय सरकारको सरकारी कामकाजको भाषा जेसुकै भएपनि सार्वजनिक सेवा प्राप्त गर्न आफ्नो मातृभाषामा पहुँच राख्न पाउने अवस्थाको सिर्जना गरीनु पर्दछ । यसले भाषिक प्रसरण र भाषिक लोपोन्मुखतामा कमी ल्याउँछ । आफ्नो मातृभाषा प्रति अपनत्व र स्वामित्ववोध हुन सक्ने वातावरण बनाउनु पर्दछ ।

- नेपालका मातृभाषाहरुको पहिचान, पारिवारिक वर्गिकरण, नामाकरण, मानकीकरण आदिमा समस्या रहेका छन् । यसो हुनु पछाडि भाषिक अध्ययनको अभाव नै हो । तसर्थ, समाजभाषावैज्ञानिक अध्ययन गरीनु पर्दछ । विभिन्न क्षेत्रका भाषिक नीतिहरुको निर्माणमा त्यस्तो अध्ययनको निष्कर्षलाई मापदण्ड बनाउदा त्यो वस्तुनिष्ठ हुन सक्दछ र त्यसले दीगो समाधान ल्याउन सक्दछ । सो अध्ययन पूरा नभएसम्मका लागि संक्रमणकालिन भाषिक नीति अख्तियार गर्न सकिन्छ ।

- नेपालका सबै मातृभाषाको स्थिति एउटै छैन् । अधिकांश मातृभाषाहरुको लेख्य परम्पराको विकास भएको छैन् । सामग्रीहरुको उपलब्धताको हिसाबले पनि विविधता छ । सार्वजनिक प्रयोगका हिसावले पनि धेरै मातृभाषाहरु पछाडि नै छन् । मातृभाषाहरुको स्तरमा रहेको भिन्नताको मानकीकरण भएको छैन् । साथै ती पक्षहरुको अध्ययन अनुसन्धानका लागि कुनै निकाय रहेको छैन् । मातृभाषाहरुको संरक्षण, विकास र प्रयोग ती भाषाहरुको यथार्थताको आंकलन विना सम्भव छैन् । भाषाको विकासमा त्यसका वक्ता, भाषिक समुदाय वा समाजको भूमिका अंह हुने भएपनि राज्यको समन्वयात्मक र सहयोगात्मक भूमिका आवश्यक हुन्छ । फेरी सरकारी कामकाजको भाषाको रुपमा मातृभाषालाई मान्यता दिन पनि निश्चित मापदण्ड पुरा गर्नुपर्ने आवश्यकता वा अनिवार्यता रहन्छ । यी सबै कार्यका लागि अधिकार सम्पन्न भाषिक आयोगको संवैधानिक व्यवस्था गरीनु वान्छनीय देखिन्छ । संघीय शासन व्यवस्था र वहुभाषा भएका भारत, दक्षिण अफ्रिका लगायतका देशहरुमा पनि त्यस प्रकारको आयोगको

संवैधानिक व्यवस्था रहेको छ । केन्द्रिय सरकार अन्तर्गत  भाषा आयोगको स्थापना गरी प्रान्तहरुसँगको समन्वयका आधारमा प्रान्तीय स्तरमा पनि आयोगका शाखाहरु राखी समन्वयात्मक ढंगबाट कार्य गर्नु उपयुक्त हुन्छ ।

- मातृभाषाहरुको संरक्षण, विकास र प्रयोगका लागि भाषिक योजना निर्माण गरीने कुराको सुनिश्चितता गरीनु पर्दछ । त्यस्तो भाषिक योजनालाई संरचनागत र स्तरगत गरी दुई किमिमले विभाजन गर्न सकिन्छ । संरचनागत योजना अन्तर्गत भाषाको मानक भाषिका चयन, लेखन पद्धति विकास, शव्दकोषको निमार्ण जस्ता गतिविधिहरु सञ्चालन गर्न सकिन्छ । त्यस्तै स्तरगत योजना अन्तर्गत प्रशासन, शिक्षा र संचारमा प्रयोग गरीने भाषा नीति र सम्भाव्यताका वारेमा अध्ययन गर्न सकिन्छ । यसवाट भाषिक विकास पनि योजनावद्ध विकासमा आवद्ध हुन सक्दछ । भाषिक योजनालाई भाषा आयोगसँग सम्वद्ध गराई अगाडि वढाउन उपयुक्त हुन्छ ।

- नेपालमा वोलिने सवै मातृभाषाहरुलाई राष्ट्र भाषाकै समान हैसियत प्रदान गरीनु पर्दछ । भाषाहरु वीच असमानता वा विभेद ल्याउन सक्ने सवै किसिमका अवस्थाहरुको अन्त्य गरीनु पर्दछ । भाषिक आधारमा हुने सामाजिक भेदभावलाई कानूनद्वारा दण्डनीय वनाइनु पर्दछ । भाषाहरुको नियमति अनुगमनको व्यवस्था हुनु पर्दछ र सो जिम्मेवारी भाषा आयोगलाई नै सुम्पन उपयुक्त हुन्छ ।

- सघीय संरचनाको निमार्ण गर्दा प्रान्तहरुलाई नै मातृभाषाहरुको संरक्षण, विकास र प्रयोगको अधिकार दिइनु पर्दछ । केन्द्रीय सरकारले समन्वयात्मक र सहयोगात्मक भूमिका निर्वाह गर्नु उपयुक्त हुन्छ ।

## ३.२ शिक्षामा मातृभाषाको प्रयोग, चुनौति र सम्भावनाहरु :

मातृभाषामा शिक्षा सम्वन्धी अवधारणाले सार्वजनिक शिक्षामा मातृभाषाहरुको प्रयोगलाई जनाउछ । मातृभाषा व्यक्तिले वावुआमा वा परिवारवाट प्राप्त गर्दछ र यो व्यक्तिको भाषिक चेतनाको आधारस्तम्भ हो । तसर्थ, स्वाभाविक रुपमा वालवालिकाहरु अन्य भाषाको तुलनामा मातृभाषासँग वढी परिचित वा अभ्यस्त हुन्छन् । वालवालिकालाई मातृभाषामा शिक्षा उपलव्ध गराउदा निश्चितरुपमा त्यो सहज र प्रभावकारी

हुन्छ । यसले मनोवैज्ञानिक रुपमै सकारात्मक प्रभाव पार्दछ । यसबाट बालबालिकमा सजिलो ढंगबाट छिटो सिक्ने वातावरण सिर्जना हुन्छ । अर्थात, बालबालिकाहरुले स्वस्फूर्त रुपमा शिक्षा प्राप्त गर्न सक्दछन् ।

शिक्षामा मातृभाषाको प्रयोगको महत्वलाई दृष्टिगत गरी युनेस्को लगायतका अन्तर्राष्ट्रिय संगठनहरुले बालबालिकाहरुलाई आफ्नो मातृभाषामा शिक्षा प्रदान गर्न मार्गदर्शन गरेका छन् । त्यस्तै विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा घोषणापत्रहरुले समेत सोही कुरामा जोड दिएको पाइन्छ । नेपाल ती महासन्धिहरु मध्ये अधिकांशको पक्षराष्ट्र समेत रहेको छ । नेपाल बहुभाषिक मुलुक हो । नेपालमा ९२ भन्दा बढी मातृभाषाहरु रहेको सरकारी तथ्याङ्क छ । विगतमा नेपालको एकभाषिक नीतिले गर्दा बालबालिकालाई मातृभाषामा शिक्षा उपलब्ध गराउने तर्फ कुनै चासो राखेको देखिदैन । मानव अधिकारको विश्वव्यापी घोषणपत्रले बालबालिकाले आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने कुरालाई मानवअधिकारकै रुपमा स्थापित गरेको भएपनि नेपालमा प्रजातन्त्रको पुर्नस्थापना पछि जारी गरीएको नेपाल अधिराज्यको संविधान, २०४७ पूर्व नत त्यसलाई कुनै संविधानमा उल्लेख गरीयो नत कुनै नीति नै अख्तियार गरीयो । २०४७ सालको संविधानले मात्र सर्वप्रथम प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय संचालन गर्न पाउने अधिकारलाई मौलिक हककै रुपमा संवैधानिक प्रत्याभूति दियो । त्यसपछि नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भएवमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हकलाई शिक्षा सम्वन्धी मौलिक हकको रुपमा स्थापित गरेको छ ।

मातृभाषामा शिक्षा बालबालिकाहरुमा शिक्षाको विकास गर्ने प्रभावकारी वा शसक्त माध्यम हो । शिक्षा लगायत सबै क्षेत्रमा रहेको विगतको एकभाषिक नीतिका कारण नेपालमा प्रस्तुत अवधारणाले मान्यता पाउन सकेन । अन्ततः त्यसले नेपालको शैक्षिक विकासमा समेत प्रभाव परेको छ । विभिन्न अध्ययनहरुले बालबालिकाले स्कूल छोड्ने एउटा प्रमुख कारण भाषिक समस्या रहेको देखाएका छन् । यसरी नेपालमा मातृभाषामा शिक्षाको अवधारणालाई आत्मसात् गरीएको धेरै भएको छैन । त्यस्तै यसको संवैधानिक मान्यता पछि पनि व्यवहारिक कार्यान्वयनले त्यति मूर्तता पाएको छैन् । साथै यस दिशामा कतिपय नीतिगत अन्यौलता समेत रहेका छन् । शिक्षामा मातृभाषाको प्रयोगका सम्वन्धमा नेपालमा मातृभाषाहरुको संरक्षण र विकासका लागि सुझाव दिन गठीत तिल विक्रम नेम्वाङ (वैरागी काइंला) संयोजक रहेको आयोगले प्रस्तुत गरेको प्रतिवेदन, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन आदिले

विभिन्न उपायहरु सुझाएको भएपनि तिनको कार्यान्वयनमा समेत अन्यौलता रहेको पाइन्छ । तसर्थ, अव वन्ने संविधानले एउटा स्पष्ट र व्यवहारिक खाका कोर्नु पर्ने भएको छ ।

नेपालमा शिक्षामा मातृभाषाको प्रयोग संवैधानिक व्यवस्था र अभ्यासको विश्लेषण गर्दा यस सम्वन्धमा केहि सैद्धान्तिक स्पष्टता आवश्यक देखिन्छ । मूलत: शिक्षा नीतिको अवलम्वन गर्दा देशको आर्थिक सामाजिक अवस्था, भाषिक जनसंख्याको अवस्थिति, भाषिक समुदाय बीचको अन्तर्सम्वन्ध र व्यापक सामाजिक ऐक्यवद्धता जस्ता पक्षहरुलाई आधारभूत रुपमै विचार गरीनु पर्छ । शिक्षा भनेको व्यक्तिको अधिकतम क्षमता र सम्भाव्यतालाई मूतर्ता दिने माध्यम भएको हुँदा कुन तहसम्म मातृभाषामा शिक्षा दिने भन्ने भन्दापनि मूल उद्देश्यलाई परिलक्षित गर्नु पर्दछ । यद्यपि आजको प्रतिश्पर्धि र विश्वव्यापिकरणको जमानामा शैक्षिक जनशक्तिलाई त्यहि रुपमै विकास गर्नु पर्ने भएको छ । २०४७ सालको संविधानले प्राथमिक तह सम्मको शिक्षा मातृभाषामा दिने र २०६३ सालको अन्तरिम संविधानले आधारभूत शिक्षा मातृभाषामा पाउने कुराले सैद्धान्तिक स्पष्टता नरहेको अवस्थालाई इङ्गित गर्दछ । वास्तवमा यो सापेक्षित विषय हो । अर्थात, मातृभाषाहरुको विकासको स्तर, सामग्रीहरुको उपलव्धता र भाषाको पहुँचसंग यस कुराको सम्वन्ध हुन्छ । त्यस्तै मातृभाषामा शिक्षा प्रदान गर्नुको मूलमर्म वालवालिकाहरुले शिक्षाको प्रारम्भिक चरणमा स्वभाविक र सरलढंगले शिक्षा आर्जन गर्न सकुन भन्ने तथ्यलाई पनि विसर्नु हुँदैन । राष्ट्रिय एवं अन्तराष्ट्रिय रुपमै प्रतिष्पर्धा गर्न सक्ने शैक्षिक जनशक्ति निर्माण अवको नेपालको वास्तविक अवश्यकता हो । तसर्थ, यसका लागि संक्रमणीय वहुभाषिक नीति नै उपयुक्त विकल्प हुन सक्दछ । त्यस्तै भाषिक समूदायहरुको अवस्थिति र तिनीहरुको आकारका सम्वन्धमा स्पष्टता हुनु वान्छनीय देखिन्छ । यसका अतिरिक्त भाषाहरुको लेख्य परम्परा एवं संशाधनहरुको उपलव्धतालाई समेत मध्यनजर गरीनु पर्दछ । तसर्थ, मातृभाषाहरुको विकासका आधारमा त्यसको शिक्षामा प्रयोगको सम्भाव्यतालाई हेरिनु पर्दछ ।

मातृभाषाको माध्यमवाट शिक्षा प्रदान गर्न मातृभाषाको छनौट गर्नुपूर्व त्यस्तो भाषाले निश्चित आधारहरु पुरा गरेको हुनुपर्दछ । पहिलो, त्यस्तो मातृभाषाको लेख्य परम्पराको विकास भएको हुनु पर्दछ । त्यस्तै भाषाको व्याकरण र शव्दकोष निर्माण भएको हुनु पर्दछ । दोश्रो, मातृभाषामा पाठ्यसामग्री निर्माण हुनु पर्दछ । तेश्रो, मातृभाषी विद्यार्थीहरुको संख्याको पर्याप्तता हुनु पर्दछ । त्यस्तै कुनै खास क्षेत्रमा मातृभाषी समुदायको घनत्व आवश्यक पर्दछ । चौथो, मातृभाषी समुदायहरुको मातृभाषामा शिक्षा प्रदान

गर्ने कुराप्रति सकारात्मक धारणा हुनु पर्दछ । पाँचौं, मातृभाषाका शिक्षकहरुको उपलब्धता हुनु पर्दछ र उनीहरुलाई आवश्यक तालिम दिइनु पर्दछ । छैठौं र महत्वपूर्ण आधार शिक्षामा मातृभाषाको प्रयोगका लागि सरकारको सहयोग आवश्यक हुन्छ । कमसेकम यी आधारहरु पुरा हुन सकेमा मात्र प्रस्तुत अवधारणाले व्यवहारिकता प्राप्त गर्न सक्दछ । नेपालको सन्दर्भमा उल्लिखित आधारहरुमध्ये अधिकांश आधारहरुको आजसम्म विकास हुन सकेको छैन् । तसर्थ, ती आधारहरुको विकासमा ध्यान पुऱ्याउदै उपयुक्त कदम चाल्नु पर्ने हुन्छ ।

मातृभाषामा शिक्षाको संविधान प्रदत्त मौलिक हक तथा नेपालले आदिवासी एवं अल्पसंख्यक समुदाय समेतका बालबालिकाहरुलाई गुणस्तरीय प्राथमिक शिक्षा सम्बन्धी डकार मञ्च समेतका अन्तराष्ट्रिय संघ संस्था र महासन्धिमा जनाएको प्रतिबद्धता समेतलाई दृष्टिगत गर्दै तिनको कार्यान्वयनका लागि केहि प्रयासहरु समेत गरेको देखिन्छ । शिक्षा ऐनले प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने व्यवस्था गरेको छ । त्यस्तै मातृभाषामा शिक्षाको कार्यान्वयनलाई नेपालको योजनाबद्ध विकासमा समाहित गरीएको छ । सवैका लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजनाले समेत प्रस्तुत अवधारणालाई आत्मसात् गरी सम्बद्ध निकायहरु मार्फत विभिन्न गतिविधिहरु सञ्चालन गरेको छ । तथापि प्रस्तुत अवधारणाको कार्यान्वयनमा विभिन्न चुनौति र समस्याहरु विद्यमान छन् । ती मध्ये मूलभूत चुनौति र समस्यहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- राष्ट्रले मातृभाषामा शिक्षाको अधिकारलाई मौलिक हककै रुपमा संवैधानिक प्रत्याभूति दिएको भएपनि तदअनुरुपको उपयुक्त नीति अवलम्बन गर्न सकेको छैन् । यसले गर्दा मातृभाषामा शिक्षाको व्यवहारिक प्रयोगमा कठिनाई देखिएको छ ।

- मूलतः विगतको एक भाषिक नीतिका कारण नेपालीतर मातृभाषाहरुको विकास उपयुक्त ढंगले हुन सकेको छैन् । अधिकांश मातृभाषाहरुको लेख्य परम्परा विकास भएको छैन् । व्याकरण, श्रोतसामग्री जस्ता मातृभाषामा शिक्षाका लागि आवश्यक पर्ने आधारभूत विषयवस्तुहरु समेत अधिकांश मातृभाषामा तयार छैनन् । त्यस्तै नेपालमा भाषिक चेतना वा संवेदनशिलताको विकास भएको धेरै भएको छैन् । मातृभाषी जनशक्ति तयार हुन नसकेको र त्यसका लागि प्रभावकारी कार्यक्रम संचालन हुन सकेका छैनन् । यी विषयहरु प्रस्तुत सन्दर्भमा प्रमुख चुनौतिका रुपमा रहेका छन् ।

- नेपालमा हालसम्म वैज्ञानिक भाषिक सर्वेक्षण हुन सकेको छैन् । त्यसले गर्दा मातृभाषाहरुको पहिचानमा नै द्विविधा देखिएको छ । मातृभाषाहरुको विकासको विद्यमान अवस्थाको बारेमा समेत आधिकारिक तथ्याङ्क छैन् । भाषाहरुको मानक भाषिकाहरुको विकास वा चयन भएको छैन् । समाजभाषावैज्ञानिक अध्ययन विना मातृभाषामा शिक्षा उपलब्ध गराउन कठिनाई हुन्छ । मातृभाषी वक्ताहरुको सघनता अथवा भाषिक समुदायहरुको अवस्थितिका बारेमा विश्वासयोग्य जानकारी रहेको छैन् ।

- मातृभाषामा शिक्षाका सम्बन्धमा भाषिक समुदायहरुको स्पष्ट धारणा अगाडि आउन सकेको छैन् । त्यस्तै मातृभाषामा शिक्षा र यसको महत्वका बारेमा आम सचेतनाको अभाव छ ।

मातृभाषामा शिक्षाको अधिकारलाई संवैधानिक मान्यता दिनुको अर्थ देशमा सबै भाषिक समुदायहरुका बालबालिकाले शिक्षामा सहज पहुँच राख्न सकुन् र तिनीहरुको शैक्षिक लगायत सर्वाङ्गिण विकास हुन सकोस् भन्ने हो । साथै यसबाट आदिबासी तथा अल्पसंख्यक भाषिक समुदायहरुको शैक्षिक अधिकारको संरक्षणको समेत अपेक्षा गरीएको हुन्छ । र, साथै यसले अन्ततः सबैको भाषिक अधिकारको सुनिश्चिततामा समेत टेवा पुऱ्याउदछ । नेपालमा विगतमा लामो समयसम्म शिक्षामा नेपाली एकभाषिक नीति अवलम्वन गरीएको र नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको अन्तरिम संविधान, २०६३ ले मातृभाषामा शिक्षाको अधिकारको संवैधानिक प्रत्याभूति गरेको भएपनि व्यवहारिक कार्यान्वयनमा रहेका समस्यालाई आत्मसात् गर्दै अब बन्ने संविधानमा त्यसको उपयुक्त ढंगले संबोधन गर्नु पर्ने भएको छ । यस परिप्रेच्छमा मातृभाषामा शिक्षाका सम्बन्धमा संविधानमा उल्लेख हुनुपर्ने मूलभूत पक्षहरुलाई निम्नानुसार उल्लेख गरीएको छ ।

- नेपालका प्रत्येक समुदायले आफ्नो मातृभाषामा शिक्षा पाउने अधिकारलाई मौलिक हककै रुपमा सुरक्षित गरीनु पर्दछ ।

- संक्रमणीय बहुभाषिक शिक्षा अन्तर्गत प्राथमिक तहसम्म आफ्नो मातृभाषा, त्यसपछि मातृभाषाका अतिरिक्त सरकारी कामकाजको भाषा र अन्तर्राष्ट्रिय अंग्रेजी भाषामा शिक्षा प्रदान गर्न उपयुक्त

हुन्छ । यसले गर्दा शिक्षाको प्राप्तिमा सहजता आउनुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमै प्रतिश्पर्धि जनशक्ति निर्माण हुन सक्दछ ।

- आदिवासी तथा अल्पसंख्यक भाषिक समुदायको शिक्षामा सरल र सहज पहुँचको सुनिश्चिता गर्न मातृभाषालाई विषयको रुपमा पनि पढाउन सकिन्छ । अर्थात, मातृभाषालाई एउटा विषयका रुपमा शिक्षामा प्रवेश गराउन सकिन्छ । यसले भाषाको स्तर विकास गर्न समेत मद्दत गर्दछ ।

- विभिन्न समुदायहरुको भाषिक सम्बन्ध र अवस्थिति समेतको अध्ययनका लागि वैज्ञानिक भाषिक सर्वेक्षण हुनु पर्दछ । त्यस्तो सर्वेक्षणबाट विभिन्न मातृभाषाहरुको विकासको स्तर, श्रोत सामग्रीहरुको उपलब्धता आदिका बारेमा तथ्याङ्क लिन सकिन्छ । यसबाट शिक्षामा मातृभाषाको प्रयोगको सम्भाव्यता र विकासका लागि आवश्यक रणनीति तय गर्न मद्दत पुग्दछ । तसर्थ, भाषिक सर्वेक्षणमा यी पक्षहरुमा पनि अध्ययन हुनु पर्दछ ।

- मातृभाषाहरुको संरक्षण, प्रयोग र विकासका लागि राज्यले निरन्तर पहल गर्नु पर्दछ । मातृभाषामा वर्णमाला, पाठ्यसामग्री र आवश्यक जनशक्ति तयार गर्नका लागि सरकारको आवश्यक लगानी सहितको सहयोगात्मक भूमिका आवश्यक छ । त्यस्तै मातृभाषाको विकासको स्तर मापन गरी शिक्षामा त्यसको प्रयोगको सम्भाव्यताका बारेमा सुझाव दिन संयन्त्रको निर्माण गरीनु पर्दछ । भाषा आयोगलाई प्रस्तुत कार्यको जिम्मेवारी प्रदान गर्न उपयुक्त हुन्छ ।

- संघीय संरचना अन्तर्गत प्रान्तीय सरकारलाई शिक्षामा मातृभाषाको प्रयोगको अधिकार सुम्पी केन्द्रीय सरकारले समन्वयात्मक र सहयोगात्मक भूमिका निर्वाह गर्नु उपयुक्त हुन्छ ।

## ३.३ लोपोन्मुख भाषाहरुको संरक्षण र विकास :

भाषिक लोपोन्मुखता भनेको भाषाको प्रयोगहिनता वा अस्तित्व संकटको स्थिति हो । भाषा आफैमा स्थिर विषय होइन । भाषाको संरक्षण र प्रयोगले नै यसको अस्तित्व बचाई राखेको हुन्छ । त्यस्तै भाषिक चेतना र संवेदनशिलताले यसको जिवन्तताका लागि आधार प्रदान गरीराखेका हुन्छन् । यसका साथै

राज्यले अवलम्बन गर्ने भाषिक नीतिले समेत यसका लागि निर्णायक भूमिका खेलेको हुन्छ । भाषिक लोपेन्मूखताको मापन गर्ने कुनै सर्वमान्य मापदण्ड छैन् । भाषाको विगतको स्थिति र त्यसमा आएको परिवर्तन, वक्ताहरुको संख्यामा आएको गिरावट, विकासमा खस्किएको स्थिति आदिका आधारमा यसको निर्धारण गर्न सकिन्छ । यसका लागि सामयिक वैज्ञानिक भाषिक सर्वेक्षण हुनु पर्दछ ।

भाषिक लोपोन्मुखताका विभिन्न कारणहरु हुन सक्दछन् । जस्तो भाषाका वक्ताको संख्या कम हुनु, भाषाका वक्ताहरुको कमजोर आर्थिक सामाजिक अवस्था, पुस्तामा भाषा हस्तान्तरणको अभाव, वसाइं सराइ, सरकारी मान्यता र संरक्षणको अभाव, परिवारमा मातृभाषाको अप्रयोग, भाषिक प्रसरण, शिक्षा तथा प्रशासनमा भाषा प्रयोगको अभाव, भाषिक वक्ताहरुमा भाषाप्रति संवेदनशिलताको अभाव आदि । त्यस्तै भाषा लोपोन्मुखताका समाज सापेक्ष आफ्नै किसिमका विशिष्ट कारणहरु पनि हुन सक्दछन् ।

नेपालको पछिल्लो जनगणनाको तथ्याङ्कले नेपालमा ९२ वटा मातृभाषाहरु रहेको देखाए पनि ती मध्येका अधिकांश भाषाहरु लोपोन्मुख अवस्थामा छन् । विभिन्न अध्ययन अनुशन्धानवाट नेपालमा भाषाहरुको संख्या त्यो भन्दा अधिक देखिएको सन्दर्भमा प्रायः ती भाषाहरु लोपोन्मुख अवस्थाका नै रहेको कुरामा सन्देह छैन् । नेपालमा वैज्ञानिक भाषिक सर्वेक्षण हालसम्म नभएकोले भाषाहरुको संख्या, स्तर आदिका वारेमा आधिकारिक जानकारी छैन तथापि भाषिक वहुलता नेपालको मौलिक विशेषता नै हो । खासगरी विगतको एकभाषिक नीति र भाषिक समुदायमा रहेको भाषिक संवेदनशिलताको कमिका कारण अधिकांश भाषाहरुको स्तर अत्यन्त कमजोर रहेको छ । त्यसैगरी द्विभाषिक र वहुभाषिक परिस्थितिले गर्दा भाषिक लोपोन्मुखता वढेर गएको छ । हालसालै सार्वजनिक गरीएको संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन(यूनेस्को) को अध्ययन प्रतिवेदनले नेपालका ९१ मातृभाषाहरु जोखिममा रहेको देखाएको छ । उल्लिखित प्रतिवेदनले आत्मसात गरेको लोपोन्मुखता पहिचानको आधारलाई हेर्ने हो भने १० हजार देखि १ लाखसम्मले वोल्ने भाषा लाई लोपोन्मूख भाषा मानेको छ । सो आधारमा नेपालका चाम्लिङ, सतार, सुनुवार समेतका करिव १५ मातृभाषाहरु लोपोन्मुख अवस्थामा छन् । त्यस्तै एक हजार देखि १० हजारले वोल्ने भाषालाई अतिलोपोन्मुख भाषा माने अनुसार नेपालका खालिङ, कुमाल, हायु, व्यासी समेतका करिव २५ मातृभाषाहरु अतिलोपोन्मुख अवस्थामा छन् । यस आधारमा नेपालमा नेपाली, मैथिली, भोजपुरी थारु समेतका करिव १५ मातृभाषाहरु मात्र सुरक्षित दर्जामा पर्दछन ।

नेपालमा भाषिक लोपोन्मुखताका आफ्नै विशिष्ट कारणहरु पनि छन् । नेपालका अधिकांश भाषाहरुको सम्बन्ध जातजातिसँग छ । तसर्थ जातिगत अवस्थाका आधारमा पनि भाषाहरु प्रभावित हुन्छन् । त्यस्तै विगतमा सर्वक्षेत्रमा नेपाली एकभाषिक नीतिको अख्तियार गरीएका कारण अन्य मातृभाषीहरुले आफ्नो मातृभाषा भन्दा नेपाली भाषा जान्नु र सिक्नु पर्ने बाध्यताले भाषिक प्रसरणलाई प्रश्रय दिएको छ । यसले गर्दा कतिपय भाषाहरुको लोपता र लोपोन्मुखता बढेर गएको छ । नेपालमा अहिलेसम्म वैज्ञानिक भाषिक सर्वेक्षण नभएकोले विद्यमान भाषाहरुको स्तर, समाजभाषावैज्ञानिक अवस्था आदिको यर्थाथ विवरण नरहेकोले विभिन्न जनगणनाहरुमा मातृभाषाहरुको संख्या र त्यसका वक्ताहरुमा आएको उतारचढावका आधारमा भाषा लोप वा लोपोन्मुखताको संज्ञा दिनु पर्ने भएको छ । भाषाका वक्ताहरुको संख्या मात्र भाषिक लोपोन्मुखताको आधार नहुन पनि सक्दछ । कुनै भाषाका वक्ताहरु शुरु देखि कम हुन सक्दछन् र तिनीहरुको संख्यामा वृद्धि हुँदा पनि तोकिएको निश्चित संख्या भन्दा कम नै हुन सक्दछ । तसर्थ भाषिक लोपोन्मुखता सांख्यिक आधारमा भन्दा भाषाको प्रयोग र विकासका आधारमा निर्धारण हुँदा त्यो वैज्ञानिक हुने हुन्छ ।

नेपालमा भाषिक वहुलताको स्थिति भएपनि अधिकांश भाषाहरु भाषिक रुपले अल्पसंख्यक छन् । यस अवस्थामा अल्पसंख्यक भाषाहरुले आफ्नो अस्तित्व बचाइ राख्न सामाजिक र मनोवैज्ञानिक दवाव रहन्छ । त्यसका लागि राज्यका तर्फबाटै संरक्षणको विशेष व्यवस्था हुनुपर्ने आवश्यकता पर्दछ । मलेसिया, नाइजेरिया, पाकिस्तान आदि राष्ट्रहरुले अल्पसंख्यकको भाषालाई समेत सरकारी कामकाजको दर्जा दिएका छन् । नेपालमा भाषाहरुको संरक्षण र विकासका लागि आजसम्म खासै प्रभावकारी कदम चाल्न सकिएको छैन । अल्पसंख्यकको भाषालाई स्वीकार्न वहुसंख्यकलाई कठिन नै हुने भएपनि आफ्नै खालको सन्तुलन खोजिनु पर्ने हुन्छ । अल्पसंख्यक भाषाको संरक्षणका लागि राज्यले विशेष पहल गर्नु पर्ने हुन्छ । त्यसैगरी भाषाको विकास नहुनुले पनि भाषिक लोपोन्मुखतालाई प्रश्रय दिईराखेको छ । नेपालका अधिकांश भाषाहरुको लेख्य परम्परा र अन्य संसाधनहरुको अभाव छ । त्यस्तै भाषिक संवेदनशिलताको विकास भएको पनि धेरै भएको छैन् । मातृभाषाहरुमा भाषिक निष्ठा र भाषिक निरन्तरतामा आएको संकट हटाउन उपयुक्त र प्रभावकारी कदम चाल्नु पर्ने देखिन्छ । लोपोन्मुख भाषाहरुको संरक्षण र विकासमा रहेको प्रमुख चुनौति भाषाहरुको विद्यमान स्थिति प्रतिको अनिश्चितता र मापदण्ड निर्माणमा रहेको अन्यौलता नै हो ।

नेपालको विशेषताको रुपमा रहेको विविधताको संरक्षणका लागि भाषिक विविधताको संरक्षण हुनु पनि अपरिहार्य हुन्छ । भाषिक विविधताको संरक्षण गर्दै राष्ट्रिय एकतालाई मजबुद बनाउन कुनै पनि भाषालाई लोप हुन नदिनु वा लोपहुनबाट रोक्न प्रभावकारी व्यवस्था गर्नु राष्ट्रको दायित्व हो । नेपालका विगतका कुनै पनि संविधानहरुले लोपोन्मुख भाषाको संरक्षण र विकासका लागि व्यवस्था गरेको देखिदैन । यसको कारण विगतको एक भाषा नीति र भाषाहरुको अवस्थाका सम्वन्धमा रहेको अन्यौलता नै हो । परिणामत: आज नेपालका अधिकांश भाषाहरु जोखिम अवस्थामा छन् । भाषाहरुको समग्ररुपमा विकास र संरक्षण गर्ने नीति नेपालको सन्दर्भमा अप्रर्याप्त हुने स्थिति देखिएको छ । तसर्थ, अब बन्ने संविधानले त्यस्ता भाषाहरुको संरक्षण र विकासका लागि विशेष व्यवस्था गर्नुपर्ने भएको छ । प्रस्तुत सन्दर्भमा संविधानले दिशाबोध गर्नुपर्ने विषयहरुलाइं निम्नानुसार उल्लेख गरीएको छ :

- लोपोन्मुख भाषाको पहिचान गर्ने उपयुक्त मापदण्ड निर्धारण गरीनु पर्दछ । भाषिक सर्वेक्षणका आधारमा नेपालका मातृभाषाको यर्थाथता अध्ययन, अनुसन्धान हुनु पर्दछ । लोपोन्मुख भाषाहरुको पहिचान र मापदण्ड निर्धारणका लागि भाषा आयोगलाई जिम्मेवारी सुम्पनु उपयुक्त हुन्छ ।

- लोपोन्मुख भाषाहरुको संरक्षण र विकासका लागि विशेष नीति अख्तियार गर्नु पर्दछ । लोपोन्मुख भाषाहरुको संरक्षण र विकासका लागि राज्यले आवश्यक पहल गर्नु पर्दछ । यसका लागि विशेष कार्यक्रमहरु संचालन गर्न सकिन्छ । लोपोन्मुख भाषाहरुको संरक्षण र विकासको जिम्मेवारी मूलभूत रुपमा केन्द्रीय सरकार अन्तर्गत नै राखी प्रान्तीय सरकारहरुसंगको समन्वयका आधारमा अगाडि बढाउनु उपयुक्त हुन्छ ।

- अल्पसंख्यक र लोपोन्मुख भाषाहरुलाई विशेषाधिकारको व्यवस्था गर्न सकिन्छ । जसले गर्दा ती भाषाहरु प्रति अन्य भाषाहरुको दवावबाट पर्ने नकारात्मक प्रभावलाई कम गर्न सकिन्छ ।

- भाषाहरुको नियमित अनुगमन र मूल्याङ्कनको व्यवस्था गरीनु पर्दछ र अनुगमन र मूल्यांकनका आधारमा भाषाहरुको संरक्षण, विकास र प्रयोगका उपयुक्त रणनीतिहरु अवलम्वन गरीनु पर्छ । अनुगमन र मूल्यांकनको कार्य भाषा आयोगबाटै सम्पादन हुन उपयुक्त हुन्छ ।

- लोपोन्मुख भाषाहरुको प्रयोगलाई वढावा दिन आवश्यक व्यवस्था गरीनु पर्दछ । प्रयोगवाटै भाषाको विकास हुन्छ । त्यस्तै भाषाको प्रयोगका लागि त्यसको विकास पनि हुनुपर्दछ । अर्थात, भाषाको प्रयोग र विकासको अन्तंसम्वन्धका आधारमा भाषिक नीति अख्तियार गरीनु पर्दछ ।

- भाषा प्रतिको संवेदनशीलता र अपनत्व विकासका लागि सचेतना कार्यक्रमहरु संचालन गरीनु पर्दछ ।

## ख) संस्कृति सम्बन्धी

### १. पृष्ठभूमि :

मानव जीवनको प्रारम्भ घुमन्ते समाजवाट शुरु भयो । यो परिस्कृत हुँदै समुदायमा परिणत भयो । समुदायका आवश्यकता र चाहना परिपुर्ति गर्ने क्रममा सामाजिक ईकाईहरुको निर्माण भयो । समाज विकासको क्रममा विभिन्न सामाजिक, साँस्कृतिक कृयाकलापको थालनी भै समाज र संस्कृतिवीच घनीष्ट सम्वन्धको स्थापना भयो । समाजका मानिसको उत्पादन सम्वन्ध र जीवन पद्धतिको विकास भयो त्यही पद्धति नै कालान्तरमा संस्कृतिको रुपमा परिणत भयो । समाजमा विकसित भएका मूल्य, मान्यता, प्रथा, परम्परा, जीवनशैली, उत्पादनका तरिका, प्रविधि लगायतका विभिन्न भौतिक स्वरुप संस्कृतिको दायरा भित्रै समेटिन्छन् ।

### १.१ <u>संस्कृति सम्बन्धी अवधारणा</u> :

संस्कृति एउटा वृहद् अवधारणा हो । यो खुला, स्वच्छ र विशाल छ । यसलाई मापन गर्न पनि गाह्रो पर्छ । मानव समुदायले विकासको प्रकृयामा सिर्जना गरेको भौतिक र मानसिक पक्षको संयोजन नै संस्कृति हो । मानिसको विकास र सामाजिकीकरणमा संस्कृति अभिन्न अंगको रुपमा रहेको हुन्छ । संस्कृति भनेको मानवले आफ्नो दैनिक कार्य प्रकृया र त्यो प्रकृया पूर्ति गर्नका लागि विकास गरेको मूल्य, मान्यता, प्रथा, भाषा, रीतिरिवाज आदिको समग्रता हो । यो त्यस्तो समग्रता हो जुन अजैविक हुन्छ र समाजमा हस्तान्तरित हुन्छ । संस्कृति त्यस्तो संपूर्णता हो जसमा मानवीय व्यवहारको कला, सामाजिक विचार, धार्मिक ढांचा समावेश भएका हुन्छन् । संस्कृति समस्त जटिलता पनि हो जसमा ज्ञान, विज्ञान, नैतिकता, कानून, प्रथा, लगायतका अन्य यस्तै गुणहरुपनि समावेश हुन्छन् । यसलाई समुदायका सदस्यको हैसियतले मानिसले आर्जन गर्छन् । सारतः संस्कृति सम्बन्धी अवधारणालाई वुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- संस्कृति मानिसको भौतिक र मानसिक क्रियाकलापको उपज हो ।
- संस्कृति भौतिक परिवेशद्धारा निर्मित मानव चेतनाको समुन्नत अवस्थाको प्रस्तुती हो ।
- संस्कृतिमा गतिशीलता र विविधता हुन्छ ।

- संस्कृतिले धर्म, रीति, परम्परा, संस्कार, पर्व, विश्वास, ज्ञान, नियम, व्यवहार, उत्पादन सम्वन्ध र धार्मिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदा आदिलाई समेट्दछ ।
- संस्कृति एउटा समाजवाट अर्को समाजमा, एउटा व्यक्तिवाट अर्को व्यक्तिमा र एउटा पिढीवाट अर्को पिढीमा हस्तान्तरित हुँदै परमार्जित र परिस्कृत हुन्छ ।
- संस्कृति निरन्तर वनिरहन्छ र परिवर्तन र परिस्कृत हुँदै जान्छ ।

## १.२ संस्कृतिको महत्व :

संस्कृति भौतिक परिवेश र चेतनाका आधारमा विकास हुदै निश्चित कालखण्डमा एउटा स्वरुप प्राप्त गर्दछ । संस्कृति भित्र एउटा सिंगो समाजको जीवन पद्धतिनै प्रतिविम्वित भएको हुन्छ । संस्कृति व्यक्तिको ज्ञानको श्रोत हो । समाजका विभिन्न पाटाहरु(राजनैतिक, आर्थिक, सामाजिक आदि) मध्ये संस्कृति पनि एउटा महत्वपूर्ण पाटोका रुपमा रहेको हुन्छ । संस्कृतिलाई सभ्यता र भौतिक विकासको प्रतीक र मानव मस्तिस्कको समुन्नत अवस्थाको प्रस्तुति र तदनुरुपको जीवनशैलीको रुपमा हेर्ने गरीन्छ । संस्कृति परिवर्तनशील र गतिशील हुने हुँदा समाजको उन्नत चाहना, अपेक्षा र परिवेश अनुसार समय सापेक्ष रुपमा परिवर्तन हुन्छ । संस्कृतिले आदर्श समाजको परिकल्पनालाई मूर्तरुप दिन सहयोगी भूमिका निर्वाह गरेको हुन्छ । यसले मानिसका आवश्यकता र चाहनालाई परिपूर्ति गर्न सहयोग पुऱ्याउँछ । संस्कृति समाजको मौलिक पहिचान, गौरव र प्रतिष्ठाको विषय पनि हो । यसले मानिसको रहन सहन, स्वभाव, संस्कार, चाडपर्व रीतिरिवाज लगायत समग्र जीवन शैलीका वारेमा वुझ्न र जानकारी हासिल गर्न पनि मद्दत पुऱ्याउँछ ।

## १.३ संस्कृतिको विकास र परिवर्तन :

जब जब समाजमा जनघनत्व वढ्छ र जति जति जनचेतना अभिवृद्धि हुँदै जान्छ । त्यसको गति सँगसँगै समाजका आवश्यकता र चाहना परिपूर्ति गर्ने क्रममा सामाजिक ईकाईको जन्म हुन्छ र क्रमश: मानिसको संस्कृति, व्यवहार र उसका क्रियाकलापमा परिवर्तन आउँछ । साथ साथै सामाजिक संगठन वा संस्था जस्तो– विवाह, परिवार, नाता सम्वन्ध, राजनैतिक ढाँचा, आर्थिक प्रणाली आदिमा परिवर्तन आउँछ । यसरी आउने परिवर्तनलाई सामाजिक परिवर्तन भन्न सकिन्छ । मानिसको सिंगो जीवन पद्धतिको तरिका नै

संस्कृति भएको हुँदा खासगरी सामाजिक मूल्य मान्यता, परम्परा, संस्कार, भाषा, कला, संस्कृति, भेषभूषा, प्रविधि, उत्पादनको तरिका, कानून, नैतिक पक्ष, सोचाइ, दृष्टिकोण आदिमा आउने परिवर्तनलाई सांस्कृतिक परिवर्तन भन्न सकिन्छ । समाज र संस्कृतिको अन्योन्याश्रित सम्वन्ध हुने हुँदा एक अर्कोलाई छुट्टाउन सकिदैन ।

खानपानका तरिका, वसाई सराई, वोलीचाली, शिक्षा, भाषा, उत्पादन सम्वन्ध आदिमा निरन्तर परिवर्तन आईरहेको छ । परिवर्तन सँगै आएको चेतनाको विस्तारले संस्कृतिको विकास गराउँछ । यसका साथै जलवायु, वातावरण, सम्पर्क, जनसंख्याको चाप, उत्पादनको व्यवस्था आदिले पनि सामाजिक र सांस्कृतिक परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । सम्पूर्ण विश्व नै परिवर्तनशील भएको परिप्रेक्ष्यमा प्रत्येक समुदायमा सामाजिक र संस्कृतिको रुपमा रहेका विभिन्न पक्षहरुमा परिवर्तन आउनु स्वभाविक मानिन्छ ।

### १.४ समाज र सँस्कृतिको सम्वन्ध :

समाज आफैंमा परिपूर्ण नभई यो विभिन्न सामाजिक ईकाईहरुको योग हो । अमूर्त अवस्थामा रहने समाज मानवीय अन्तर सम्वन्धको जालो पनि हो । मानवीय जीवनका महत्वपूर्ण पक्षहरु जस्तो विवाह, संस्कार, परिवार, नाता, अन्तरसम्वन्ध, जीवन पद्दतिका क्रियाकलाप आदिको कार्यात्मक सम्वन्ध नै समाज हो । सामाजिक ढाँचाहरुमा विभिन्न सांस्कृतिक पक्षहरु रहने हुँदा समाज र संस्कृतिको घनिष्ट सम्वन्ध छ । समग्रमा भन्नुपर्दा समाजका मानिसहरुको सिंगो जीवन पद्धतिको तरिकानै संस्कृति हो ।

## २. नेपालको साँस्कृतिक अवस्था :

### २.१ सामान्य परिचय :

नेपाल क्षेत्रफलको आधारमा सानो भएपनि विश्वमानचित्रमा भौगोलिक तथा सामाजिक र साँस्कृतिक दृष्टिले विविधतायुक्त छ । यसका साथै यहाँ उत्तरको चीन र दक्षिणतर्फको छिमेकी मुलुक भारतको सामाजिक र साँस्कृतिक प्रभाव पनि परेको छ । नेपाली समाज मूलत: आर्य र मंगोल संप्रदायको सह–अस्तित्वको आधारमा निर्माण भएको पाइन्छ । नेपालको २०५८ सालको राष्ट्रिय जनगणनालाई आधार मान्दा नेपालमा ९२ वटा भाषा छन् भने १०३ जाति रहेको पाइन्छ । त्यस्तै ५९ वटा आदिवासी/जनजाति

अस्तित्वमा रहेका छन् । यद्यपि अस्तित्वमा रहेका कतिपय जनजाति तथा भाषाको अनुसन्धान जारी छ । नेपालमा भौगोलिक दृष्टिले ज्यादै होचो भू-भाग केचनाकलनदेखि सर्वोच्च शिखर सगरमाथासम्मको उचाई भएजस्तै नेपाली समाजको फैलावट पनि तराई/मधेशदेखि हिमालसम्म रहेको छ । भौगोलिकताको आधारमा, जातीय आधारमा र भाषिक आधारमा समाजको बनावट, रहन सहन, लवाई खवाई, संस्कार, चाडपर्व, जीवन शैली आदि विविधतायुक्त छन् र सोही अनुरुप संस्कृतिको पनि विकास भएको छ ।

## २.२ नेपाली समाजको साँस्कृतिक स्थिति :

नेपालको साँस्कृतिक अवस्थाको बारेमा जानकारी लिनुपर्दा मुख्यत: लिच्छविकालीन समयको साँस्कृतिक स्थिति देखि वर्तमान अवस्थासम्म क्रमिक रुपमा आएको विकासक्रम र परिवर्तनलाई हेरिनुपर्ने हुन्छ । लिच्छवि कालमा किराती मौलिक संस्कृति र लिच्छवि आगन्तुक संस्कृतिका बीच सह–अस्तित्व थियो । श्रमका आधारमा जातिगत विभाजन हुन्थ्यो । सती प्रथा, दास प्रथा जस्ता कुप्रथा पनि प्रचलनमा थिए । मध्यकालमा कला, साहित्य, भाषा र संस्कृतिको विकास भएको थियो । संस्कृत, नेवारी, फारसी, मैथिली, पर्वते खस नेपाली भाषाको विकास भई बहुभाषा प्रचलनमा थियो । विशेष गरी राजा जयस्थिति मल्लको शासनकालमा सतीप्रथा, दास प्रथा र बहुविवाह, अनमेल विवाहको प्रथा झन व्यापक बन्यो । सोही समयमा छुवाछुत प्रथाको शुरुआत भयो र जातीय आधारमा सजाय निर्धारण गरीयो । चाडपर्वहरु जात विशेषमा फरक फरक तरिकाले मनाउने चलन थियो । नेपालको एकीकरणपछि साँस्कृतिक विविधतामा अतिक्रमण भई एकलभाषा र संस्कृतिलाई प्रश्रय दिएको पाइन्छ । राणा कालको अन्त्यमा दास प्रथा, सती प्रथाको उन्मुलन भयो । यसकालमा लागु गरीएको (साविक वि.सं. १९१०) मुलुकी ऐनको व्यवस्थाले जातिय आधारमा दण्ड सजाय निर्धारण गरी जातीय असमानतालाई बढावा दिएको पाइन्छ ।

वर्तमान अवस्थामा विभिन्न जात जाती, महिला, दलित, आदिवासी/जनजाति, मधेशी/तराईवासी, मुस्लिम समुदाय तथा उत्पिडीत वर्ग र क्षेत्रका आवाज उठीरहेका छन् । मुलुकी ऐन, २०२० ले जातीय छुवाछुत र भेदभावको अन्त्य गर्ने व्यवस्था गऱ्यो तर प्रभावकारी दण्ड व्यवस्था अभावका कारण कार्यान्वयन हुन सकेन । वर्तमान नेपाली समाज आधुनिकीकरण, विश्वव्यापिकरण, शहरीकरणबाट प्रभावित छ । सामाजिक, साँस्कृतिक कठोरतामा परिवर्तन आएको छ । बसाई सराईका माध्यम बाट साँस्कृतिक समिश्रणको प्रकृया शुरु भएको छ । त्यस अतिरिक्त मूलत: ऐतिहासिक संघर्ष, क्रान्ति, सशस्त्र द्वन्द्व, जनआन्दोलनहरु, मधेश आन्दोलन, आदिवासी/जनजाति लगायतका आन्दोलनको परिणामस्वरुप जातीय

छुवाछुत र विभेदमा कमि आएको छ । महिलाको अनमेल विवाह र शिक्षामा केहि सुधार आएको छ । समयको परिवर्तनको साथ साथै विभिन्न जात, जाती, आदिवासी/जनजातिको आफ्नो मौलिक पहिचानको लागि तिनीहरुका भेष भुषा, कला, साहित्य, भाषा, संस्कृति आदिको संरक्षण र राष्ट्रिय मूल प्रवाहमा समाहित हुन पाउनुपर्ने सवाल उठेका छन् । आजको नेपाली समाजमा भाषा, धर्म, संस्कृति, चाडपर्व, संस्कार, आदिमा विविधता रहेको छ तरपनि अनेकता भित्र एकता कायम गर्दै सामाजिक अन्तरघुलन तथा समन्वय, सहिष्णुता र सद्भावनाका कारणले साँस्कृतिक सामाजिक ऐक्यवद्धता सापेक्षित रुपमा कायम रहेको छ ।

## २.३ नेपाली समाजको साँस्कृतिक विशेषता :–

नेपाली समाज विविध जात, जाति, भाषाभाषी, संस्कृति, भेषभुषा तथा सामाजिक र सांस्कृतिक मूल्य मान्यताको एकीकृत रुप हो । नेपाली संस्कृति भित्र धेरै सम्प्रदाय, जात, जाति, भाषाभाषिका संस्कृति हुर्केका छन् । आपसी मेलमिलाप कायम छ । एक अर्काको संस्कृति प्रति आदर र सम्मान गर्दछन् । नेपाली संस्कृतिलाई विविधता भित्रको एकताको रुपमा लिन सकिन्छ । मूलत: नेपालको सांस्कृतिक विशेषतालाई बुँदागत रुपमा निम्नानुसार हेर्न सकिन्छ :

- नेपाली संस्कृति विविधता भित्रको एकताको रुपमा कायम रहेको छ ।
- सांस्कृतिक विविधता नेपाली समाजको मौलिक विशेषताको रुपमा रहेको छ ।
- नेपालमा विभिन्न प्रकारका धार्मिक सम्प्रदाय छन् । यहाँ धार्मिक विविधता रहे पनि विविधता भित्रको सहिष्णुता नेपाली समाजको पहिचानको रुपमा रहेको छ ।
- नेपाली समाजमा जनजाति, विभिन्न धार्मिक सम्प्रदाय, विभिन्न भाषिक समुदाय तथा विभिन्न प्रकृतिका मूल्य मान्यता, परम्परा र रहन सहन भएको पाइन्छ । साथै यस भित्र सह–अस्तित्वको भावना रहेको छ ।
- नेपालमा छुवाछुत, जातीय भेदभाव संविधान र कानूनद्वारा निषेधित भएपनि जातीय व्यवस्था कायमै रहनु, तल्लो जात, उपल्लो जात जस्ता भावना र छुवाछुत जस्ता विकृति पूर्णरुपमा निर्मुल नभई कायमै रहेको छ ।

- नेपाली समाज र संस्कृतिमा पितृसत्तात्मक व्यवस्था कायमै रहेको छ । महिला र पुरुषका बीचमा रहेको विभेद पछिल्लो समयमा आएर क्रमश: घट्ने क्रममा रहेको भएपनि विभेदको स्थिति कायमै रहेको छ ।
- नेपाली समाजमा रहेका प्राचीन कला, साहित्य र संस्कृति विशिष्ट पहिचानको रुपमा रहेका छन् । विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदाहरु विश्वसामु नेपालको परिचयका रुपमा रहेका छन् ।
- नेपाली समाज र संस्कृति परिवर्तनको ढाँचामा रहेको पाइन्छ । पछिल्लो समयमा आएर सामाजिक अन्तरघुलनका साथ साथै आधुनिकीकरण, शहरीकरणको प्रकृयावाट नेपाली समाज र संस्कृति अगाडी बढने क्रममा रहेको छ ।

## ३. सँस्कृति सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास :

संस्कृति विभिन्न राष्ट्र, क्षेत्र, जातजाति तथा भौगोलिक स्थानमा अलग अलग हुन्छ । संस्कृति कुनैपनि राष्ट्रको मौलिक पहिचान र सम्पदा भएको हुँदा विश्वका विभिन्न मुलुकमा संविधानमा नै संस्कृति संरक्षणको विशेष व्यवस्था गरीएको हुन्छ । यहाँ केही मुलुकको संवैधानिक व्यवस्थालाई सामान्य रुपमा उल्लेख गरीएको छ ।

### ३.१ स्वीस महासंघको संघीय संविधान :–

यस संविधानको धारा ६९ मा संस्कृति सम्वन्धमा गरीएको व्यवस्थाले संस्कृतिलाई प्रान्तीय क्षेत्रको विषय मानिएको छ । त्यहाँ प्रान्त (Canton) ले आ–आफ्नो क्षेत्र अन्तर्गतका संस्कृतिको संरक्षण गर्दछन् । केन्द्रिय सरकार (महासंघ) ले राष्ट्रिय हितका लागि सांस्कृतिक क्रियाकलापलाई सहयोग गर्ने र विशेषत: शिक्षाको क्षेत्रमा कला र संगीतलाई प्रोत्साहन गर्ने व्यवस्था छ । त्यस्तै आफ्नो कार्य सम्पादन गर्दा देशको सांस्कृतिक तथा भाषिक विविधतालाई पनि ध्यानमा राख्नुपर्ने कुरा संविधानमा उल्लेख गरीएको छ ।

## ३.२ गणतन्त्र दक्षिण अफ्रिकाको संविधान :–

यो संविधानको सेक्सन् ३० मा भाषा र संस्कृतिको सम्बन्धमा उल्लेख गरीएको छ । सो व्यवस्था अनुसार विल अफ राइटस्को प्रतिकुल नहुने गरी प्रत्येक व्यक्तिलाइ आफ्नो इच्छा अनुरुपको सांस्कृतिक जीवनमा सहभागी हुने अधिकारको प्रत्याभूति गरीएको छ ।

त्यसैगरी उक्त संविधानको सेक्सन् ३१ मा सांस्कृतिक, धार्मिक र भाषिक समुदायका सम्बन्धमा उल्लेख गरीएको छ । जसअनुसार कुनै पनि व्यक्ति कुनै सांस्कृतिक समुदायसंग सम्बन्धीत भएको नाताले नागरीक समाजका अन्य क्रियाकलापमा सहभागी हुने अवसरबाट वंचित नगरीने कुराको प्रत्याभूति गरीएको छ । सांस्कृतिक, धार्मिक, भाषिक, समुदायका अधिकारको संरक्षणको लागि एउटा आयोग गठन गरीने र त्यस्तो आयोग ले गर्नु पर्ने कार्य पनि संविधानमा उल्लेख गरीएको छ । आयोगले गर्नुपर्ने कार्यहरु मूलतः निम्न रहेका छन् :

- सांस्कृतिक समुदायको संरक्षण र संवर्द्धन गर्नु,
- भाषिक, धार्मिक र सांस्कृतिक समुदायलाई समानता र विना भेदभावको आधारमा स्वतन्त्ररुपमा संगठित गरी शान्ति, सह–अस्तित्व, सहिष्णुता, मानवता र राष्ट्रियताको विकास र प्रवर्द्धन गर्नु ।

साथै, त्यस्तो आयोग गठन गर्दा भाषिक, सांस्कृतिक र धार्मिक समुदायको व्यापक सहभागिता हुनुपर्ने र लैङ्गिक दृष्टिकोणबाट पनि हेरिनु पर्ने कुरा उल्लेख छ ।

## ३.३ गणतन्त्र चीनको संविधान :

यस संविधानको धारा २२ मा संस्कृति सम्बन्धी व्यवस्थाको उल्लेख छ । जस अनुसार राज्यले कला, साहित्य, संग्रहालय, सांस्कृतिक केन्द्र, सांस्कृतिक महत्वका वस्तु, समुह वा समुदायबाट गरीने सांस्कृतिक क्रियाकलापको विकासको लागि जोड दिनेछ । साथै राज्यले वैज्ञानिक तथा ऐतिहासिक महत्वका मूल्यवान मुर्ति, शिला, लगायतका अन्य महत्वपूर्ण चीज वस्तु र ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने कुरा उल्लेख छ ।

## ४.संस्कृति सम्बन्धी नेपालको संवैधानिक र अन्य व्यवस्था :

संस्कृति कुनै पनि राष्ट्र वा समाजको मौलिक पहिचान हो । जुनसुकै देश वा समाजले यसको संरक्षण गर्नुपर्छ भन्ने कुरामा विमति छैन् । हरेक मुलुकले आफ्नो देश भित्रको संस्कृति संरक्षण गर्नुपर्ने कुरामा अन्तर्राष्ट्रिय समुदायबाट सामुहिक रुपमै प्रतिवद्धता व्यक्त गरीसकेको अवस्था पनि छ । यस सम्वन्धमा संयुक्त राष्ट्रसंघको महासभाबाट १६ डिसेम्बर १९६६ मा ग्रहण गरीएको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र ३ जनवरी १९७६ मा लागु भै हालसम्म विश्वका १५६ भन्दा बढी मुलुक सदस्य भएको र यसलाई नेपालले पनि १४ मे १९९१ मा अनुमोदन गरीसकेको छ । यस प्रतिज्ञापत्रले मूलतः प्रत्येक व्यक्तिले आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार उपभोग गर्न पाउने व्यवस्थाको सिर्जना गरेर मात्र स्वतन्त्र मानव जातिको आदर्श प्राप्त गर्न सकिन्छ भन्ने कुराको मान्यता राख्ने व्यहोरा प्रस्तावनामा नै उल्लेख छ । साथै उक्त प्रतिज्ञापत्रको धारा १ मा सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार हुने र स्वतन्त्रतापूर्वक आफ्नो सामाजिक तथा साँस्कृतिक विकासमा लाग्न सक्छन् भन्ने प्रावधान रहेको छ । यसैगरी धारा १५(१)क. ले प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले प्रत्येक व्यक्तिको साँस्कृतिक जीवनमा सहभागी हुने अधिकारलाई स्वीकार गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ । साथै यस अधिकारको पूर्ण प्राप्तिका लागि प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले चाल्ने कदमहरुमा विज्ञान र संस्कृतिको समन्वय, विकास तथा प्रसारका लागि आवश्यक कदमहरु समावेश हुने छन् भन्ने कुरा पनि प्रतिज्ञापत्रमा उल्लेख भएको छ ।

उक्त प्रतिज्ञापत्र समेतलाई ध्यानमा राख्दै हाम्रो मुलुकमा पनि संस्कृति संरक्षणका क्षेत्रमा संवैधानिक तथा कानूनी व्यवस्था परिमार्जित हुँदै गएको पाइन्छ । यी प्रावधानहरुलाई आत्मसात गर्दै हाम्रो वर्तमान अन्तरिम संविधानमा समेट्ने प्रयास गरीएको छ । नेपालको संस्कृति सम्बन्धमा रहेको संवैधानिक व्यवस्था यस प्रकार छन: –

### ४.१ नेपाल सरकार वैधानिक कानून २००४ :-

यस विधानमा संस्कृति संरक्षणको प्रयोजनको लागि कुनै व्यवस्था रहेको पाइदैन । यसको प्रस्तावनामा "परम्परा देखि चली आएको आफ्नो संस्कृतिको अनुकुल पंचायत प्रणाली र अरु सोही प्रकारका संस्थाहरुको पुर्नस्थापना द्वारा राज्य प्रणालीको हरेक अंगमा झन् झन् बढी मात्रामा सम्मिलित गराउने"

भन्ने कुरासम्म उल्लेख भएको छ । प्रस्तुत वैधानिक कानूनमा संस्कृतिको संरक्षण, विकास, संवर्द्धन आदि कुरामा खासै व्यवस्था गरेको थिएन ।

## ४.२ नेपालको अन्तरिम शासन विधान २००७ :-

प्रस्तुत अन्तरिम शासन विधानमा संस्कृति संरक्षण सम्बन्धी विषय राज्यका नीति र निर्देशक सिद्धान्त अर्न्तगत समावेश गरीएको थियो । सो विधानको राज्यको नीति निर्देशक सिद्धान्त अन्तर्गत धारा ८ मा "राज्यले कुनै तरिकावाट पनि फुसर्द तथा सामाजिक र सांस्कृतिक अवसरको पूर्ण उपभोग गर्न पाउने कार्यावस्था दिलाउन प्रयत्न गर्नेछ भन्ने व्यवस्था भएको पाइन्छ । त्यस्तै धारा ११ मा कलात्मक तथा ऐतिहासिक महत्वको स्थलको बचाउ गर्नु राज्यको कर्तव्य हुने" भन्ने कुरा उल्लेख भएको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान, २०१५ मा संस्कृति तथा संस्कृति संरक्षणका सम्वन्धमा कुनै पनि कुरा उल्लेख भएको पाइदैन ।

## ४.३ नेपालको संविधान २०१९ :-

यस संविधानमा पनि मौलिक हक अन्तर्गत संस्कृतिको विषयलाई समावेश नगरी पंचायत प्रणालीका निर्देशक सिद्धान्त अन्तर्गत समावेश गरीएको छ । सो संविधानको धारा १९(३) मा "साधारण जनतालाई क्रियाशील तुल्याउने मार्गमा रहेका बाधा हटाई सामन्जस्यपूर्ण नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु तथा परापूर्वकाल देखि नेपालको संवृद्धि तथा वैभव र राष्ट्रिय चरित्रको रुपमा नेपाली नागरीकले अवलम्वन गरी आएको नेपालको संस्कृति र परम्परागत मान्यता प्रति रहीआएको पारस्परिक सुमधुर सहिष्णुतालाई कदर गर्दै राष्ट्रिय एकता कायम गर्नु सामाजिक लक्ष्य हुने" भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । यस संविधानले नेपालको संस्कृति संरक्षणका सम्वन्धमा व्यवस्था नगरी चलीआएको संस्कृतिलाई राष्ट्रिय एकताको रुपमा विकास गर्ने कुरामा मात्र जोड दिएको थियो ।

## ४.४ नेपाल अधिराज्यको संविधान २०४७ :-

यस संविधानमा संस्कृति र शिक्षा सम्वन्धी हक लाइ पहिलो पटक मौलिक हकको रुपमा स्वीकार गरीएको छ । उक्त संविधान निर्माणको क्रममा पनि संस्कृति संरक्षण को लागि संविधानमा के कस्ता प्रावधान राखिनु पर्छ भन्ने सम्वन्धमा पनि व्यापक छलफल भएको र हरेक देशको राष्ट्रिय पहिचानको

एउटा महत्वपूर्ण आधार त्यस देशको संस्कृति हुन्छ भन्ने कुरा प्रति सहमति व्यक्त गर्दै जुन देशको समाज बहुजातिय हुन्छ त्यस देशमा संस्कृतिको विविधता हुने कुरालाई स्वीकार गरीएको कुरा उक्त संविधान निर्माण गर्दाका वखत तयार पारिएका व्याख्यात्मक टिप्णीमा पनि उल्लेख गरेको पाइन्छ । उक्त संविधानको मौलिक हक अन्तर्गत धारा १८(१) मा "नेपाल अधिराज्यमा वसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र प्रवर्द्धनको अधिकार हुनेछ" भनिएको पाइन्छ । त्यस्तै उक्त संविधानमा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत धारा २६(२) मा सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्वन गर्ने कुरालाई पनि जोड दिइएको पाइन्छ ।

## ४.५ समझदारी र सम्झौता :-

नेपाल अधिराज्यको संविधान, २०४७ कायम रहेकै अवस्थामा विगत १० वर्ष देखिजारी सशस्त्र द्वन्द्वको अन्तिम चरणमा २०६२/८/७ मा सात राजनैतिक दल र ने.क.पा. माओवादी बीचको १२ बुंदे समझदारीमा राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा वर्गीय, क्षेत्रीय, जातीय, लैङ्गिक समस्याको समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने कुरा उल्लेख भएको पाइन्छ । त्यस्तै ०६३/८/५ मा नेपाल सरकार र ने.क.पा.(माओवादी) वीच भएको विस्तृत शान्ति सम्झौताको प्रस्तावनामा सामाजिक र सांस्कृतिक रुपान्तरण गर्ने कुरा उल्लेख गर्दै उक्त सम्झौताको बुंदा नं. ३.५ मा वर्गिय, क्षेत्रीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक लगायतका विभिन्न समस्याको संवोधन गर्न समावेशी लोकतान्त्रिक र अग्रगामी पुर्नसंरचना गर्ने कुरा समावेश गरीएको छ । त्यसैगरी मधेश आन्दोलन तथा आदिवासी/जनजातिवाट संचालित आन्दोलनको परिणामस्वरुप सरकारसंग भएका संझौताहरुमा समेत सामाजिक र सांस्कृतिक पक्षहरुलाई समावेश गरीएको छ ।

## ४.६ नेपालको अन्तरिम संविधान २०६३ :-

नेपाल अधिराज्यको संविधान, २०४७ लाई प्रतिस्थापित गरी राजनैतिक पार्टीहरु वीच भएका विभिन्न समझदारी र नेपाल सरकार तथा ने.क.पा.माओवादी वीच भएको विस्तृत शान्ति सम्झौता पश्चात् आएको प्रस्तुत संविधानले नेपालको संस्कृति संरक्षणका क्षेत्रमा उठेका समस्या र सवालहरुलाई धेरै हदसम्म सम्वोधन गरेको छ । यसले संस्कृति सम्वन्धी हकलाई मौलिक हक अन्तर्गत समावेश गर्दै उक्त संविधानको धारा १७(३)मा नेपालमा वसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति,

सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्धन गर्ने हक हुनेछ भन्ने व्यवस्था समावेश गरी २०४७ सालको संविधानमा भएको व्यवस्था भन्दा संस्कृति संरक्षणको क्षेत्रलाई व्यापक फराकिलो बनाएको पाइन्छ । त्यस्तै राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत पनि संस्कृतिलाई समेटिएको पाइन्छ । उक्त संविधानको धारा ३३(घ) मा वर्गिय, क्षेत्रीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक लगायतका भेदभावको अन्त्य गर्ने कुरा राज्यको दायित्व भित्र समेटिएको छ । त्यसैगरी धारा ३५ मा राज्यका नीति अन्तर्गत ३५(३) मा विभिन्न धर्म, संस्कृति, जाती, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषा भाषीहरुका बीच समानता र सह–अस्तित्वको आधारमा सुमधुर सामाजिक सम्बन्ध विकसित गर्ने, कला र संस्कृतिको समान विकासद्वारा देशको सांस्कृतिक विविधता कायम राख्ने कुरा उल्लेख गरीएको छ ।

## ५. सँस्कृति संरक्षण र विकासमा देखिएका समस्याहरु :

संस्कृति भनेको सम्वन्धीत समाजको मौलिक पहिचान हो । जीवन पद्धति वा जीवन यापन गर्ने आ–आफ्नो तरिका पनि हो । आफ्नो संस्कृति र संस्कार सवैलाई राम्रो लाग्नु र त्यस प्रति अपनत्व हुनु पनि स्वभाविक हो । तर नेपालको सन्दर्भमा कुरा गर्दा विगत लामो समय सम्म संस्कृति शक्ति आर्जन गर्ने वा स्वार्थ पुर्ति गर्न निर्माण गरीने हत्कण्डाको रुपमा प्रयोग गरीयो । भाषा, धर्म र विभिन्न सांस्कृतिक समुदाय माथि दमन गर्ने र आफ्नो स्वार्थ अनुकुलको संस्कृति निर्माण गरी लाद्ने काम विगतमा भयो । नेपालमा विभिन्न जाति, भाषा, धर्म, संस्कृति र समुदायका मानिस रहेका र विशाल सांस्कृतिक विविधता रहेको भएपनि विगतको शासनकालमा ती मध्ये केहि निश्चित भाषा र संस्कृतिलाई मात्रै संरक्षण गर्ने कार्य भयो । जात अनुसारको श्रम विभाजन, मानिस–मानिस बीच छुवाछुतको वातावरणको सिर्जना र दलितलाई हेलाको दृष्टिकोणले हेर्ने विभेदकारी सांस्कृतिक मान्यताको विकास भयो । राज्यबाट सधैं एउटै भाषा र संस्कृतिलाई मात्र पक्षपोषण गरी अन्य सांस्कृतिक पक्षलाई उपेक्षा गरीयो । यसले गर्दा विभिन्न समुदायमा सांस्कृतिक पहिचान संग गासिएका मुद्दाका सवाल उठिरहेका छन् ।

समयको परिवर्तन संगसंगै क्रमश: सांस्कृतिक विविधताको सम्मान गर्न सवैखाले संस्कृतिलाई समान संरक्षण गर्ने सोचको विकास केही हदसम्म भएको छ र सो को प्रतिविम्ब नेपालको अन्तरिम संविधान, २०६३ मा देख्न सकिन्छ । यस संविधानले वर्तमानमा उठेका सांस्कृतिक सवालहरुलाई धेरै

हदसम्म संबोधन गर्ने प्रयत्न गरेको देखिन्छ । तथापि वर्तमान अवस्थामा संस्कृति सम्बन्धमा रहेका समस्याहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- हालै मात्रै संस्कृति मन्त्रालयको गठन भएपनि संस्कृतिको संरक्षण र सम्वर्द्धनका सम्बन्धमा के कस्ता समस्या विद्यमान छन् र तिनीहरुको समाधान गर्न के कस्ता उपायहरु अवलम्वन गरीनु पर्छ भन्ने सम्वन्धमा कुनै ठोस् नीति बन्न सकेको छैन् ।

- वर्तमान अवस्थामा देशको कुन क्षेत्र वा समुदायमा के कस्ता संस्कृतिहरु प्रचलित छन् ? तिनीहरुमा समेटिने विषय के के हुन भन्ने सम्बन्धमा कुनै अध्ययन गरीएको छैन् । सांस्कृतिक विविधता लाई राष्ट्रिय स्तरमा पहिचान गर्न हालसम्म त्यसको अभिलेखीकरण हुन सकेको छैन् । विविध संस्कृतिको पहिचान गरी तथ्यांक राख्ने आधिकारीक निकायको पनि अभाव छ ।

- परम्परागत रुपमा रहेका कतिपय सांस्कृतिक कुसंस्कार तथा कुरीति र कुप्रथाहरुको पहिचान गरी त्यस्ता कुरीतिहरुलाई समाजवाट निर्मुल गर्न सकिएको छैन । त्यस्ता कुसंस्कार हटाउन कानूनमा गरीएका व्यवस्थालाई पनि प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिनु र पुरातनवादी संस्कार र आचरणका विरुद्धमा नवीनतम आचरण र संस्कारको विकास र पूर्ण जनचेतनाको अभाव रहेको छ ।

- सांस्कृतिक रुपान्तरण हुन नसक्नु (सांस्कृतिक रुपान्तरणको समस्या भनेको एक वर्ग/समुदायका विचार, भावना र संस्कृतिको अर्को वर्ग/समुदायको विचार, भावना र संस्कृतिमा रुपान्तरण हुन नसक्नुलाई इंगित गर्न सकिन्छ) ।

- विगतको राणा काल पूर्व देखि प्रभुत्वमा रहेका अभिजात्य वर्गको राज्यमाथिको एकाधिकार र अहंकारका कारण सामन्ती संस्कृति हावी भई जातीय आधारमा छुवाछुत र श्रम विभाजन तथा लैंगिक आधारमा भएका विभेदहरु पूर्ण रुपमा निर्मुल हुन सकेको छैन् ।

- बसाई सराई, तीव्र शहरीकरण, भूमण्डलीकरण जस्ता कारणले अल्पसंख्यकको रुपमा रहेका समुदायहरु को साँस्कृतिक पहिचान लोप हुने स्थितिको सिर्जना हुनु र कतिपय संस्कृति लोप भैसकेको अवस्थामा छ ।

- कैयौं आदिवासी/जनजाति, मधेशी/तराईवासी, दलित तथा उत्पिडीत एवं पिछडिएका वर्ग आफ्नो परापूर्वकालदेखिको वासस्थानवाट विस्थापित हुँदै जानुवाट तिनीहरुको साँस्कृतिक र भाषिक पहिचान जोखिममा परेका छन् ।

- देशको विभिन्न भागमा रहेका मौलिक कला, संस्कृति, साहित्य, भेषभुषा, पुरातात्विक एवं साँस्कृतिक महत्वका सम्पदा आदिको उचित संरक्षण र संवर्द्धनको अभाव रहेको छ ।

## ६. सँस्कृति संरक्षण र विकासका लागि अवलम्बन गरीनुपर्ने उपायहरु :

- संस्कृतिका नाममा समाजमा रहेका कुरीति, कुसंस्कार, कुप्रथा जस्ता विकृतिहरुलाई कानूनद्वारा प्रतिवन्ध लगाई दण्डनीय बनाउनु पर्छ । साथसाथै त्यस्तो व्यवस्था कार्यान्वयन गर्ने प्रभावकारी संयन्त्रको निर्माण गरीनु उपयुक्त हुन्छ ।

- धर्म, जात, जाति र श्रम समेतका आधारमा गरीने विभेद र विकृतिलाई हटाई सवैले समान रुपमा आफ्नो संस्कृतिको अवलम्वन र अभ्यास गर्न पाउने र समान हैसियतमा वाच्न पाउने समतामूलक संस्कृतिको निर्माण गरीनु पर्छ । यसको लागि सवैलाई समान व्यवहार गर्ने नीति राज्यवाट अख्तियार गरीनुपर्छ ।

- संघीय संरचनामा आ-आफ्नो क्षेत्रको संस्कृति संरक्षणको विषय सम्वन्धीत प्रान्तीय सरकारको हुनु पर्छ । त्यसैले प्रान्त भित्रको कला, संस्कृति, सम्पदा तथा पुरातात्विक महत्वका स्थल आदिको संरक्षण र विकासमा प्रान्तीय सरकारलाई जिम्मेवार बनाइनु पर्छ । केन्द्रिय सरकारले

आवश्यकता अनुसार समन्वयात्मक र सहयोगी भूमिका खेल्न सक्ने व्यवस्था गरीनु उपयुक्त हुन्छ ।

- देशका भौतिक संरचनाको रुपमा रहेका सांस्कृतिक महत्वका ऐतिहासिक र पुरातात्विक संरचनाहरु, पवित्र तीर्थस्थल, नदी, तलाउ, कुण्ड लगायतका ऐतिहासिक महत्वका चीज वस्तु, परम्परागत कलाकृतिहरु तथा संस्कृतिको रुपमा पहिचान भएका भाषा, लिपि, धर्म, आस्था, ज्ञान, शीप रीति परम्परा आदिको संरक्षणको संवैधानिक प्रत्याभूति गरीनु पर्छ ।

- नेपालमा रहेका सांस्कृतिक धरोहर, मूल्य र मान्यताहरु, कला, कृति, ज्ञान, शीप आदिको अभिलेखिकरण वैज्ञानिक ढंगले भएको छैन् । यस सम्वन्धी विस्तृत अनुसन्धान र यथार्थ अवस्थाको आधिकारिक प्रकाशन पनि छैन् । तसर्थ, अव वन्ने संविधानमा त्यस्ता विषयको अभिलेखीकरण तथा संस्कृतिको संरक्षण र विकासको लागि एउटा संस्कृति सम्वन्धी आयोगको व्यवस्था गरीनु पर्छ ।

- संस्कृतिको संरक्षण र विकासका सम्वन्धमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरुको कार्यान्वयनमा जोड दिइनु पर्छ ।

## ग) सामाजिक ऐक्यबद्धताको आधार निर्धारण सम्बन्धी

### १. सामाजिक ऐक्यबद्धता सम्बन्धी सैद्धान्तिक अवधारणा :

समाज सामाजिक व्यवस्था भित्रका इकाईहरु वीचको अन्तरसंम्वन्ध, अन्तरसंघंष र रुपान्तरणको समष्टी रुप हो । सामाजिक व्यवस्थाका रुपमा व्यक्ति, समूह, संघ, संस्था वा विभिन्न इकाईहरु रहेका हुन्छन् । सामाजिक व्यवस्थाका प्रत्येक इकाईहरु आपसमा सम्वन्धीत र अन्तरनिर्भर हुन्छन् । यसरी हरेक इकाईहरु वीचको अन्तरनिर्भरता समाजको आधारभूत विशेषताको रुपमा रहेको हुन्छ ।

समाज जटिल, व्यापक, गतिशील र परिवर्तनशील विषय हो । सामाजिक व्यवस्थाका रुपमा विभिन्न मूल्य मान्यता, परम्परा, संस्कृति, भाषा एवं आर्थिक अवस्था भएका व्यक्ति वा समुदायहरु रहेका हुन्छन् । तिनीहरुवीचको आपसी सम्वन्ध, विश्वास र अन्तरसंघंषले समाजमा शान्ति, स्थिरता र विकास सम्भव हुन्छ । यही आपसी विश्वास, सम्वन्ध र सम्मानको आकांक्षावाटै सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणाको विकास भएको हो ।

सामान्य अर्थमा सामाजिक ऐक्यवद्धता भनेको समाजका विभिन्न व्यक्ति र समुदायको पारस्परिक अन्तर्निर्भरता हो । एक अर्का वीचको आपसी सद्भाव, सामन्जस्यता र पारस्परिकता प्रस्तुत अवधारणाका आधारभूत पक्षहरु हुन् । व्यापक अर्थमा भन्ने हो भने सामाजिक स्वार्थको प्रोत्साहन, संरक्षण र समान वितरण नै सामाजिक ऐक्यवद्धता हो । यही सामाजिक ऐक्यवद्धताको पृष्ठपोषणवाट नै राष्ट्रियता वा राष्ट्रिय एकताको जन्म हुन्छ । समाजमा रहेका विभिन्न व्यक्ति वा समुदायहरुको भाषा, संस्कृति, धार्मिक आस्था र विविध मूल्य मान्यताहरुको सम्मान, संरक्षण र विकासवाट नै सामाजिक ऐक्यवद्धताको आधार निर्माण हुन्छ । अर्थात, समाजमा विद्यमान सवै पक्षहरुको पहिचान, संरक्षण र विकास नै सामाजिक ऐक्यवद्धताको आधारस्तम्भ हो ।

इतिहासको कुनै पनि कालखण्ड र जुनसुकै समाजलाई हेरे पनि अन्तर्रनिर्भरता कटु सत्यको रुपमा रही आएको छ । समाज र मानव सभ्यताको विकाससँगै यो अन्तरनिर्भरता अझ वढ्दै गएको छ । आज मानिस अर्काको कुनै न कुनै किसिमको सहयोग विना वाच्नै सक्दैन । यस किसिमको अन्तर्निर्भरताले गर्दा

समाजमा एक किसिमको संस्कृति वा मूल्य मान्यताको विकास भएको हुन्छ । अझ भनौं श्रमको विशिष्टीकरण गरेको हुन्छ । जसको आधारमा एक अर्काको कार्यबाट आवश्यकता परिपूर्ति हुन्छ ।

सामाजिक ऐक्यवद्धता सम्बन्धी अवधारणाको विकास फ्रेन्च समाजशास्त्री इमाइल डुर्कहाईमले गरेका हुन् । उनका अनुसार "समाजमा मानिसका दुई किसिमका आवश्यकता हुन्छन् । पहिलो, सबै मानिसका सामूहिक आवश्यकता र दोश्रो व्यक्तिका अलग अलग आवश्यकता । पहिलो आवश्यकता मानिसले आपसी सहयोगका आधारमा प्राप्त गर्दछन र दोश्रो किसिमको आवश्यकता आ–आफ्नो श्रम एक अर्कामा विनिमय गरेर प्राप्त गर्दछन् । उनको विचारमा मानिसहरु बीचको श्रमको विभाजन नै सामाजिक एकताको महत्वपूर्ण आधार हो र यही एकता नै सामाजिक ऐक्यवद्धता हो । उनका अनुसार सामाजिक ऐक्यवद्धता सामाजिक तथ्य हो, कल्पना होईन । मानिसको जीवन र विकास यही अवधारणामा समेटिएका हुन्छन् ।" डुर्कहाईमको यही धारणामा आधारित भएर लियोन दुगीले सामाजिक ऐक्यवद्धताको विधिशास्त्रीय मान्यतालाई अगाडि सारेका छन् । उनका अनुसार "समाजको संरचना समाजका सदस्यहरुको पारस्परिक अन्तर्निर्भरतावाट गठन भएको हुन्छ । समाजमा मानिस एक अर्काको सहयोग बिना बाच्न नसक्ने हुनाले समाजका सम्पूर्ण गतिविधिहरु यही आपसी भरोसालाई व्यापक र व्यवस्थित बनाउने तर्फ मुखरित हुनुपर्छ र राज्यको भूमिका पनि यही उद्देश्य प्राप्तिका लागि क्रियाशिल हुनुपर्दछ । उनका विचारमा कानून सामाजिक ऐक्यवद्धता निर्माण गर्ने साधन मात्र हो ।"

यसरी सामाजिक ऐक्यवद्धता हरेक राज्य वा समाजको लागि अनिवार्य शर्तका रुपमा रहन्छ । समाजमा विभिन्न स्वार्थ, चाहना र मूल्य मान्यताको विद्यमानताले यसको सान्दर्भिकतालाई अझ बढी उजागर गर्दछ । सामाजिक ऐक्यवद्धताको जगमा व्यापक राष्ट्रिय एकताको प्रवर्द्धन गर्न सामाजिक ऐक्यवद्धताका उपयुक्त र मजबुद आधारहरु निर्माण गरीनु पर्दछ । सामाजिक ऐक्यवद्धताका आधारहरु समाज सापेक्ष हुन्छन् । तसर्थ, समाजको वस्तुनिष्ट विश्लेषणका आधारमा तिनीहरुको पहिचान हुनु पर्दछ । संविधान देशको मूल कानून र सरकारको लागि निर्देशिका समेत भएकोले सामाजिक ऐक्यवद्धताको आधार निर्माणका लागि राज्यले अख्तियार गर्ने नीति र सरकारको भूमिका स्पष्ट गर्न त्यसलाई संविधानले नै संबोधन गर्नुपर्ने औचित्यता रहन गएको हो ।

## २. नेपाली समाज र सामाजिक ऐक्यबद्धताको सवाल :

नेपाली समाज विविध जातजाति, भाषा, संस्कृति र मूल्य मान्यताको एकिकृत रुप हो । नेपाल भौगोलिक र जैविक विविधताको दृष्टिकोणले मात्र होइन सामाजिक र सांस्कृतिक रुपले पनि विविधतायुक्त छ । नेपालमा १०२ भन्दा बढी जातजाति, ५९ आदिवासी/ जनजाति र ९२ भन्दा बढी भाषाहरु रहेको २०५८ सालको जनगणनाको तथ्याङ्कले देखाएको छ । त्यसैगरी विभिन्न धार्मिक समुदायहरु रहेको नेपाली समाज धार्मिक रुपले समेत विविधतापूर्ण छ । वर्ण व्यवस्थामा आधारित जाति व्यवस्था र सोही आधारमा गरीएको श्रम विभाजन नेपालको विशेषता नै बनीआएको छ । विभिन्न जातजाति वा समुदायहरुको आ–आफ्नै मूल्य मान्यता, संस्कार, रीतिरिवाज, चाडपर्व र सामाजिक क्रियाकलापको विद्यमानताले सांस्कृतिक वहुलवादलाई प्रश्रय दिईरहेको छ । जातिगत आधारमा उच नीचको भावना र सोही आधारमा विकसित छुवाछुत प्रथा जस्ता तमाम कुरीति र कुसंस्कृतिहरु नेपाली समाजमा जकडिएर रहेका छन् । त्यसैगरी नेपाली समाजमा अत्यन्त पछाडि पारिएका र राज्यको मूलप्रवाहमा आउन नसकेका अल्पसंख्यक, सिमान्तकृत, आदिवासी/जनजाति, समेतको बाहुल्यता छ । सदियौं देखिको वर्गिय तथा सामाजिक विभेद र राज्यको असमान वा विभेदकारी नीतिका कारण उनीहरुको आर्थिक सामाजिक हैसियत अत्यन्त खस्किएको छ । पितृ सत्तात्मक ढाँचामा आधारित समाज भएकोले महिलाहरु सबै क्षेत्रमा उत्पीडनमा परेका छन् । भाग्यवादी सोच र अवैज्ञानिक दृष्टिकोणका कारण आर्थिक, सामाजिक स्तर न्यून छ । त्यसैगरी निर्वाहमुखी उत्पादन प्रणाली र परम्परागत प्रविधि एवं औद्योगिक विकासको अभावले अधिकांश नेपाली नागरीक गरीवीको रेखामुनी रहेका छन् । प्राचीन कला र संस्कृतिले धनी मुलुक भएपनि पाश्चात्य संस्कृतिकरण र विश्वव्यापिकरणले संस्कृतिका विविध पक्षहरुमा प्रभाव पारिरहेको छ ।

सामाजिक ऐक्यबद्धताका लागि नेपालमा विद्यमान सबै संस्कृति, भाषा, सबैका मूल्य मान्यता र आस्थाको मान्यता, संरक्षण र विकास हुनु पर्दछ । ती सबैको पहिचान, संरक्षण र विकास हुनु पर्दछ । आर्थिक सामाजिक न्याय हुनु पर्दछ । सबैखाले बहिस्करण र भेदभावको अन्त्य हुनु पर्दछ । नेपालको इतिहासलाई हेर्दा एक अर्काको धर्म, संस्कृति र मूल्य मान्यताको सम्मान, पारस्परिकता, सद्भाव, सहिष्णुता नेपाली समाजको आधारभूत विशेषताकै रुपमा रहीआएका छन् र यसबाट नै विविधतामा एकता कायम हुन सकेको हो । तथापि त्यस किसिमको एकतामा राज्यका तर्फबाट भएको विभेद वा सिमित व्यक्ति वा वर्गका खातिर बनाईएका कतिपय नीतिहरुका कारणबाटै विग्रहको स्थिति पैदा भएको छ । त्यही सामाजिक

विभेद, असमानता, बहिस्करण आदिका कारणबाटै नेपाली समाजमा थुप्रै द्वन्द्व वा संघर्षहरु पनि भएका छन् । आज नेपाली समाज ती द्वन्द्व, संघर्ष वा आन्दोलनको पृष्ठभूमिबाट अगाडि बढ्दै शान्ति, प्रगति, लोकतन्त्र, समानता र समावेशीकरण एवं आर्थिक सामाजिक न्यायलाई संस्थागत गर्न लागि परेको छ ।

नेपालमा जातीय, लैङ्गिक विभेद र सांस्कृतिक, सामाजिक असमानताको शुरुवात हिन्दु वर्ण व्यवस्थाबाटै भएको हो । हिन्दु धर्मशास्त्रका मान्यताहरु वैदिक कालबाट शुरु भयो । ती गलत नीति वा मान्यताका कारण समाजमा विभेदकारी वर्णाश्रम व्यवस्थाको शुरुवात भयो । तिनै विकृत मूल्य मान्यताका आधारमा विभेदकारी व्यवस्थाहरुको अवलम्बन गरीएको छ । समाजमा उच नीच जाति, उच्च वर्ग र निम्न वर्गको सिर्जना गरी समाजलाई विभाजित गरीएको छ । जसका कारण सामाजिक एकता कमजोर बनेको छ ।

नेपाल सांस्कृतिक विविधतायुक्त भएपनि संस्कृतिको नाममा धर्मका कोरा सिद्धान्तहरुलाई लाद्ने काम विगतमा राज्यस्तरबाट नै भएको देखिन्छ । संस्कृतिको संरक्षण र सम्वर्द्धनको नाममा कुनै खास संस्कृतिलाई मात्र संरक्षण र प्रश्रय दिइएबाट अन्य कतिपय संस्कृतिको लोप भएको र कतिपय संस्कृति लोप हुने अवस्थामा पुगेका छन् । सामाजिक ऐक्यवद्धताका लागि सबै संस्कृति र मूल्य मान्यताको समान संरक्षण, मान्यता र विकास हुनुपर्ने भएपनि राज्यले त्यसलाई उपयुक्त ढंगले सम्बोधन गर्न सकेको देखिदैन । त्यस्तै राजनैतिक घटनाक्रम र शासन व्यवस्थाको परिवर्तनसँगै मौलिक संस्कृतिको मान्यता र संरक्षण भन्दापनि शासक वर्गको अनुकूल संस्कृतिलाई लादने काम भएको देखिन्छ । प्रजातन्त्रको प्राप्ति पश्चात सांस्कृतिक परिवर्तनका केहि प्रयास भएपनि पंचायती व्यवस्थाको प्रादुर्भावसँगै त्यसले निरन्तरता पाउन सकेको देखिदैन । नेपालमा प्रजातन्त्रको पुनर्स्थापना पछि भने संस्कृतिको संरक्षणका लागि सकारात्मक शुरुवात भएको देखिन्छ । तथापि विगतको राज्य व्यवस्था अन्तर्गत अन्तर्सम्बन्धित भएर रहेका अवैज्ञानिक र विभेदकारी संस्कृतिहरुको रुपान्तरण र ओझेलमा पारिएका संस्कृतिहरुको पहिचान, संरक्षण र सम्वर्द्धनका लागि ठोस् कदम चाल्नु पर्ने थियो तर त्यसो हुन सकेन ।

नेपाल बहुभाषिक मुलुक भएपनि एकात्मक राज्य व्यवस्था अन्तर्गत एकभाषिक नीतिको अवलम्बन गरीएबाट नेपालीतर भाषाहरुको संरक्षण र विकास उपयुक्त रुपमा हुन सकेन । सबै भाषा प्रतिको सम्मान र भाषिक अधिकारको प्रत्याभूतिले भाषिक एकता कायम भई अन्ततः त्यसले सामाजिक ऐक्यवद्धतालाई

प्रवर्द्धन गर्दछ। तसर्थ अब बन्ने संविधानले नेपालका सबै भाषाहरुको सम्मान, संरक्षण, प्रयोग र विकासको सुनिश्चितता गर्नु पर्दछ।

नेपाली समाज बहु धार्मिक समाज हो। धर्मले सामाजिक सम्बन्ध र व्यवहारलाई केहि हद सम्म निर्देशित गर्दछ। धर्म र समाजको अन्योन्याश्रित सम्बन्ध रहन्छ। यो समाजमा मेलमिलापको केन्द्रको रुपमा पनि रहन्छ। यसका लागि राज्यको समान र सन्तुलित व्यवहार आवश्यक हुन्छ। धार्मिक सहिष्णुता नेपाली समाजको मौलिक चरित्रको रुपमा रहीआएको छ। यो नेपाली मात्रको गर्वको विषय हो। तथापि हिन्दु धर्मको शासकवर्गसंग रहेको अन्तर्सम्बन्धका कारण विगतमा अन्य धर्महरुले समान मान्यता र पहिचान नपाएको गुनासो अन्य धर्मावलम्बीहरुको छ। त्यस्तै हिन्दु राज्यको मान्यताले नेपाली कानून र संस्कृतिको समेत हिन्दुकरण भयो भन्ने जबरजस्त आवाजहरु उठे। त्यसैले नेपालको अन्तरिम संविधान, २०६३ ले धर्म निरपेक्षतालाई अंगिकार गर्न बाध्य भयो। धर्म निरपेक्षताको मूल अर्थ सर्वधर्म, समभाव् र तटस्थता नै हो। तथापि यसलाई संस्थागत गर्ने सन्दर्भमा कैयन सवालहरु उठ्ने गरेका छन्। धार्मिक सहिष्णुताको जगमा कसरी सामाजिक ऐक्यवद्धता कायम गर्ने भन्ने विषयलाई पनि अब बन्ने संविधानले सम्बोधन गर्नुपर्ने भएको छ।

नेपाली समाजको संरचना मूलतः जाति व्यवस्थामा आधारित छ। हिन्दु वर्ण व्यवस्थामा आधारित जातिगत व्यवस्थाले पेशागत विशिष्टिकरण समेत ल्याएको छ। वैदिककालमा व्यक्तिको पेशाका आधारमा जातिगत नामाकरण गरीएको भएपनि पछि आएर त्यही जाति व्यवस्थालाई श्रम र शक्तिको विभाजनको आधारका रुपमा प्रयोग गरीएको पाईन्छ। यसले नेपाली समाजमा जातिगत उच्चता र नीचताको भावना पैदा गरेको छ। त्यतिमात्र नभएर यसैका आधारमा छुवाछुत जस्ता कुप्रथा र परम्पराको समेत विकास भयो। यसरी नेपाली समाज जातिगत आधारमा विभिन्न मूल्य मान्यता र परम्पराको जबर्जस्त रुप बन्न पुगेको छ। सामाजिक ऐक्यवद्धताका लागि सबैका मूल्य मान्यताहरुको संरक्षण र सम्मान आवश्यक पर्ने भएपनि विद्यमान थुप्रै मूल्य मान्यताहरु विभेद र असमानताको जगमा निर्माण भएका छन्। तसर्थ, त्यस्ता मूल्य मान्यताहरुको अनिवार्य रुपान्तरण आवश्यक छ। नेपाली समाजमा कोरा र अवैज्ञानिक मूल्य मान्यताका आधारमा विभिन्न कुप्रथा, कुसंस्कार र कुरीतिको जन्म भएको छ। तिनको निर्माणमा धार्मिक, सामाजिक, मनोवैज्ञानिक र राजनैतिक पक्षहरुको विशेष भूमिका रहेको छ। तथापि राज्य व्यवस्थाबाटै

सिर्जित विभेद र असमानता महत्वपूर्ण कारकतत्व हुन् । तसर्थ, अव वन्ने संविधानले विद्यमान मूल्य मान्यताहरुको पहिचान र संरक्षण गरीरहंदा समायानुकुल रुपान्तरण अनिवार्य छ ।

नेपाली समाज जातिगत मात्र होइन, विभिन्न सामाजिक समूहमा पनि विभाजित छ । अर्थात, अल्पसंख्यक, सीमान्तकृत वा पिछाडिएका वर्ग र समूदायहरु समेत रहेका छन् । नेपाली समाजमा सदियौं देखि पछाडि पारिएका र राज्यव्यवस्थामा पहुंच नभएका समूहहरुको मूलप्रवाहीकरण अत्यन्त कठिन वनेको छ । खासगरी राज्य व्यवस्थाले विशेष पहल गर्न नसक्दा ती समूहहरुको राज्य व्यवस्थासंगको दुरी समेत वढेर गएको छ । समाजका अन्य समुदायहरुसंगको खाडल वढ्दो छ । उनीहरु समाजमा आफूलाई दोश्रो दर्जाको नागरीक सम्झन्छन् । यस्तो विषम परिस्थितिले गर्दा उनीहरु आफ्नो पहिचान वा अस्तित्व नै गुमाउने अवस्थामा छन् । त्यस्तै आदिवासी/जनजातिहरुको अवस्था पनि उल्लिखित परिस्थिति भन्दा धेरै भिन्न छैन् । सामाजिक ऐक्यवद्धताका लागि सवैको पहिचान, सम्मान, समान अवसर र पहुंचको सुनिश्चितता अपरिहार्य भएपनि नेपालमा प्रजातन्त्रको पूनर्स्थापनापूर्व त्यसतर्फ खासै पहल भएको पाइदैन । संवैधानिक व्यवस्थाका रुपमा नेपाल अधिराज्यको संविधान, २०४७ ले यसका लागि आधार निर्माण गरेको भएपनि व्यवहारतः कुनै सुधार आउन सकेन । नेपालको अन्तरिम संविधान, २०६३ ले त्यस्ता समुदाय वा वर्गको पहिचान र विशेष व्यवस्था मार्फत उनीहरुलाई राज्यको मूलप्रवाहमा ल्याउने मार्गचित्र कोरेको छ । त्यस्तै नेपाल ती समुदायहरुको अधिकार र संरक्षण सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिहरुको समेत पक्ष राष्ट्र वनी सकेको छ । प्रस्तुत पृष्ठभूमिमा अव वन्ने संविधानले तिनको कार्यान्वयनका लागि उपयुक्त र प्रभावकारी कदम चाल्नुपर्ने भएको छ ।

नेपाली समाजको अर्को पक्ष आर्थिक असमानता हो । जातिगत आधारमा भूमि माथिको स्वामित्व र आर्थिक क्रियाकलापमा संलग्न हुने कुरालाई मान्यता दिनेगरी मध्यकालमा निर्माण भएको जगका आधारमा नेपाली समाजको आर्थिक अवस्था निर्देशित भएर आएको छ । त्यसै आधारमा जातिय, लिङ्गीय, वर्गीय र क्षेत्रीय असमानताको सिर्जना भएको छ । १९१० को मुलुकी ऐनले त्यसै कुरालाई संस्थागत गऱ्यो । कथित उच्च वर्ग र निम्न वर्गको सिर्जनावाट समाजमा हुने र नहुने वर्गको खाडल वढेर गएको छ । राज्यका श्रोत र साधनहरुको असमान वितरण र सवैको समान पहुंचको अभावका कारण विगतमा सामाजिक वहिस्करणले प्रश्रय पाएको छ । करिव ८० प्रतिशत भन्दा वढी कृषिमा आधारित मुलुकमा कैयन व्यक्तिहरु भूमिहीन छन् । त्यस्तै भूमिको वैज्ञानिक मापन र व्यवस्थापन समेत अहं सवालका रुपमा उठ्ने गरेको छ ।

खासगरी आदिवासी जनजाति र दलितहरुको भूमि माथिको अधिकारलाई स्पष्ट ढंगले सम्बोधन हुन सकेको छैन् । श्रोत र साधनको अभावका कारण सदियौं देखि कमैया, हलिया, जस्ता कुप्रथाहरुले स्थान पाएका छन् । विगतमा सामाजिक र आर्थिक सुधारका केही प्रयासहरु भएपनि त्यस्तो प्रयासले सार्थकता पाउन सकेन । नेपालमा प्रजातन्त्रको पुर्नस्थापना पूर्वको संविधानमा सामाजिक न्याय दिने कुराको उल्लेखसम्म भएपनि व्यवहारतः त्यो व्यवस्था मृतप्राय रहयो । प्रजातन्त्रको पूनर्स्थापना पछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले आर्थिक श्रोत र साधनलाई सिमित व्यक्तिहरुमा केन्द्रित हुन नदिई सामाजिक न्यायका आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरण गर्ने कुरालाई संवैधानिक मान्यता दिएपनि त्यसको स्पष्ट आधार र खाका कोर्न नसकेका कारण सामाजिक विभेद कायमै रहयो । त्यस्तो अवस्थाको अन्त्यका लागि नेपालको अन्तरिम संविधान, २०६३ ले आवश्यक व्यवस्थाहरु गरेको छ । यसका अतिरिक्त सरकारका तर्फबाट विभिन्न घोषणाहरु जारी भएका छन् । सामाजिक वहिस्करण र आर्थिक, सामाजिक असमानताहरु हटाउन विशेष नीतिहरु समेत अवलम्वन गर्ने प्रयास गरीएका छन् । यस परिप्रेक्ष्यमा संविधानले ती सवाल र प्रयासहरुलाई अझ बलियो ढंगबाट संस्थागत गर्दै सामाजिक ऐक्यवद्धतालाई बल पुऱ्याउनु पर्ने हुन्छ ।

नेपाली समाजमा आर्थिक सामाजिक रुपले पछाडि पारिएका वर्ग वा समुदाय छन् । यी लगायत अनाथ, बालवालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त, एकल महिला र सीमान्तकृत वर्ग समेतको सामाजिक सुरक्षाको व्यवस्था सामाजिक ऐक्यवद्धताका लागि अपरिहार्य हुन्छ । नेपालमा प्रजातन्त्रको पूनर्स्थापनापूर्व राज्यका तर्फबाट नत त्यसका लागि कुनै पहल भयो नत संवैधानिक रुपमा त्यस पक्षको उजागर नै गरीयो । नेपाल अधिराज्यको संविधान, २०४७ ले सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने प्रावधान उल्लेख गरे पनि राज्यले त्यसका लागि आवश्यक कानूनी र संस्थागत व्यवस्था गर्न नसकेको कारण त्यसले सकारात्मक परिणाम ल्याउन सकेन । त्यस्तै सामाजिक सुरक्षाका व्यवस्थाहरुको समन्यायिक ढंगबाट वितरण गर्ने कुरामा पनि समस्या रहयो । यसले गर्दा उपलब्ध सामाजिक सुरक्षाका व्यवस्थाहरुको प्रभावकारितामा समेत न्यूनता आयो । नेपालको अन्तरिम संविधान, २०६३ ले भने सामाजिक सुरक्षाका व्यवस्थाहरुलाई प्रभावकारी ढंगबाट परिचालन हुनसक्ने आधारहरु प्रस्तुत गरेको छ । यसै बीचमा केहि सार्थक प्रयासहरु पनि भएका छन् । उपरोक्त लगायत विभिन्न शसस्त्र द्वन्द्व र विभिन्न समयमा भएका आन्दोलन र जनआन्दोलनका क्रममा पिडित भएका पक्षहरुको सामाजिक सुरक्षाको व्यवस्था राज्यले गर्नुपर्ने भएको छ । तसर्थ, अब बन्ने संविधानले यस पक्षलाई पनि उपयुक्त ढंगले संवोधन गर्नुपर्ने भएको

छ । त्यसैगरी नेपाली समाज विविधतायुक्त समाज भएको हुँदा वितरणकारी न्याय सिद्धान्तको आधारमा सामाजिक न्याय प्रदान गर्नुपर्ने अनिवार्यता समेत रहेको छ ।

सांस्कृतिक सामाजिक परिवर्तन कुनै पनि समाजको नियम हो । नेपाली समाज पनि त्यसको अपवाद रहन सक्दैन् । राजनैतिक, आर्थिक, सामाजिक, भौगोलिक, शैक्षिक, प्राविधिक आदि पक्षहरुले सामाजिक सांस्कृतिक परिवर्तनको लागि महत्वपूर्ण कार्य गरीरहेका हुन्छन् । त्यस्तै यसका लागि समुदाय, संघ संस्था, राजनैतिक दल र स्वयं राज्यले समेत भूमिका खेलिरहेको हुन्छ । नेपाली समाजको पनि सामाजिक र सांस्कृतिक परिवर्तन क्रमश: हुँदै आएको छ । यसले गर्दा समाजमा नयाँ संस्कृति, मूल्य मान्यता र सामाजिक संरचनाको विकास प्रकृया अगाडि बढेको छ । सामाजिक सांस्कृतिक परिवर्तनको बोध वस्तुनिष्ठ आधार र यथार्थपरक ढंगले गर्न सक्नु पर्दछ । सामाजिक सांस्कृतिक परिवर्तनसंगै समाजमा नयाँ आधार र परिस्थितिको निर्माण भएको हुन्छ । यसले समाजमा नयाँ किसिमको सम्बन्ध र अन्तर्निर्भरताको विकास गराएको हुन्छ । तसर्थ, सामाजिक ऐक्यबद्धताको आधारको खोजी गर्दा सांस्कृतिक सामाजिक परिवर्तनलाई पनि सापेक्ष रुपमा हेरिनु पर्दछ ।

नेपालको एकिकरण हुनुपूर्व स्वतन्त्र राज्यहरुको अस्तित्व रहेको भएपनि एकिकरण पछि एकात्मक व्यवस्था अन्तर्गत राज्य सञ्चालन हुँदै आएको छ । एकात्मक राज्य व्यवस्थाको कारणले सबै क्षेत्रहरुको विकास समान ढंगले हुन सकेन । खासगरी आर्थिक क्रियाकलापहरुको संञ्चालन समन्यायीक ढंगबाट हुन नसकेका कारण आर्थिक असमानता व्याप्त छ । विभिन्न क्षेत्र र समुदायहरुको राजनीतिक, आर्थिक र सामाजिक समावेशीकरण हुन सकेको छैन् । त्यसबाट ती क्षेत्र र समुदायहरुको सर्वाङ्गिण विकास हुनसकेको छैन् । सहरी र ग्रामिण विकासमा ठूलो विभेद हुन आएको छ । नेपालको संविधान, २०१९ ले ग्रामिण विकासको लागि सुधार गर्ने नीति उल्लेख गरेपनि यो संविधानमा मात्र सिमित रह्यो । २०४७ सालको संविधानले विकेन्द्रिकरणको नीति ल्याई राज्यको अग्रगामी पुन: संरचनामा उपयुक्त दृष्टिकोण राख्न नसक्दा सफल हुन सकेन । २०६३ सालको अन्तरिम संविधानले राज्यको वर्तमान केन्द्रिकृत र एकात्मक शासन व्यवस्थाको अन्त्यगरी समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचनाका लागि राज्यलाई संघीय संरचनामा लैजाने कुराको प्रत्याभूति गरेको छ । सामाजिक ऐक्यबद्धताका लागि सबै क्षेत्रको समन्यायिक विकास, समानुपातिक, समावेशीकरण, पहिचान र सीमान्तकृत वर्ग र समुदायहरुलाई विशेष अधिकार अनिवार्य हुन्छ । विभेदको महसुस भएसम्म सामाजिक एकता हुन सक्दैन र सामाजिक एकता बिना राष्ट्रिय एकताको

निर्माण सम्भव छैन् । तसर्थ, अब बन्ने संविधानले उल्लिखित उद्देश्य हासिल गर्न राज्यको उपयुक्त ढंगबाट पुनर्संरचना गर्नु पर्ने भएको छ ।

## ३. विद्यमान चुनौतिहरु :

नेपाली समाज एक खालको ऐतिहासिक पृष्ठभूमि राजनैतिक, आर्थिक र सामाजिक परिवेश र शासन व्यवस्था हुँदै यहाँसम्म आइपुगेको छ । यसले गर्दा सोही अनुरुपको संस्कृति, मूल्य मान्यता र सोचको विकास भएको छ । समाजका विभिन्न पक्ष र पहलुहरुमा राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक र मनोवैज्ञानिक पक्षहरुले भूमिका खेलीरहेका छन् । यस परिस्थितिमा राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पूनर्संरचना मार्फत सामाजिक ऐक्यवद्धताको आधार निर्माण गर्नु निश्चित रुपमा चुनौतिपूर्ण छ । ती चुनौतीहरुलाई मूलभूत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- नेपाली समाज सदियौं देखि अवैज्ञानिक र कोरा सिद्धान्तमा आधारित जातीय व्यवस्थाबाट निर्देशित छ । त्यस्तै जातिगत विभाजनलाई धर्मशास्त्रसँग जोडेर हेर्ने गरीएको छ । यसरी जातीय विभाजन र उच्च निच जातको कोरा मान्यता नेपाली समाजको विशेषता वनीआएको छ । यसैका आधारमा छुवाछुत जस्ता कुप्रथाहरुको विकास भएको छ । जातीय विभाजनले जातीय उत्पीडनलाई बढावा दिएको छ । धर्मका आडमा सिर्जना गरीएका अवैज्ञानिक सिद्धान्त र मूल्य मान्यतामा आधारित जातीय विभाजनले सामाजिक ऐक्यवद्धतालाई कमजोर पार्दछ । त्यसैले जातीय विभाजन नेपाली समाजमा जड भएर बसेको सन्दर्भमा जातीय विभाजनलाई पून: परिभाषित गर्नु राज्यका लागि चुनौतिपूर्ण छ ।

- एकात्मक राज्य संरचना अन्तर्गत विगतको एकभाषिक नीतिका कारण नेपाली तर भाषाहरुको विकास पर्याप्त रुपमा हुन सकेको छैन् । त्यसैगरी भाषिक पहिचान, भाषाहरुको विद्यमान अवस्था आदि पक्षहरुको लागि वैज्ञानिक भाषिक सर्वेक्षण समेत भएको छैन । यसवाट राज्यले भाषाहरुको संरक्षण, खोज र विकास गर्ने दिशामा समस्या रहेका छन् । त्यसैगरी नेपाली समाजमा विद्यमान संस्कृतिहरुको अभिलेखीकरण हुन सकेको छैन् । यसवाट पछाडि पारिएका वा लोपोन्मुख

संस्कृतिहरुको संरक्षणका लागि चुनौति रहेको छ । यसका साथै संस्कृतिकरण पनि नेपाली समाजको अर्को पक्ष हो । यसले पनि संस्कृतिको पहिचान र संरक्षणका लागि चुनौति थपेको छ ।

- नेपाली समाजमा कैयन कुरीति, कुसंस्कार, कुप्रथा र मूल्य मान्यताहरु व्याप्त छन् । ती कुरीति, कुसंस्कार आदिको निर्माण राज्यको कारणसँगै तिनको सम्बन्ध सामाजिक, साँस्कृतिक, धार्मिक र मनोवैज्ञानिक पक्षसंग पनि रहेको छ । शैक्षिक स्तर र चेतनाको स्तर माथि उठ्न नसक्नु अर्को कारण हो । यस परिस्थितिमा त्यस्ता कुरीति र कुसंस्कारहरुको अन्त्य वा निर्मुल गर्नु आफैमा चुनौतिपूर्ण रहेको छ ।

- नेपालमा विभिन्न समयमा विभिन्न किसिमका संघर्ष र आन्दोलनहरु भएका छन् । राजनीतिक, जातिय, समुदायीक, वर्गीय, क्षेत्रीय, लैङ्गिकरुपमा भएका संघर्ष र आन्दोलनहरुले उठान गरेका मागहरुका सम्बन्धमा राज्यपक्षसंग विभिन्न सम्झौता वा समझदारीहरु भएका छन् । यस अवस्थामा ती सम्झौता वा समझदारीहरुको कार्यान्वयन गर्दै व्यापक सामाजिक ऐक्यवद्धता कायम गर्नु आफैमा चुनौतिपूर्ण रहेको छ ।

- नेपाली समाजमा ग्रामीण र सहरी विकास तथा क्षेत्रगत विकासमा ठूलो अन्तर छ । श्रोत र साधनको उपलब्धता तथा पहुँचका हिसावले पनि भिन्नता छ । यसले नेपाली समाजको राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत सबै पक्षको विकासमा भिन्नता ल्याएको छ । यस परिस्थितिमा संघीय संरचनाको निर्माणमा सन्तुलन ल्याई सामाजिक ऐक्यबद्धतालाइ प्रवर्द्धन गर्नुपर्ने चुनौति रहेको छ ।

- नेपाली समाज गरीवी र पछौटेपनवाट गुज्रिरहेको छ । श्रोत र साधनको सिमितता र समुचित वितरण र उपयोगको अभावमा राष्ट्रिय अर्थतन्त्रमा प्रभाव परेको छ । राजनैतिक, आर्थिक सक्षमताले व्यक्तिलाइ सामाजिक, साँस्कृतिक अधिकारको उपभोगका लागि सबल बनाउछ । उपरोक्त आधारहरु सामाजिक एकताको निर्माण गर्ने महत्वपूर्ण कडी हुन् । यी अधिकारहरुको सुनिश्चितता गर्नु राष्ट्रका लागि चुनौतिपूर्ण रहेको छ । त्यसैगरी नेपाली समाजमा विद्यमान

विभिन्न असमानताहरु हटाउन सामाजिक सुरक्षा, सकारात्मक विभेद लगायत के कस्ता रणनीतिहरु के कसरी लागु गर्ने भन्ने सवाल पनि त्यतिकै पेचिलो छ ।

- नेपालको प्राचीन एवं मध्ययुगिन समाज पूर्णरुपले हिन्दु धर्मशास्त्रका मान्यतावाट निर्देशित थियो । न्यायप्रणालीको विकासमा पनि तिनै धार्मिक मूल्य मान्यताको प्रमुख भूमिका रहेको पाईन्छ । वैदिक कालमा स्थापना गरीएका धर्मशास्त्रका मान्यताहरु उपयुक्त नभएका कारण सिमित व्यक्ति वा वर्गको पक्षमा वदलिए । ती मूल्यमान्यताहरुले नेपाली कानून प्रणालीमा प्रश्रय पाएका छन् । अर्थात, १९१० सालको मुलुकी ऐन देखि त्यस पछिका कानूनमा समेत तिनको प्रभाव छ । कानून प्रणालीको विकासमा त्यस समाजका धार्मिक, सांस्कृतिक, सामाजिक मूल्य मान्यता र नैतिकताको मूख्य भूमिका हुने भएपनि नेपालको कानून प्रणालीमा समाजका वास्तविक मूल्य मान्यताहरुले स्थान पाएनन । यसकै कारणवाट नेपालको सामाजिक यथार्थता र कानून बीच फरक देखिने गरेको छ । कानूनले समाजका वास्तविक मूल्य मान्यतालाई आत्मसात् गर्न नसकेको कारणवाट नै कतिपय सुधारोन्मुख भनिएका कानूनहरुको पालना समाजले गर्न सकेको छैन् । यसले गर्दा सामाजिक वास्तविकता र कानून बीच तादात्म्यता रहन सकेको छैन् । कानून निश्चित रुपमा समाज र संस्कृतिको परिवर्तनको संवाहक हुनु पर्दछ तर यसको विपरित अवस्थाको विद्यमानताका कारण नेपाली समाज स्थिर प्रकृतिको समाज बन्न गएको सन्दर्भमा त्यस्तो स्थितिको परिवर्तन मार्फत सामाजिक ऐक्यवद्धता कायम गर्नु चुनौतिपूर्ण रहेको छ ।

## ४. सामाजिक ऐक्यबद्धताका लागि संविधानले संबोधन गर्नुपर्ने आधारभूत पक्षहरु :

सामाजिक ऐक्यवद्धता कुनै पनि समाजको शान्ति, स्थिरता र विकासको लागि आधारभूत पक्ष हो । यसैको आधारमा राष्ट्रिय एकताको जग निर्माण हुन्छ । राष्ट्रिय एकता विना कुनै पनि राष्ट्र वास्तविक राष्ट्रको रुपमा रहन सक्दैन । त्यस्तै सामाजिक ऐक्यवद्धता सापेक्षित अवधारणा हो । अर्थात, सामाजिक ऐक्यवद्धताका आधारहरु समाज सापेक्ष हुन्छन् । तसर्थ, समाजको ऐतिहासिक पृष्ठभूमि राजनैतिक, आर्थिक, समाजिक, सांस्कृतिक परिवेश, शासन व्यवस्था, विद्यमान चुनौति र समस्याहरुमा आधारित भई सामाजिक ऐक्यवद्धताका आधारहरुको खोजी गरीनु पर्दछ । त्यसैगरी सामाजिक ऐक्यवद्धताको निर्माणमा सामाजिक, मनोवैज्ञानिक पक्षहरुको पनि भूमिका हुन्छ तथापि राज्यको भूमिका भने अहं रहन्छ । शासन व्यवस्था जस्तोसुकै अवलम्वन गरीएपनि वा जति राम्रो संविधान निर्माण भएपनि यदि समाजमा सामाजिक

ऐक्यवद्धता छैन भने त्यो निरर्थक हुन जान्छ । त्यसैले सामाजिक ऐक्यवद्धताका उपयुक्त एवं प्रभावकारी आधारहरु निर्माण गरी त्यसको संवैधानिक प्रत्याभूति गर्नु पर्ने औचित्य रहन गएको हो ।

सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणाको महत्वलाई बोध गर्दै विश्वका विभिन्न देशहरुमा संविधान निर्माण गर्दा सो अनुरुप आवश्यक व्यवस्थाहरु गर्ने गरेको पाईन्छ । यद्यपि राष्ट्रमा विभिन्न समयमा उठ्ने गरेका राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विभेद, असमानता र समावेशीकरणका सवालहरुलाई समयसापेक्ष रुपमा सम्वोधन गर्न सकेको कारण कतिपय राष्ट्रहरुमा आज सामाजिक ऐक्यवद्धताको सवाल नखडकन सक्छ । तर जुन राष्ट्र असमानता, विभेद, विभाजनको स्थितिवाट गुज्रिदै आएको छ, जुन राष्ट्रमा धार्मिक, भाषिक, सांस्कृतिक, जातीय विविधता छ, त्यस्तो राष्ट्रमा सामाजिक ऐक्यवद्धता अनिवार्य रहन्छ । जस्तो दक्षिण अफ्रिकाको संविधानले विभिन्न धार्मिक, सांस्कृतिक र भाषिक समुदायहरु वीचमा एकता, मित्रता, मानवता, सहिष्णुता र राष्ट्रिय एकताका लागि कार्य गर्न सांस्कृतिक, धार्मिक र भाषिक समुदायहरुको अधिकार प्रवर्द्धन तथा संरक्षण सम्वन्धी आयोग नै गठन गरेको छ । त्यसैगरी स्वीस संविधानले सामाजिक सुरक्षाका व्यवस्थाहरुलाई प्रभावकारी वनाउदै नागरीकलाई सम्मानपूर्वक वाच्न र सामाजिक, सांस्कृतिक र राजनैतिक एकताका लागि सक्षम वनाई उसलाई सामाजिक रुपले उत्तरदायी बनाउने कुरालाई अत्यन्त महत्व दिएको छ । त्यस्तै मानिसको राजनैतिक,आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको सुनिश्चितता र समानताका लागि संयुक्त राष्ट्र संघीय प्रणाली अन्तर्गत विभिन्न दस्तावेज, महासन्धी र घोषणापत्रहरु जारी भएका छन् । जसको मान्यता विश्वव्यापिरुपमा रहीआएको छ ।

नेपालको सन्दर्भमा हेर्दा नेपाली समाज धार्मिक, सामाजिक, सांस्कृतिक र भाषिकरुपले विविधतायुक्त मुलुक भएपनि त्यस्तो विविधताको मान्यता र संरक्षण मार्फत सामाजिक ऐक्यवद्धताको प्रवर्द्धन गर्ने दिशामा विगतका संविधानहरुमा खासै पहल भएको देखिदैन । नेपालमा प्रजातन्त्रको पुर्नस्थापनापूर्व राष्ट्रिय एकताका नाममा कुनै खास भाषा, संस्कृतिको प्रोत्साहन वा उपयोग मार्फत शासक वर्गको अभिष्ट पुरा गर्ने तर्फ केन्द्रित भएको देखिन्छ । प्रजातन्त्रको पूनर्स्थापना पश्चात जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले यस दिशामा केहि पहल गरेको भएपनि ती व्यवस्थाहरु सिमित, अप्राप्य वा अप्रभावकारी रहे । जसका कारण त्यसपछि नेपाली समाजमा विभिन्न द्वन्द्व, संघर्ष र आन्दोलनहरु भएका छन् । त्यसै पृष्ठभूमिवाट निर्माण भएको नेपालको अन्तरिम संविधान, २०६३ सामाजिक ऐक्यवद्धताका थुप्रै

आधारहरु निर्माण तर्फ उन्मुख भएको पाइन्छ । यसले राज्यको पुनसंरचना मार्फत राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण र समावेशीकरणको मार्गचित्र कोरेको छ । यसका बावजुद नेपाली समाजमा कैयन सवाल र असन्तुष्टिका आवाजहरु उठीरहेका छन् । यस पृष्ठभूमिमा अब बन्ने संविधानले ती सबै पक्षहरुलाई समेट्दै व्यापक सामाजिक ऐक्यबद्धताको आधार निर्माण गर्नुपर्ने भएको छ । प्रस्तुत सन्दर्भमा सामाजिक ऐक्यबद्धताका लागि संविधानले संवोधन गर्नुपर्ने आधारभूत पक्षहरुलाई निम्नानुसार उल्लेख गरीएको छ :

- नेपाल सांस्कृतिक विविधतायुक्त मुलुक हो । तसर्थ, अब बन्ने संविधानले सांस्कृतिक विविधताको सम्मान गर्दै नेपाली समाजमा विद्यमान सबै संस्कृतिहरुको मान्यता र समानताको प्रत्याभूति दिईनु पर्दछ । सबै संस्कृतिहरुको पहिचान र संरक्षणका लागि राज्यले समन्वयात्मक र सहयोगात्मक भूमिका निर्वाह गर्नुपर्दछ । अल्पसंख्यक, सिमान्तकृत समुदाय र लोपोन्मुख संस्कृतिहरुको संरक्षणका लागि विशेष व्यवस्थाको नीति अवलम्बन गर्नु पर्दछ । सांस्कृतिक धरोहर लगायत सबै खालका भौतिक एवं अभौतिक संस्कृतिहरुको संरक्षण र सम्वर्द्धनका लागि राज्यले उपयुक्त नीतिगत, कानूनी र संरचनागत व्यवस्था गर्नु पर्दछ । प्रत्येक व्यक्ति वा समुदायलाई आफ्नो संस्कृति प्रति अपनत्व र गौरव महसुस गर्ने वातावरणको श्रृजना गरीनु पर्दछ । सबैका संस्कृतिहरुको सम्मान, संरक्षण र विकास मार्फत अन्धाधुन्ध एवं अवैज्ञानिक संस्कृतिकरणलाई निरुत्साहन गर्ने तर्फ राज्यले पहल गर्नु पर्दछ । नेपाली समाजमा विद्यमान कतिपय संस्कृतिका नाममा विभिन्न कुरीति, कुसंस्कार र मान्यताको विकास भएको हुंदा तिनीहरुलाई निरुत्साहित गरीनु पर्दछ । त्यस्तै व्यवसायिक यौनजन्य विकृति र शोषणलाई तथा बोक्सी प्रथालाई कानूनद्धारा दण्डनीय बनाईनु पर्दछ । समाजमा सांस्कृतिक सामञ्जस्यता कायम गर्न उपयुक्त एवं प्रभावकारी उपायहरु अवलम्बन गरीनु पर्दछ । जातीयता र श्रमसंगको सम्बन्धका आधारमा विकसित अवैज्ञानिक संस्कृतिको अन्त्य गर्दै संस्कृतिको आडमा निर्मित कुरीति र कुसंस्कारलाई कानूनद्वारा दण्डनीय बनाइनु पर्दछ । संघीय संरचना अन्तर्गत संस्कृतिको संरक्षण र प्रवर्द्धन सम्बन्धी विषयलाई प्रान्तीय सरकारको क्षेत्राधिकार अन्तर्गत राखी केन्द्रीय सरकारको सहयोगात्मक र समन्वयात्मक भूमिका रहनु उपयुक्त हुन्छ । तथापि लोपोन्मुख संस्कृतिको संरक्षण र विकासका लागि केन्द्रीय सरकारको प्रभावकारी भूमिका रहनु जरुरी हुन्छ ।

- नेपालमा धार्मिक विविधता रहेको छ । सामाजिक ऐक्यवद्धताका लागि विद्यमान सबै धर्म र धार्मिक सम्प्रदायहरुको सम्मान र समान संरक्षण एवं धार्मिक सम्प्रदायको धर्म मान्ने अधिकारलाई राज्यले सुनिश्चित गर्नु पर्दछ । तसर्थ, राज्यले धार्मिक निरपेक्षता वा धर्मप्रति अहस्तक्षेप नीति अवलम्बन गर्दै संरक्षकको दायित्व निर्वाह गर्नु पर्छ । धर्मलाई समाजमा हुने नकारात्मक कार्य रोक्ने र सामाजिक एकता कायम गर्ने माध्यमका रुपमा विकास गर्नु पर्दछ ।

- नेपाल बहुभाषिक मुलुक हो । तसर्थ, संविधानले भाषिक समानता, समान संरक्षण, विकास र प्रयोगको सुनिश्चितता गर्नुपर्दछ । भाषाहरुको पहिचान र अभिलेखिकरणका लागि राज्यले पहल गर्नु पर्दछ । लोपोन्मुख र अल्पसंख्यक भाषालाई विशेष संरक्षणको व्यवस्था गरीनु पर्दछ । भाषिक आधारमा हुने सामाजिक भेदभावलाई कानूनद्वारा दण्डनीय बनाइनु पर्दछ । भाषाको आधारमा असमानता वा विभेद आउन सक्ने सबै किसिमका अवस्थाहरुको अन्त्य गरीनु पर्दछ । यसले भाषिक एकता ल्याई समाजमा सामाजिक ऐक्यवद्धताको प्रवर्द्धन गर्दछ ।

- नेपाली समाजको संरचना जातिगत व्यवस्थामा आधारित छ । यसले जातिगत उच्चता र निचताको भावना पैदा गरेको छ । जातिगत आधारमा छुवाछुत जस्ता कुरीति, कुसंस्कार र कुप्रथाहरुको जन्म भएको छ । यसले सामाजिक विभेदलाई आधार प्रदान गरीरहेको छ । तसर्थ, संविधानले ती सामाजिक विभेद र असमानताको अन्त्य गर्नु पर्दछ । जातिगत आधारमा निर्माण भएका सामाजिक कुरीति, कुसंस्कार र मूल्य मान्यतालाई कानूनद्वारा दण्डनीय बनाउनु पर्दछ । सबै किसिमका सामाजिक विभेदको अन्त्यका लागि एउटा छुट्टै कानूनको निर्माण गरी उपयुक्त संयन्त्र समेत बनाउनु पर्दछ । सामाजिक चेतनाका लागि राज्यले विशेष पहल गर्नुपर्दछ । जातिगत आधारमा बनेका र अवलम्बन वा अभ्यास गरीएका विभिन्न मूल्य मान्यताहरुको समयानुकूल रुपान्तरण गरीने कुराको सुनिश्चितता हुनु पर्दछ ।

- नेपाली समाजमा विद्यमान विभिन्न भाषा, धर्म, संस्कृति र मूल्य मान्यताको कुनै समूह, समुदाय वा सम्प्रदायसँग सापेक्ष सम्वन्ध छ । ती भाषा, धर्म, संस्कृति र मूल्य मान्यताको अवलम्वन र अभ्यास गर्दा एक अर्को समूह, समुदाय वा सम्प्रदाय वीच सद्भाव आवश्यक छ । अर्थात, व्यापक रुपमा सामाजिक सम्वन्ध र एकताकालागि सवैको भाषा, धर्म, संस्कृति र मूल्य मान्यता प्रति सकारात्मक

भावको सिर्जना हुनु पर्दछ । सहभाव र सामूहिक भावनाबाट मात्रै आपसी सद्भावमा वृद्धि हुन्छ । तसर्थ, संविधानले व्यापक सामाजिक स्वार्थको प्रोत्साहनलाई केन्द्रविन्दु बनाउनु पर्दछ ।

- विद्यमान एकात्मक राज्य संरचनाले सामाजिक सम्वन्धको जगलाई मजबुद बनाउन नसकेको यथार्थता र सामाजिक, सांस्कृतिक मूल्य मान्यता वा भिन्नताको कारणबाटै कतिपय समूह, समुदाय वा वर्ग राज्यको मूलधारबाट बाहिरिनु परेको वा बाहिर पारिएको अवस्थालाई आत्मसात् गर्दै संविधानले त्यस्तो अवस्थाको अन्त्य गरी सबैको समावेशीकरणलाई विश्वासिलो ढंगबाट सम्बोधन गर्नु पर्दछ । यसका लागि मधेशी, दलित, आदिवासी/जनजाति, महिला, मुस्लिम, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग क्षेत्र र समुदाय सबैलाई समानुपातिक समावेशीकरणको आधारमा राज्य संरचनामा सहभागी गराई उनीहरुको सम्मानजनक पहुँचको सुनिश्चितता गर्नु पर्दछ । सो उद्देश्य हासिल गर्न ती समूहहरुको राजनैतिक, आर्थिक, सामाजिक लगायत सर्वपक्षीय विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरीनु पर्दछ । राज्यको श्रोत र साधनको वितरण र प्रयोगमा विशेष नीति अख्तियार गर्नु पर्दछ । ती समूहहरुको मूलप्रवाहिकरणका लागि आवश्यकता अनुसार सकारात्मक विभेदको नीति आत्मसात् गरीनु पर्दछ । राज्यको पुनर्संरचना गर्दा वा संघीय संरचना निर्माण गर्दा यी पक्षहरुलाई विशेष रुपमा विचार गरीनु पर्दछ ।

- जातीय, लिङ्गीय, वर्गीय र क्षेत्रगत आर्थिक असमानतालाई निरुत्साहित गरीनु पर्दछ । यसका लागि राज्यको श्रोत र साधनलाई सामाजिक न्यायका आधारमा वितरण गरीने कुराको प्रत्याभूति गरीनु पर्दछ । विकासका गतिविधिहरुलाई समन्यायिक ढंगबाट संचालन गरीनु पर्दछ । भूमि र श्रोत साधनमा सबैको सम्मानजनक पहुँचलाई प्रोत्साहित गरीनु पर्दछ । भूमि र प्राकृतिक श्रोतमाथिको आदिवासी/जनजाति, दलित र सिमान्तकृत वर्गहरुको अन्योन्याश्रित सम्वन्धलाई स्थापित गरीनु पर्दछ । भूमिको वैज्ञानिक मापन र व्यवस्थापन गरीनु पर्दछ । कृषिको वैज्ञानिकिकरण तथा उद्योग, व्यापार, व्यवसायको प्रवर्द्धनमा जोड दिइनु पर्दछ । पूंजी निर्माण, जनशक्ति विकास, रोजगारी सिर्जना र पूर्वाधार विकासका लागि राज्यले ठोस् नीति र कार्यक्रम लागु गर्नु पर्दछ । लक्षित वर्ग वा समुदायका लागि आर्थिक विकासको विशेष नीति अख्तियार गरीनु पर्दछ । आर्थिक दुरावस्थाका कारण सिर्जित कमैया, हलिया, कम्लहरी, बुकही, बादी जस्ता कुप्रथालाई कानूनद्वारा निरुत्साहित गरीनु पर्दछ । साथै, पूनर्स्थापनाका प्रभावकारी उपायहरु अवलम्बन गरीनु पर्दछ । त्यस्तै द्वन्द्वबाट

पिडित पक्षहरुको उचित राहत, सम्मान र पुनर्स्थापनाको व्यवस्था गर्नु पर्दछ। आर्थिक स्वावलम्बन मार्फत सामाजिक एकता कायम गर्न राज्यले प्रोत्साहन गर्नु पर्दछ।

- नेपाली समाज बहुलवादी समाज भएको हुँदा राज्यले वितरणकारी न्याय व्यवस्थाको अवलम्बन गर्नु पर्दछ। सामाजिक न्यायको प्रवर्द्धनका लागि राज्यले आवश्यक एवं उपयुक्त नीति अख्तियार गर्नु पर्दछ। सुकुम्वासी, कमैया, हलिया, हरवा, चरवा, बधुवा मजदुर, आर्थिक सामाजिक रुपले पछाडि परेका वर्ग, विभिन्न एकल महिला, अनाथ, बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, अशक्त, शहिद परिवार र लोपोन्मुख जातिको संरक्षण र विकासका लागि राज्यले सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्नु पर्दछ। त्यस्तै सामाजिक सुरक्षाका व्यवस्थाहरुलाई समन्यायिक ढंगबाट वितरण गर्नु पर्दछ।

- नेपाली समाजमा आफ्नै खालको विशिष्ट पहिचान बोकेका र भिन्न संस्कृति, परम्परा, रीतिरिवाज, मूल्य मान्यता तथा पारिवारिक बनोट रहेका समुहहरुको पहिचान गरी तिनीहरुको आफ्नै परम्परागत ज्ञान, शिप र मूल्य मान्यता अनुसार विकासको पद्धति छान्ने अवसर प्रदान गरीनु पर्दछ। उनीहरुमा सामूहिक सचेतनाको अभिवृद्धि मार्फत प्रतिस्पर्धि भावनालाई प्रोत्साहित गरीनु पर्दछ। राजनैतिक, आर्थिक, सामाजिक आत्मनिर्णयको अधिकारको सुनिश्चितता मार्फत उनीहरुको पहिचान र सम्मानको अभिवृद्धि गर्नु पर्दछ।

- नेपाली समाजमा विद्यमान भाषा, धर्म, संस्कृति र सामाजिक मूल्य मान्यताको विविधतालाई स्वीकार गरीनु पर्दछ। संविधानले ती सबै विविधतालाई मूलप्रवाहीकरण गर्न सक्नु पर्दछ। सबैखाले विभेदको अन्त्य गर्दै न्याय र समानतामा आधारित समाजको निर्माणलाई प्रोत्साहित गर्नु पर्दछ। सबैका अधिकारलाई विश्वासिलो र भरपर्दो ढंगबाट संवोधन गरीनु पर्दछ। व्यक्ति र समुहको अन्तर्सम्बन्धलाई स्थापित गरीनु पर्दछ। व्यक्तिगत स्वतन्त्रता र समानताको प्रत्याभुति गरीनु पर्दछ। त्यस्तै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र तथा नेपाल पक्ष रहेका संयुक्त राष्ट्र संघीय सन्धि, महासन्धिहरुको कार्यान्वयनमा जोड दिइनु पर्दछ।

- नेपाली समाज विभिन्न भाषिक, धार्मिक, सामाजिक, सांस्कृतिक र नैतिक मूल्य मान्यताको एउटा विशिष्टिकृत रुप हो । तसर्थ, त्यस्ता मूल्य मान्यता, परम्परा, र सम्बन्धलाई कानूनले मान्यता दिनु पर्दछ । ती मूल्य मान्यता र नैतिकतासँगै कानूनको सापेक्षता हुनु पर्दछ । कानूनले समाजलाई गति प्रदान गर्दछ । अर्थात, कानून सामाजिक, सांस्कृतिक परिवर्तनको संवाहक पनि हो । तर सामाजिक मूल्य मान्यतासंग तादात्म्यता नराख्ने कानूनले सामाजिक मान्यता गुमाउछ र त्यसको वैधानिकता पनि समाप्त हुन्छ । समाजलाई यथास्थितिवाट रुपान्तरण गर्ने माध्यम कानून नै हो । तसर्थ, सामाजिक मूल्य मान्यता र नैतिकतासंग तादात्म्यता नराख्ने कानूनको परिमार्जन गर्दै उन्नत सामाजिक सांस्कृतिक परिवेश अनुकुल कानून निर्माण गरीने कुराको संवैधानिक प्रत्याभूति हुनु पर्दछ ।

- नेपाली समाज धार्मिक, भाषिक, सामाजिक, सांस्कृतिक, जातिय र भौगोलिक हिसावले विविधतायुक्त भएपनि नेपाली समाजमा आपसी सद्भाव, सहिष्णुता सम्वन्ध र अन्तनिर्भरता रही आएको छ । तसर्थ, संघीय संरचनामा पनि त्यस किसिमको सम्वन्ध र अन्तर्निर्भरतालाई प्रोत्साहित गरीनु पर्दछ । आपसी भरोसा, विश्वास र सम्मानको प्रवर्द्धन गरीनु पर्दछ । नेपालको पूनर्संरचना गर्दा नेपाली समाजमा विद्यमान विभेदीकरण, श्रम विभाजन र सामाजिक सांस्कृतिक मूल्य मान्यताको परिमार्जन वा रुपान्तरण आवश्यक छ । नेपालको पुनर्संरचनाको प्रक्रियावाट सामाजिक संरचनामा परिवर्तन भएपनि युगीन रुपमा रहेको समानता र सहअस्तित्वको आधारमा रहेको आपसी सम्वन्ध र अन्तरनिर्भरतालाई संविधानले नयाँ ढंगवाट स्थापित गर्नु पर्दछ ।

- संघीय संरचना अन्तर्गत संघीय इकाईहरुको विभाजन गर्दा भाषिक, सामाजिक, सांस्कृतिक पक्ष र आर्थिक सम्वन्धलाई विर्सनु हुँदैन । यी पक्षहरुमा रहेको विविधतालाई पहिचान वा वास्ता नगरी सवैलाई एकैखाले संयन्त्रवाट व्यवस्थित र निर्देशित गर्न खोज्दा त्यसले सकारात्मक परिणाम ल्याउन नसेको यथार्थतालाई आत्मसात् गर्दै संघीय संरचनाको निर्माणमा त्यसलाई उपयुक्त ढंगले संवोधन गरीनु पर्दछ । राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक वहिस्करणलाई उचित रुपमा व्यवस्थापन गरीनु पर्दछ । प्रान्तहरुको विभाजन सामाजिक ऐक्यवद्धताको आधारका रुपमा आत्मसात् गरीनु पर्दछ । त्यसैगरी प्रान्तहरु बीचको अन्तर्रनिर्भरतालाई संविधानले प्रोत्साहित गर्न सक्नु पर्दछ । साझा हित र आर्थिक स्वार्थहरुको व्यवस्थापन उपयुक्त ढंगले गरीनु पर्दछ ।

प्रान्तहरुको आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक अधिकारको जगमा सामाजिक ऐक्यवद्धता र सोही आधारमा राष्ट्रिय एकताको प्रोत्साहन र प्रवर्द्धन गरीने कुराको संवैधानिक प्रत्याभूति गरीनु पर्दछ । प्रान्तहरुबीचको एकता र सद्भावका लागि केन्द्रीय सरकारको सवल र नेतृत्वदायी भूमिकाको सुनिश्चितता गरीनु पर्दछ । तसर्थ, संघीय इकाईहरुको संरचना निर्माणमा सामाजिक ऐक्यवद्धतालाई केन्द्रविन्दुका रुपमा ग्रहण गरीनु पर्दछ ।

# फरक मत सम्बन्धी विवरण

(संविधान सभा नियमावली, २०६५ को नियम ७३ को उपनियम (४) अनुसार)

**सम्माननीय अध्यक्ष ज्यू,** मिति:- २०६६ २ ३१

**संविधान सभा मार्फत**

**मा. सभापती**

**सांस्कृतिक र समाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति,**

**सिंहदरबार काठमाण्डौ ।**

**विषय :- फरक मत सम्बन्धमा**

महोदय,

उपरोक्त बिषयमा नयां संविधान निर्माणका लागी गठित सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिले पेश गर्ने अवधारणा पत्र सहितको प्रारम्भीक मस्यौदा सम्बन्धि प्रतिवेदनमा निम्न लिखित विषय र बुंदाहरुमा सहमती हुन नसकेकोले संविधान सभा नियमावलीको नियम ७३ को उपनियम ४ बमोजिम फरक मत दर्ज गरी छलफलको लागी सम्माननीय अध्यक्षमा निम्न लिखित मा. सदस्यहरुले हस्ताक्षर सहितको फरक मत पेश गरेका छौं ।

## नं. १ जनयुद्ध शब्द बारे ।

प्रस्तुत अवधारणा पत्र सहितको प्रारम्भीक मस्यौदा सम्बन्धि प्रतिवेदनमा ***सशस्त्र द्वन्द*** भनि उल्लेख गरिएकोमा सो शब्दमा हाम्रो असहमति रही ***जनयुद्ध*** शब्द राखिनु पर्ने हाम्रो मत रहेको छ ।

**कारण :-** एकात्मक सामन्ती राजतन्त्रात्मक राज्यव्यवस्थाको अन्त गरी संघीय शासन प्रणाली सहितको लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नमा प्रमुख भूमिका निर्वाह गरेको ऐतिहासिक जनयुद्ध हुनुले, राजनैतिक, सामाजिक, सांस्कृतिक परिवर्तनको आधार तयार पार्न प्रमुख भूमिका निर्वाह गरेकोले र आमुल परिवर्तनको निमित्त नेपालका बहुसंख्यक जनता संग एकात्मक भई सञ्चालीत भएकोले जनयुद्ध नै भएको कुरा स्पष्ट छ ।

## नं. २ भाषा सम्बन्धमा :

एकल भाषा नीतिको कारणले अन्य भाषा भाषीहरु लोप हुने वा संकटमा पर्ने स्थितीले विगतमा अस्तित्व रक्षाको लागी धुप्रै आन्दोलन भएका ईतिहासहरु छन तर पछिल्लो चरणमा महान् जनयुद्धको प्रकृयाले सो स्थितिको अन्त्य गरी नेपालमा बोलिने सबै भाषाहरुलाई राष्ट्र भाषाको रुपमा स्थापित गरी अन्तरीम संविधान २०६३ समेत उल्लेख भइसकेकोले अब पनि कुनै एक भाषालाइ संघिय, प्रादेशिक वा स्थानिय निकायमा सरकारी कामकाजको भाषा तथा अदालती कामकाजको भाषा र सम्पर्क भाषा भनी उल्लेख गरीनु हुँदैन । यस सम्बन्धमा बहुभाषीक नीति अन्तरगत रही भाषाको व्यवस्था हुनुपर्ने हाम्रो मत छ । भाषा सम्बन्धी विस्तृत अवधारणा यसै साथ संलग्न गरीएको छ ।

१. मा. श्री लेखराज भट्ट
२. मा. श्री कार्की बहादुर मल्ल
३. मा. श्री सन्तोष बुढा मगर

४। मा. श्री गौरी शंकर खड्का

५। मा. श्री मंगल वि.क.

६। मा. श्री तारा कुमारी घर्तिमगर

७। मा. श्री सुषमा शर्मा घिमिरे

८। मा. श्री डबल बहादुर शाह

९। मा. श्री धर्मराज वि.क.

१०। मा. श्री दुर्गा कुमारी वि.क.

११। मा. श्री इन्द्रावती अधिकारी दनुवार

१२। मा. श्री पार्वती रमाइली

१३। मा. श्री सुकदैया चौधरी थारु

१४। मा. श्री हिमकुमारी सुनार

१५। मा. श्री लिला कुमारी बगाले सामंड

१६। मा. श्री श्रामणेर आनन्द

## अनुसूची - १२

## भाषा, सँस्कृति तथा सामाजिक ऐक्यबद्धताका सम्बन्धमा दलहरुका अवधारणा*

भाषा

| सि.न. | दलको नाम | अवधारणा | कैफियत |
|---|---|---|---|
| १ | एकिकृत ने.क.पा.(माओवादी) | **संघीय राज्यमा भाषा व्यवस्थापन सम्बन्धमा सुझाव :**<br>० नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषा हुन् । संविधानमा नेपालमा बोलिने सबै मातृभाषाहरुको राष्ट्रभाषाको रुपमा सूचि समावेश गरिनुपर्दछ ।<br>० ती सबै भाषाको सम्मान, संरक्षण र सम्वर्द्धन राज्यको दायित्व हुनुपर्दछ ।<br>० नेपालमा रहेका ९२ भाषामा १ प्रतिशतभन्दा बढी जनसंख्याले बोल्ने भाषा निम्न छन्<br>१ खस भाषा (देवनागरी लिपिको नेपाली भाषा) ([illegible])<br>२ मगर भाषा<br>३ तामाङ भाषा<br>४ नेवार (रन्जना लिपिको नेपाल भाषा)<br>५ थारु भाषा (डगौरा, राना)<br>६ राई (किरात) भाषा<br>७ लिम्बु भाषा<br>८ मैथिली भाषा<br>९ भोजपुरी भाषा<br>१० अवधि भाषा<br>११ गुरुङ भाषा | |

* यस सीमीतमा उपलब्ध भएसम्मका अवधारणाहरु समावेश गरिएको छ ।

| | | | |
|---|---|---|---|
| | | ० माथि उल्लेखित भाषाहरूलाई संघीय तथा प्रादेशिक भाषाको सूचिमा राख्नु उपयुक्त हुन्छ । यसमा थप दुई भाषा"बाज्जिका" र "कोच राजवंशी" भाषा पनि क्रमशः बाहुल्य भाषामा पर्दछन् । तर यी भाषाहरूको भौगोलिक रुपमा सघन र सन्निकटता छैन । त्यस्तै हिमाली क्षेत्रको "भोट" भाषाको पनि स्थिति त्यस्तै छ । तर कोचिला प्रदेशका लागि कोच भाषालाई संघीय, प्रादेशिक भाषा बनाउन सकिन्छ ।<br>० तर संविधानमा पहिले नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्रिय सूचिका रुपमा समावेश गरिनुपर्दछ र संघीय तथा प्रादेशिक भाषा तोक्नु राम्रो हुन्छ ।<br>० उपरोक्त अनुसार संघीय एवं प्रादेशिक सूचिमा परेका प्रमुख भाषाहरूलाई संघीय एवं प्रदेश(राज्य)को कामकाजी भाषा बनाउँदा उपयुक्त हुन्छ । राज्यका सबै कानूनी दस्तावेजहरु मातृभाषाहरुमा हुने र कार्यालयहरुमा दोभासेको व्यवस्था गर्नुपर्दछ ।<br>० प्रदेशहरुले आ–आफ्नो प्रदेशको प्रादेशिक भाषाको सूचि बनाउनुपर्दछ र प्रदेश(राज्य) भित्र पर्ने सबै मातृभाषाहरूलाई सम्बन्धित जाति समुदायको स्वायत्त, स्वशासित क्षेत्रमा पहिलो भाषाको अधिकार दिँदै कामकाजी प्रयोगको अधिकार दिनुपर्दछ । तर जनतालाई यही नै भाषा प्रयोग गर्नुपर्छ भनेर थोपर्नु हुँदैन । जनतालाई भाषा प्रयोगको स्वतन्त्रता दिनुपर्दछ ।<br>० यसरी कम्तिमा त्रि–भाषिक नीतिका आधारमा प्रत्येक स्वायत्त प्रदेश क्षेत्र इलाकाको सरकारी कामकाज पठनपाठनको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।<br>० मातृभाषालाई शिक्षाको माध्यम बनाइनुपर्दछ ।<br>० लिपि र साहित्यको विकास भइनसकेका र लोपोन्मुख अवस्थामा रहेका भाषाहरुको सूचि अलग्गै तयार गरी ती भाषाहरुको संरक्षण र विकासका लागि राज्यले विशेष नीतिको तर्जुमा गर्नुपर्दछ ।<br>० नेपालमा बोलिने खस भाषा बाहेक अन्य भाषाहरु राज्यको लामो उत्पीडनका कारण विलोपीकरणतिर उन्मुख छन् । अतः ती भाषाहरुको संरक्षण र सम्बर्द्धनका लागि राज्यले"भाषा प्रतिष्ठान" को अलग्गै व्यवस्था गर्नुका साथै, "भाषा तालिम विद्यालय तथा भाषा विश्वविद्यालय" हरुको केन्द्रिय एवं प्रादेशिक रुपमा व्यवस्था गर्नुपर्दछ ।<br>० सारमा, बहुभाषिक नीतिका आधारमा भाषाको व्यवस्थापन गर्नुपर्दछ । भाषाको क्षेत्रमा कुनै पनि एक भाषालाई विशेषाधिकार दिनु गलत हुन्छ । "सम्पर्क भाषा", "माध्यम भाषा" वा "सरकारी भाषा" को नाममा कुनै पनि एक भाषालाई मान्यता दिनुको अर्थ अन्य भाषामाथि उत्पिडन थोपर्नु हो । नेपालको सन्दर्भमा संघीय सरकारको रुपमा तोकिएका सबै प्रादेशिक भाषाहरु संघीय सरकारको लिंक भाषा हुन र प्रदेशको सूचिमा परेका सबै भाषाहरु प्रादेशिक सरकारको लिंक भाषा हुन् । यसो गरियो भने नेपालका सबै भाषाहरूको अस्तित्वको रक्षा मात्र होइन, एक साथ विकास पनि हुन्छ ।<br>० अन्तर्राष्ट्रिय भाषाको सूचि पनि तयार गर्दा राम्रै हुन्छ । त्यस्मा अंग्रेजी, हिन्दी र उत्तरमा | |

श्रीमान् सभापतिज्यू,
सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति,

विषय :– फरक मत सम्बन्धमा ।

प्रारम्भिक मस्यौदाको धारा १४ (१) मा केन्द्रिय सरकारको सरकारी कामकाजको भाषाको देवनागरी लिपिमा नेपाली भाषा मात्र हुनेछ भन्ने कुरामा हामीहरुको असहमति रहेको छ । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र मुलुक घोषणा भई सकेको हुनाले बहु भाषिक, बहु धार्मिक, बहु सांस्कृतिकको मान्यता प्राप्त भएकोले एउटै खस भाषालाई सम्पूर्ण नेपालीको भाषा भन्न सकिदैन तसर्थ बहुभाषा निती अन्तरगत हिमाल, पहाड, र मधेस सबै क्षेत्रका जनताहरुको कामकाज एवं सम्पर्क भाषाको रुपमा स्थापित देवनागरी लिपीका खस भाषा र हिन्दी भाषा समेतलाई केन्द्रिय सरकारको सरकारी कामकाजको भाषाको मान्यता पाउनु पर्छ भन्ने तपसिल बमोजिमका माननीय सभासदहरु फरक मत जाहेर गर्दछौं ।

तपशीलका मा.सभासदहरु :–

१. हरिनारायण यादव – मधेशी जन अधिकार फोरम नेपाल
२. मृगालाल महतो – "
३. जयराम यादव – "
४. करिना बेगम – "
५. सविना यादव – "
६. कविन्द्र नाथ ठाकुर – तराई मधेश लोकतान्त्रिक पार्टी
७. गौरी महतो कोइरी – सद्भावना पार्टी
८. कृष्ण थारु – ने.का.

मिति: २०६६/०३/०३

श्रीमान सभापतीज्यू,
साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति,
सिंहदरबार, काठमाण्डौ ।

## विषय :फरक मत सम्बन्धमा ।

### प्रारम्भिक मस्यौदाको निम्न विषयमा म फरक मत राख्दछु :

१. शिक्षा सम्बन्धी हक: प्रारम्भिक मस्यौदाको धारा २ को उपधारा (२) मा रहेको व्यवस्थाको सट्टा निम्न व्यबस्था रहनु पर्ने,

> "उपधारा १ को प्रचलन राज्यले कार्यान्वयन गर्ने छ ।"

(व्यबहारीक रुपमा कार्यान्वयन गर्न पर्ने हुनाले )

२. आदिवासी/जनजाती सम्बन्धी हक: प्रारम्भिक मस्यौदाको धारा ४ मा रहेको व्यवस्थाको सट्टा निम्न व्यबस्था रहनु पर्ने,

> "प्राकृतिक स्रोत र साधनमा आदिवासी/जनजातिको अन्योन्याश्रित सम्बन्ध हुने भएकाले जल, जमिन र जंगलमा आदिवासी/जनजातिको अग्राधिकारको पहुँचको हक हुनेछ ।"

(संयुक्त राष्ट्रसंघ आदिबासी/जनजातिको अधिकार सम्बन्धी घोषणा पत्र र ILO १६९ ले समेत आदिवासी/जनजातिलाई उक्त अधिकारको व्यवस्था गरिसकेको हुनाले)

लिला कुमारी बगाले (सोमई)
पाल्पा क्षेत्र नं २

# अनुसूचीहरु

# अनुसूची – १
## संविधान सभा
## सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिका

## माननीय सदस्यहरुको नामावली

सभापति :– मा.श्री.नवोदिता चौधरी

| | |
|---|---|
| मा.श्री.अर्जुनप्रसाद जोशी | मा.श्री इन्द्रमाया गुरुङ[1] |
| मा.श्री.इन्द्रावती अधिकारी (दनुवार) | मा.श्री.उषा गुरुङ |
| मा.श्री.कमला शर्मा | मा.श्री.करिमा बेगम |
| मा.श्री.कविन्द्रनाथ ठाकुर | मा.श्री.कालीबहादुर मल्ल |
| मा.श्री.कृष्णा ठाकुर | मा.श्री.गोपाल ठाकुर |
| मा.श्री.गौरी महतो कोइरी | मा.श्री.गौरी शंकर खड्का |
| मा.श्री.चन्द्रबहादुर गुरुङ | मा.श्री चन्द्रिराम टमटा[2] |
| मा.श्री जयराम यादव[3] | मा.श्री डबल बहादुर शाह[4] |
| मा.श्री.तारा कुमारी घर्तिमगर | मा.श्री.तिर्थराम डंगोल |
| मा.श्री.तुलसी सुब्बा | मा.श्री.दलबहादुर राना |
| मा.श्री.दुर्गाकुमारी वि.क. | मा.श्री.धर्मराज वि.क. |
| मा.श्री.नेत्रप्रसाद पन्थी | मा.श्री.पार्वती रसाईली |
| मा.श्री.बिना पौडेल[5] | मा.श्री.बिना ज्ञवाली |
| मा.श्री बोध नारायण सरदार[6] | मा.श्री. विरेन्द्र कुमार माझी[7] |
| मा.श्री.मातृकाप्रसाद यादव | मा.श्री.मृगालाल महतो |
| मा.श्री.मंगल वि.क. | मा.श्री.रणध्वज लिम्बु |
| मा.श्री.रामनारायण सिंह | मा.श्री रामवति चौधरी[8] |
| मा.श्री.रामशिला ठाकुर | मा.श्री.लिलाकुमारी बगाले(सोमई) |
| मा.श्री लेखराज भट्ट | मा.श्री शारदा नेपाली |
| मा.श्री.शुषमा शर्मा घिमिरे | मा.श्री.सवितादेवी यादव |
| मा.श्री सन्तोष कुमार बुढामगर[9] | मा.श्री.सुकदैया चौधरी (थारु) |
| मा.श्री.हरिनारायण यादव | मा.श्री.हिमकुमारी सुनार |
| मा.श्री.श्रामणेर आनन्द | |

---

[1] मिति २०६५।९।२६ को संविधान सभाको बैठकको निर्णय अनुसार राष्ट्रिय हितको संरक्षण समितिमा तोकिएको ।

[2] मिति २०६६।२।२० को संविधान सभाको बैठकको निर्णय अनुसार नागरिक सम्बन्ध समितिमा तोकिएको ।

[3] मिति २०६६/१।१६ को संविधान सभाको बैठकको निर्णय अनुसार यस समितिमा तोकिएको ।

[4] मिति २०६५।९।२६ को संविधान सभाको बैठकको निर्णय अनुसार यस समितिमा तोकिएको ।

[5] मिति २०६६।२।२० को संविधान सभाको बैठकको निर्णय अनुसार यस समितिमा तोकिएको ।

[6] मिति २०६५।११।३० मा मोटर साइकल दुर्घटनामा परि निधन ।

[7] मिति २०६६।२।२० को संविधान सभाको बैठकको निर्णय अनुसार यस समितिमा तोकिएको ।

[8] मिति २०६६।२।२० को संविधान सभाको बैठकको निर्णय अनुसार नागरिक सम्बन्ध समितिमा तोकिएको ।

[9] मिति २०६६।१।१६ को संविधान सभाको बैठकको निर्णय अनुसार यस समितिमा तोकिएको ।

# अनुसूची - २

## संविधान सभा
## सास्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिमा

## कार्यरत कर्मचारीहरुको नामावली

| | | |
|---|---|---|
| समिति सचिव | : | श्री विनोद कुमार अधिकारी |
| उप सचिव | : | श्री केदार बहादुर थापा |
| उप सचिव (कानून) | : | श्री ऋषिराम आचार्य (काज) |
| उप सचिव (कानून) | : | श्री लाल बहादुर कुँवर (काज) |
| शाखा अधिकृत | : | श्री एक राम गिरी |
| शाखा अधिकृत | : | श्री कृष्णमान जोशी (काज) |
| ना.सु | : | श्री दिनेश प्रकाश आचार्य |
| ना.सु | : | श्री वुद्धिलाल श्रेष्ठ |
| कम्प्युटर अपरेटर | : | श्री रेखा उपाध्याय खनाल |
| कम्प्युटर अपरेटर | : | श्री जिवन कुमार निरौला(रेकर्डिङ्ग) |
| खरिदार | : | श्री नेत्र बहादुर कार्की (काज) |
| सवारी चालक | : | श्री टंक प्रसाद त्रिपाठी |
| कार्यालय सहयोगी | : | श्री लक्ष्मी प्रसाद गिरी |
| कार्यालय सहयोगी | : | श्री अरुणा पाण्डे (काज) |

मुद्रक :- प्रकाशन तथा मुद्रण शाखा

| | | |
|---|---|---|
| प्रमुख मुद्रण अधिकृत | : | श्री पुष्पमुनि बज्राचार्य |
| मुद्रण अधिकृत | : | श्री जगदिश्वरलाल श्रेष्ठ |
| मुद्रण अधिकृत | : | श्री प्रेमलाल तण्डुकार |
| मुद्रण अधिकृत | : | श्री सागरकुमार तुलाधर |
| सि.प्रे.टे | : | श्री दिपकप्रसाद न्यौपाने |
| सि.प्रे.टे | : | श्री गम्भीरमान सिंह |
| सि.प्रे.टे | : | श्री राजेन्द्र लामिछाने |
| प्रे.टे | : | श्री प्रेमबहादुर चन्द |
| कार्यालय सहयोगी | : | श्री मदन गिरी |

# अनुसूची - ३

## समितिको कार्यक्षेत्र र कार्यतालिका निर्माण

## उपसमितिको प्रतिवेदन

संविधान सभा, सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको मिति २०६५ पुष ४ गते बसेको बैठकमा संविधान सभा नियमावली, २०६५ को नियम ७९ अनुसार समितिको कार्य क्षेत्र र कार्यतालिका निर्माण गर्न माननीय श्री उषा गुरुङ, मा.श्री इन्द्रमाया गुरुङ, मा.श्री कविन्द्र नाथ ठाकुर, मा.श्री गोपाल ठाकुर, मा.श्री गौरी महतो कोइरी, मा.श्री नवोदिता चौधरी, मा.श्री शारदा नेपाली, मा.श्री हरिनारायण यादव र मा.श्री धर्मराज त्रि.क. सदस्य रहेको ९ सदस्यीय उपसमिति गठन भएको थियो ।

उक्त उपसमितिलाई मिति २०६५ पुष १० गते दिनको २:०० बजे बस्ने समितिको बैठकमा उक्त विषयमा विस्तृत छलफल गरी प्रतिवेदन पेश गर्न समयावधि तोकिएको थियो ।

उपसमितिको मिति २०६५ पुष ७ गते बसेको पहिलो बैठकले माननिय श्री उषा गुरुङलाई संयोजकको रुपमा चयन गऱ्यो ।

समितिले तोकेको समय भित्र समितिको कार्यक्षेत्र र कार्यतालिका निर्माण गर्न उपसमितिको मिति २०६५ पुष ७, ८, ९ र १० गते गरी चार दिन लगातार बैठक बस्यो र सो सम्बन्धमा विस्तृत छलफल गरी यो प्रतिवेदन तयार गरेको छ ।

साथै यस उपसमितिले समितिको कार्यक्षेत्रसंग सम्बन्धित विषयहरुका सम्बन्धमा आवश्यक छलफल, राय सुझाव लिनको लागि आवश्यक विशेषज्ञ सेवाको पहिचान गरी सुझावको रुपमा प्रतिवेदनमा समावेश गरिएको छ ।

# अनुसूची – ३.१

## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र

१. विभिन्न तहका संघीय ईकाईहरुमा सरकारी कामकाजको भाषा

- उपलब्ध तथ्यांकको आधारमा विभिन्न भाषाहरुको पहिचान र भाषिक विविधताको अध्ययन,
- भाषिक भौगोलिकताको अध्ययन,
- भाषिक जनसंख्याको अध्ययन,
- विभिन्न जाति र सामाजिक संगठनहरुको भाषा सम्बन्धी नीति, धारणा र अभ्यासको अध्ययन,
- सम्पर्क भाषाहरुको बारेमा अध्ययन विश्लेषण,
- अन्य आवश्यक कुराहरु समेतको अध्ययन, अनुसन्धान गरी केन्द्रदेखि विभिन्न तहका संघीय इंकाईहरुमा सरकारी कामकाजको भाषा पहिचान ।

२. अन्य राष्ट्र भाषा र संस्कृतिको संरक्षण

**(क) अन्य राष्ट्र भाषाको संरक्षण र विकास**

- मातृभाषाहरुको संरक्षण, सम्वर्द्धन, विकास र प्रयोगका सम्बन्धमा अध्ययन, विश्लेषण,
- मातृभाषामा शिक्षाको अभ्यास र विस्तृत संभाव्यता अध्ययन,
- लोपोन्मुख मातृभाषाहरुको पहिचान, संरक्षण र विकासका उपायहरु बारे अध्ययन, विश्लेषण,
- भाषाहरुको अनुसन्धान, विकास, संरक्षण, सम्बर्द्धन र प्रयोगको सम्बन्धमा अध्ययन एवं विश्लेषण ।

**(ख) संस्कृतिको संरक्षण र विकास**

- विभिन्न जातजाति, भाषाभाषी तथा धर्मावलम्बीहरुको रीतिरिवाज, चाडपर्व, संस्कार इत्यादिको संरक्षण, सम्वर्द्धन तथा विकासका विषयहरु,
- विभिन्न भौगोलिक स्थानहरुमा छरिएर रहेका सांस्कृतिक विविधताका साथै धार्मिक स्थल, संरचनाहरु (मन्दिर, विहार, बहाल, गुम्बा, मस्जिद, गिर्जाघर आदि) लगायत आस्थाका अन्य केन्द्रहरुको संरक्षण विकास एवं सम्वर्द्धनका विषयहरु,
- विभिन्न अल्पसंख्यक तथा लोपोन्मुख समुदायहरुको संस्कृतिको संरक्षण सम्वर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान एवं अन्य आवश्यक विषयहरु,
- विभिन्न धार्मिक आस्था एवं सांस्कृतिक महत्वका विषयहरुका साथै पुरातात्विक विषयको संरक्षण र सम्वर्द्धन,

- जातीय ऐतिहासिकता, परम्परागत शिप र ज्ञानको संरक्षण सम्वर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान र अन्य आवश्यक विषयहरु,

३. <u>भाषा सम्बन्धी अन्य विषय</u>

- लिपि(ब्रेल र सांकेतिक समेत), साहित्य र संगीत(सबै भाषा र विधा)को अध्ययन अनुसन्धान एवं संरक्षण, सम्वर्द्धन र विकास ।

४. <u>सामाजिक ऐक्यबद्धताको आधार निर्माण</u>

- आधारभूत मानव अधिकारको संरक्षण गर्दै धार्मिक, भाषिक, सांस्कृतिक सामाञ्जस्यताका आधारमा सामाजिक ऐक्यबद्धाताका आधारहरुको पहिचान,
- धार्मिक, भाषिक, सामाजिक, जातिय र सांस्कृतिक समानताको प्रत्याभूतिका साथै विद्यमान विभेदकारी कुरीतिहरुको अन्त्य गरी समय सापेक्षरुपमा सामाजिक ऐक्यबद्धताको आधार निर्धारण
- धर्मनिरपेक्षता र सांस्कृतिक आधारमा सामाजिक ऐक्यबद्धताका आधारहरुको पहिचान
- भाषा र जीवनशैलीको आधारमा बनेका विभिन्न संस्कृतिहरुको बीचमा रहेका साझा विषय वस्तुहरुको पहिचान,
- एक–अर्को बीच रहेको विभिन्नताहरुलाई सकारात्मक रुपमा स्वीकार गर्ने वातावरण तयार गर्न आधार निर्माण,
- भूमि र त्यस भित्रको प्राकृतिक स्रोत, सम्पदालाई मुख्य आधार मानी त्यस क्षेत्रका जाती वा समुदायको अन्योन्याश्रित जीवनका सम्वन्धहरुको उजागर गर्दै सबैको अधिकारको सुनिश्चितता हुनु पर्ने ।

**विषयवस्तुका अन्य क्षेत्रहरु**

- चित्रकला, मूर्तिकला, वास्तुकला, काष्ठकला लगायतका सबै खाले कलाका विषयवस्तुहरुको विविध पक्ष,

# अनुसूची - ४

## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यतालिका

| क.सं. | समितिले गर्नु पर्ने कार्यहरुको विवरण | सञ्चालन हुने गतिविधि | आवश्यक औजार (TOOLS) | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | सभापतिको निर्वाचन | | | २०६५/९/१ देखि २०६५/९/१५ सम्म | सभापतिको निर्वाचन अध्यक्षले तोकेको दिन गरिने । |
| २. | समितिको कार्यक्षेत्रको पहिचान । | -समितिका सदस्यहरु बीच छलफल गर्ने ।<br>-कार्यक्षेत्रको पहिचानका लागि उप समितिको गठन गर्ने । | | | |
| ३. | समितिको कार्यक्षेत्र भित्र पर्ने बिषयमा विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी कार्य विवरण (TOR) सहित कार्यव्यवस्था समितिमा प्रस्तुत । | -विशेषज्ञ सेवाको क्षेत्र पहिचानकालागि समितिको कार्यक्षेत्र सम्बन्धी विषयमा समितका सदस्यहरु बीच छलफल गर्ने ।<br>-कार्यविवरण (TOR) को निर्माण गर्ने । | | | |
| ४. | कार्यतालिकालाई अन्तिम रुप दिई अध्यक्ष समक्ष प्रस्तुत । | -कार्यतालिका निर्माण गरी अन्तिम रुप दिन समितिका सदस्यहरु बीच छफफल एवं विचार विमर्श गर्ने । | | | |
| ५. | समितिको कार्यक्षेत्र अन्तंगत पहिचान गरीएका विषयहरुका सम्बन्धमा छलफल र विचार विमर्श । | -पहिचान गरीएका विषयवस्तुहरुमा आधारित भई समितिका सदस्यहरु बीच प्रारम्भिक छलफल ।<br>-नागरीक समाज तथा आम नागरीकबाट सुझाव संकलनका | सम्बन्धीत विषयमा लेखिएका पुस्तक, लेख आदि ।<br>सम्बन्धीत विषयमा रहेका तथ्याङ्क, सुचना आदि । | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लागि विषयवस्तुका सम्बन्धमा समितिमा विचार विमर्श गर्ने । | | | |
| ६. | विशेषज्ञहरु संग छलफल परामर्श तथा राय सुझाव संकलन । | -विशेषज्ञहरुसंग सम्बन्धीत विषयमा समितिमा छलफल गर्ने ।<br><br>-विशेषज्ञहरुबाट प्राप्त राय सुझावहरु उपर विशेषज्ञहरु सहित समितिमा छलफल गरी परिमार्जित गर्ने । | | २०६५/९/१५ देखि २०६५/११/१५ सम्म | |
| ७. | समितिको कार्यक्षेत्र अर्न्तगत पहिचान गरीएका विषयवस्तुका सम्बन्धमा नागरीक समाज तथा आम नागरीकबाट राय सुझावको संकलन । | -समितिको कार्यक्षेत्रसंग सम्बन्धीत विषयमा कार्यरत नागरीक समाजको पहिचानका लागि समितिमा छलफल गर्ने ।<br><br>-नागरीक समाज तथा आम नागरीकबाट राय सुझाव संकलन गर्न समितिका सदस्यहरु विभिन्न स्थानको स्थलगत भ्रमणमा जाने ।<br><br>-राय सुझाव संकलनका लागि अन्य प्रभावकारी उपायको पहिचान र व्यवस्था गर्ने । | रेकर्ड गर्ने सामग्री कम्प्युटर, वेवसाइट निर्माण आदि । | | |
| ८. | समितिको कार्यक्षेत्र अन्तगंत पहिचान गरीएका मूलभूत विषयहरुका सम्बन्धमा विभिन्न मूलुकको अभ्यास र अनुभवको अध्ययन । | -वैदेशिक अध्ययन भ्रमणका क्रममा जानकारी लिनु पर्ने आधारभूत विषयवस्तु र पक्षका बारेमा समितिमा छलफल गर्ने । | | | अभिमुखिकरण कार्यक्रम समितिको कार्यमा खटिएका सहयोगी कर्मचारीलाई समेत सञ्चालन गर्न उपयुक्त हुने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | गोष्ठी, छलफल, अन्तरक्रिया तथा अभिमूखिकरण तालिमको सञ्चालन । | -गोष्ठी, छलफल, अन्तरक्रिया वा अभिमूखिकरण कार्यक्रमहरुका लागि उपयुक्त एवं आवश्यक विषयवस्तुका बारेमा समितिमा छलफल गर्ने ।<br>-गोष्ठी, छलफल, अन्तरक्रिया वा अभिमूखिकरण कार्यक्रमका लागि उपयुक्त स्थान र समयको पहिचान गर्ने । | रेकर्ड गर्ने सामग्री ।<br>अन्य आवश्यक भौतिक सामग्री | | |
| १०. | उल्लिखित माध्यमबाट प्राप्त राय सुझाव र जानकारी समेतका आधारमा अवधारणा पत्र तयार गर्ने । | -प्राप्त राय सुझाव वा सूचना उपर समितिमा छलफल ।<br>-समितिमा व्यापक विचार विमर्श र छलफल गर्ने ।<br>-अवधारणा पत्रको तयारीका लागि आवश्यकता अनुसार उपसमितिको निर्माण गर्ने ।<br>-अवधारणाको मस्यौदा उपर छलफल गरी अन्तिम रुप दिने । | | | |
| ११. | अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदाको तयारी । | -मस्यौदामा समावेश गर्नु पर्नेआधारभूत विषयवस्तुका सम्बन्धमा समितिमा छलफल गर्ने ।<br>-आवश्यकता अनुसार उपसमितिको गठन गर्ने ।<br>-विज्ञहरुसंग छलफल र विचार विमर्श गर्ने । | | २०६५/११/१५ देखि २०६६/१/१० सम्म | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | कार्यक्षेत्रमा केन्द्रित रही अवधारणा पत्रको आधारमा तयार गरीएको प्रारम्भिक मस्यौदालाई समितिको प्रतिवेदन सहित संविधान सभा समक्ष प्रस्तुत । | -प्रारम्भिक मस्यौदाको निर्माण भैसकेपछि पून समितिमा छलफल गरी परिमार्जित गर्ने ।<br><br>-प्रारम्भिक मस्यौदालाई अन्तिम रुप दिने । | | | |
| १३.<br><br>१४. | समितिको प्रतिवेदनमाथि संविधान सभामा छलफल ।<br><br>संविधान सभाको छलफलमा उठेका विषयहरुको बुंदा टिपोट । | | | २०६६/१/११ देखि २०६६ जेष्ठ महिना सम्म | समितिको सचिवालयले बुंदा टिपोट गर्ने । |

# अनुसूची - ५

## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र अन्तर्गत विशेषज्ञ सेवाको कार्यविवरण (TOR)

| क्र.सं. | विशेषज्ञ सेवाको क्षेत्र | विशेषज्ञले सम्पादन गर्नु पर्ने मुख्य कार्यहरु | अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | भाषाविद् | -नेपालमा रहेका मातृभाषा लगायत विभिन्न भाषाहरुको बारेमा जानकारी उपलब्ध गराउने ।<br>-नेपालको भाषिक विविधता र भौगोलिकताको बारेमा जानकारी दिने ।<br>-लोपोन्मुख मातृभाषा लगायत अन्य भाषाहरुको संरक्षण, सम्वर्द्धन र विकासका उपायहरु बारे सुझाव दिने ।<br>-केन्द्र देखि विभिन्न तहका संघीय इकाईहरुका सरकारी कामकाजको भाषा पहिचानका आधारहरु सहित प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलब्ध हुनुपर्ने । |
| २. | समाजशास्त्री | -नेपाली समाजको ऐतिहासिकता, आधारभूत विशेषता र मूल्य मान्यताका बारेमा जानकारी उपलब्ध गराउने ।<br>-आर्थिक, सामाजिक सम्बन्धहरुको बारेमा उजागर गर्ने ।<br>-जिवनशैलीका आधारमा रहेका साझा विषयवस्तु र कार्यात्मक सम्बन्धहरुको पहिचान गर्ने ।<br>-सामाजिक ऐक्यबद्धताका मूलभूत आधारहरु सहित प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलब्ध हुनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३. | मानवशास्त्री | -नेपाली समाजमा जातजाति सम्बन्धी अवधारणा, जातीय सम्बन्ध र विविधताको बारेमा जानकारी दिने | २०६५ साल माघ २० गते सम्म | |
| ४. | संस्कृतिविद् | -नेपालका विभिन्न जातजाति, भाषाभाषी तथा धर्मावलम्बीहरुको रीतिरिवाज, चाडपर्व, संस्कार आदि जस्ता मौलिक संस्कृतिको संरक्षण र सम्वर्द्धनका उपाय बारे सुझाव दिने ।<br><br>-विभिन्न क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्वीक महत्वहरुका विषय र संरचनाहरुको संरक्षण र सम्वर्द्धनका उपायहरुबारे सुझाव दिने ।<br><br>लोपोन्मुख संस्कृतिको संरक्षण र सम्वर्द्धन सहित सांस्कृतिक सामन्जस्यताका उपायहरु बारे प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| ५. | कलाविद् | -नेपालमा रहेका विविध कला (चित्रकला, मूर्तिकला, वास्तुकला, काष्ठकला आदि) को विद्यमान स्थिति र संरक्षण, सम्वर्द्धनका उपायहरुबारे जानकारी दिने ।<br><br>-विभिन्न जातजातिहरुका मौलिक कलाको पहिचान र संरक्षणका उपाय बारे सुझाव दिने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| ६. | इतिहासविद् | -नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक ऐतिहासिकता र परिवर्तनको प्रक्रियाका आधारभूत पक्षहरुको बारेमा जानकारी दिने<br><br>-विभिन्न ऐतिहासिक घटनाक्रमहरुले नेपाली समाजको आर्थिक सामाजिक र सांस्कृतिक पक्षमा पारेको प्रभाव बारे उजागर गर्ने ।<br><br>-ऐतिहासिक पक्षहरुका आधारमा नेपालको सामाजिक, सांस्कृतिक, भाषिक Restructuring का सन्दर्भमा विचार गर्नुपर्ने मुलभूत विषयहरुका बारेमा सुझाव दिने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| ७. | भूगोलविद् | विभिन्न भाषिक, सांस्कृतिक समुदायको भौगोलिक क्षेत्रसंगको अन्तरसम्बन्धका बारेमा उजागर गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति |

| | | | | |
|---|---|---|---|---|
| | | भाषिक, सांस्कृतिक भौगोलिकताको विद्यमान अवस्थितिका आधारमा सामाजिक ऐक्यबद्धताका आधारहरुको पहिचान गर्ने । | | उपलब्ध हुनु पर्ने । |
| ८. | दर्शनशास्त्री | नेपाली समाजका विद्यमान विभिन्न मूल्य मान्यता र तिनीहरुको सम्बन्धका बारेमा उजागर गर्ने ।<br><br>विभिन्न कुरीति र प्रथा, परम्पराको अभ्यास एवं अनुसरण हुनु पछाडिको आधारभूत कारण र त्यस्ता पक्षहरुलाई हटाउने आधारहरुको बारेमा सुझाव दिने ।<br><br>-विभिन्न मुल्य मान्यता पछाडिको मनोवैज्ञानिक पक्ष र त्यसलाई हटाई सामाजिक ऐक्यवद्धताको आधार निर्माण गर्ने विषयहरुको पहिचान गरी प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| ९. | मौलिक सम्पदाको संरक्षण सम्वन्धी विशेषज्ञ | नेपालमा रहेका विभिन्न परम्परागत ज्ञान (Traditional Knowledge), मौलिक पहिचान सम्वन्धी विषयहरुका बारेमा उजागर गर्ने ।<br><br>-परम्परागत ज्ञानको संरक्षण, सम्वर्द्धन र विकासका आधारहरुको बारेमा सुझाव दिने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| १०. | राजनीतिशास्त्री | -विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय विविधताको राजनैतिक विचारधारासँग हुने अन्तरसम्वन्धको बारेमा उजागर गर्ने ।<br><br>-भाषिक तथा सांस्कृतिक संरक्षणको माध्यमबाट सामाजिक ऐक्यबद्धता कायम गर्ने राजनीतिक उपायहरुको पहिचान गर्ने ।<br><br>-भाषा, जीवनशैली र भौगोलिक विविधताको सामन्जस्यताका आधारमा सामाजिक ऐक्यवद्धता कायम हुने राजनैतिक आधारहरुका बारेमा उजागर गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |

# अनुसूची - ५.१

## संविधान सभा
## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति
### कार्यक्षेत्र र कार्यतालिका निर्माण उपसमिति बैठक विवरणहरु

१) **बैठक १ : २०६५ पुष ७ समय बिहान ९:०० बजे समयावधि २ घण्टा २० मिनेट**

- उपसमितिको संयोजकमा माननीय श्री उषा गुरुङ्को चयन तथा समितिको कार्यक्षेत्र र कार्यतालिका सम्वन्धमा विस्तृत छलफल ।

२) **बैठक २ : २०६५ पुष ८ समय बिहान ९:०० बजे समयावधि १ घण्टा ४० मिनेट**

- समितिको कार्यक्षेत्र र कार्यतालिका सम्वन्धमा विस्तृत छलफल ।

३) **बैठक ३ : २०६५ पुष ९ समय बिहान ८:४५ बजे समयावधि १ घण्टा ३५ मिनेट**

- समितिको कार्यक्षेत्र र कार्यतालिका सम्वन्धमा विस्तृत छलफल ।

४) **बैठक ४ : २०६५ पुष १० समय दिनको १:०० बजे समयावधि ५० मिनेट**

- समितिको कार्यक्षेत्र र कार्यतालिका निर्माण गरी पारित गरी समिति समक्ष बुझाउने निर्णय ।

# अनुसूची - ६

## संविधानसभा
## साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समिति
## विज्ञहरुसंगको अन्तरक्रियामा विज्ञहरुबाट प्राप्त राय सुझावको
## सार-संक्षेप

१. **डा.श्री साफल्य अमात्य**

**(सँस्कृति सम्बन्धी)**

- जुनसुकै राष्ट्र र समाजको पनि आफ्नै मौलिक संस्कृति हुन्छ । त्यो त्यस राष्ट्र र समाजको पहिचान र परिचय हुन्छ । सँस्कृति राष्ट्र र समाजको गौरव र प्रतिष्ठा पनि हो ।
- नेपाली समाजको साँस्कृतिक विशेषता भन्नु नै त्यसले सिकाएको सहिष्णुता, शान्ति र अहिंसाको भावना हो ।
- विविधता नै नेपाली सँस्कृतिको गहना हो ।
- संस्कृति संरक्षण गर्नु भन्नु नै यसको भौतिक रुप र अभौतिक रुप अर्थात Tangible Cultural Heritage र Intangible Cultural Heritage दुवैको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नु हो ।
- **सामाजिक सामञ्जस्यता कायम गर्ने आधारहरु :–**
  - (क) सामाजिक सामन्जस्यता कायम गर्ने आधारहरु नेपाली संस्कृतिमा प्रचुर मात्रामा छन् । हाम्रो कुनैपनि जात्रा, मेला, पर्व आदि हामी सबै नेपालीहरुको हो ।
  - (ख) बाहुन, क्षेत्री, वैश्य, शुद्र (तल्लो जातका भनिने मानिस) हरु सबैले समानता र समभाव राखी हाम्रो संस्कृतिका विविध कृयाकलापहरुमा मिलेर भाग लिने गर्दछन् ।
  - (ग) राष्ट्रले संस्कृतिलाई An Organizing and Mobilizing Force for Progress बनाउन सधै कृयाशिल हुनु पर्दछ ।
  - (घ) राष्ट्रले संस्कृतिलाई समाजमा समाञ्जस्यता कामय राख्ने यन्त्र वा साधन बनाउनु पर्दछ । तबमात्र राष्ट्रमा शान्ति र विकास हुन्छ ।

२. **प्रा. डा. श्री प्रेम कुमार खत्री**

**(सँस्कृति सम्बन्धी)**

- **नेपाली समाजको साँस्कृतिक विशेषता**
  - (क) विविधता – भाषा, रीति प्रचलन
  - (ख) एकता – भाषा, कानुन, संविधान
  - (ग) अदृश्यमाथिको विश्वास – चाडपर्व, संस्कार
  - (घ) सहमेल र सहिष्णुता
- **सामाजिक ऐक्यबद्धता कायम गर्न अवलम्बन गर्नु पर्ने आधार**
  - (क) सामाजिक न्यायका सबै पक्षमा समान पहुँच
  - (ख) ऐक्यबद्धताका नयाँ मार्गहरुको पहिचान
  - (ग) सरकारी, गैर सरकारी, स्थानीय संघ संस्थाहरुको सहजकारी भूमिकाको उपयोग
  - (घ) शिक्षा, संचार, आदि क्षेत्र मार्फत सामाजिक सद्भाव वृद्धिका लागि राज्यको प्रयास
- **साँस्कृतिक सामञ्जस्यता कायम गर्ने आधार**
  - (क) विद्यमान सामाजिक सौहार्दताको संरक्षण
  - (ख) विकृतिहरुको उन्मूलन
  - (ग) अरुको संस्कृतिको सम्मान
  - (घ) पछि परेका संस्कृतिलाई माथि तान्ने योजना र तिनको ग्यारेन्टीका साथ कार्यान्वयन
  - (ङ) शिक्षाको माध्यमबाट आफ्नो संस्कृतिको महत्व, गरीमा र पहिचान बुझ्न जातिगत संस्कृतिहरुलाई प्रोत्साहन

३. **प्रा.डा.श्री योगेन्द्रप्रसाद यादव**

**(नेपालको भाषिक स्थिति)**

- **नेपालका भाषिक मुद्दाहरु:-**
  - (क) भाषा निर्धारणमा अन्यौलता
  - (ख) पारिवारिक वर्गीकरणमा अनिश्चितता
  - (ग) भाषा नामकरणबारे असहमति

(घ) भाषा जाति अन्तरसम्बन्धको विविधता

(ङ) लिपि र लेख्य परम्पराको अभाव

(च) जनगणनाको तथ्याङ्कसंग असन्तुष्टि

(छ) भाषाहरुको लोप हुने स्थिति

(ज) समाजभाषा वैज्ञानिक मुद्दाहरु

(अ) राजनीतिक

(आ) आर्थिक

(इ) सामाजिक विभेद

(झ) भाषा प्रायोगको सीमितता

- भाषाको पहिचान र निर्धारण

नेपालमा बोलिने भाषाहरूसम्बन्धि तथ्यांकहरू बढी अनुमानमा आधारित भएकोले तिनलाई अंतिम मान्न सकिदैन्न । त्यसैले सर्वप्रथम वैज्ञानिक आधारमा वस्तुपरक र विश्वसनीय भाषिक सर्वेक्षण गरी तिनको सही पहिचान र निर्धारण हुनु जरूरी छ ।

- समाजभाषावैज्ञानिक विवरण

सबै नागरिकलाई लाभ हुने खालका नीति तथा कार्यक्रम उपयुक्त किसिमले बनाउन र लागु गर्न राज्यलाई सहयोग पुऱ्याउन नेपालका सबै निर्धारण गरिएका भाषाहरूको समाजभाषावैज्ञानिक विवरण तयार पार्न जरुरी छ । यस समाजभाषिक विवरणमा भाषाको भौगोलिक क्षेत्र, यसका वक्ताको जनसांख्यिक (demographic) विवरण, भाषिकाहरूबीचको पारस्परिक बोधगम्यता, मानक रूपको विकासका प्रयासहरू, सम्पर्क भाषाको रूपमा काम गर्ने भाषाहरू, वक्ताको आफ्नो मातृभाषा र वरिपरिका अरू भाषाप्रतिको अभिवृति, भाषाका लिखित वा मौखिक रूपको आन्तरिक विकास, तिनको जीवन्तता र सम्भाव्यता, तिनको शिक्षा र प्रशासनमा प्रयोगको लागि तयारीसँग सम्बन्धित सूचनाहरु समावेश हुनु पर्छ।

- भाषाहरूको योजना

  (क) संरचनागत योजना र

  (ख) स्तरगत योजना

- शिक्षामा भाषानीति

  (क) प्रत्येक भाषाको मानक भाषिकाको पनि चयन हुनु जरुरी छ।

  (ख) आवश्यकता, सम्भाव्यता, वर्णमालाको विकास, पाठ्यसामग्रीको उपलब्धता जस्ता पूर्वाधार पूरा भएका भाषिक समुदायहरूका लागि एक वा बढी पाइलट अध्ययनको आरंभ गर्ने;

  (ग) अल्पसंख्यक भाषिक समुदायहरूसंग परिचित र मातृभाषा पढाउन योग्य तथा सक्षम शिक्षकहरूको तालीम दिने;

  (घ) "सबैका लागि शिक्षा" राष्ट्रिय कार्यक्रम अनुसार प्राथमिक शिक्षा तहमा संक्रमणीय बहुभाषिक शिक्षा (transitional multilingual education) को सुरुवात गर्ने;

  (ङ) राष्ट्रिय शैक्षिक कार्यक्रममा शैक्षिक-पाठ्य र अन्य सामग्रीहरूको उत्पादन र वितरण सबै मातृभाषाहरूमा सम्बर्द्धन गर्ने र जारी राख्ने;

  (च) योग्य मातृभाषी शिक्षकहरूको विकास जारी राख्ने;

  (छ) मातृभाषा शिक्षणसम्बन्धि कार्यक्रम र गतिविधिहरूको नियमित सुपरिवेक्षण र मूल्यांकण गर्ने;

  (ज) भारत, चीनआदि मुलुकहरूजस्तै नेपालमा पनि भाषानीतिमा उल्लेख भएका रणनीति र कार्यहरूको नियमन र दिगो तुल्याउन "नेपाल भाषा प्रतिष्ठान" अपरिहार्य देखिन्छ (भानीसुआ २०५१)।

(झ) लोपवान भाषाहरुको संरक्षण र संवर्द्धनकालागि भाषिक समुदाय, भाषाविद् र सरकारी तथा गैरसरकारी निकायहरुवाट समन्वयात्मक ढङ्गले भाषा अभिलेखिकरण गर्ने ।

४. पूर्व उपकुलपति श्री केदारभक्त माथेमा

(सँस्कृति सम्बन्धी)

- मातृभाषामा प्राथमिक शिक्षाको सुनिश्चितता हुनुपर्छ । यसवाट वालवालिकाले चाडो सिक्न र वुझ्न सक्छन् । शिक्षामा शुरुमा मातृभाषा त्यसपछि नेपाली भाषा र अंग्रेजी भाषामा सिकाउनु पर्छ ।
- भाषाको निर्धारण गर्दा राष्ट्रिय भाषा, क्षेत्रीय भाषा र स्थानीय भाषाको व्यवस्था गरीनु पर्छ र हाललाई राष्ट्रिय भाषाको रुपमा नेपाली भाषालाई राखिनु पर्छ ।
- नेपाल साँस्कृतिक विविधता भएको देश हो । तसर्थ साँस्कृतिक सामञ्जस्यता कायम गर्न विभिन्न उपायहरु अवलम्वन गर्नुपर्छ ।
- संस्कृति संरक्षणको लागि गुठीहरुको संरक्षण र सम्वर्द्धन गर्ने व्यवस्था संविधानमा राखिनु पर्छ ।

५. प्रा.डा.श्री चैतन्य मिश्र

(सामाजिक ऐक्यवद्धताको आधार निर्धारण )

- संस्कृति वनिरहने चीज हो । यो निरन्तर वनी रहन्छ र परिवर्तनशील पनि छ । एकातर्फ संस्कृतिको निर्माण भई रहेको हुन्छ भने अर्कोतर्फ यसको केही पाटो नष्ट भई रहन्छ ।
- संस्कृति राजनीति र अर्थतन्त्रको पाटो हो ।
- सांस्कृतिक ऐक्यवद्धता वढाउन संस्कृति, राजनीति र अर्थतन्त्रको क्षेत्रमा उपयुक्त व्यवस्थापन गरीनु पर्छ ।
- हामी वहुल संस्कृतिमा भर पर्दछौं । समाजमा विभिन्न पेशा र व्यवसायका मानिस हुन्छन् । एउटा पेशा अर्को पेशासंग आवद्ध हुन्छ ।

- सामाजिक ऐक्यवद्धता कायम गर्न धर्म, क्षेत्र, लिङ्ग, वर्ग आदिको आधारमा भेदभाव नगरीने नीति र कानून वनाउनु पर्छ। आर्थिक रुपले तल परेका व्यक्ति वा समुहलाई कसरी अवसर दिने भन्ने कुरा पनि विचार गरीनु पर्छ।
- असक्त व्यक्तिको लागि राज्यले कानून बनाई सामाजिक सुरक्षाको कार्यक्रम लागु गर्नुपर्छ।
- सामाजिक ऐक्यवद्धता कायम गर्न व्यापक रोजगारीको सिर्जना गरीनुपर्छ। यसबाट हिंसा, अराजकता हट्न गई सामाजिक सद्भाव कायम गर्न सकिन्छ।

६. <u>सह प्राध्यापक श्री पूर्णमान शाक्य</u>

**(प्रशासनमा भाषा नीति)**

- राज्यको पुनर्संरचना गर्दा भाषाको वितरण तथा भाषिक समुदायहरुको अभिमतको आधारमा समेत संभव भएसम्म भाषिक प्रदेशहरुको संरचना गर्नुपर्छ। त्यस्तै प्रदेश भित्रका अन्य राजनैतिक इकाईहरु जस्तै जिल्ला, गा.वि.स.हरु पनि संभव भएसम्म भाषाको आधारमा गरीनु उपयुक्त हुन्छ।
- संघीय राज्य व्यवस्थामा प्रवेश गर्दा संघीय तहमा, प्रदेशको तहमा र सो भन्दा मुनीका प्रशासनिक इकाईहरुमा कुन भाषाले सरकारी कामकाजको भाषाको मान्यता पाउने र के को आधारमा मान्यता पाउने भन्ने कुरा प्रष्ट उल्लेख गर्नु पर्छ।
- प्रादेशिक भाषाको चयन गर्दा त्यसको क्षमता र सम्भाव्यतालाई दृष्टिगत गर्ने र त्यसको निर्णय गर्ने स्वतन्त्रता सम्वन्धीत प्रदेशलाई नै दिनुपर्छ। तर प्रादेशिक व्यवस्थापिकामा जनप्रतिनिधिहरुले स्थानीय मुद्दाहरुमा सार्वजनिक बहस गर्दा संघीय तथा प्रादेशिक सरकारी कामकाजको भाषा बाहेक सो प्रदेशमा बोलिने अन्य स्थानीय भाषामा समेत बोल्न, सकिने व्यवस्था गर्नु पर्दछ। तर त्यस्तो भाषामा बोल्दा अन्य सबैले बुझ्ने भाषामा अनुवाद गर्ने व्यवस्था गर्नु पर्दछ।
- नयाँ राज्य संरचनामा कुनै प्रदेश भित्रको एक वा सो भन्दा वढी जिल्लामा कुनै स्थानीय भाषाको बाहुल्यता भएमा सो जिल्ला स्तरीय स्थानीय निकायमा सोही भाषामा समेत सरकारी कामकाज गर्न

सकिने गरी छुट प्रदान गर्ने व्यवस्था हुनु पर्दछ । बहुभाषिक भाषा नीति भएका स्थानीय निकायमा अनुवादको उचित व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय निकायकै हुनु पर्दछ ।

- संघीय सरकार र प्रादेशिक सरकार बीच एक आपसमा पत्राचार तथा औपचारिक सम्पर्क गर्दा संघीय सरकारी कामकाजी भाषा प्रयोग गर्नु पर्दछ ।
- प्रदेशहरुले एक आपसमा पत्राचार तथा औपचारिक सम्पर्क गर्दा संघीय सरकारी कामकाजको भाषामा गर्नु पर्दछ । तर प्रदेशहरुको आपसी सहमति भएमा अन्य राष्ट्र भाषा पनि प्रयोग गर्न सकिनेछ ।
- जिल्ला स्तरीय स्थानीय निकायहरुले (Local Government) एक आपसमा पत्राचार तथा औपचारिक सम्पर्क गर्दा संघीय वा प्रादेशिक सरकारी कामकाजी भाषामा गर्नु पर्दछ । तर स्थानीय निकायहरुको आपसी सहमति भएमा अन्य राष्ट्र भाषा पनि प्रयोग गर्न सकिनेछ ।
- संघीय तथा प्रादेशिक भाषा नीति सम्वन्धी जेसुकै लेखिएको वा व्यवस्था गरीएको भए तापनि संविधान, ऐन, नियम, विनियम, अध्यादेश, आदेश, फैसला, निर्णय, सूचना इत्यादिको आधिकारिक भाषा संघीय सरकारी कामकाजको भाषा हुनु पर्दछ । व्याख्याको विवाद आएमा संघीय सरकारी कामकाजको भाषामा लेखिएको दस्तावेजको व्याख्याले मान्यता पाउनु पर्दछ ।

७. **प्रा.श्री कृष्ण खनाल**

**(साँस्कृतिक तथा सामाजिक ऐक्यबद्धता)**

- सामाजिक ऐक्यवद्धता भन्नाले कुनै समाजमा विद्यमान विभिन्न समूह/व्यक्तिहरुका वीच एकता, सहभाव, आपसी सहयोग, सद्भावनाको अवस्थालाई बुझाउँछ ।
- सामाजिक ऐक्यवद्धताले समाजमा विद्यमान सम्वन्धहरुको त्यस्तो अवस्थालाई बुझाउँछ जहाँ मानिसहरु आ–आफ्ना जातीय, भाषिक, धार्मिक, साँस्कृतिक, धार्मिक तथा वैयक्तिक भिन्नताका वावजुद एकता र सहभावको सूत्रमा आवद्ध भएका हुन्छन् ।

- **सामाजिक ऐक्यवद्धताका आधारः-**
  - (क) नेपाली समाजको निर्माण र इकाईहरुको पहिचान
  - (ख) तिनको स्वतन्त्र अस्तित्व र स्वायत्तताको स्वीकारोक्ति र सम्मान
  - (ग) समूह र व्यक्तिको अन्तरसम्बन्धको सिद्धान्त (आंगिक ऐक्यवद्धताको सिद्धान्त र पालना)
  - (घ) व्यक्तिगत स्वतन्त्रता, समानता र मानवीय मूल्य
  - (ङ) स्वतन्त्रता र समानता – सत्तामा पुगेका र शासितवीचको दूरी र विभेदको अन्त्य एवं पहुँचको अवसर
  - (च) सामाजिक न्याय एवं शिक्षा, स्वास्थ्य, जिविका
  - (छ) बालबालिका, वृद्ध, असहाय, अपाङ्ग, एकल महिला, विस्थापित, प्रकोप पिडीत, सीमान्तकृत समुदाय र वर्गप्रति न्याय र सुरक्षा
  - (ज) छुवाछुतमुक्त समाजको घोषणा र उलङ्घनलाई संवैधानिक अपराध मान्ने
  - (झ) शिक्षा र रोजगारीमा आरक्षण

८. **मा. मन्त्री श्री देवप्रसाद गुरुङ**

**(सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण )**

- संविधान निर्माण गर्दा सामाजिक, सांस्कृतिक ऐक्यवद्धता कसरी कायम गर्ने भन्ने कुरा गर्दा सामाजिक, सांस्कृतिक ऐक्यवद्धता कसरी पैदा हुन सक्छ भन्ने पक्षमा विचार गर्नु पर्दछ।
- सामाजिक ऐक्यवद्धताको आधार खोज्दा सबैभन्दा पहिले समाज विकासको क्रमलाई हेर्ने हो भने समाजको एकताको आधार निम्न ४ किसिमबाट भएको देखिन्छ-
  - (क) साझा भूगोलको आधार
  - (ख) साझा भाषाको आधार
  - (ग) निर्वाहमुखी आर्थिक जीवन
  - (घ) मनोवैज्ञानिक र सांस्कृतिक एकताको आधार

- सामाजिक धरातल भन्दा भिन्न किसिमले राज्य निर्माण भयो भने त्यो राज्य टिकाउ नहुनुका साथै त्यसले समाजलाई रुपान्तरण र गतिशील बनाउन नसक्ने देखिएको छ। राज्य भनेको एउटा संयन्त्र

हो । त्यो संयन्त्र सामाजिक धरातलमा टेकेको छ भने मात्र टिकाउ हुन्छ । सामाजिक धरातलमा त्यो राज्य वनेको छैन भने त्यो राज्य कि त निरंकुश भएर जान्छ कि त सैन्यवादी प्रवृत्ति हावी भएर जान्छ । यसैले राज्य निर्माणको आधार भनेको सामाजिक एकताको आधारलाई नै मान्नु पर्दछ । विश्वका धेरै राज्यहरुमा सामाजिक एकतालाई आधार बनाएर राज्य निर्माण भइरहेको देखिन्छ । यही सामाजिक एकताको आधारमा राज्य निर्माण हुनुलाई वैज्ञानिक आधार समेत मानिन्छ ।

- नेपालको ईतिहासलाई हेर्दा सामन्ती प्रकारको उत्पादन प्रणाली कही छिटो र कही ढिलो शुरु भएको देखिन्छ । तर प्राचीन ईतिहास हेर्ने हो भने दक्षिणमा गंगाको मैदान र उत्तरमा हिमालको काखसम्म चलखेल गर्ने मानिसहरुको प्रकृति हेर्दा सामुहिक गण प्रथावाट शुरुवात भएको देखिन्छ । यस क्षेत्रमा सामन्ती प्रथाको शुरुवात भएको र त्यो प्रथा धर्मको आधारमा टिकेको पाईन्छ । जुन हिन्दु धर्ममा आधारित थियो । यी हिन्दुवादी शासकहरुले शासन गर्न सजिलोको लागि समाजलाई विखण्डन गरे । राजालाई दैवीक शक्तिको रुपमा परिभाषित गरी राजाले बनाएका हरेक नियमहरु पालना गर्नुपर्ने अवस्थाको श्रृजना भयो । राजाले नै राज्य संचालन सरल गर्नको लागि समाजलाई ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रमा विभाजन गरे । यसरी धर्मशास्त्रवाट फौजीवलको भरमा शासन गरेको हुनाले यो टिकाउ हुन सकेन । आधार विनाको जात प्रथाले गर्दा नेपाली समाज विखण्डनतिर गयो । स्वफूर्त रुपमा उत्पादनको आधारमा राज्य वनेको भए एउटा मजवुत राष्ट्रिय राज्य बन्न सक्थ्यो । यही भावनालाई आत्मसात् गरी नेपाली समाजको सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधारको खोजी गरीनु पर्दछ ।

९. <u>प्रा. डा. श्री नोवल किशोर राई</u>

**(भाषा सम्बन्धी)**

- भाषा भनेको मानवलाई पशुवाट छुट्याउने कडी हो । पशुहरुको भाषा हुँदैन । मानवको पहिलो र सवभन्दा ठूलो सम्पत्ति नै भाषा हो । मानवले सवभन्दा पहिले जुन भाषा वोल्छ त्यो नै मातृभाषा हो ।
- भाषालाई हामी ४ किसिमले हेर्दछौं :-

(क) मातृभाषा :आमाको काखमा हुँदा बोल्ने भाषा मातृभाषा हो । आमाले बोल्ने भाषा मातृभाषा होइन ।

(ख) दोस्रो भाषा : भाषिक समुदाय भन्दा बाहिर सिक्ने भाषा ।

(ग) विदेशी भाषा : हाम्रो विदेशी भाषा अंग्रेजी ।

(घ) शास्त्रीय भाषा : संस्कृत भाषा ।

- संस्कृत शास्त्रीय भाषा हो । शास्त्र लेख्ने भाषा शास्त्रीय भाषा हुन्छ । संस्कृत भाषा ज्ञानको भण्डार हो । सिक्न चाहनेले यो भाषा सिक्न पाउनु पर्दछ । युरोपमा लेटिन भाषा शास्त्रीय भाषा हो । संस्कृत पनि मातृभाषा बनाउन सकिन्छ । तर संस्कृत अनिवार्य नै बनाउनु गल्ती हुन सक्छ । पढ्न चाहनेलाई पढ्न नदिनु पनि गल्ती हो ।
- नेपालमा मातृभाषा माध्यमको रुपमा पढाई हुनु पर्दछ । १० जनाले बोल्ने मातृभाषा र १० लाखले बोल्ने मातृभाषा दुवैलाई हामीले समान रुपमा हेर्नुपर्दछ । भाषा भित्र संस्कृति हुन्छ र संकृति भित्र भाषा हुन्छ । त्यसलाई छुट्याउन गाह्रो हुन्छ । संस्कृतिले नओगट्ने भाषा हुँदैन ।
- भाषाको मुख्य स्थान, भौगोलिक राजनैतिक कारणले गर्दा एउटा भाषाको विभिन्न भाषिका हुन्छ ।
- मानक भाषा हुन, गोरेटो र राजमार्ग जसरी विकास हुन्छ त्यसरी नै हुन्छ ।
- भाषा र मानिसको सापेक्षित सम्बन्ध हुन्छ ।
- कुनै पनि संस्कृतिको मानक आफ्नो समाज वा समुदाय हो । राज्य वा कुनै अधिकारी होइन ।
- संस्कार र संस्कृतिको पहिचान गरी संवैधानिक मान्यता दिनु पर्छ ।

१०. <u>डा. श्री कृष्ण बहादुर भट्टचन</u>

**(सामाजिक ऐक्यवद्धताको आधार निर्धारण )**

- **सामाजिक सामञ्जस्यता खल्बल्याउने कारक तत्वहरु:-**

(क) वाहुनवाद

(ख) पितृसत्ता

(ग) हिन्दु संस्कृति

(घ) खस नेपाली भाषा

(ङ) पहाड संस्कृति

- संघले भाषा आफैले तोक्न पाउनु पर्दछ ।
- स्वायत्त राज्यलाई त्यसरी भाषिक अधिकार दिदा अन्तर्राष्ट्रिय मान्यता हेर्नु पर्दछ ।
- भाषिक पहिचानमा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धलाइ पनि विचार गर्नु पर्छ ।
- श्रीलंकाको द्वन्द्व भाषिक कारणबाट शुरु भएको हो ।
- भाषालाई मौलिकहकमा राख्नु पर्छ, नीति निर्देशक सिद्धान्तमा राख्नु हुदैन ।
- महासन्धि १६९ को प्रावधानसंग नबाझिने गरी व्यवस्था गरीनुपर्दछ ।

- **ऐक्यबद्धता निर्धारणको आधार**

  (क) संघीय गणतन्त्र नै पहिलो आधार हो ।

  (ख) संघीयताको आधार जाति, भाषा, र क्षेत्र हुनु पर्छ ।

  (ग) आत्मनिर्णयको अधिकार विखण्डन रहित रुपमा हुनुपर्छ ।

  (घ) भाषा पनि संघीयता र ऐक्यवद्धताको आधार हुनुपर्छ ।

  (ङ) धर्मलाई पनि सामाजिक ऐक्यवद्धताको आधार मान्नुपर्दछ, धर्मनिरपेक्षतालाइ वास्तविक रुपमा कार्यान्वयन गर्नुपर्छ ।

  (च) हामी भन्ने भावनाको विकास गर्नु पर्दछ ।

## ११. श्री जगमान गुरुङ्ग

**(संस्कृति सम्बन्धी)**

- सभ्यता भौतिक विकासको प्रतीक हो संस्कृति मानव मस्तिष्कको समुन्नत अवस्थाको प्रस्तुति र तदनुरुपको जीवनशैली हो ।
- नेपाली संस्कृति प्रकृतिसंग समन्वयात्मक छ, किनभने समन्वयात्मक अध्यात्मवादको पृष्ठभूमिमा नेपाली संस्कृतिको संरचना र विकास भएको छ ।
- संस्कृति देश, काल र परिस्थितिअनुसार विकास भइरहन्छ । देशको आर्थिक अवस्था र राज्य व्यवस्थाले संस्कृतिको विकासमा प्रभाव पारेको हुन्छ । त्यसकारण राष्ट्रको हित विपरित छ भने

परम्परा र संस्कृतिको नाममा कुरीति र कुसंस्कारलाई पालिराख्न हुँदैन । यसको आशय संस्कृतिको मूल जरोनै उखलेर फाल्नु चाहि होइन ।

- विविध जाति, समुदाय, वर्ग र क्षेत्रको भावनात्मक एकताको मूर्तरुप नै नेपाल राष्ट्र हो र त्यस भावनात्मक एकता प्रतिको प्रतिवद्धता एवं निरन्तरता नै नेपाली राष्ट्रियता हो ।
- नेपाली संस्कृतिको संरक्षण र सम्वर्द्धनका लागि विविध जाति, समुदाय, वर्ग र क्षेत्रले नेपाल राष्ट्रको निर्माणमा दिएको योगदानको समुचित मूल्याङ्कन गरी नेपाली संस्कृतिमा अन्तरनिहीत समन्वय र सहअस्तित्को भावनाको विश्लेषण गरेर त्यस प्रति नेपालीहरुलाई सुसूचित र सचेत गराउनु पर्दछ ।
- सवभन्दा पहिले तत् तत् जाति, समुदाय, वर्ग र क्षेत्रमा आ–आफ्नो साँस्कृतिक चेतनाको जागरण हुनु पर्दछ तर त्यस्तो जागरण समन्वय, सामञ्जस्यता र सह अस्तित्वमा आधारित हुनु पर्दछ । यसका लागि सवभन्दा पहिले नेपालका मूर्त अमूर्त साँस्कृतिक सम्पदाहरु जस्तो पर्व, मेला, जात्रा, गीत, नृत्य, तीर्थस्थल, पूजा पद्धति, संस्कार, कला कौशल, मन्दिर, गुम्वा आदिमा अन्तरनिहीत समन्वयात्मक तत्वहरुको विश्लेषण गरेर समन्वय र सामञ्जस्यताका बुँदाहरु पत्ता लगाउनु पर्दछ ।

१२ <u>प्रा. डा. श्री युवराज संग्रौला</u>

**(सामाजिक ऐक्यवद्धताको आधार निर्धारण )**

- सामाजिक ऐक्यवद्धता भन्ने विषयलाई जटिल रुपमा वुझ्दा यसले जटिलता पैदा गर्दछ । त्यसैले समाजिक ऐक्यवद्धतालाई वुभ्दा सहज तरिकाले वुभ्नुपर्दछ ।
- मानिस सधै सामाजिक आर्थिक रुपान्तरण तिर अगाडी वढ्दछ । सामाजिक, आर्थिक रुपान्तरणको लागि अगाडि वढ्दा मानिस अमूर्त र स्थिर भएर एक ठाउँमा जिवन विताउन चाहदैन । यसकारण मानिसको जीवनमा सामाजिक र आर्थिक रुपान्तरण उसको सवैभन्दा नजिकको कुरो हो । मानिसले आफ्नो ज्ञान, विज्ञान सवै सामाजिक र आर्थिक विकासका लागि प्रयोग गर्दछ ।
- सामाजिक र आर्थिक रुपान्तरण समाजको लक्ष्य हुन्छ । यसको लागि राष्ट्रिय एकता चाहिन्छ । राष्ट्रिय एकता विना त्यो संभव हुदैन । सामाजिक रुपान्तरण, आर्थिक रुपान्तरण राष्ट्रिय एकताका आधार हुन् । त्यस्तै जति वढी राष्ट्रिय एकता हुन्छ त्यति वढी सामाजिक, आर्थिक रुपान्तरणको प्रक्रिया अगाडि वढ्दछ । सामाजिक, आर्थिक विकास वा राष्ट्रिय एकता प्रक्रियावाट अलग गरेर

राष्ट्रिय एकता कायम गर्छु भन्नु मिथ्या सपना मात्र हुन्छ । अर्थात् सामाजिक ऐक्यवद्धताको आधार भनेको समान रुपमा सामाजिक आर्थिक रुपान्तरण र राष्ट्रिय एकता नै हो ।

- नेपालमा १०० भन्दा बढि भाषा, ५९ जनजाति र अरु थुप्रै समुह वा समुदाय छन् । तर महत्वपूर्ण के भने वाहुन छ त्यसकारण मगर छ, वाहुनको अस्तित्व वाहुन मात्र भएर होइन मगर भएर हो ।, मधेसी त्यसकारण छ किनभने पहाडी छ, पहाडे नभइदिएको भए मधेसीको अस्तित्व हुने थिएन । अर्थात् एउटा समुहको अस्तित्वले अर्को समुहको अस्तित्व रहन्छ । अनेकता हुने वित्तिकै सहअस्तित्व कायम रहन्छ । एउटा समुहको उपस्थिति अर्को समुहको लागि आवश्यक छ । एउटा समुहको अस्तित्व नै अर्को समुहको अस्तित्व हो । त्यसकारण समुहहरुको अस्तित्व सहअस्तित्वले निर्धारण गर्दछ । आज देशमा सहअस्तित्वको प्रश्न मगर र गुरुङ्ले उठाएर उठेको होइनकी वाहुनले हिजो मगर र गुरुङ्लाई स्वीकार नगर्दा उठेको हो । वाहुन, क्षेत्री र अरु थुप्रै जातिले हिजो दलितलाई स्वीकार नगर्दा उठेको कुरा हो । सहअस्तित्व के ले निर्धारण गर्ने ? एउटा समुहले स्वतन्त्रता नचाहेको भए वा अर्को समुहले सहजै मानिदिएको भए समाजमा लडाई हुने नै थिएन । त्यसकारण सहअस्तित्व स्वतन्त्रताले निर्धारण गर्दछ ।
- सहअस्तित्वको कुरा गर्दा त्यसका दुइवटा आधार हुन्छन् । तपाई पहिला राष्ट्र भएर समुह सोच्नु हुन्छ कि समुह भएर राष्ट्र सोच्नु हुन्छ ? म वाहुन त्यसकारण नेपाली होइन, म नेपाली त्यसपछि वाहुन हो । म नेवार त्यसपछि नेपाली होइन, नेपाली त्यसपछि नेवार हो । त्यसकारण संघीयताको निर्माणमा पनि यस पक्षलाई विचार गर्नु पर्दछ । अर्थात् कसैले मगर भएर मगरात माग्ने होईन की नेपाली भएर मगरातको माग गर्नु पर्दछ ।
- सामाजिक ऐक्यवद्धताको आधार स्वतन्त्रता र समानतावाट शुरु गर्नुपर्दछ । राष्ट्रिय एकता, सामाजिक र आर्थिक रुपान्तरणको आधार सहअस्तित्व हो । विना सहअस्तित्व न त राष्ट्रिय एकता सम्भव छ न त सामाजिक र आर्थिक उन्नती नै । त्यसकारण संविधानले समुहको स्वतन्त्रतालाई पहिला स्थापित गर्नुपर्दछ ।
- जात पोर्तुगिज वाट आएर जात भयो । हामीले यसलाई जातीयता भन्यौं । हामीले जात र वर्णलाई जोडिदियौं । वर्णको अर्थ जाति होइन् काम हो । हामीले गहिराईमा गएर नवुझेको कारण भाषा, संस्कृति र जातलाई पनि एक ठाउँमा हालेर वोल्छौं । त्यसकारण यो छुट्याउन नसकेर विवादमा

आउदछौं । उदाहरणको लागि मगरात सभ्यता हो, जाति मात्र होइन । त्यसैगरी किरांत, मिथिला आदि भित्र पहाडवाट आएको वाहुन पनि हुन सक्दछ, यादव पनि हुन सक्दछ ।

- समुह पहिचानको महत्वपूर्ण आधार जाति, भाषा, सभ्यता, धर्म, क्षेत्र आदि हुन् । यिनकै आधारमा सामाजिक ऐक्यवद्धताका आधार खोजिनु पर्दछ ।
- सूत्रवद्ध रुपमा भन्नु पर्दा– राष्ट्रिय एकता र आर्थिक सामाजिक रुपान्तरण एक अर्कामा अन्तरनिहित छन् । एउटालाई विर्सेर अर्कोलाई कायम राख्न सकिदैन । राष्ट्रिय एकता मजबूत छ तर देश खस्किदै खस्किदै आर्थिक विपन्नता तर्फ गयो भने हरेक व्यक्तिमा एउटा त्रास आउन थाल्दछ । अर्थात् अव मेरो अस्तित्व छैन वरु सानो समुहमा वस्यो भने अस्तित्व होला भन्ठान्छ । त्यसकारण उसले आफ्नो अस्तित्वको लागि सानो समुहको खोजी गर्न थाल्छ र यसैवाट राष्ट्रिय एकतामा खलल पुग्न जान्छ ।
- सामाजिक ऐक्यवद्धताका मुलत: निम्न चार आधार हुन्छन् :-

  (क) सर्वनिरेपक्षता,
  (ख) अधिकार निक्षेपण,
  (ग) सामाजिक र आर्थिक न्याय,
  (घ) वहुलताको पहिचान ।

- हामीले Secularism लाई आत्मसात् गर्न सकेनौ र एक अर्काको अस्तित्वलाई स्वीकार गरेनौ भने सामाजिक ऐक्यवद्धता कायम हुन सक्दैन । हिन्दुले म यो राष्ट्लाई हिन्दु वनाउछु भन्यो भने Buddhist ले कसरी यो देशलाई आफनो भन्न सक्दछ । एउटा कुरो के भने कुनै पनि धर्मलाई राज्यले लगानी गर्नै छैन । धर्म चाहि सवै रहन पाउछ तर लगानी तिमी आफ्नो आफ्नो समुहले गर, धर्मलाई राज्यले लगानी गर्दैन भन्ने स्पष्ट गर्नु आवस्यक छ ।

  एउटा कुरा, राष्ट्रले राष्ट्रभाषा (मातृभाषा) को विकास र संरक्षणका लागि राज्यले लगानी गर्नुपर्दछ तर एउटा वाध्यता के हो भने हामीले म नेवा राज्यमा मात्रै वस्छु, म किरांत राज्यमा मात्रै भोली वस्छु, म मिथिला राज्यमा मात्रै भोली वस्छु त्यसकारण म यही भाषामा सवैथोक गर्दछु भन्ने मानसकितामा गयौ भने हामी साघुरो हुनेछौ । अर्थात् हामी किन अंग्रेजीमा नराख्ने ? अनि मात्र संसारमा हामी प्रतिस्पर्धा गर्न सक्नेछौ ।

१३. **डा. श्री हरिवंश झा**

**(सामाजिक ऐक्यवद्धताको आधार निर्धारण )**

- पारिवारिक Solidarity भयो भने समाजमा Solidarity आउने हो ।
- Integration जसलाई पछि Nationalism भनिन्छ ।
- आज सवै Suppressed Group लाई Mainstream मा ल्याउनु परेको छ ।
- असमानता नै सवैभन्दा ठूलो कारण हो ।

- **सामाजिक ऐक्यबद्धताका आधारहरु**

  -Human Resource Standard

  -Capital Formation

  -Infrastructure Development

१४. **डा. श्री केशर जङ्ग बराल मगर**

**(संस्कृति र भाषा)**

- संस्कृतिलाई दुई भाग (भौतिक संस्कृति र अभौतिक संस्कृति (Material and Immaterial culture) मा वर्गीकरण गरीन्छ ।
- हरेक संस्कृतिको कार्य हुन्छ र त्यही कार्य गर्ने प्रक्रिया विभिन्न समूह र भौगोलिक स्थानमा अलग अलग हुन सक्दछ ।
- यो परिवर्तनशील र गतिशील हुन्छ ।
- संस्कृति मानिसले पैत्रिक रुपमा भन्दा पनि वातावरण अनुसार सिक्ने गर्दछ ।
- विभिन्न स्थानमा अलग अलग संस्कृति हुने भएकोले समाजको मूल्य र मान्यता पनि फरक फरक हुने गर्दछ ।
- नेपालका सीमान्तकृत समूहलाई Ethnicity, जाति र प्रदेशको आधारमा जनजाति, दलित, मधेशी समूहमा विभाजन गर्न सकिन्छ ।

- नेपाल सांस्कृतिक विविधता भएको देश भएपनि सांस्कृतिक सद्भाव र एकता भएको देश हो
- अहिलेको आवश्यकता भनेको यी सीमान्तिकृत समूहका लागि संरक्षण र समाजलाई ऐक्यबद्धता गरी राष्ट्रियतालाई बलियो बनाउनु हो ।
- सबै समूह विशेष गरेर सीमान्तिकृत समूहको संस्कृति र पिछडिएको समाजलाई राज्यले समान व्यवहार गर्नु पर्दछ ।
- राज्यले सबै समूह र वर्गका व्यक्तिलाई राज्य व्यवस्थामा समान रुपमा सहभागिताको अवसर दिनु पर्दछ ।
- विद्यमान संस्कृति र समाजको वैज्ञानिक विश्लेषण गरीनु पर्दछ ।

१५. **श्री नजरुल हुसेन फलाही अमीर**

**(सँस्कृति सम्बन्धी)**

- संस्कृतिमा धर्म, भाषा, लगाउने कुरा आदि समेटिएको हुन्छ ।
- संस्कृतिको पछाडि आस्था हुन्छ, आस्थाको असर संस्कृतिमा पर्दछ ।
- वातावरणले संस्कृतिलाई प्रभाव पार्दछ । सामाजिक बनावटमा पनि प्रभाव पार्दछ ।
- सबै संस्कृतिलाई एउटैमा विलय गर्न खोजेमा ठूलो दुर्घटनालाई निम्त्याउन सक्दछ ।
- जस्तो सामाजिक बनावट छ, जुन संस्कृति छ, त्यसलाई आ-आफ्नो संस्कृतिमा हिड्ने वातावरण संविधानमा बनाउनु पर्दछ ।
- विविधतालाइं स्वीकार गर्नु पर्दछ ।
- अरुको संस्कृतिको सकारात्मक कुराहरुको खोजी गर्नु पर्दछ ।
- सबै धर्मले समाजलाई राम्रो बनाउनु हामी सबैको कर्तव्य हो ।
- एउटा संस्कृतिले अर्को संस्कृतिमाथि हस्तक्षेप गर्नु हुदैन ।

१६. <u>श्री हडकड राना मगर</u>

(सामाजिक ऐक्यवद्धताको आधार निर्धारण )

- नेपाली समाजको विशेषता भनेको क्षेत्रिय, भाषिक, धार्मिक, जातिय आदिमा रहेको विविधता हो र यही विविधतालाई नै राष्ट्रिय एकताको मूलभूत आधार बनाउनु पर्दछ भनेर नै हामी संघियतामा जाने निश्चय गरेका हौं ।
- सामाजिक ऐक्यवद्धताको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सहअस्तित्वलाई स्वीकार्नु हो । राष्ट्रिय एकता कायम गर्न सबैको समान सहभागिताको सुनिश्चितता हुनुपर्दछ । साझेदार सहभागिता हुनुपर्दछ । साझेदार पनि स्वामित्वका आधारमा खोजिनु पर्दछ । विविधताको सम्मान आदर गर्नुपर्दछ ।
- नेपाली समाज वहुआयामीक छ । सीमान्तकृत वर्ग, जात, क्षेत्र, लिङ्गलाई आर्थिक रुपमा शसक्तीकरण गरीनु पर्दछ । Federal State मा Minority मा पर्नेलाई राज्यले बढी प्राथमिकता दिनुपर्दछ ।
- सामाजिक एकताको वैज्ञानिक आधार खोजिनु पर्दछ । आत्मनिर्णयको अधिकार सहितको जातिय, धार्मिक, क्षेत्रीय स्वायत्तता दिंदा वैज्ञानिक आधारमा विचार विमर्श गरीनु पर्दछ । राज्यले सबै Community को समान पहिचान हुनु पर्दछ ।
- क्षेत्रीय असन्तुलन, जातीय भेदभाव, दलितहरु लगायत वहिष्करणमा परेकालाई व्यवस्थापन गर्नु पर्ने अहिले राज्यको चुनौती हो ।

१७. <u>डा. सुभद्रा सुब्बा दाहाल</u>

(भाषा सम्बन्धी)

- कुनै पनि भाषाको आफ्नै ऐतिहासिक पृष्ठभूमि हुन्छ ।
- सरकारी कामकाजको एउटा भाषा राष्ट्रको लागि अनिवार्य हुन्छ ।
- सरकारी कामकाजको भाषाको रुपमा मान्यता प्राप्त गर्न त्यस्तो भाषाको राष्ट्रभरी नै बोधगम्यता हुनु पर्दछ ।
- सरकारी कामकाजको भाषाको चयन गर्दा धुप्रै पक्षहरुलाई विचार गर्नु पर्दछ ।

- सरकारी कामकाजको भाषाको चयन आवेगमा आएर गर्नु हुदैन, संवेदनशीलताका साथ गरीनु पर्दछ
- भाषाहरुको विकासको लागि भाषिक प्रतिष्ठानको स्थापना गर्नु पर्दछ ।

१८. उप-प्राध्यापक सुधा त्रिपाठी

(भाषा सम्बन्धी)

- भाषाहरुको पहिचान गरी तिनीहरुको संरक्षण गरीनु पर्दछ ।
- संस्कृतिलाई टिकाउन तिनिहरुलाई समय अनुसार परिमार्जन गर्दै जानुपर्छ ।
- सामाजिक ऐक्यवद्धता सामाजिक न्यायमा हुनु पर्दछ ।
- राज्यले गर्ने व्यवहार सामाजिक न्यायमा आधारित हुनु पर्दछ ।
- राज्यले सवै वर्ग, भाषा, जातजातिलाई समान व्यवहार गरेमा सामाजिक ऐक्यवद्धता हुन सक्दछ ।

# अनुसूची - ७

# संविधान–सभा

## (साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति)

श्री ........................

संविधान सभा, सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र अन्तर्गत पर्ने भाषा, संस्कृति र सामाजिक ऐक्यवद्धता सम्वन्धी विषयमा मिति २०६५/....../..... गतेको बैठकमा अन्तरक्रियाका लागि समितिको निमन्त्रणालाई स्वीकार गरी श्रोत व्यक्तिको रुपमा उपस्थित हुनु भई संविधान निर्माण कार्यमा पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद ज्ञापन गर्नुका साथै समिति हार्दिक आभार व्यक्त गर्दछ ।

नवोदिता चौधरी
सभापति

# अनुसूची – ८

## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र अन्तर्गत जनमत संकलनार्थ आवश्यक प्रश्नावली तयार गर्न गठित उपसमितिको प्रतिवेदन

संविधान सभा, साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको मिति २०६५ साल माघ १९ गते बसेको बैठकमा भावि संविधान निर्माणमा सार्वभौम नेपाली नागरिकहरुको सहभागितालाई सुनिश्चित गर्न निकट भविष्यमा गाउँ गाउँमा गई जनताको राय सुझाव संकलनका लागि यस समितिको कार्य क्षेत्र अन्तरगत संविधानमा उल्लेख हुनु पर्ने विषय वस्तुका सम्बन्धमा आवश्यक प्रश्नावली तयार गरी मिति २०६५ साल माघ मसान्त भित्र समितिमा प्रतिवेदन पेश गर्ने गरी १० सदस्यीय एक उपसमिति गठन भएको थियो । यस उप समितिमा रहनु हुने माननिय सदस्यहरुको नामावली यस प्रकार छ ।

१. श्री कृष्णा ठाकुर – संयोजक
२. श्री काली बहादुर मल्ल
३. श्री गौरी महतो कोइरी
४. श्री चन्द्र बहादुर गुरुङ
५. श्री बोधनारायण सरदार
६. श्री मुगा लाल महतो
७. श्री राम शिला ठाकुर
८. श्री लिला कुमारी बगाले (सोमई)
९. श्री शारदा नेपाली
१० श्री हरि नारायण यादव

उप समितिको मिति २०६५ साल माघ २० गते बसेको पहिला बैठकले माननिय सदस्य श्री कृष्णा ठाकुरलाई सर्वसम्मतले उप समितिको संयोजक पदमा चयन गऱ्यो ।

समितिले तोकेको कार्यावधि भित्र प्रश्नावली तयार गर्न उपसमितिको मिति २०६५ माघ २०, २३, २४ र २७ गते लगातार बैठक बसी विस्तृत छलफल तथा सहमतीकबाट आवश्यक प्रश्नावली तयार गरी समिति समक्ष यो प्रतिवेदन पेश गर्दछौं ।

# अनुसूची - ८.१

## संविधान सभा

## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति

## प्रश्नावली

संविधान सभा मार्फत नेपालका लागि भावि संविधान निर्माणका क्रममा संविधान सभाले विभिन्न विषयगत एवं प्रक्रियागत समितिहरुको समेत गठन गरी कार्यारम्भ गरीसकेको छ । संविधान निर्माणमा सार्वभौम नेपाली नागरीकहरुको सहभागितालाई सुनिश्चित गर्ने सन्दर्भमा यस समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत संविधानमा उल्लेख हुनुपर्ने विषयवस्तुका सम्बन्धमा निम्न प्रश्नावलीहरु तयार गरेको छ । ती प्रश्नावलीहरुमा राय, सुझाव दिई सहयोग गरीदिनु हुन समिति हार्दिक अनुरोध गर्दछ ।

१. नाम, थर / (संस्था) :

२. लिङ्ग :

३. पेशा :

४. शिक्षा :

५. उमेर :

६. धर्म :

७. ठेगाना (कुनै संस्थासंग आवद्ध भए सो समेत खुलाउने)

८. मातृभाषा :

९. तपाई बोलचाल र लेखपढ गर्दा कुन भाषा प्रयोग गर्नुहुन्छ ?

१०. केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा कुन आधारमा निर्धारण गर्न उपयुक्त हुन्छ ?
- अधिकांशले बोलचाल गर्ने भाषाको आधारमा
- भाषिक जनसंख्या (मातृभाषा)को आधारमा
- अन्य कुनै..........................................................................................

११. केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा कतिवटा सम्म तोक्नु उपयुक्त हुन्छ ?
- एक
- दुई

- तिन
- अन्य केहि भए ..............................................................

१२. प्रान्तीय भाषाको निर्धारण गर्दा कुन आधारमा गर्न उपयुक्त होला ?
- अधिकांशले बोलचाल गर्ने भाषाको आधारमा
- भाषिक जनसंख्या(मातृभाषा)को आधारमा
- अन्य कुनै..........................................................................................

१३. केन्द्रीय र प्रान्तीय सरकार बीच सम्पर्क गर्ने भाषाको निर्धारण कुन आधारमा गर्न उपयुक्त होला ?
- केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा
- अन्य..........................................................................................

१४. प्रान्त र प्रान्त बीचको सम्पर्क भाषाको निर्धारण कुन आधारमा गर्न उपयुक्त होला ?
- केन्द्रीय सरकारको सरकारी कामकाजको भाषा
- अन्य..........................................................................................

१५. स्थानीय स्तरका निकायहरुमा कामकाजको भाषा निर्धारण कुन आधारमा गरीनु पर्ला ?
- केन्द्रीय भाषाको आधारमा
- प्रान्तीय भाषाको आधारमा
- स्थानीय भाषाको आधारमा
- अन्य कुनै ..............................................................................

१६. मातृभाषामा शिक्षा अनिवार्य गर्नु जरुरी छ कि छैन ?

१७. लोप हुन लागेका भाषाहरुको संरक्षण र विकास गर्न कस्तो व्यवस्था गर्नु पर्ला ?

१८. नेपालजस्तो सांस्कृतिक विविधता रहेको समाजमा सबै संस्कृतिको संरक्षण र विकास कसरी गर्नु पर्ला ?

१९. सांस्कृतिक ऐक्यवद्धता कायम गर्न अब बन्ने संविधानमा के कस्तो व्यवस्था गर्नुपर्ला ?

२०. लोप हुन लागेका संस्कृतिको संरक्षण र विकासका लागि उपायहरु के हुन सक्छन ?

२१. लोक साहित्य र लोक संस्कृतिको संरक्षण र विकासका लागि के के उपायहरु गर्नु पर्ला ?

२२. विभिन्न समुदाय र जातजातिमा भएका मौलिक कला, शीप र परंपरागत ज्ञानलाई संरक्षण र विकासका लागि राज्यले के गर्नुपर्ला ?

२३. पुरातात्विक महत्व झल्काउने स्थल र धार्मिक आस्थाका संरचनाको संरक्षण र विकासका लागि के गर्नुपर्ला ?

२४. सामाजिक ऐक्यवद्धताका आधारहरु के के हुन सक्छन ?
- मानव अधिकारको संरक्षण
- सामाजिक न्यायको प्रत्याभूति
- सामाजिक विभेदको अन्त्य र समतामूलक समाजको निर्माण

- राज्यका सम्पूर्ण श्रोत साधन र संयन्त्रमा सवै वर्ग, जात, जाति, लिङ्ग, क्षेत्र आदिको समानुपातिक पहुँच
- सद्भावको वृद्धि
- शान्ति सुरक्षाको प्रत्याभूति
- महिला, दलित, अपाङ्ग, अल्पसंख्यक तथा सिमान्तकृत वर्गको लागि विशेष प्राथमिकताको

  नीति लिनुपर्ने
- माथिका सवै
- अन्य कुनै ..............................................................................

२५. सामाजिक–साँस्कृतिक परिवर्तनका लागि के के गर्नु पर्ला ?
- जातीय भेदभाव र छुवाछुतको अन्त्य
- महिलामाथि हुने सवै खाले शोषण र भेदभावको अन्त्य
- दाइजो, वहुविवाह जस्तो कुसंस्कार र कुरीतिलाई कानूनद्वारा दण्डनीय वनाइनु पर्छ
- पैतृक सम्पत्तिमा महिलाको समान पहुँच हुनु पर्ने
- माथिका सवै
- अन्य केही भए ..........................................................................

२६. देश संघीयतामा जान लागेको वेला सामाजिक ऐक्यवद्धता कायम गर्न थप के गर्न आवश्यक देख्नुहुन्छ ?

२७. भाषा, संस्कृति र सामाजिक ऐक्यद्धताका सम्वन्धमा संविधानमा समावेश गर्नु पर्ने अन्य केहि भए उल्लेख गर्नुहोस ।

## अनुसूची - ८.२

### संविधान सभा
### साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति
### प्रश्नावली सम्बन्धी उपसमिति बैठक विवरणहरु

१) **बैठक १ : २०६५ माघ २० समय बिहान ११:०० बजे समयावधि ४५ मिनेट**

- उपसमितिको संयोजकमा माननीय श्री कृष्ण ठाकुरलाई चयन ।

२) **बैठक २ : २०६५ माघ २३ समय बिहान ८:३० बजे समयावधि २ घण्टा ४५ मिनेट**

- बैठकमा समितिको कार्यक्षेत्र अन्तरगतका विषयहरुमा राय सुझाव संकलनका लागि आवश्यक प्रश्नावली तयार पार्ने सम्बन्धमा छलफल ।

३) **बैठक ३ : २०६५ माघ २४ समय बिहान ११:०० बजे समयावधि २ घण्टा ४५ मिनेट**

- बैठकमा समितिको कार्यक्षेत्र अन्तरगतका भाषा, संस्कृति र सामाजिक ऐक्यबद्धता सम्बन्धी विषयहरुमा आवश्यक प्रश्नावली तयार ।

४) **बैठक ४ : २०६५ माघ २७ समय दिनको १२:०० बजे समयावधि ५५ मिनेट**

- बैठकले समितिको कार्यक्षेत्र अन्तरगतका राय सुझाव संकलनका लागि तयार पारिएको प्रश्नावलीहरु पारित गरी समिति समक्ष पेश गर्ने निर्णय ।

# अनुसूची - ८

## राय सुझाव संकलनार्थ खटिएका टोलीहरुबाट प्राप्त सुझावहरु
## (साँस्कृतिक तथा सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिसँग सम्बन्धीत)

| टोली नं. | सुझावहरु | कैफियत |
|---|---|---|
| टोली नं. १ (झापा, ईलाम) | • देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा बनाउनु पर्ने ।<br>• सबै मातृभाषालाई राष्ट्रभाषाको मान्यता दिनुपर्ने ।<br>• मातृभाषाहरुलाई राज्यमा सरकारी कामकाजको भाषा बनाइनु पर्ने ।<br>• राज्य धर्म निरपेक्ष हुनुपर्ने ।<br>• जातिय भाषा, साहित्य, संस्कृतिको उत्थान हुनुपर्ने ।<br>• त्रिभाषिक नीति अवलम्वन गरीनुपर्ने । | |
| टोली नं. २ (ताप्लेजुङ्ग, पाँचथर) | • राज्यले त्रिभाषिक नीति अवलम्वन गर्नुपर्ने<br>• बहुसंख्यक जनताले बोल्ने भाषा नै सरकारी कामकाजको भाषा हुनुपर्ने ।<br>• लोपोन्मुख भाषाको संरक्षण र विकासका लागि विशेष व्यवस्था गर्नुपर्ने ।<br>• अंग्रेजी अन्तर्राष्ट्रिय भाषा हुनुपर्ने ।<br>• विभिन्न समुदाय र जातजातिमा भएका परम्परागत ज्ञान, मौलिक शीप र कलाको संरक्षण र सम्वर्द्धनका लागि राज्यले विशेष नीति अवलम्वन गर्नुपर्ने ।<br>• मानव अधिकार, सामाजिक न्याय, श्रोत साधनमा सवैको पहुँच, सामाजिक विभेदको अन्त्य, सद्भाव, दलित, सीमान्तकृतको सबै क्षेत्रमा पहुँचको सुनिश्चितताका आधारमा सामाजिक ऐक्यबद्धता कायम गर्नुपर्ने ।<br>• जातीय छुवाछुत र भेदभावलाई जघन्य सामाजिक अपराध मान्नुपर्ने । | |

| | | |
|---|---|---|
| टोली नं. ३ (मोरङ्ग, भोजपुर) | • सवै भाषा, संस्कृति र धर्मको सम्मान र संरक्षण गर्दै राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्नुपर्ने । | |
| टोली नं. ४ (सुनसरी, धनकुटा) | • सवै मातृभाषालाई नेपाली राष्ट्रिय भाषाको मान्यता दिनुपर्ने ।<br>• लोपोन्मुख भाषाको संरक्षणका लागि राज्यले भाषा प्रतिष्ठानको व्यवस्था गर्नुपर्ने ।<br>• आफ्नो मातृभाषामा शिक्षा लिन पाउनु पर्ने ।<br>• छुवाछुत र विभेदकारी व्यवस्थाको अन्त्य गरीनु पर्ने । | |
| टोली नं. ५ (संखुवासभा, तेह्रथुम) | • १२ कक्षा सम्म मातृभाषामा सरकारी तवरवाट पठनपाठन हुनुपर्ने । मातृभाषाको शिक्षालाई अनिवार्य वनाइनुपर्ने ।<br>• विश्वविद्यालयसम्म विभिन्न जातजातिको भाषावाट पठनपाठन हुनुपर्ने ।<br>• त्रिभाषीक नीति लागु हुनुपर्ने (माध्यम–नेपाली, अंग्रेजी–अन्तर्राष्ट्रिय, मातृभाषा–राष्ट्रिय भाषामा)<br>• गुठी जग्गा सम्वन्धी (देवता र विद्यालय आदि) को व्यवस्था हुनुपर्ने । | |
| टोली नं. ६ (ओखलढुङ्गा) | • सवैका भाषा,संस्कृति धर्मको सम्मान तथा संरक्षण गर्दै सामाजिक ऐक्यबद्धतालाई प्रोत्साहित गरीनु पर्ने । | |
| टोली नं. ७ (सोलखुम्वु) | • पुरातात्विक, धार्मिक सम्पदा र स्थलको संरक्षण गर्नु पर्ने ।<br>• आफ्नो धर्म, परम्परा रीतिरिवाज अनुसार गर्नु पर्ने ।<br>• पुराना मठ, मन्दिर, देवालय आदिको संरक्षण राज्यले गर्नुपर्ने । | |
| टोली नं. ८ (सप्तरी, खोटाङ्ग) | • मातृभाषामा शिक्षा आर्जन गर्न पाउने व्यवस्था हुनुपर्ने ।<br>• सवै भाषा र संस्कृतिको समान संरक्षण हुनुपर्ने ।<br>• पुरातात्विक वस्तुहरुको संरक्षणका लागि संवैधानिक व्यवस्था हुनुपर्ने ।<br>• आ–आफ्ना धर्म परम्परा रीतिरिवाज अनुसारका कार्य गर्न सवै स्वतन्त्र हुने व्यवस्था गर्नुपर्ने ।<br>• पुरातात्विक महत्वका मुर्तिहरु चोरी निकासी गर्नेहरुलाई कडा सजायको व्यवस्था हुनुपर्ने । | |

| | | |
|---|---|---|
| टोली नं. ९ (सिरहा/उदयपुर) | • स्थानीय स्तरमा रहेका पुरातात्विक महत्वका मन्दिरहरुको संरक्षण र सम्वर्द्धन गर्न राज्यले ध्यान दिनुपर्ने<br>• चलिआएको र मानवीय मूल्य मान्यता भएका धर्म परम्परा अनुसार काम गर्न सबैलाई स्वतन्त्रता हुने व्यवस्था गरीनु पर्ने । | |
| टोली नं. ११ (धनुषा, महोत्तरी) | • तराईमा हिन्दी माध्यम भाषा र स्थानीय स्तरमा स्थानीय भाषा (मैथिली, अवधी, भोजपुरी) सरकारी कामकाजको भाषा हुनुपर्ने ।<br>• मातृभाषामा शिक्षा पाउनुपर्ने ।<br>• सवै भाषालाई राष्ट्रभाषाका रुपमा अनुसूचीमा सूचीकृत गरीनुपर्ने ।<br>• भाषा प्रज्ञा प्रतिष्ठानको व्यवस्था हुनुपर्ने । | |
| टोली नं. १२ (बारा, पर्सा, रौतहट) | • प्रान्तमा स्थानीय भाषालाई सरकारी कामकाजको भाषा बनाउनु पर्ने ।<br>• प्रान्तमा मातृभाषामा शिक्षा अनिवार्य गरीनु पर्ने ।<br>• जातीय भेदभाव र छुवाछुतको अन्त्य हुनुपर्ने ।<br>• दाइजो, बहुविवाह जस्ता सामाजिक कुरीतिलाई कानूनद्वारा दण्डनीय बनाउनु पर्ने ।<br>• विभिन्न समुदायका जातजातिमा भएका कला, शीपको पहिचान गरी विशेष व्यवस्थाका साथ संरक्षण गर्नु पर्ने । | |
| टोली नं. १३ (सर्लाही/सिन्धुली) | • केन्द्रिय सरकारको सरकारी भाषा अधिकांश जनताले बुझ्ने भाषामा हुनुपर्ने ।<br>• केन्द्रिय सरकारको कामकाजको एक भाषा तोक्न उपयुक्त हुने ।<br>• प्रान्तको भाषा निर्धारण भाषिक जनसंख्याको आधारमा हुनुपर्ने ।<br>• लोप हुन लागेको भाषाको संरक्षण र विकास गर्न साक्षरता शिक्षा सवै मातृभाषामा प्रयोग गर्ने ।<br>• विभिन्न भाषा समुदाय, जात जातीमा भएका मौलिक कला शीप र परम्परागत ज्ञानलाई संरक्षण र विकासका लागि राज्यले त्यस सम्बन्धी शिक्षा प्रदान गर्नुपर्ने ।<br>• हाल प्रचलित नेपाली भाषालाई राजकीय भाषा बनाउनु पर्ने ।<br>• सामाजिक ऐक्यवद्धताका आधार निम्न छन् : | |

| | | |
|---|---|---|
| | ❑ मानव अधिकार, सामाजिक न्याय, राज्यको श्रोत साधनमा सबैको पहुँच, सामाजिक विभेदको अन्त्य, सद्भाव वृद्धि, शान्ति, सुरक्षा, महिला, दलित, सीमान्तकृतको प्राथमिकता । | |
| टोली नं. १५ (ललितपुर) | • दलितलाई रोजगारीको व्यवस्था गरीनु पर्ने ।<br>• छुवाछुतलाई कानूनद्वारा दण्डनीय बनाइनुपर्ने ।<br>• धर्म, संस्कृति तथा कलाहरुको संरक्षण, सम्वर्द्धन गर्नुपर्ने ।<br>• नेपाली भाषालाई सरकारी भाषा बनाइनुपर्ने । | |
| टोली नं. १६ (रसुवा, नुवाकोट) | • वृद्ध भत्ताको व्यवस्था हुनुपर्ने ।<br>• मातृभाषामा शिक्षा हुनुपर्ने ।<br>• जातीय छुवाछुतलाई संवैधानिक रुपमै दण्ड सजायको व्यवस्था गर्नुपर्ने ।<br>• दाइजो प्रथालाई उन्मुलन गरीनु पर्ने । | |
| टोली नं. १७ (सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक) | • मातृभाषामा शिक्षा र अदालतमा आफ्नो भाषामा पहुँचको सुनिश्चितता हुनुपर्ने ।<br>• लोपोन्मुख संस्कृतिको संरक्षण गरीनुपर्ने । | |
| टोली नं. १८ (कास्की, स्याङ्जा) | • लोपोन्मुख भाषाको संरक्षण गर्नुपर्ने ।<br>• दाइजो लगायत सामाजिक कुप्रथा र भेदभावको अन्त्य हुनुपर्ने ।<br>• जातीय छुवाछुतको अन्त्य गरीनुपर्ने ।<br>• प्रदेशले नेपाली बाहेक अन्य भाषालाई पनि सरकारी कामकाजको भाषा बनाउन पाउनुपर्ने । | |
| टोली नं. १९ (लम्जुङ्ग, मनाङ्ग) | • सबै भाषा, संस्कृतिको समान संरक्षण र सम्मान गर्नुपर्ने ।<br>• राज्यको श्रोत, साधन र संयन्त्रमा समानुपातिक पहुँचको सुनिश्चितता हुनुपर्ने ।<br>• सामाजिक न्याय, सहिष्णुता र सहमतिका आधारमा सामाजिक ऐक्यबद्धता कायम गरीनुपर्ने । | |

| | | |
|---|---|---|
| टोली नं. २०<br>(धादिङ्ग, गोरखा) | • केन्द्रमा नेपाली, अंग्रेजी र संघीय इकाईमा नेपाली र अंग्रेजीका अतिरिक्त स्थानीय तहमा वोलिने र लिपी भएका वहुसंख्यकले प्रयोग गर्ने भाषाहरुलाई सरकारी कामकाजको भाषा वनाउनु पर्ने ।<br>• मातृभाषालाई राष्ट्रभाषा वनाउनु पर्ने ।<br>• मातृभाषामा शिक्षा दिनुपर्ने ।<br>• आ–आफ्नो संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास सवैले गर्न पाउने व्यवस्था हुनुपर्ने ।<br>• सामाजिक अन्तरघुलनलाई प्रोत्साहन हुनुपर्ने ।<br>• अवसरमा समान पहुँच, सामाजिक ऐक्यवद्धताका लागि आपसी विश्वास र सद्भावमा अभिवृद्धि गरीनु पर्ने । | |
| टोली नं. २१<br>(तनहुँ, नवलपरासी) | • **राष्ट्रभाषा**<br>❑ नेपालमा वोलिने सवै भाषालाई राष्ट्र भाषाको मान्यता दिनुपर्ने ।<br>❑ कामकाजको भाषा नेपाली, अंग्रेजी, हिन्दी, उर्दु र भोजपुरी तथा स्थानीय भाषा नै हुनुपर्ने ।<br>❑ भाषिक एकताको प्रतीक नेपाली भाषा हुनुपर्ने ।<br>• **शिक्षामा प्रयोग गरीने भाषा**<br>❑ नेपाली, अंग्रेजी, संस्कृत, हिन्दी, भोजपुरी, उर्दु र अन्य स्थानीय भाषामा शिक्षा दिनुपर्ने ।<br>❑ मातृभाषामा पठनपाठनको व्यवस्था गर्ने ।<br>• **साँस्कृतिक ऐक्यबद्धताको लागि गर्नु पर्ने व्यवस्थाहरु**<br>❑ जातीय, साँस्कृतिक र क्षेत्रीय विखण्डन गर्ने खालका भूमिका गर्न नहुने ।<br>❑ धार्मिक, साँस्कृतिक र ऐतिहासिक संरचनाको संरक्षण र सम्वर्धनमा विशेष जोड दिनुपर्ने ।<br>❑ मानव अधिकारको संरक्षण गर्नुपर्ने ।<br>❑ सामाजिक न्यायको प्रत्याभूति गर्नुपर्ने।<br>❑ समतामुलक समाजको निर्माण गर्नुपर्ने।<br>❑ सामाजिक विभेदको अन्त्य गर्नुपर्ने। | |

| | | |
|---|---|---|
| | ❑ सबै साधन र श्रोतमा सबै वर्गको पहुँच हुनुपर्ने ।<br>❑ धार्मिक सहिष्णुता, स्वतन्त्रता र निरपेक्षता हुनुपर्ने । | |
| टोली नं. २२ (रुपन्देही, कपिलवस्तु, अर्घाखाँची) | • मातृभाषालाई सरकारी कामकाजको भाषा बनाइनु पर्ने ।<br>• देश भित्र बोलिने भाषाहरुको विकासको लागि राज्यले विशेष ध्यान दिनुपर्ने । | |
| टोली नं. २३ (गुल्मी, पाल्पा) | • पुरातात्विक वस्तुको संरक्षण गर्नुपर्ने ।<br>• भाषा, संस्कृतिको संरक्षणको लागि राज्यको स्पष्ट नीति हुनुपर्ने । | |
| टोली नं. २४ (बाग्लुङ्ग, पर्वत) | • पुरातात्विक वस्तुको संरक्षण गर्नुपर्ने ।<br>• आफ्नो धर्म, कला र संस्कृतिको अभ्यास र अवलम्बन गर्न स्वतन्त्रता हुनुपर्ने । | |
| टोली नं. २५ (म्याग्दी, मुस्ताङ्ग) | • केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा निर्धारण गर्दा अधिकांश जनताले बोलचाल गर्ने भाषालाई आधार मान्नुपर्ने ।<br>• राज्यभित्र बोलिने सबै मातृभाषा र संस्कृतिको जगेर्ना गर्न राज्यले विशेष ध्यान दिनुपर्ने ।<br>• प्रान्तीय सरकारको कामकाजको भाषा निर्धारण गर्दा बहुभाषिकतालाई अवलम्बन गर्नुपर्ने ।<br>• केन्द्र र प्रान्त तथा प्रान्त बीचको सम्पर्क भाषा केन्द्रिय सरकारको सरकारी कामकाजको भाषालाई मान्नुपर्ने ।<br>• देशमा विद्यमान जातिय, वर्गीय, लिङ्गिय तथा क्षेत्रीय लगायत सबैखाले विभेदको अन्त्य हुनुपर्ने । | |
| टोली नं. २६ (दाङ्ग, सल्यान) | • मुक्त कमैया, सुकुम्वासीको पुर्नस्थापना गर्नुपर्ने ।<br>• सर्वसुलभ कृषि ऋण, व्यवहारिक शिक्षाको व्यवस्था हुनुपर्ने ।<br>• वृद्ध, बालबालिका, अपाङ्ग, लगायत अशक्त व्यक्तिहरुको सामाजिक सुरक्षाको व्यवस्था हुनुपर्ने ।<br>• आदिबासी, महिला, दलित, मुस्लिम, लगायत पिछडिएका समुदाय वा वर्गको संरक्षणको विशेष | |

| | | |
|---|---|---|
| | व्यवस्था गर्नुपर्ने । | |
| टोली नं. २७ (प्युठान, रोल्पा) | • सबै भाषा, संस्कृतिको सम्मान र संरक्षण गर्दै सबैलाई राष्ट्रिय मुलधारमा ल्याउने गरी संविधानमा व्यवस्था हुनुपर्ने । | |
| टोली नं. २८ (रुकुम, जाजरकोट) | • विविधतालाई संबोधन गर्नुपर्ने ।<br>• श्रोतसाधनको न्यायोचित परिचालन हुनुपर्ने ।<br>• सबै जनजातिलाई स्थान र अवसर दिनुपर्ने ।<br>• महिलाको लागि विशेष व्यवस्था गर्नुपर्ने । | |
| टोली नं. २९ (बर्दिया, सुर्खेत) | • बिभेदकारी कानूनको अन्त्य हुनुपर्ने ।<br>• दलितहरुको विशेषाधिकार हुनुपर्ने ।<br>• संस्कृत भाषा अनिवार्य हुनुपर्ने ।<br>• गरीबका लागि गाँस, बाँस, कपासको व्यवस्था हुनुपर्ने ।<br>• क्रान्तिकारी भूमिसुधार गरीनुपर्ने ।<br>• एकल महिलाको लागि विशेष व्यवस्था गर्नुपर्ने ।<br>• रोजगारीको ग्यारेन्टी हुनुपर्ने ।<br>• छुवाछुतको अन्त्य हुनुपर्ने ।<br>• प्राकृतिक श्रोत र साधनको न्यायोचित वितरण गरीनु पर्ने ।<br>• सुकुम्वासीलाई रोजगारी व्यवस्था गुर्नपर्ने । | |
| टोली नं. ३० (दैलेख, बाँके) | • हजकमिटिको गठन र मुस्लिम महिलाको प्रतिनिधित्वको व्यवस्था हुनुपर्ने ।<br>• मातृभाषामा शिक्षाको व्यवस्था गर्नुपर्ने ।<br>• मधेशी पहाडी भनी आपसमा विखण्डनको वातावरण बनाउन नहुने ।<br>• हिन्दु धर्म भित्रको सामाजिक र सांस्कृतिक कुसंस्कारको अन्त्य हुनुपर्ने । | |

| | | |
|---|---|---|
| टोली नं. ३१ (जुम्ला) | • कर्णाली प्रदेशको विकासका लागि विशेष व्यवस्था गर्नुपर्ने ।<br>• महिला र दलितको विकासका लागि संविधानमा नै विशेष व्यवस्था गर्नुपर्ने । | |
| टोली नं. ३२ (कालिकोट) | • विविधतामा एकता कायम राखी सामाजिक ऐक्यवद्धता कायम गरीनु पर्ने ।<br>• लोक साहित्य, मौलिक संस्कृति, लोपोन्मुख संस्कृति, परम्परागत ज्ञान, शीप, कलाको संरक्षण र सम्वर्द्धनका लागि राज्यले पहल गर्नुपर्ने ।<br>• अधिकांश मानिसले बोल्ने आधारमा केन्द्रिय कामकाजको भाषा तोक्नुपर्ने र अन्य भाषाहरुको संरक्षण र प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने ।<br>• प्रान्तको भाषा त्यस भित्रका अधिकांश जनताले बोल्ने भाषालाई तोक्नु पर्ने, त्यस्तै स्थानीय भाषा पनि सोही आधारमा निर्धारण गर्नुपर्ने ।<br>• प्रान्त प्रान्त बीचको सम्पर्क भाषा केन्द्रिय सरकारको कामकाजको भाषा हुनुपर्ने ।<br>• विद्यमान जातीय, वर्गिय, लिङ्गिय लगायत सवै प्रकारका भेदभावहरुको अन्त्य गरीनुपर्ने । | |
| टोली नं. ३३ (डोल्पा) | • खाम, काइके र डोल्पो भाषिहरुलाई ती भाषामानै शिक्षा दिने व्यवस्था हुनु पर्ने ।<br>• सवै धर्म, संस्कृति र भाषा एवं परम्पराको समान संरक्षण र सम्वर्द्धनको प्रत्याभूति हुनुपर्ने ।<br>• गुम्बा शिक्षालाई पनि शैक्षिक मान्यता दिनुपर्ने । | |
| टोली नं. ३५ (हुम्ला) | • हुम्ला जिल्लामा विद्यमान जडान र खसान संप्रदायको सम्मान, संरक्षण र सम्वर्द्धन गर्नुपर्ने ।<br>• स्थानीय कला, भाषा, संस्कृति, संस्कार र परम्परागत ज्ञान एवं प्रविधिको राज्यले संरक्षण गर्नुपर्ने । | |
| टोली नं. ३६ (कैलाली, कञ्चनपुर, डडेलधुरा) | • स्थानीय भाषा, कला, संस्कृति, चाडपर्व तथा रीतिरिवाजको आधुनिकीकरण गर्दै तिनलाई अगाडि बढाउने र संरक्षणको व्यवस्था हुनुपर्ने ।<br>• थारु संग्रहालय हुनुपर्ने ।<br>• सुदूरपश्चिमाञ्चलमा रहेका कुरीति जस्तै देउकी, छाउपडीको अन्त्यका लागि संविधानमा आवश्यक व्यवस्था हुनुपर्ने । | |

| | | |
|---|---|---|
| | • नेपाली भाषालाई सरकारी भाषाको रुपमा मान्यता दिने, अन्य भाषालाई पनि उपयुक्त ढंगले सम्मान गर्नुपर्ने ।<br>• आरक्षणको व्यवस्था हुनुपर्ने ।<br>• दलित जनजाति राष्ट्रिय परिषदको स्थापना हुनुपर्ने ।<br>• संस्कृत विषयमा पनि शिक्षा दिनुपर्ने । | |
| टोली नं. ३८ (डोटी, आछाम) | • सबै भाषा, धर्म, संस्कृतिको सम्मान र संरक्षण गर्दै सबैलाई मूलधारमा ल्याउने गरी संवैधानिक व्यवस्था हुनुपर्ने । | |
| टोली नं. ३९ (वैतडी, दार्चुला ) | • प्राथमिक शिक्षा (१-८), स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय र माध्यमिक (८-१२) र उच्च शिक्षामा राष्ट्रिय र अन्तर्राष्ट्रिय भाषामा हुनु पर्दछ ।<br>• लोपोन्मुख संस्कृतिको संरक्षणको विशेष व्यवस्था हुनु पर्छ ।<br>• संघीय राज्यहरुवीचको अन्तरसम्वन्ध प्रतिस्पर्धी नभई सहयोगात्मक हुनुपर्छ । समस्या परेमा समाधान गर्न अन्तर प्रान्तीय आयोगको व्यवस्था गरीनु पर्दछ ।<br>• सबै भाषा र संस्कृतिको समान संरक्षण र प्रवर्द्धन गरीनु पर्दछ । | |
| टोली नं. ४० (बाजुरा) | • दलित, महिला आदि माथिको भेदभाव अन्त्य हुनुपर्ने ।<br>• सबै क्षेत्रको सामाजिक पछौटेपनको अन्त्यका लागि विशेषाधिकारको व्यवस्था<br>• लैङ्गिक समानताका लागि कानून निर्माण गर्नुपर्ने । | |
| | | |

**द्रष्टव्य:** टोली नं १०, १४, ३४ र ३७ बाट प्रश्तुत प्रतिवेदनहरुमा यस समितिसंग सम्वन्धीत सुझाव उल्लेख नभएको ।

# अनुसूची - १०

## संविधानसभा
## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति

## प्रश्नावली मार्फत प्राप्त नागरीकहरुका राय सुझाव
## अध्ययन विश्लेषणको
## प्रारम्भिक प्रतिवेदन

संविधानसभा मार्फत नेपालको लागि भावि संविधान निर्माण गर्न संविधानसभाले निर्माण गरेको कार्यतालिका बमोजिम सभाका समितिहरु क्रियाशिल हुँदै आएका छन् । त्यसै क्रममा संविधान निर्माणको आधारभूत पक्षको रुपमा रहको संविधानको अवधारणापत्र र प्रारम्भिक मस्यौदा तयार गर्ने सन्दर्भमा सबै विषयगत समितिहरुले आफ्नो कार्यक्षेत्र अन्तर्गत पर्ने विषयवस्तुका सम्बन्धमा आवश्यक प्रश्नावलीहरु तयार गरी सार्वभौम नेपाली नागरीकहरुवाट राय सुझाव संकलन गर्न ४० वटा राय सुझाव संकलन टोलीहरु गठन गरीएका थिए । टोलीहरुको गठन गर्दा प्रत्येक टोलीमा सकेसम्म सबै समितिहरुका माननीय सदस्यहरुको सहभागिता गराई तोकिएका जिल्लाहरुवाट मिति २०६५ फाल्गुण १६ देखि २०६५ चैत्र १० गते सम्म राय सुझाव संकलन गरी आ–आफ्नो टोलीको प्रतिवेदन प्रस्तुत गर्नुपर्ने निर्देशन संविधानसभाका सम्माननीय अध्यक्षज्यूवाट भएको थियो ।

उपरोक्त बमोजिम निर्धारित अवधिमा राय सुझाव संकलन गर्न यस समितिका माननीय सदस्यहरु पनि गठीत ४० टोली अन्तर्गत बिभिन्न टोलीहरुमा संलग्न भई कार्यसम्पन्न गरी आ–आफ्नो टोलीको प्रतिवेदन सम्माननीय अध्यक्षज्यू समक्ष प्रस्तुत गरी भरेर ल्याईएका विभिन्न समितिगत प्रश्नावलीहरुलाई सम्बन्धीत समितिमा नै बुझाइएको थियो । सोही बमोजिम विभिन्न टोलीवाट यस समितिको सचिवलायमा जम्मा ३४९०६ संख्याका प्रश्नावलीहरु प्राप्त हुन आएका छन ।

यसरी प्राप्त राय सुझावहरुको ठोस् रुपमा अध्ययन विश्लेषण भई ती राय सुझावहरुको निष्कर्षलाई आत्मसात् गरी भावि संविधानको अवधारणापत्र र मस्यौदा निर्माण गर्नुपर्ने अपरिहार्यताको सन्दर्भमा प्राप्त राय सुझावहरुलाई सम्बन्धीत समितिका माननीय सदस्यहरुबीच विभाजन गरी अध्ययन

विश्लेषण भई सो को प्रारम्भिक प्रतिवेदनका आधारमा संविधानको आवधारणा पत्र तयार गर्ने निर्देशन सम्माननीय अध्यक्षज्यूबाट २०६६ वैशाख ५ गते भएको थियो ।

सुझावहरुको अध्ययन विश्लेषणका लागि तोकिएको समयावधि अत्यन्त कम भएका कारण केहि कठिनाई महसुस भएपनि निर्धारित कार्यतालिका बमोजिम समयमै संविधान निर्माण गर्नुपर्ने दायित्व र सार्वभौम नेपाली नागरीकहरुवाट प्राप्त अमूल्य राय सुझावहरुको अध्ययन विश्लेषण गरी आत्मसात् गर्नुपर्ने कुराले यस कार्यमा उर्जा प्रदान गऱ्यो । फलतः समितिका सबै माननीय सदस्यहरुवाट आफ्नो जिम्मेवरी समयमै पूरा हुन सकेको छ ।

यस सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत रही विभिन्न प्रश्नावलीहरु निर्माण गरेको थियो । राय सुझावका लागि तयार गरीएका ती प्रश्नावलीहरु मध्ये ८ वटा प्रश्नावलीहरु परिचयात्मक र बाँकी १९ वटा प्रश्नावलीहरु आधारभूत रुपमा समितिको कार्यक्षेत्रसँग सम्बन्धीत छन् । ती १९ वटा प्रश्नावलीहरु मध्ये पनि ८ वटा बन्द र ११ वटा खुल्ला प्रकृतिका रहेका थिए । खास गरी खुल्ला प्रकृतिका प्रश्नावलीहरुमा नागरीकहरुवाट प्राप्त राय सुझावमा विविधता रहेका कारण विश्लेषणमा केहि कठिनाई हुने कुरालाई मध्यनजर गर्दै समितिका माननीय सदस्यहरुबीच प्रश्नावलीहरुको अध्ययन विशलेषण पूर्व छलफल एवं विचार विमर्श भएकोले यस कार्यमा सहजता आउनुका अतिरिक्त प्राप्त राय सुझावहरुलाई वैज्ञानिक, व्यवस्थित र पूर्वाग्रह रहित रुपमा विश्लेषण गर्न मद्दत पुगेको छ ।

समितिमा प्राप्त प्रश्नावलीहरुलाई समितिका माननीय सदस्यहरुबीच विभाजन गरी आ–आफ्नो जिम्मेवारी अन्तर्गतका प्रश्नावलीहरुमा व्यक्तिगत र सामूहिक रुपमा अध्ययन, विश्लेषण भई माननीय सदस्यहरुबाट छुट्टाछुट्टै अध्ययन प्रतिवेदन दिने कार्य समेत सम्पन्न भैसकेको छ । समितिका सम्पूर्ण प्रश्नावलीहरु मध्ये आधारभूत रुपमा समितिको कार्यक्षेत्रसँग सम्बन्धीत रहेका १९ वटा प्रश्नावलीहरुको मात्र अध्ययन विश्लेषण गरीएको छ । यसरी भिन्नभिन्न रुपमा विश्लेषण गरीएका प्रश्नावलीहरुलाई एकमुष्ट रुपमा अध्ययन विश्लेषण गरी समितिको अवधारणा पत्रमा समावेश गर्ने हेतुले देहाय बमोजिम प्राप्त राय सुझावहरुको अध्ययन, विश्लेषण तथा तालिकीकरण गरी प्रारम्भिक प्रतिवेदन तयार गरीएको छ ।

## प्रश्नावलीहरु र प्राप्त राय सुझावहरुको अध्ययन, विश्लेषण एवं तालिकीकरण

**९. तपाई बोलचाल र लेखपढ गर्दा कुन भाषा प्रयोग गर्नुहुन्छ ?**

- यस प्रश्नमा अधिकांश उत्तरदाताले नेपाली भाषा प्रयोग गर्ने गरेको भन्ने उल्लेख गरेको पाईयो । त्यसका अतिरिक्त मैथिली, भोजपुरी, थारु, नेवारी, लिम्बु, गुरुङ, तामाङ, राई, अवधि, उर्दु, किरात, वान्तवा, डोटेली, मुस्लिम, भोटे, रोमन, खस, हिन्दी, माडवारी, अरबी, आसामी, जुम्ली, वझाङी, अंग्रेजी भाषाको प्रयोग गर्ने गरेको भन्ने उत्तरदाताको समेत सीमित संख्या रहेको पाइयो ।

**१०. केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा कुन आधारमा निर्धारण गर्न उपयुक्त हुन्छ ?**

- यसमा अधिकांशले वोलचाल गर्ने भाषाको आधारमा निर्धारण गर्नुपर्छ भन्ने उत्तरदाता अत्यधिक रहेको पाइयो । त्यस अतिरिक्त मातृभाषाको आधारमा निर्धारण हुनुपर्छ भन्ने केही उत्तरदाता रहेको र अन्य भाषाको आधारमा हुनुपर्छ भन्ने को संख्या ज्यादै न्यून रहेको पाइयो ।

**११. केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा कति वटा सम्म तोक्नु उपयुक्त हुन्छ ?**

- यसमा एउटा भाषा मात्रै तोकिनु पर्छ भन्ने वहुसंख्यक उत्तरदाता रहेको पाइयो । त्यसपछि दुई वटा हुनु पर्छ भन्ने र तीनवटा हुनुपर्छ भन्ने उत्तरदाता सीमित रहेको र सो भन्दा वढी हुनुपर्छ भन्ने उत्तरदाता ज्यादै न्यून रहेको पाइयो ।

**१२. प्रान्तीय भाषाको निर्धारण गर्दा कुन आधारमा गर्न उपयुक्त होला ?**

- यस प्रश्नमा अधिकांशले बोलचाल गर्ने भाषाको आधारमा निर्धारण गर्न उपयुक्त हुन्छ भन्ने उत्तरदाता अधिक रहेको पाइयो । त्यसपछि मातृभाषाको आधारमा निर्धारण गर्न उपयुक्त हुन्छ भन्ने उत्तरदाता उल्लेख्य रहेको पाइयो । सो वाहेक अन्य आधारमा हुनुपर्ने भन्ने उत्तरदाता समेत ज्यादै न्यून सख्यामा रहेको पाइयो ।

**१३. केन्द्रिय र प्रान्तीय सरकारबीच सम्पर्क गर्ने भाषाको निर्धारण कुन आधारमा गर्न उपयुक्त होला ?**

- यस प्रश्नमा आधिकांश उत्तरदाताले केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा उपयुक्त हुने उल्लेख गरेको पाइयो । त्यस वाहेक अन्य आधारमा जस्तो अंग्रेजी, नेपालीका आधारमा

निर्धारण गर्नुपर्ने भन्ने सिमित उत्तरदाता रहेपनि त्यस्तो आधारको सम्बन्धमा स्पष्ट गरेको पाइएन ।

**१४. प्रान्त र प्रान्त बीचको सम्पर्क भाषाको निर्धारण कुन आधारमा गर्न उपयुक्त होला ?**

- यस प्रश्नमा अधिकांश उत्तरदाताले केन्द्रिय सरकारको सरकारी कामकाजको भाषा उपयुक्त हुने उल्लेख गरेको पाईयो । त्यस अतिरिक्त प्रान्त-प्रान्त बीच अधिकांशले बोल्ने वा प्रान्तमा रहेको भाषिक जनसंख्याको आधार जस्ता अन्य आधारहरु समेत सिमित रुपमा उल्लेख गरेको पाइयो ।

**१५. स्थानीय स्तरका निकायहरुमा कामकाजको भाषा निर्धारण कुन आधारमा गरीनु पर्ला ?**

- यस प्रश्नमा स्थानीय भाषाको आधारमा गरीनु पर्ने भन्ने उत्तरदाता केहि अधिक रहेपनि केन्द्रिय भाषाको आधारमा र प्रान्तिय भाषाको आधारमा हुनुपर्ने भन्ने उत्तरदाता समेत उल्लेख्य रहेको पाइयो । त्यस अतिरिक्त नेपाली वा अन्य भाषाको आधारमा हुनुपर्ने भन्ने अत्यन्त सिमित उत्तरदाता समेत रहेको पाइयो ।

**१६. मातृभाषामा शिक्षा अनिवार्य गर्नु जरुरी छ कि छैन ?**

- यसमा जरुरी छ भन्ने पक्षमा अधिकांश उत्तरदाता रहेको र जरुरी छैन भन्ने पक्षमा सिमित उत्तरदाता रहेको पाइयो । त्यस्तै स्वेच्छिक रुपमा रहनु पर्ने, प्राथमिक तहसम्म रहनुपर्ने जस्ता सुझावहरु समेत उल्लेख भएको पाइयो ।

**१७. लोप हुन लागेका भाषाको संरक्षण र विकास गर्न कस्तो व्यवस्था गर्नु पर्ला ?**

- भाषा प्रतिष्ठानको स्थापना गरी संरक्षण, सम्वर्द्धन र विकास गर्नुपर्ने ।
- भाषाको लिपिको विकासमा जोड दिनुपर्ने ।
- ठोस भाषिक नीति बनाई भाषालाई समान मान्यता दिने संवैधानिक व्यवस्था हुनुपर्ने ।
- पाठ्यक्रम निर्माण गरी मातृभाषामा शिक्षा दिने व्यवस्था गर्नुपर्ने ।
- भाषिक ग्रन्थ संग्रहालयको व्यवस्था राज्यले गर्नुपर्ने ।
- विभिन्न संचार माध्यममा लोपोन्मुख भाषाको प्रचार प्रसार र जनचेतना जगाउने कार्यक्रम संचालन गर्नुपर्ने ।
- शब्दकोष निर्माण तथा पाठ्यपुस्तक तयार गर्नुपर्ने ।

- लोप हुन लागेका भाषाको खोज र अनुसन्धान गर्नुपर्ने ।
- स्थानीय निकायदेखि केन्द्रसम्म विभिन्न समिति बनाई संरक्षण गर्नुपर्ने ।
- संसदमा भाषा सम्बन्धी आवाज उठाउनुपर्ने ।
- लोपोन्मुख भाषा विकास केन्द्रको स्थापना गर्नुपर्ने ।
- स्थानीय भाषामा प्रौढ कक्षा संचालन गर्नुपर्ने।
- लोपोन्मुख भाषाको लिपि, परम्पराको खोज तथा अध्ययन, अनुसन्धान गर्न निःशुल्क छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने ।
- भाषिक स्वतन्त्रता दिएर राज्यले आर्थिक लगानी गर्नुपर्ने ।
- सरकारी काम काजमा स्थापित गर्नुपर्ने ।

**१८. नेपाल जस्तो साँस्कृतिक विविधता रहेको समाजमा सबै संस्कृतिको संरक्षण र विकास कसरी गर्नुपर्ला ?**

- भाषा र संस्कृति सम्बन्धी प्रतिष्ठान बनाई त्यसको माध्यम बाट राष्ट्रिय योजनाको निर्माण गर्नु पर्ने ।
- महत्वपूर्ण दिनमा आफ्ना संस्कृति झल्काउने क्रियाकलापको आयोजना गरी लोक संस्कृतिको जगेर्ना गर्नुपर्ने ।
- सबै धर्म, भाषा, संस्कृतिलाई राज्यले समान मान्यता र अवसर प्रदान गर्नुपर्ने ।
- समुदायमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने विशेष नीतिको व्यवस्था गर्नुपर्ने ।
- सहअस्तित्व, समानता, एकता र भाईचाराको व्यवहारलाई आत्मसात् गर्ने तथा एक अर्काको संस्कृतिमा हस्तक्षेप गर्न नपाउने संवैधानिक प्रत्याभूति गर्नुपर्ने ।
- सबै संस्कृतिको पहिचान, संरक्षण, सम्वर्द्धन र विकास गर्नुपर्ने ।
- जातीय  र सांस्कृतिक स्वायत्तता प्रदान गर्नुपर्ने ।
- नयाँ, प्रगतिशील, अग्रगामी संस्कृतिको विकास, उत्थान र प्रोत्साहन एवं संरक्षण गर्नुपर्ने ।
- संस्कृति, कला, कौशलतालाई मुलुकको गहनाको रुपमा स्वीकार गरीनुपर्ने ।
- संस्कृतिमा रहेका विकृतिलाई समय सापेक्ष रुपमा हटाउनु पर्ने ।

- विविध सांस्कृतिक संग्रहालयको स्थापना गरी देश भित्रका सम्पूर्ण धर्म, संस्कृति, रीतिरिवाज आदिको संकलन संरक्षण, प्रदर्शन र प्रचारको व्यवस्था गर्नुपर्ने ।
- सरकार र सम्वन्धीत पक्षको समन्वयमा विविध सांस्कृतिक प्रतियोगिताको आयोजना गरी प्रचार प्रसार र प्रोत्साहन गर्ने, जनचेतना अभिवृद्धि गर्नुपर्ने ।
- विभिन्न पुस्तकको माध्यमबाट जानकारी दिनुपर्ने ।
- सांस्कृतिक विकास केन्द्रको स्थापना र संस्कृति संरक्षण कोष खडा गरी त्यस मार्फत सबै कार्य गर्नुपर्ने ।
- पाठ्यक्रम र पाठ्यपुस्तकमा सांस्कृतिक पक्ष समावेश गर्नुपर्ने ।
- संघीय राज्य प्रणालीको स्थापना गर्नुपर्ने ।
- स्थानीय निकायबाट पहल गर्नुपर्ने ।
- धर्म निरपेक्षता र सहिष्णुता कायम गर्नुपर्ने ।
- विविध खाले कला, संस्कृति बीच अन्तरघुलन र समन्वयको व्यवस्था संविधानमै गर्नुपर्ने ।
- सबै जात, जातिका असल परंम्पराको अध्ययन, अनुसन्धानको लागि छात्रवृत्ति तथा निःशुल्क अध्ययनको व्यवस्था गर्नुपर्ने ।
- विभिन्न समुदायको संस्कृति र सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र विकास गर्नुपर्ने ।

**१९. साँस्कृतिक ऐक्यबद्धता कायम गर्न अब बन्ने संविधानमा के कस्तो व्यवस्था गर्नुपर्ला ?**

- सामाजिक विभेदको अन्त्य गर्नुपर्ने ।
- सामाजिक न्यायको प्रत्याभुति र समतामूलक समाजको निर्माण गर्नुपर्ने ।
- स्वतन्त्रतापूर्वक आफ्नो संस्कृतिको प्रदर्शन, संरक्षण र अवलम्वन गर्ने संवैधानिक व्यवस्था हुनुपर्ने ।
- धार्मिक र सांस्कृतिक सहिष्णुता वृद्धि गर्ने कार्यक्रम तय गर्नुपर्ने ।
- एकमात्र पर्व राष्ट्रिय पर्वका रुपमा मनाउनु पर्ने ।
- संस्कृति संरक्षण सम्वन्धी पाठ्यक्रमको निर्माण र विकास आयोगको गठन गर्नुपर्ने ।

- आफ्नो संस्कृतिको विकास र अभ्यास गर्दा अरुको संस्कृतिमा आँच नपुऱ्याउने व्यवस्था गर्नुपर्ने ।
- हरेक संस्कृतिलाई राष्ट्रिय सम्पदाको रुपमा संविधानमा राखिनु पर्ने ।
- श्रोत साधनको समान वितरण गर्नुपर्ने ।
- पारस्परिक संस्कृतिका बीचमा फरक संस्कृतिका व्यक्तिको सहभागितालाई खुला गर्नुपर्ने ।
- सबै संस्कृतिलाई समान महत्व दिने व्यवस्था हुनुपर्ने ।
- सबै संस्कृतिको राष्ट्रिय धरोहर नेपाली भाषा हुनुपर्ने ।
- महिला पुरुषमा समानता हुनुपर्ने ।
- सबै जातिलाई समान सहभागिता र समान अवसर दिनुपर्ने ।
- नेपाल बहु सांस्कृतिक संघीय गणतन्त्र हो, सांस्कृतिक सहिष्णुता हाम्रो मौलिक पहिचान हो भन्ने कुरा संविधानमा उल्लेख गर्नुपर्ने ।
- अनेकतामा एकताको नीति अनुरुप हरेक कला संस्कृतिको संरक्षण र जगेर्ना गर्न केन्द्र, प्रान्त र स्थानीय सरकार प्रतिवद्ध हुनुपर्ने व्यवस्था मिलाउनु पर्ने ।
- संस्कृति, सभ्यता र सम्पदाको संरक्षण हुनुपर्ने ।
- सांस्कृतिक क्षेत्रमा रहेका विकृति, विसंगति तथा कुसंस्कारलाई निरुत्साहित गर्न समेत प्रेरित गर्दै बहु संस्कृति भित्रका असल संस्कृतिलाई जर्गेना गर्ने नीति अपनाउनु पर्ने ।
- विभेदपूर्ण शव्द र विषयहरु संविधानमा उल्लेख नगर्ने ।
- हरेक संस्कृतिको पहिचानमा टेवा पुऱ्याउन जातिय, क्षेत्रीय, तथा लैङ्गिक संस्कृतिलाई राष्ट्रको सम्पत्तिको रुपमा मान्यता दिनुपर्ने ।
- समानुपातिक र समावेशीतामा जोड दिनुपर्ने ।
- साझा चलन, पर्व, संस्कृति बीच अन्तरघुलन हुनुपर्ने ।
- जातीय, सांस्कृतिक आधारमा संघीय राज्य निर्माण गरीनुपर्ने ।
- पोशाकको एकरुपता हुनुपर्ने ।
- सबै संस्कृतिको जर्गेना गर्नुपर्ने ।

- हिन्दु धर्म कायम राख्नुपर्ने ।
- आफैले जगेर्ना गर्नुपर्ने।
- देशी विदेशी छाडा संस्कृतिलाई नियन्त्रण गर्नुपर्ने ।
- प्रेम विवाह र अन्तरजातिय विवाहलाई प्रोत्साहन दिने खालको कानूनको व्यवस्था गर्नुपर्ने ।
- संस्कृति संरक्षणको व्यवस्था स्थानीय स्तरबाटै हुनुपर्ने ।

२०. **लोप हुन लागेको सँस्कृतिको संरक्षण र विकासका लागि उपायहरु के हुन सक्छन् ?**

- भाषा सँस्कृति प्रतिष्ठानको स्थापना गर्नुपर्ने ।
- लोप हुन लागेको सँस्कृतिको खोजी र पहिचान गर्नुपर्ने ।
- केन्द्र र प्रान्तमा सँस्कृति मन्त्रालय वा विभाग खडा गर्नुपर्ने ।
- मौलिक सँस्कृतिको प्रोत्साहन र विदेशी संस्कृतिको निरुत्साहन गरीनु पर्ने ।
- लोपोन्मुख सँस्कृतिको संरक्षण र विकासको विशेष व्यवस्था गर्नुपर्ने ।
- संग्रहालयको स्थापना हुनुपर्ने ।
- भाषा, धर्म र जातीय संरक्षण तथा जगेर्ना र सुधार हुनुपर्ने ।
- लोपको कारण र प्रभावको बारेमा विश्लेषण हुनुपर्ने ।
- लोप हुन लागेका सँस्कृतिको सूरक्षा गर्नुपर्ने ।
- सँस्कृतिको लागि ग्रामीण स्तरीय कार्यक्रम संचालन हुनुपर्ने ।
- राज्यले सम्बन्धीत समुदायलाई सँस्कृति संरक्षणको लागि विशेष व्यवस्था गर्नुपर्ने ।
- पुराना संरचनाहरुको पुन: निर्माण गरीनुपर्ने ।
- पाठ्यक्रम र शिक्षामा संस्कृतिको विषय समावेश हुनुपर्ने ।
- स्थानीय र सामुदायिक पहल हुनुपर्ने ।
- विशेष राहतका लागि कोष खडा गर्नुपर्ने ।
- संघीय सरकारबाट योजनाबद्ध कार्यक्रम लागु गर्नुपर्ने ।
- पुराना सँस्कृतिका सम्बन्धमा युवा पिढीलाई उजागर गराउनु पर्ने ।
- संस्कृति लोप हुनका कारणहरुको खोज अनुसन्धान हुनुपर्ने ।

**२१. लोक साहित्य र लोक सस्कृतिको संरक्षण र विकासका लागि के के उपाय गर्नुपर्ला ?**

- श्रष्टाहरुलाई सम्मान र प्रोत्साहित गरीनुपर्ने ।
- लोक संस्कृतिको बारेमा प्रचार प्रसार गर्नुपर्ने ।
- छाडा संस्कृतिमा रोक लगाउनु पर्ने ।
- राष्ट्रिय लोक संस्कृति संरक्षण प्रतिष्ठान गठन गरीनुपर्ने ।
- चेतना अभिवृद्धि कार्यक्रम गरीनुपर्ने ।
- विदेशी संस्कृतिलाई निरुत्साहित गरीनुपर्ने ।
- अनुसन्धान, पहिचान र अभिलेखिकरण गरीनुपर्ने ।
- संस्कृतिको संरक्षण र विकासका लागि योजना तर्जुमा गर्नुपर्ने ।
- मन्त्रालय स्थापना गर्नुपर्ने ।
- संरक्षणको संवैधानिक र कानूनी व्यवस्था गर्नुपर्ने ।

**२२. विभिन्न समुदाय र जात जातिमा भएका मौलिक कला, शीप र परम्परागत ज्ञानलाई संरक्षण र विकासका लागि राज्यले के गर्नुपर्ला ?**

- खोज, अनुसन्धान र संरक्षण गर्नुपर्ने ।
- कला, साहित्य र ज्ञानको विकास, विस्तारको लागि प्रोत्साहित गरीनुपर्ने ।
- अधिकार प्राप्त कला, साहित्य प्रतिष्ठानको स्थापना गर्नुपर्ने ।
- केन्द्रिय तथा स्थानीय सरकारले प्रयास गर्नुपर्ने ।
- सबै कला र शीपलाई राज्यले पुंजीको रुपमा विकास र संरक्षण गर्न जोड दिनुपर्ने ।
- जनचेतना अभिवृद्धि गर्नुपर्ने ।
- आर्थिक सहयोगको लागि राज्यले विशेष पहल गर्नुपर्ने ।
- केन्द्रिय स्तरमा भव्य संग्रहालयको स्थापना गर्नुपर्ने ।
- परम्परागत पेशागत निरन्तरतालाई प्रोत्साहित गरीनु पर्ने ।
- सरकार र समुदाय दुवैको पहल हुनुपर्ने ।
- संवैधानिक र कानूनी व्यवस्था गर्नुपर्ने

२३. **पुरातात्विक महत्व झल्काउने स्थल र धार्मिक आस्थाका संरचनाको संरक्षण र विकासका लागि के गर्नु पर्ला ?**

- पुरातत्व विभागलाई क्रियाशील बनाउनु पर्ने ।
- प्रचार प्रसार, पर्यटकीय विकास, जिर्णोद्धार र मर्मत संभार एवं सुरक्षा गर्नुपर्ने ।
- राष्ट्रिय सम्पदा सूचीमा समावेश गर्नुपर्ने ।
- अध्ययन, अन्वेषण, अनुसन्धान र जनचेतना अभिवृद्धि गर्नुपर्ने ।
- कानून निर्माण गर्नुपर्ने ।
- छुट्टै मन्त्रालयको स्थापना गर्नुपर्ने ।
- स्थानीय र प्रान्तीय सरकारलाई विशेष संरक्षणको जिम्मेवारी दिनुपर्ने ।
- विशेष कोषको स्थापना गर्नुपर्ने ।
- पाठ्य सामग्रीको विकास गर्नुपर्ने ।
- राज्य र समुदायको आपसी समन्वयमा संरक्षण र विकास गर्नुपर्ने ।

२४. **सामाजिक ऐक्यबद्धताका आधारहरु के के हुन सक्छन् ?**

- यस प्रश्नमा सबै अर्थात मानव अधिकारको संरक्षण, सामाजिक न्यायको प्रत्याभूति, सामाजिक विभेदको अन्त्य र समतामूलक समाजको निर्माण, राज्यको सम्पूर्ण श्रोत, साधन र संयन्त्रमा सबै वर्ग, जात, जाति, लिङ्ग, क्षेत्र आदिको समानुपातिक पहुंच, सद्‌भाव वृद्धि, शान्ति सुरक्षाको प्रत्याभूति, महिला, दलित, अपाङ्ग, अल्पसंख्यक तथा सिमान्तकृत वर्गको लागि विशेष प्राथमिकताको नीति लिनु पर्ने भन्नेमा अधिकांश उत्तरदाताको मत रहेको पाईयो । त्यस अतिरिक्त मानव अधिकारको संरक्षण हुनुपर्ने, सामाजिक न्यायको प्रत्याभूति, विभिन्न वर्ग, क्षेत्र, लिङ्गको समानुपातिक पहुंच लगायत समभ्रदारीको विकास र सहकार्य आदि पक्षमा समेत मत प्रकट गरेको पाइयो ।

२५. **सामाजिक साँस्कृतिक परिवर्तनका लागि के के गर्नुपर्ला ?**

- यसमा सबै अर्थात जातीय भेदभाव र छुवाछुतको अन्त्य, महिला माथि हुने सबैखाले शोषण र भेदभावको अन्त्य, दाईजो, बहुविवाह जस्तो कुसंसकार र कुरीतिलाई कानूनद्वारा दण्डनीय बनाइनु पर्छ, पैत्रिक सम्पत्तिमा महिलाको पहुंच हुनुपर्ने भन्ने पक्षमा अधिकांश उत्तरदाताको मत

रहेको पाइयो । त्यस अतिरिक्त क्षमता, योग्यता अनुसारको अवसर, महिला शिक्षा, महिला हिंसामा रोक, सबैलाई शिक्षा अनिवार्य हुनुपर्ने, अन्तर जातिय बिवाहलाई राज्यले प्रोत्साहन दिनुपर्ने, पैत्रिक सम्पत्तिमा कसैको अधिकार हुन नहुने आदि सुझाव समेत उल्लेख भएको पाइयो ।

**२६. देश संघीयतामा जान लागेको बेला सामाजिक ऐक्यबद्धता कायम गर्न थप के गर्न आवश्यक देख्नु हुन्छ ?**

- दण्डहीनताको अन्त्य र सामाजिक विभेदको अन्त्य गर्नुपर्ने ।
- सामाजिक र साम्प्रदायिक सद्भाव कायम गर्नुपर्ने ।
- सबै जात जातिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरीनुपर्ने ।
- राज्यलाई जात, जाति, धर्म, संस्कृति र भाषा भाषिका आधारमा छुट्टाउन नहुने ।
- भाईचाराको भावना र मानवताको विकास गर्नुपर्ने ।
- राष्ट्रियता, राष्ट्रिय अखण्डता र सार्वभौमिकता विखण्डन नहुने गरी संघीय राज्यको निर्माण गर्नुपर्ने ।
- जातिय, भाषिक, धार्मिक पक्षलाई समायोजन गरी सबै पक्षलाई समन्वय गर्नुपर्ने ।
- संघीयता सम्बन्धी चेतनाको विकास गर्नुपर्ने ।
- पछाडि पारिएकालाई शिक्षा, स्वास्थ्य लगायतका विशेष व्यवस्था गर्नुपर्ने ।
- प्रान्तको निर्माण न्यायपूर्ण आधारमा गर्नुपर्ने ।
- आत्मनिर्णयको अधिकार दिइनु पर्ने ।
- केन्द्र र प्रान्तबीच अवसरहरुको न्यायपूर्ण बितरण हुनुपर्ने ।
- भौगोलिकता र जनसंख्याको आधारमा संघीयता निर्माण गरीनुपर्ने ।
- राजनैतिक रुपमा जातिय र क्षेत्रीय पार्टी खोल्न नपाइने व्यवस्था गरीनुपर्ने ।

**२७. भाषा, सँस्कृति र सामाजिक ऐक्यबद्धताका सम्बन्धमा संविधानमा समावेश गर्नु पर्ने अन्य केहि भए उल्लेख गर्नु होस ।**

- भाषा, संस्कृति सम्बन्धी विषयलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने ।
- नेपाली भाषालाई विशेष प्राथमिकता दिनुपर्ने ।

- एक अर्काको भाषा, संस्कृति र सामाजिक भावनाको सम्मान र सकारात्मक भाव राख्नुपर्ने ।
- आत्मनिर्णयको अधिकार दिनुपर्ने ।
- राज्यले सबैलाई समान व्यवहार गर्नुपर्ने ।
- आदिवासी/जनजातिको लागि विशेष व्यवस्था गर्नुपर्ने ।
- ILO 169 को कार्यान्वयन गर्नुपर्ने ।
- साम्प्रदायीकता फैलाउने उपर कडा कारवाही हुनुपर्ने ।
- दलित उपरको भेदभावलाई मानवता विरुद्धको अपराध मानी दण्डीत गर्नुपर्ने ।
- क्षेत्रीय भावनालाई निरुत्साहित गर्नुपर्ने, प्रतिस्प्रर्धात्मक भावनाको विकास गर्नुपर्ने ।
- असमानलाई आरक्षणको व्यवस्था गर्नुपर्ने ।
- सरकारी कार्यक्रममा नेपाली र स्थानीय स्तरमा मातृभाषाको प्रयोग गर्नुपर्ने ।
- सबै क्षेत्र, लिङ्ग, सास्कृतिक, भाषिक समुदाय तथा प्रान्त-प्रान्त वीच स्वस्थ्य प्रतिस्पर्धालाई प्रवर्द्धन गर्नुपर्ने ।
- भ्रष्टाचार उन्मूलन गरीनुपर्ने ।
- आर्थिक आत्मनिर्णयको अधिकार दिइनुपर्ने ।

# अनुसूची – ११

## विभिन्न संघ, संस्था तथा व्यक्तिबाट प्राप्त राय सुझावहरु (टेलिफोन, इमेल तथा फ्याक्स आदि माध्यमबाट प्राप्त समेत )

| सि.नं. | सुझाव दाताको नाम | राय सुझाव | कैफियत |
|---|---|---|---|
| १. | नेपाल उद्योग वाणिज्य महासंघ काठमाण्डौं, नेपाल | ○ उद्यमी, लगानीकर्ता, रोजगारदाता र कामदार श्रमिक बीचको अन्तर सम्वन्धको संवैधानिक प्रत्याभूतिको अधिकार | |
| २. | नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा | ○ कुनै पनि व्यक्तिलाई जातजाति, जन्म, वंश, पेशा, समुदाय वा जातीय उत्पत्तिका आधारमा कुनै किसिमको जातीय भेदभाव, बहिष्कार, अस्वीकार, प्रतिवन्ध, निषेध, निस्कासन, नाकावन्दी, होच्याउनु, छुवाछुत गरीनु हुँदैन । यस्तो भेदभावपूर्ण व्यवहार मानवता विरुद्धको अपराध, राज्य विरुद्धको अपराध, जघन्य सामाजिक अपराध हुनेछ । पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए वमोजिमको क्षतिपूर्ति पाउने व्यवस्था हुनुपर्दछ ।<br>○ कुनैपनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका कुनै पनि सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नवाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नवाट वञ्चित गरीनु हुँदैन ।<br>○ कुनै जाति, जाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरुको समूहको उच नीच दर्शाउने, जात जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातिय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातिय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गरीनु हुँदैन । | |
| ३. | राष्ट्रिय दलित आयोग | ○ कुनै पनि व्यक्तिलाई जात जाति, जन्म, वंश, पेशा, समुदाय वा जातीय उत्पत्तिका आधारमा कुनै किसिमको जातीय भेदभाव, बहिष्कार, अस्वीकार, प्रतिवन्ध, निषेध, निस्कासन, नाकावन्दी, छुवाछुत गरीने छैन् । यस्तो भेदभावपूर्ण व्यवहार मानवता विरुद्धको अपराध, राज्यको विरुद्धको अपराध, जघन्य सामाजिक अपराध, पूर्ण प्रतिवन्धित र दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानूनद्वारा निर्धारण भए वमोजिमको क्षतिपूर्ति | |

| | | | |
|---|---|---|---|
| | | पाउनेछ ।<br>○ भेदभाव तथा छुवाछुत जन्य व्यवहार राज्य, सरकार, व्यवसायिक संस्था वा राजनीतिक दल वा कुनै पनि व्यक्तिले मानवीय जीवनको कुनै पनि क्षेत्र र स्थानमा गर्न पाइने छैन ।<br>○ प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुनेछ ।<br>○ प्रत्येक नागरीकलाई राज्यबाट माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुनेछ । दलित समुदायको छात्रछात्राहरुको लागि अनिवार्य शिक्षाको अधिकार, व्यवसायिक शिक्षाको अधिकार, उच्च तहसम्म छात्रवृत्ति सहित नि:शुल्क गुणस्तरीय शिक्षा पाउने हक हुनेछ ।<br>○ दलित समुदायको परम्परागत सीप, शिल्प, पेशाको संरक्षण, आधुनिकीकरण, औद्योगिकीकरण र पेशागत अग्राधिकार सम्बन्धी विशेष शिक्षा नीति बनाइनेछ ।<br>○ दलित पुरुष र महिला विद्यार्थीका लागि संघ, राज्य र स्थानीय तहमा अलग्गै छात्रावासको व्यवस्था गरीनेछ ।<br>○ जातीय पेशालाई अग्राधिकार सहित स्वामित्व स्थापना गरीनेछ । दलितको जातीय पेशाको संरक्षण, आधुनिकीकरण र अग्राधिकार प्रदान गरीने छ र कसैले त्यस्तो पेशा अपनाएमा त्यसको रोयल्टी दलित समुदायले पाउने व्यवस्था गरीनेछ । | |
| ४. | खस, क्षेत्री संयुक्त राष्ट्रिय मोर्चा र सामाजिक जनतान्त्रिक समाज | ○ राष्ट्रिय भाषा : १) नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषा हुन् ।<br>२) देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको राष्ट्रिय भाषा हुनेछ र यही नेपालीहरुको सम्पर्क भाषा हुनेछ ।<br>○ शिक्षा तथा संस्कृति सम्बन्धी हक :<br>१) प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आफ्नै पहलमा शिक्षा पाउने हक हुनेछ ।<br>२) प्रत्येक नागरीकलाई रोजगारमुखी वैज्ञानिक शिक्षा प्रणाली अन्तर्गत उच्च माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।<br>३) प्रत्येक नागरीकलाई शिक्षक दरबन्दी प्रणालीको सट्टा विद्यार्थी योग्यता प्रणाली अन्तर्गत पठनपाठनको हक हुनेछ ।<br>४) नागरीकलाई हस्तक्षेपमुक्त शिक्षा क्षेत्रको हक हुनेछ । | |

| | | | |
|---|---|---|---|
| | | ५) नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ ।<br>६) आदिकालदेखि नेपालमा बसोबास गर्ने प्रमुख जातिहरुको धर्म, संस्कृति संरक्षणको लागि आयोग गठनको हक हुनेछ । | |
| ५. | राष्ट्रिय जनजागरण समाज सुधार नेपाल | ० सम्पूर्ण जातजाती, आदिवासी, महिला, अपाङ्ग, तराई, पहाड, मधेश, हिमाल, सम्पूर्ण वर्ग तथा जातीलाई समेटनु पर्ने । | |
| ६. | आदिवासी तथा जनजाति गैर सरकारी संस्था महासंघ नेपाल | ० मानव अधिकार, सामाजिक न्यायको प्रत्याभूति, सामाजिक विभेदको अन्त्य र समतामुलक समाजको निमार्ण, राज्यको सम्पूर्ण श्रोत साधन र संयन्त्रमा आदिवासी जनजाति, आदिवासी जनजाति महिला, सवै वर्ग, लिङ्ग, क्षेत्र आदिको समानुपातिक पहुँच आदीलाई आधार मान्नु पर्ने ।<br>० सवै मातृभाषा सरकारी कामकाजको भाषा हुनुपर्ने ।<br>० आदिवासी जनजातिहरुको पहिचानको रुपमा रहेका सम्पूर्ण परम्परागत चाडपर्व, सँस्कृति, रहनसहन भेष भुषा आदिलाई राष्ट्रिय सम्पत्तिको रुपमा उल्लेख गरी समान हैसियत प्रदान गर्नु पर्ने तथा विना भेदभाव संरक्षण तथा सम्वर्द्धन गर्नका लागि व्यवस्था हुनुपर्ने ।<br>० राष्ट्रिय चिन्ह, जनावर लगायतका कुराहरु सवै समुदायलाई सर्वस्वीकार्य हुने गरी मात्र राख्न सकिने ।<br>० सवै मातृभाषा राष्ट्रभाषा हुने ।<br>० वहुभाषिक नीति हुनुपर्ने ।<br>० संघीय स्वायत्त राज्यभित्रका भाषा, धर्म, संस्कृति, संस्कार परम्परागत ज्ञान सीप र सामाजिक मुल्य मान्यताहरुलाई समान मान्यता तथा कदर गरीनु पर्ने । | |
| ७. | शान्तिका लागि साभ्का अभियान (कोक्याप) काठमाण्डौ | ० जातीय, भाषिक, सामाजिक, सांस्कृतिक र सामुदायिक सद्भाव कायम गर्ने व्यवस्था संविधानको प्रस्तावनामा नै उल्लेख गरीनुपर्ने ।<br>० संघिय राज्य तथा स्थानिय तहको सरकारी कामकाजको भाषाको रुपमा मातृभाषालाई प्राथमिकता दिईनुपर्ने तथा मातृभाषाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको लागि मातृभाषामा नै शिक्षाको संवैधानिक व्यवस्था गरीनुपर्ने ।<br>० स्थानिय तहको सरकारी कामकाजको भाषाको रुपमा भाषिक सघनतालाई | |

| | | | |
|---|---|---|---|
| | | आधार बनाइनुपर्ने ।<br>○ विभिन्न जातिय, भाषिक र सामाजिक संस्कृति, परम्परा र संस्कारलाई संरक्षणको नाममा कुरिति, अन्धविश्वासतर्फ रुपान्तरण नगरी परिवर्तनका लागि सहज र पहुँचयुक्त संवैधानिक र कानूनी व्यवस्था गरीनुपर्ने ।<br>○ केन्द्र र संघले सामाजिक, सांस्कृतिक, धार्मिक, जातिय, सामुदायिक तथा वर्गिय आधारमा सामाजिक र सांस्कृतिक सुरक्षाको व्यवस्था गर्नुपर्ने । | |
| ८. | नेपाल अपाङ्ग मानव अधिकार केन्द्र | ○ अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ब्रेललिपि, स्पर्शभाषा, ओठ अध्ययन र सांकेतिक भाषालाई जीवनको एक अंगको रुपमा स्विकारिने व्यवस्था गरीनु पर्ने । | |
| ९. | नागरीक समाजका तर्फ बाट संकलित सुझाव हरुको संयोजन गर्ने गैरसरकारी संस्था महासंघ नेपाल काठमाण्डौ जिल्ला शाखा | ❑ **विभिन्न तहका संघीय इकाईहरुमा सरकारी कामकाजको भाषा**<br>○ सबै संघीय इकाईमा नेपाली र अंग्रेजी भाषालाई सरकारी कामकाजको भाषाका रुपमा राखिनु पर्ने । संघीय इकाईमा बाहुल्यता रहेको भाषालाई पनि सरकारी कामकाजको भाषाका रुपमा अपनाउने । बाहुल्यता भएको भाषाहरुलाई पहिचान गरी संविधानमा सूचीकृत गरीनु पर्ने ।<br>○ संघीय इकाईमा बाहुल्यता नरहेको तर उक्त इकाईका अन्य समुदायको मातृभाषाका रुपमा रहेका भाषाका हकमा त्यस्ता भाषा भएका नागरीकहरुका लागि सरकारी कामकाजका निमित्त दोभाषेको व्यवस्था उल्लेख हुनुपर्ने ।<br>○ केन्द्रिय तथा सबै संघीय इकाईहरुमा बहिरा अपाङ्गता भएका व्यक्तिका लागि सरकारी कामकाजको भाषाका रुपमा सांकेतिक भाषालाई पनि व्यवस्था गरीनु पर्ने ।<br>○ सरकारी निकायमा पदपूर्तिका लागि लिइने परीक्षामा केन्द्रीय तहमा नेपाली र अंग्रेजीमा, संघीय इकाई तहमा उक्त इकाईमा प्रयोग गरीने सरकारी कामकाजको भाषामा र स्थानीय निकायमा भए स्थानीय भाषा प्रयोग गरीने व्यवस्था गरीनु पर्ने ।<br>○ विकास निर्माण सम्बन्धी विभिन्न परियोजना प्रस्ताव तयार गर्दा नेपाली वा आफूलाई अनुकूल भाषामा तयार गर्न पाउने व्यवस्था हुनुपर्ने । | |

- ❑ **राष्ट्रभाषा तथा संस्कृतिको संरक्षण**
  - देशभर बोलिने सबै भाषालाई राष्ट्रभाषाका रुपमा सूचिकृत गरीनु पर्ने ।
  - राष्ट्रिय भाषाका रुपमा नेपाली भाषा लगायत नेपालमा प्रचलित अन्य मुख्य भाषाहरुलाई समेत सूचिकृत गरीनु पर्ने ।
  - स्थानीय तहमा प्राथमिक तहसम्मको पढाई स्थानीय क्षेत्रमा वाहुल्यता रहेको मातृभाषामा समेत गरीने व्यवस्था राखिनु पर्ने । प्राथमिक भन्दा माथिको तहमा भने स्थानीय भाषाहरुलाई ऐच्छिक विषयमा रुपमा राखिनु पर्ने ।
  - सबै राष्ट्रिय भाषाहरुमा भने उच्च शिक्षा (विश्वविद्यालय) सम्मको अध्ययन गर्न पाइने व्यवस्था गरीनु पर्ने ।
  - सबै खाले संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न केन्द्र तथा संघीय इकाईले समान दायित्व लिनुपर्ने । संघीय इकाईहरुमा समेत विदा तथा सुविधाका कुरामा सबै खाले संस्कृतिहरुलाई समान व्यवहार गर्नु पर्ने ।
  - सबै भाषाहरुको सम्वर्द्धन गर्ने भाषा प्रतिष्ठानको (Language Academy) व्यवस्था गरीनु पर्ने ।
  - दृष्टिविहिनका लागि ब्रेल लिपिलाई पनि सबै विद्यालयहरुमा अनिवार्य व्यवस्था गरीनु पर्ने ।
- ❑ **ऐक्यबद्धताका आधार निर्धारण**
  - नेपाली भाषालाई सम्पर्क भाषाका (Link Language) रुपमा राखिनु पर्ने ।
  - जातीय, सांस्कृतिक, धार्मिक सहिष्णुता र ऐक्वयद्धता प्रवर्द्धन गर्ने दायित्व सबै संघीय इकाईहरुको हुने व्यवस्था गरीनु पर्ने ।
  - हरेक संघीय इकाईहरुमा विदा वा सुविधामा सबै खाले संस्कृतिहरुलाई समान व्यवहार गर्नु पर्ने तर यस्तो विदा दिदा बार्षिक २४ दिन भन्दा बढी हुन नहुने ।
  - नागरीकहरु कुनै पनि धर्म मान्न स्वतन्त्र हुने तर आफ्नो धर्म मान्दा अन्यको धर्म वा संस्कृतिमा सिधै नकारात्मक असर पर्ने

| | | | |
|---|---|---|---|
| | | कुनै पनि कुरामा निषेधात्मक व्यवस्था हुनु पर्ने ।<br>○ प्रागऐतिहासिक, पौराणिक, धार्मिक र पर्यटकीय सम्पदाहरुको सम्वर्द्धन, प्रवर्द्धन तथा संरक्षण गर्न अन्तर संघीय ऐक्यवद्धता/जिम्मेवारी हुनु पर्ने व्यवस्था राखिनु पर्ने ।<br>○ सामाजिक (लैङ्गिक, जातिय वा अन्य) भेदभावलाई प्रश्रय दिने कुनै पनि चलन वा परम्परालाई कुनै पनि संघीय इकाईले प्रवर्द्धन गर्नलाई निषेधात्मक व्यवस्था गरीनु पर्ने ।<br>○ हरेक संघीय इकाईहरुकमा प्रदान गरीने बिदा वा सुविधामा सवै खाले संस्कृतिहरुलाई समान व्यवहार गरीने व्यवस्था गरीनु पर्ने ।<br>○ अपाङ्गता भएका व्यक्तिहरुलाई सम्बोधन गर्ने भाषा र व्यवहार सम्मानजनक रुपमा हुनु पर्ने व्यवस्था गरीनु पर्ने । | |
| १०. | आदिवासी किरात महासंघ, जिल्ला समन्वय परिषद् इलाम | ○ मातृभाषा प्रयोगलाई मानव अधिकारको रुपमा कार्यान्वयन गर्नु पर्छ भन्ने वुंदा संविधानमा लेख्नु पर्दछ ।<br>○ ९१ वटा जोखिम परेका मातृभाषाका जातिय संगठनका प्रतिनिधि र भाषा शास्त्री गरी जम्मा १०५ जनाको राष्ट्रिय भाषा समिति गठन हुनुपर्ने वुंदा संविधानमा लेखन हुनुपर्छ ।<br>○ मातृभाषा पठन पाठन गर्नको लागि आदिवासी विश्वविद्यालय खोलिनु पर्ने संविधानमा लेख्नु पर्ने । | |
| ११. | नेपाल सन्थाल आदिवासी उत्थान संघ | ○ शिक्षामा आदीवासी जनजातिहरुका मातृभाषाहरुका साथै नेपाली र अंग्रेजी भाषामा शिक्षा दिने त्रैभाषिक नीति निर्माण गरी लागु गर्नु पर्ने ।<br>○ विभिन्न राज्यहरुको विभिन्न निकायहरुमा चल्ने सरकारी कामकाजको भाषा भन्नाले जुन प्रान्तमा जुन भाषा केन्द्रिय सरकारले स्वीकृत गरेको हुन्छ त्यही भाषा त्यस राज्यको लागि सम्पूर्ण इकाईहरुको लागि मान्यता दिइनु पर्दछ ।<br>○ सवै जातिले आफ्नो भाषा लिपिलाई सजिलैसंग संरक्षण र सुधार गर्न राज्य तर्फवाट पुस्तक पुस्तिकाहरु प्रकाशन गर्ने संवैधानिक व्यवस्था हुनु पर्दछ ।<br>○ एक जातिले अर्को जातिको संस्कृति मनाउदा घृणा नगरी सो जातिको संस्कृतिमा रहेको त्रुटी औल्याई सुधारको पक्षलाई विशेष ध्यान दिई हौसला बढाई राज्यले संस्कृति सुधार र समायोजन गर्न आर्थिक सहयोग उपलब्ध गर्ने संवैधानिक व्यवस्था हुनु पर्दछ । | |

| | | | |
|---|---|---|---|
| | | ○ वहु संस्कृति र वहुभाषामा राष्ट्रिय गौरव लुकेको यथार्थ राज्यले महसुस गरी यसको सम्मान सबै ठांउमा समान रुपमा गर्नु पर्ने संवैधानीक व्यवस्था गर्नु पर्दछ । | |
| १२. | नेपाल तराईमुल माझी कल्याण समिति | ○ तराई मूल माझी भाषा (सुरजापुरी)लाई राष्ट्रिय भाषाको सूचीमा राख्दै पठनपाठनको व्यवस्था गरीनुपर्ने ।<br>○ सुरजापुरी भाषा, प्राकृतिक धर्म संस्कृति भेष भुषाहरुको सम्वर्द्धन र विकासको लागि राष्ट्रको तर्फवाट छुट्टै वजेट निर्धारण गरीनुपर्ने । | |
| १३. | नेपाल गन्गाई कल्याण परिषद | ○ संघीय स्तरको सरकारी काम काजको भाषा देवनागरी लिपिमा नेपाली, अंग्रेजी र सरकारी मान्यता प्राप्त मातृभाषाहरुमा हुनु पर्दछ ।<br>○ प्रान्त/स्वायत्त क्षेत्र एवं स्थानीय स्तरमा सरकारी कामकाजको भाषा स्थानीय समुदायले माग गरे वमोजिम हुनु पर्दछ ।<br>○ संघ र राज्य दुवैमा राष्ट्रका सवै भाषा तथा संस्कृतिहरुको संरक्षण गर्न आयोग गठन गर्नुपर्दछ ।<br>○ गन्गाई लगायतका तराई आदिवासीहरुको धार्मिक र सांस्कृति चाडपर्व सिरुवा, जीतिया, ग्रामथानको पुजा, नेमान, सुगरतिया, फगुवा, गोठनीया, घाटो पुजाआदिको दिनमा सरकारी विदाको व्यवस्था हुनु पर्दछ । | |
| १४. | नेपाल झांगड (उराव) कोड्रेम सुधारा कार्य गुठियाराआ | ○ जुन जातिको संस्कृति लोप भइरहेको हुन्छ त्यस संस्कृतिसंग सम्वन्धी जातिलाई खोजी गरी राज्यको तर्फवाट आफ्नो संस्कृति संरक्षणको लागि सेवा सुविधा उपलव्ध गर्ने नीति निर्माण हुनु पर्दछ ।<br>○ सवै जातिले आफ्नो भाषा लिपिलाई सजिलैसंग संरक्षण र सुधार गर्न राज्य तर्फवाट पुस्तक पुस्तिकाहरु प्रकाशन गर्ने संवैधानिक व्यवस्था हुनु पर्दछ । | |
| १५. | ताजपुरीया समाज कल्याण परिषद् | ○ प्रान्त स्तरमा प्रान्तिय सरकारका निर्णय वमोजिम प्रान्तिय भाषा रहनेछ त्यो प्रान्त भित्र प्रान्त भाषा र State भित्र चल्ने नेपाली भाषा सरकारी कामकाजको भाषा रहने छैन् ।<br>○ स्थानीय स्तरमा मातृभाषा समेत प्रयोग हुनेछ । स्थानीय मातृभाषाको लेखनलाई स्थानीय अधिकारीले प्रान्तिय भाषा र नेपाली भाषावाट अनुवाद गरी अभिलेख राख्नु पर्दछ ।<br>○ सवै जाति, भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न केन्द्रिय सरकार र प्रान्तिय सरकार दुवैको समान दायित्व रहने छ । | |

| | | | |
|---|---|---|---|
| १६. | थारु कल्याणकारी सभा | ० जातिय, भाषीक तथा क्षेत्रीय आधारमा बनेको संघीय इकाईमा सो संघीय संरचना बमोजिम बोलिने थारु भाषा सरकारी कामकाजको भाषा हुनुपर्ने ।<br>० अर्न्तराष्ट्रिय भाषा, मातृभाषा तथा सामाजिक सांस्कृतिक धरोहरहरुको संरक्षण समान रुपबाट राज्यबाट गरीनु पर्ने ।<br>० सामाजिक ऐक्यबद्धताको आधार विभिन्न जातीय, भाषीक, संस्कृति जगेर्नाको आधारमा हुनु पर्नेछ ।<br>० आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक, मुस्लिम दलित आदिको सांस्कृतिक र सामाजिक मुल्य मान्यतालाई पनि समान रुपमा संविधानमा उल्लेख गर्नु पर्नेछ । | |
| १७. | मेचे समाज सिवियारयी आफात | ० केन्द्रिय सरकारको कामकाजको भाषा देवनागरी लिपिमा नेपाली भाषा हुनुपर्नेछ । राज्य सरकारमा विभिन्न जातजातिका मातृभाषाहरुलाई समेत सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने व्यवस्था हुनु पर्दछ ।<br>० विभिन्न जातजातिका भाषाहरुलाई राष्ट्रिय मान्यता दिई संरक्षण र सम्वर्धनका लागि प्रभावकारी व्यवस्था गरीनु पर्दछ ।<br>० विभिन्न जातजातिका संस्कृतिहरुलाई राष्ट्रिय संस्कृतिका रुपमा मान्यता दिई संस्कृतिहरुको संरक्षण र प्रवर्धनका लागि प्रभावकारी कार्यक्रम केन्द्रिय र राज्य सरकारबाट चलाईने विशेष व्यवस्था हुनु पर्दछ । | |
| १८. | नेपाल मुस्लिम समाज, धनुषा | **राष्ट्रभाषा** : नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन । तिनै भाषाहरु कामकाजको भाषा हुनुपर्दछ ।<br>० सांस्कृतिक धरोहरहरु मस्जिद, इदगाह, कबस्थान, करवला, मजार, वृद्धा आश्रम र यतीम खाना आदीको राष्ट्रद्वारा संरक्षण सम्वर्द्धन हुनुपर्छ । साथै इस्लामी कलासंस्कृति भाषा साहित्यको विकासका लागि इस्लामी प्रज्ञाप्रतिष्ठान गठन हुनुपर्छ । | |
| १९. | नेपाल आदिवासी जनजाती महासंघ जिल्लासमन्वय परिषद पांचथर | ० संविधानसभाले बनाउने नयाँ संविधानमा अल्पसख्यक जात जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्र आदिको अधिकार संयुक्त राष्ट्रसंघले प्रदान गरेका अल्पसंख्यकको अधिकार बमोजिम सुनिश्चित हुनु पर्दछ ।<br>० राज्यले आदिवासी जनजाति महिला र पुरुषको परम्परागत ज्ञान, सीप, कला, संस्कृतिलाई मान्यता दिदै प्रवर्द्धन, संरक्षण र विकास गर्ने र नियन्त्रण हुने अधिकारको व्यवस्था गर्नु पर्दछ । | |

| | | | |
|---|---|---|---|
| २०. | शेर्पा राष्ट्रिय मुक्ति मोर्चा, नेपाल | ○ सबै मातृभाषालाई राष्ट्रिय भाषा घोषित गरी निशुल्क अध्ययन अध्यापनको व्यवस्था गर्नु पर्ने । खस भाषा र अंग्रेजी भाषालाई सम्पर्क भाषा घोषणा गरी राजकीय रुपमा प्रयोग गर्नु पर्ने छ ।<br>○ सबै समुदाय, जातिको भाषा, साहित्य र संस्कृतिलाई संरक्षण, सम्वर्द्धन र आवश्यकता अनुसार परिमार्जन तथा रुपान्तरण गर्नको लागि सरकारले समान सुविधा दिनु पर्ने ।<br>○ समाजमा भएको विषमतामूलक सामाजिक सांस्कृतिक संरचनालाई परिवर्तन गरी समतामूलक जनसंस्कृति स्थापना गर्नु पर्ने ।<br>○ नेपाली समाजमा सांस्कृतिक ऐक्यवद्धताको लागि आ–आफ्नो धर्म संस्कृतिसंग सम्वन्धीत सरकारी निकाय तथा समितिका पदाधिकारीहरुको नियुक्ति गर्दा सम्वन्धीत धर्म संस्कृतिसंग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिलाई नियुक्ति गर्नु पर्ने ।<br>○ सबै समुदाय र जातिको भेषभुषा राष्ट्रिय पोशाक घोषणा गर्नु पर्ने । | |
| २१. | विष्णु रेग्मी, पिरुवा ३, चितवन | ○ सम्पूर्ण सांस्कृतिक तथा भाषा भाषीका व्यक्तिहरु आपसमा समान रुपले रहनु पर्ने ।<br>○ सम्पूर्ण सांस्कृतिक तथा भाषा भाषीका परम्परा आ–आफ्नो समुदायमा मनाउन पाउने तर अर्को समूहको संस्कृति तथा परम्परालाई आघात पार्न नपाउने व्यवस्था हुनुपर्ने ।<br>○ सम्पूर्ण धर्म, भाषा, संस्कृतिका व्यक्तिहरु समाजमा आइपर्ने कुनै पनि कठिनाइको सामनाको लागि एकलावद्ध हुनु पर्ने ।<br>○ सम्पूर्ण व्यक्तिहरुले एक आपसमा सहयोग र सद्भाव कायम राख्नु पर्ने ।<br>○ सम्पूर्ण व्यक्तिहरु समाजप्रति एकिकृत हुनु पर्ने ।<br>○ जुन सुकै भाषा भाषि तथा समुदायले आफ्नो भाषा तथा संस्कृति संरक्षण र सम्वर्धन आफैले गर्न पाउने व्यवस्था हुनुपर्ने । | |
| २२. | धर्मशीला बुद्ध विहार | ○ बुद्ध जन्मस्थललाई राष्ट्रिय प्रतीकको रुपमा घोषणा गरीनुपर्ने । | |
| २३. | श्री निम्बार्क वैष्णव परिषद्, नेपाल | ○ कला र साहित्यको संरक्षण सम्वर्धन गर्ने धार्मिक संरक्षण निकाय स्थापना गरीयोस जस्मा सम्पूर्ण धर्मको प्रतिनिधित्व रहोस् ।<br>○ विश्व सम्पदा सूचीमा परेका धार्मिक गुम्बा, मठ, मन्दिर, तीर्थस्थल गुफाहरुको संरक्षणमा ध्यान पुऱ्याइयोस । | |

| | | | |
|---|---|---|---|
| २४. | विश्व हिन्दु महासंघ | ○ नेपाली संस्कार, संस्कृति, मठ, मन्दिर, तिर्थ स्थल लगायत धर्मको रक्षा र राष्ट्रिय चिन्ह अंकित गाई गौमाताको समेत जर्गेना हुने भएकोले सोही अनुसार गरीयोस । | |
| २५. | खिष्टियन सुझाव समिति | ○ सबै धार्मिक शैक्षिक संस्थाहरुलाई राज्यद्वारा मान्यता प्रदान गर्न हामी माग गर्दछौं । | |
| २६. | दिवाकर शर्मा, पश्चिमाञ्चल | ○ शाह, शाही, सलाम, शैलुट यी शब्द हटाउनु पर्छ । विदेशी शब्द हटाएर प्रणाम, अभिवादन, वन्दना, प्रणमि जस्ता राष्ट्रिय शब्दहरु राख्नु पर्छ । | |
| २७. | वाहिङ किरात मुलुखिम र वृहत किरात स्वयत प्राप्ति संघर्ष समिति | ○ नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषाको रुपमा राज्यको कामकाजी भाषा हुनुपर्ने र त्रिभाषिक नीति अवलम्बन गरी स्थानिय मातृभाषा, नेपाली, अंग्रेजी कायम गर्नु पर्ने ।<br>○ स्वायत्त क्षेत्र भित्रका कार्यालय प्रयोजनको भाषा स्थानिय आ–आफ्नो मातृभाषा हुनु पर्ने ।<br>○ बहुभाषिक नीतिलाई मान्यता र स्थानीय मातृभाषालाई स्थानीय तहको प्रशासनमा प्राथमिकता साथ प्रयोग को व्यवस्था गरीनु पर्ने । | |
| २८. | केन्द्रिय राई योयोक्खा केन्द्रिय कार्य समिति | **भाषा**<br>○ नेपालमा बोलिने सबै मातृभाषा राष्ट्र भाषा हुनु पर्ने ।<br>○ सम्पर्क भाषा तोकेर कुनै भाषालाई विशेषाधिकार दिइन नहुने ।<br>○ खस भाषालाई मात्र नेपाली भाषा नभनीकन सबै भाषालाई नेपाली राई भाषा, नेपाली लिम्बु भाषा, नेपाली तामाङ भाषा, नेपली थारु भाषा, नेपाली खस भाषा आदि भनेर सम्बोधन गर्न पर्ने ।<br>○ त्रिभाषिक नीतिको व्यवस्था ।<br>○ लोपोन्मुख, अल्पसंख्यकहरुको भाषालाई विशेषाधिकार ।<br>○ राज्य तहको भाषासम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार राज्य व्यवस्थापिकामा हुनु पर्ने ।<br>**सामाजिक ऐक्यबद्धताको आधार**<br>○ सबै धर्म संस्कृतिलाई समान व्यवहार, सम्मान र राष्ट्रिय मान्यता दिनुपर्छ ।<br>○ राष्ट्रिय तथा स्वायत्त राज्य तहको पाठ्यक्रम इत्यादिमा धार्मिक जातिय असमानता, अहंकार र भेदभावलाई अलिकति पनि स्थान दिइनु हुन्न ।<br>○ पाठ्यक्रम इत्यादिमा सबै जाति, भाषा, संस्कृति, धर्म, भूगोल, रहन सहन | |

| | | | |
|---|---|---|---|
| | | लगायतका विशिष्टताहरु बारे राष्ट्रव्यापी रुपमा अनिवार्य प्रशिक्षण र पठन पाठन हुनुपर्छ ।<br>○ राज्यको कुनै पनि अङग् र व्यवहार कुनै खास जातिको धर्म, संस्कृतिसंग सम्बद्ध हुनु हुँदैन । जस्तो कि सेनाले दशै इत्यादिमा बढाई गर्ने गरेको छ । त्यस्ता सम्पूर्ण क्रियाकलाप अविलम्ब रोकिनुपर्छ अथवा सबै जात जातिहरुको सास्कृतिक चाडहरुमा राज्यको तर्फबाट हर्ष बढाई गर्नुपर्दछ ।<br>**सँस्कतिको रुपान्तरणको सम्बन्धमा निम्न संवैधानिक व्यवस्था जरुरी**<br>○ राजतन्त्रीय तथा सामन्ती संस्कृतिका शोषणमूलक संस्कृति नाश गर्न र त्यस्ता संस्कृतिका नकारात्मक पक्ष र त्यसका असरहरुबारे राज्यले नै जनतालाई सचेत गराउन राज्यले आवश्यक पहल गर्ने ।<br>○ जनतालाई वैज्ञानिक र भौतिकवादी संस्कृति अवलम्बन गर्न प्रेरित गर्ने ।<br>○ हरेक जातिमा रहेको काम नलाग्ने र अवैज्ञानिक संस्कृतिहरु उन्मूलनका लागि अभियान सञ्चालन गर्न शक्तिशाली सांस्कृतिक प्रतिष्ठान अन्तर्गत विशेष सांस्कृतिक विभाग खडा गर्न आवश्यक छ । | |
| २९. | दलित सेवा संघ ,काठमाण्डौ | ○ समान प्राथमिकता प्रदान गरीनु पर्ने ।<br>○ सहअस्तित्व कायम गरीनु पर्ने ।<br>○ सामाजिक र सांस्कृतिक सद्‌भाव कायम गर्न विद्यमान सामाजिक विभेदको अन्त्य गर्नुपर्दछ ।<br>○ देशको सामाजिक सांस्कृतिक विविधता पहिचान गरी त्यसको सम्मान गर्नुपर्दछ ।<br>○ आर्थिक, सामाजिक र राजनीतिक न्याय सबै पछाडि पारिएको वर्ग र समुदायको लागि राज्यले सुनिश्चितता गर्नुपर्दछ ।<br>○ सामाजिक, राजनैतिक, आर्थिक, र शैक्षिक न्यायिक वातावरणको सिर्जना गर्नुपर्दछ ।<br>○ विविधतामा रहेको एकताको पहिचान र सम्मान गरीनुपर्छ । | |
| ३०. | दलित गैर सरकारी संस्था महासंघ | **सरकारी कामकाजको भाषा**<br>○ नेपाली अंग्रेजी र राष्ट्र भाषालाई सरकारी कामकाजको भाषा बनाउनुपर्ने ।<br>○ संघीय इकाईमा बाहुल्यता रहेको भाषालाई पनि उक्त इकाईमा सरकारी | |

| | | | |
|---|---|---|---|
| | | कामकाजको भाषाका रुपमा अपनाउने । यसका लागि हरेक प्रान्तमा प्रयोग गर्न सकिने भाषाहरु अनुसूचीमा राखिनुपर्ने ।<br>○ केन्द्रिय तथा सबै संघीय इकाईमा बहिरा अपांङ्गता भएका व्यक्तिका लागि सरकारी कामकाजको भाषाका रुपमा सांकेतिक भाषालाई पनि मान्यता दिइनुपर्ने ।<br>○ नेपाली र अंग्रेजी भाषा नेपालका सबै संघीय इकाईमा व्यक्तिगत सम्पर्क बढाउने तथा आम सञ्चार गर्ने भाषा हुने व्यवस्था राखिनुपर्ने ।<br>**राष्ट्रभाषा तथा सँस्कृतिको संरक्षण**<br>○ देशभर बोलिने सबै भाषालाई राष्ट्रभाषाका रुपमा सूचिकृत गरीनुपर्ने ।<br>○ राष्ट्रिय भाषाका रुपमा नेपालमा प्रचलित मुख्य भाषाहरुलाई सूचिकृत गरीनुपर्ने ।<br>○ स्थानीय तहमा प्राथमिक तहसम्मको पढाई स्थानीय क्षेत्रमा बाहुल्यता रहेको भाषामा समेत गरीने ।<br>○ सबै राष्ट्रिय भाषाहरुमा उच्च शिक्षा(विश्वविद्यालय) सम्मको अध्ययन गर्न पाइने व्यवस्था गरीने ।<br>○ सबै खाले सँस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न सबै संघीय इकाईहरुले समान दायित्व लिने ।<br>○ भाषा प्रतिष्ठान (Language Academy) व्यवस्था गरीने ।<br>**सामाजिक तथा साँस्कृतिक ऐक्यबद्धताका आधार**<br>○ जातीय, सांस्कृतिक, धार्मिक सहिष्णुता र ऐक्यवद्धता प्रवर्द्धन गर्ने दायित्व सबै संघीय इकाईहरुको हुने ।<br>○ अपांङ्गता भएका व्यक्तिहरुलाई सम्वोधन गर्ने भाषा र व्यवहार सम्मानजनक रुपमा हुनु पर्ने ।<br>○ सामाजिक(लैङ्गिक, जातिय वा अन्य) भेदभावलाई प्रश्रय दिने कुनै पनि चलन वा परम्परालाई कुनै पनि संघीय इकाईमा प्रवर्द्धन गर्न निषेध गरीने । | |
| ३१. | जातिय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च | **दलितको हक सम्बन्धी सुझावहरु**<br>○ परम्परागत शिप र कलालाई संरक्षण र प्रवर्धन गर्नुपर्ने ।<br>○ सबै भाषा र सँस्कृतिको समान संरक्षण र प्रवर्धन गर्नुपर्ने ।<br>○ जातिय भेदभाव र छुवाछुतलाई प्रतिवन्ध गर्ने र सामाजिक ऐक्यवद्धताको | |

| | | | |
|---|---|---|---|
| | | आधार निर्माण गर्ने ।<br>**आदिवासी जनजातिको हक सम्बन्धी सुझावहरु**<br>○ बहुभाषिक नीति(सरकारी कामकाज, शिक्षा समेतमा) लागु हुनु पर्ने ।<br>**मुस्लिम हक सम्बन्धी सुझावहरु**<br>○ सरकारी निकायमा विभिन्न भाषा सरह उर्दु भाषालाई पनि मान्यता दिइनु पर्दछ । यसको संरक्षणको निमित्त विद्यालय स्तर देखि विश्व विद्यालय सम्मको शैक्षिक पाठ्यक्रममा ऐच्छिक विषयको रुपमा उर्दु भाषालाई समावेश गरीनु पर्दछ । | |
| ३२. | स–शक्ति नेपाल | **राष्ट्र भाषा**<br>○ नेपालमा बोलिने सबै मातृभाषा राष्ट्र भाषा हुन् ।<br>○ देवानागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।<br>○ माथि जुनसुकै कुरा लेखिएको भएतापनि संघीय राज्यले तोकेको भाषानै कामकाजको भाषा हुनेछ । साथै स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन् । त्यसरी प्रयोग गरीएको भाषालाई राज्यले सरकारी कामकाजको भाषामा रुपान्तर गरी अभिलेख राख्नेछ ।<br>**शिक्षा तथा सँस्कृति सम्बन्धी हक**<br>○ प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।<br>○ प्रत्येक नागरीकलाई राज्यबाट कानूनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क रोजगारीमूलक व्यवसायिक शिक्षा पाउने हक हुनेछ ।<br>○ नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदा संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ ।<br>○ पछाडि पारिएका लिङ्ग, वर्ग, समुदायलाई रोजगारीमूलक व्यवसायीक शिक्षामा विशेष जोड दिइनेछ । | |
| ३३. | एकिकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र हुम्ला | ○ देशको माध्यम भाषाको रुपमा नेपाली भाषालाई कायम गर्नु पर्छ भने अन्य सम्पूर्ण भाषालाई राष्ट्रिय भाषाका रुपमा स्थापित गर्नु पर्छ । प्राथमिक तह देखि उच्च शिक्षा सम्मको तहसम्म ऐच्छिक विषयका रुपमा सम्पूर्ण भाषालाई अध्ययनका विषय राखिनु पर्छ । | |

| | | | |
|---|---|---|---|
| | | ○ देशका सम्पूर्ण क्षेत्र, जातजाति, धर्म र समुदायमा भएका सम्पूर्ण मौलिक सांस्कृतिलाई संरक्षण गर्नु राज्यको दायित्व हुनु पर्छ । जसका लागि सरकारले देशमा एक सांस्कृतिक विश्व विद्यालयको स्थापनार्थ खोज तथा अनुसन्धान गर्नु पर्छ ।<br>○ आफ्नो मौलिक एवं मातृभाषामा विद्यालय शिक्षा आर्जन गर्न पाउनु नागरीकको मौलिक अधिकार हुने छ ।<br>○ समाजमा आफ्ना अधिकारहरुको रक्षा गर्ने सिलसिलामा अन्य समुहका अधिकारको समेत राम्रोसँग ख्याल राख्नु पर्छ जसले गर्दा सामाजिक सद्भाव कामय हुन सक्दछ ।<br>○ प्रत्येक नागरीकले आफ्नो मातृभाषा बोल्न पाउने स्वतन्त्रता कायम हुनु पर्छ । | |
| ३४. | महिला कानून र विकास मञ्च | ○ देशको माध्यम भाषाको रुपमा नेपाली भाषालाई कायम गर्नु पर्छ भने अन्य सम्पूर्ण भाषालाई राष्ट्रिय भाषाका रुपमा स्थापित गर्नु पर्छ । प्राथमिक तह देखि उच्च शिक्षा सम्मको तहसम्मका लागि ऐच्छिक विषयका रुपमा सम्पूर्ण भाषालाई अध्ययनका विषय राखिनु पर्छ ।<br>○ विभिन्न संघीय सरकारको कार्यालयको भाषा निर्धारण गर्दा त्यस राज्यमा बसोबास गर्ने आमनागरीकले बोल्ने भाषालाई प्राथमिकतामा राखिनु पर्दछ । यसको साथ साथै नागरीकले सरकारी सेवा लिन जाँदा अनुवादकको व्यवस्था गरीने संवैधानिक सुनिश्चितता गरीनु पर्दछ ।<br>○ भाषिक विषय अत्यन्त संवेदनशील विषय भएको र आमनागरीकको राज्यसंग सम्वन्धको विषय भएकोले स्थानीयस्तरमा व्यापक छलफलबाट मात्र राज्य सरकारको सरकारी भाषा तोकिनुपर्दछ ताकी भाषिक रुपमा सिमान्तकृत समुदायले समेत सरकारी भाषाबाट सहजरुपमा सेवा लिन सकुन ।<br>○ विभिन्न सिमान्तकृत समुदायको भाषा र संस्कृतिको विकासको लागि राज्यले स्पष्ट नीति बनाउनुपर्दछ साथै उनीहरुको भाषिक एवं सांस्कृतिक विकासको लागि राज्यले बजेट एवं श्रोत साधनको व्यवस्था गर्नुपर्ने संविधानमा नै सुनिश्चित गरीनु पर्ने ।<br>○ सांस्कृतिक विविधतायुक्त नेपालको सामाजिक बनोटलाई असर पर्ने खालका कुनै पनि गतिविधि नगरीने कुराको राज्यले सुनिश्चितता गर्नुपर्ने । | |

| | | | |
|---|---|---|---|
| ३५. | श्री वैदिक सनातन हिन्दू धर्म सेवा समिति चितवन | ० आफ्नो परम्परा देखि चलिआएको धर्म संस्कृतिलाइ यथावत कायम राखी स्वतन्त्र रुपले मान्न र मनाउन पाउने मानव स्वतन्त्रताको मौलिक हक कायम गरीनु पर्छ।<br>० राज्यले दिदै आएको धर्म संस्कृतिको रुपमा संचालित मठ–मन्दिरको संरक्षण तथा संवर्धन गरीनु पर्छ। | |
| ३६. | अति सीमान्तकृत आदिवासी जनजाति राष्ट्रिय संजाल, नेपाल | ० सबै जात जातिले बोल्ने भाषालाई राष्ट्र भाषाको मान्यता दिनु पर्दछ र त्यही किसिमको सुविधाको व्यवस्था गर्नु पर्दछ।<br>० सबै भाषामा उच्च स्तर सम्मको अध्ययन तथा अध्यापन गर्ने व्यवस्था हुनु पर्दछ।<br>० लोप हुन गई रहेका भाषालाई संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्नु पर्दछ।<br>० देशमा छुट्टै किसिमका बहुभाषिक नीति बनाइनु पर्दछ।<br>० संस्कृति पहिचानको प्रमुख माध्यम भएकोले संस्कृतिको संरक्षणको नीति नै बन्नु पर्दछ। यस्तो नीति बिभेदकारी हुनु हुदैन।<br>० भाषिक नीतिमा विद्यालय, आयोग, मन्त्रालय प्रतिष्ठान देखि भाषा संरक्षण तथा प्रवर्द्धनका लागि सबै कुराहरु अवलम्वन गरीनु पर्दछ।<br>० भाषा तथा संस्कृतिलाई समेटेर मन्त्रालय नै बन्नु पर्दछ।<br>० सामाजिक सद्भाव कायम राख्न सबै धर्म, सम्प्रदाय, जात जातिलाइ समान अधिकार प्रदान गरीनु पर्दछ। न कि दमनकारी नीति।<br>० नेपाल विविध भाषा–भाषि, जात जाति, धर्म सम्प्रदाय तथा प्रकृतिले बनेका हुनाले यस विशेषताको विशेष ख्याल राखिनु पर्दछ।<br>० नेपाल बहुजाति, बहुभाषि, बहुसंस्कृति, बहुधार्मिक राष्ट्र हो भन्ने वाक्यांश पनि प्रस्तावनामा अटाउनु पर्दछ। | |
| ३७. | महिला, कानून र विकास मञ्च, काठमाण्डौ | ० सामाजिक प्रथा जस्तै देउकी, दाइजो, छाउपाडी जस्ता कुप्रथा पूरै अन्त्य हुनु पर्ने।<br>० धर्म तथा संस्कृतिको नाममा कुनै जात जाति तथा स्थान र स्थिति अवस्थाका महिलाको शोषण विरुद्धको हक हुनेछ भन्ने व्यवस्था हुनु पर्ने | |
| ३८. | कर्णाली वासीका तर्फबाट प्रस्तोता हिमालय कन्जर्भेसन एन्ड डिभेलोपमेन्ट एसोसिएसन, हुम्ला | ० नेपाली भाषालाई सरकारी कामकाजको मूल भाषा कायम गर्नुपर्छ। स्थानीय खस (केन्द्रिय) उपभाषिका तथा लामा भाषामा पनि अभिलेख रहने व्यवस्था गरी दोभाषोको सेवा उपलब्ध हुने कुरा निश्चित पारिनुपर्छ | |

| | | | |
|---|---|---|---|
| | | ○ कर्णाली क्षेत्रमा लगाइने सबै खालका पोसाकलाई राष्ट्रिय पोसाकको पहिचान प्रदान गरीनुपर्छ ।<br>○ कर्णालीका सांस्कृतिक सम्पदालाई राष्ट्रिय सम्पदा घोषित गरीनुपर्छ ।<br>○ कर्णालीमा विद्यमान खसान तथा जडान संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने व्यवस्था गरीनुपर्दछ ।<br>○ स्थानीय खस(केन्द्रिय) उपभाषिका तथा लामा भाषामा शिक्षा लिन पाउने अधिकार सुनिश्चित गरीनुपर्दछ । | |
| ३९. | जनगन्तव्य नागरीक समाज, काठमाण्डौ | ○ नेपाली भाषालाई राष्ट्र भाषाको रुपमा संविधानमा व्यवस्था गरीनु पर्दछ ।<br>○ अंग्रेजी भाषालाई १० जोड दुई सम्म अनिवार्य भाषाको रुपमा व्यवस्था गरीनु पर्छ ।<br>○ सबै जातजातिको संस्कृतिलाई राज्यले विभेद नगरीकन संरक्षण गर्नुपर्ने ।<br>○ सम्वर्द्धन गर्न आवश्यक रकम उपलब्ध गराउनु पर्ने ।<br>○ संस्कृतिभित्र रहेका कतिपय कुरीतिहरुलाई रुपान्तरण गर्नु पर्ने ।<br>○ सम्पूर्ण राष्ट्रलाई एक सूत्रमा बाध्नका लागि १६ वर्ष पुगेका र १९ वर्ष नकाटेका युवा समूहलाई संर्वाङ्गीण राष्ट्रिय विकास युवा परिचालन गठन गरी तिनिहरुलाई गास, बास र कपासको व्यवस्था गर्दै राष्ट्र निर्माण कार्यमा संलग्न गराउने । | |
| ४०. | नागरीक समाज संस्था का तर्फबाट ग्रामीण सामुदायिक विकास सेवा परिषद, महोतरी समेत विभिन्न २१ संस्थाहरु | **सरकारी कामकाजको भाषा**<br>○ सबै संघीय इकाईमा नेपाली र अंग्रेजी भाषालाई सरकारी कामकाजको भाषाका रुपमा राखिनु पर्ने । संघीय इकाईमा बाहुल्यता रहेको भाषालाई पनि सरकारी कामकाजको भाषाका रुपमा अपनाउने । बाहुल्यता भएको भाषाहरुलाई पहिचान गरी संधिानमा सूचिकृत गरीनु पर्ने ।<br>○ संघीय इकाईमा बाहुल्यता नरहेको तर उक्त इकाईका अन्य समुदायको मातृभाषाका रुपमा बाहूल्यता रहेका भाषाका हकमा त्यस्ता भाषा भएका नागरीकहरुका लागि सरकारी कामकाजका निमित्त दोभाषो उल्थाकर्ता को व्यवस्था हुने व्यवस्था उल्लेख हुनु पर्ने ।<br>○ केन्द्रिय तथा सबै संघीय इकाईहरुमा बहिरा अपाङ्गता भएका व्यक्तिका लागि सरकारी कामकाजको भाषाका रुपमा सांकेतिक भाषालाई पनि व्यवस्था गरीनु पर्ने । | |

| | | | |
|---|---|---|---|
| | | ० सरकारी निकायमा पदपुर्तिका लागि लिइने परीक्षामा केन्द्रिय तहकामा नेपाली र अंग्रेजी, संघीय इकाई तहमा उक्त इकाईमा प्रयोग गरीने सरकारी कामकाजको भाषा र स्थानीय निकायमा भए स्थानीय भाषा प्रयोग गरीने व्यवस्था गरीनु पर्ने ।<br>**राष्ट्रभाषा तथा संस्कृतिको संरक्षण**<br>० देशभर बोलिने सबै भाषा राष्ट्रभाषाका रुपमा सूचिकृत गरीनु पर्ने ।<br>० स्थानीय तहमा प्राथमिक तहसम्मको पढाई स्थनीय क्षेत्रमा बाहुल्यता रहेको मातृभाषामा समेत गरीने व्यवस्था राखिनु पर्ने । प्राथमिक भन्दा माथिको तहमा भने स्थानीय भाषाहरुलाई ऐच्छिक विषयका रुपमा राखिनु पर्ने ।<br>० सबै राष्ट्रिय भाषाहरुमा भने उच्च शिक्षा(विश्वविद्यालय) सम्मको अध्यापन गर्न पाइने व्यवस्था गरीनु पर्ने ।<br>० सबै खाले संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न केन्द्र तथा संघीय इकाईले समान दायित्व लिनु पर्ने । संघीय इकाईहरुमा समेत बिदा तथा सुविधाका कुरामा सबै खाले संस्कृतिहरुलाई समान व्यवहार गर्नु पर्ने ।<br>० सबै भाषाहरुको सम्वर्द्धन गर्ने भाषा प्रज्ञा प्रतिष्ठानको (Language Academy) व्यवस्था गरीनु पर्ने ।<br>० दृष्टिविहिनका लागि ब्रेल लिपिलाई पनि सबै विद्यालयहरुमा अनिवार्य व्यवस्था गरीनु पर्ने ।<br>**ऐक्यबद्धताका आधार निर्धारण**<br>० नेपाली भाषालाई सम्पर्क भाषाका(Link Language) रुपमा राखिनु पर्ने ।<br>० जातीय, सांस्कृतिक, धार्मिक, सहिष्णुता र ऐक्यवद्धता प्रवर्द्धन गर्ने दायित्व सबै संघीय इकाईहरुको हुने व्यवस्था गरीनु पर्ने ।<br>० हरेक संघीय इकाईहरुमा बिदा वा सुविधामा सबै खाले संस्कृतिहरुलाई समान व्यवहार गर्नु पर्ने ।<br>० नागरीकहरु कुनै पनि धर्म मान्न स्वतन्त्र हुने तर आफ्नो धर्म मान्दा अन्य धर्म वा संस्कृतिमा सिधै नकारात्मक असर पर्ने कुनै पनि कुरामा निषेधात्मक व्यवस्था हुनु पर्ने ।<br>० ऐतिहासिक, पौराणिक, धार्मिक र पर्यटकीय सम्पदाहरुको सम्वर्द्धन, प्रवर्द्धन तथा संरक्षण गर्न अन्तर सन्धीय ऐक्यवद्धता जिम्मेवारी हुनु पर्ने व्यवस्था | |

| | | | |
|---|---|---|---|
| | | राखिनु पर्ने ।<br>○ सामाजिक (लैङ्गिक, जातीय वा अन्य) भेदभावलाई प्रश्रय दिने कुनै पनि चलन वा परम्परालाई कुनै पनि संघीय इकाईले प्रवर्द्धन गर्नलाई निषेधात्मक व्यवस्था गरीनु पर्ने । | |
| ४१. | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | ○ अपाङ्गता भएका व्यक्तिहरुलाई आफ्नो भाषा लिपिका साथ सांस्कृतिक क्रियाकलापमा विना भेदभाव सहभागिता गराइनेछ । | |
| ४२. | नगेन्द्र प्रसाद पौडेल, दुहागढी २, झापा | ○ स्थानीय एवं राष्ट्रिय स्तरका लोक, परम्परागत तथा समसामयिक कुनै पनि प्रकारका चित्रकला, मूर्तिकला, प्रस्तरकला सङ्गीतकला, नाट्यकला तथा भाषा, साहित्य र वाङ्मयसमेत कलाका कुनै पनि विधा तथा उपविधाहरु एवं सोझै सम्बन्धीत भएर आउने कलाजन्य वाङ्मइकाईलाई राज्यका तर्फवाट ललितकलाका रुपमा सम्वोधन गर्नु गराउनु राज्यको प्राथमिक दायित्व । | |
| ४३. | गिरीराज पौडेल , कैलाली , | ○ नेपाली भाषा पहिलो राज्य स्तरको भाषा हुनु पर्ने ।<br>○ अल्प संख्यामा परेका धर्म संस्कृतिको पनि त्यो धर्म र संस्कृतिको जनसंख्याको आधारमा संरक्षण गरीनु राम्रो होला । | |
| ४४. | ए.डी खड्का कीर्तिपुर , काठमाण्डौ | ○ धार्मिक कर्मकाण्डले गरेको लिङ्गीय विभेदलाई संवैधानिक रुपमा नै निवारण गर्ने तर्फ पहल गरी दिनु पर्ने । | |
| ४५. | मानवअधिकारका लागि महिला एकल महिला समूह , काठमाण्डौ | ○ एकल महिला माथि घरभित्र तथा बाहिर हुने गरेको सामाजिक र धार्मिक हिंसाको अन्त्य गरी दोषीलाई कडा भन्दा कडा दण्ड सजायको व्यवस्था गरीनु पर्ने । | |
| ४६. | नेपाल कलाकार समाज , नक्साल काठमाण्डौ | ○ छुट्टै ललित कला तथा संस्कृति मन्त्रालयको व्यवस्था हुनु पर्ने ।<br>○ ललितकला विकास उच्च आयोगका व्यवस्था हुनु पर्ने ।<br>○ ललितकला र संस्कृति क्षेत्रलाई उत्पादक क्षेत्रका रुपमा नीति आउनु पर्ने ।<br>○ ललितकला विकास परिषद्, ललितकला प्रज्ञा प्रतिष्ठान, कला विश्वविद्यालय आदिको अवधारण हुनुपर्ने । | |
| ४७. | ओम अखण्ड सुख केन्द्र, भैरहवा | ○ हिन्दु धर्मको साथै सवै धर्महरुको आदर्शतालाई यो संविधानले अनुशरण गरीरहनेछ भन्ने वाक्यांशलाई नयाँ वने संविधानमा प्रस्तावनामा अथवा धर्म संस्कृति शीर्षकमा उल्लेख गरीदिने । | |
| ४८. | नेपाल गुठी संरक्षण पुचः, ललितपुर | ○ परम्परागत उपयुक्त, उत्कृष्ट र गर्वलायक संस्कृतिलाई संरक्षण, सम्वर्द्धन गर्ने राष्ट्रिय नीति हुनेछ र तिनको जोगाडको लागि हाम्रा पूर्वजहरुले अंगाली | |

| | | | |
|---|---|---|---|
| | | आएको गुठीव्यवस्थालाई संरक्षण, सम्वर्द्धन गर्दै समयानुसार अझ सशक्त र सबल बनाउदै लगिने छ । साथै नयाँ नयाँ गुठीहरुका स्थापनामा समेत प्रोत्साहित तुल्याउदै आधुनिकीकरण तर्फ पनि समयसापेक्ष ढंगले यसमा व्यापक विस्तार गरीने छ । | |
| ४९. | दीपक लाल कर्ण, देवपुरा रुपैठा ३ धनुषा | ० नेपालका सबै राष्ट्र भाषालाई नेपाली भाषाको संज्ञा दिइनु पर्छ ।<br>० प्रत्येक भाषालाई नेपाली(खस), नेपाली(नेवार), नेपाली(मैथिली), नेपाली(राई), इत्यादि भनेर राखे बेश होला र राष्ट्रिय सम्पर्क भाषा नेपाली (खस) हुनु पर्ने । | |
| ५०. | ओम बहादुर नेपाली, गोरखा | ० उत्पीडित दलित जनजाति तथा सुकुम्वासी गरीब जनताको मनोभावनालाई बुझेर उनीहरुको उद्धार तथा उनीहरुको समान हक अधिकारमा सहुलियत मिल्ने गरी संविधान निर्माण हुनु पर्ने  समान हक अधिकारमा सहुलियत मिल्ने गरी संविधान निर्माण हुनु पर्ने । | |
| ५१. | गोवर्धन शाह, अध्यक्ष,<br>हलुवाई सेवा समिति,धरान, सुन्सरी | ० अल्पसंख्यक हलुवाई र कानु जातिलाई पिछडिएको वर्गमा सूचिकृत गरी शिक्षा, रोजगार र राजनितीमा विषेश आरक्षणको व्यवस्था । | |
| ५२. | जियाउल हक<br>झोकाहा ७ | ० मुस्लिमहरुको चाड पर्वमा सार्वजनिक विदा गर ।<br>० सबै जातजातिको हक अधिकारको सुनिश्चित गर । | |
| ५३. | अजमल हुसेन, अध्यक्ष,<br>कुर्आन ऐजुकेशन एण्ड वेलफेयर सोसाईटी नेपाल | ० अविलम्ब मुस्लिम आयोगको गठन गराई दिनु पर्ने छ । | |
| ५४. | राज कुमार राई लोहरुङ, संयोजक<br>संविधान सुझाव समिति लोहरुङ याख्खावा युयोङ हंगकंग | ० नेपालमा रहेका सम्पूर्ण भाषा राष्ट्रिय भाषा हुनेछ । खस भाषा सम्पर्क भाषामा रही प्रदेश र स्वायत्तता परिषद्हरुले आवश्यक ठानेमा जातीय भाषाहरु सञ्चालन गर्नेछ, नेपालमा लोपोन्मुख हुन लागेका सूचिकृत १० भाषाको संरक्षण राज्य सरकार र केन्द्र सरकारबाट गर्नेछ । | |
| ५५. | श्री मातृभूमि सेवक संघ, नेपाल | ० नेपाली भाषालाई राष्ट्रभाषा र देश भरि छरिएर रहेका अन्य भाषाहरुलाई राष्ट्रिय भाषाका रुपमा कायम गर्न निर्णय गरेको हुँदा नेपाली भाषालाई राष्ट्रभाषाको रुपमा कायम गर्न सुझाव पेश गरेका छौं । | |
| ५६. | भोटे समुदाय | ० स्वायत्त इकाईहरुमा सरकारी कामकाजको भाषा निर्धारण गर्दा त्यस स्वायत्त इकाईमा बाहुल्यता भएको भाषालाई कामकाजको भाषा बनाउनु पर्दछ । साथै त्यस्ता स्वायत्त इकाईहरुमा बहुभाषिक नीति लागु गर्नु पर्दछ । | |

| | | | |
|---|---|---|---|
| | | ० यस मुलुकको भोटे मातृभाषा राष्ट्रभाषा हुनु पर्दछ । यस मुलुकमा उत्पत्ति भएका भोटे संस्कृति राष्ट्रिय संस्कृति हुनु पर्दछ । यस बाहेकका अन्य भाषाहरुलाई अन्तर्राष्ट्रिय भाषाको मान्यता दिनु पर्दछ । साथै नेपालको सबै संस्कृति संस्कारहरुलाई सूचिकृत हुनु पर्दछ ।<br>० स्वायत्त राज्यलाई बहुभाषिक व्यवस्था तथा अनिवार्य भाषा प्रयोग गर्नु पर्ने नीति हुनु पर्दछ । साथै लोपोन्मुख भाषाहरुको लागि भाषा विज्ञ, बुद्धिजिवी र भाषिक समुदायको विचमा संरक्षण व्यवस्थाको निकाय गठन गर्नु पर्दछ ।<br>० पहिचान सहितको सामाजिक तथा सांस्कृतिक ऐक्यवद्धताको आधार निर्धारण गर्नु पर्दछ । एक अर्काको अस्तित्व स्वीकार गर्दै ।<br>० परम्परागत विषय, अभ्यासहरु, अनुसन्धान, संरक्षण र सम्वर्द्धनको संवैधानिक व्यवस्था हुनु पर्दछ । | |
| ५७. | ज्यो.बालकृष्ण सापकोटा<br>बुधवारे ३ होक्से, झापा | ० राष्ट्र भाषा :–देवनागरी लिपिमा लेखिएको नेपाली भाषा नेपालको राष्ट्र भाषा हो र देवनागरी लिपी सरकारको कामकाजको भाषा हुनेछ ।<br>० राष्ट्रिय भाषा :– नेपालका विभिन्न भागमा मातृभाषाका रुपमा बोलिने सबै जातिय वा प्रादेशिक भाषाहरु नेपालका राष्ट्रिय भाषा हुन् ।<br>० सदनमा प्रयोग हुने भाषाहरु :– सदनमा सभामुख अथवा अध्यक्षको अनुमतिमा नेपालको विभिन्न भागमा बोलिने मातृभाषा अथवा संस्कृत, हिन्दी अथवा अंग्रेजीमा सांसदले आफ्ना विकासका योजना अथवा अवधारणा राख्न पाउने छन् । सदनमा बैठक बस्ने दिन योजना प्रस्तुत गर्ने सांसदले बैठक बस्नु एक घण्टा अगावै प्रस्तुत गर्ने योजनाको एक प्रति राष्ट्रभाषा वा नेपालीमा अनुवाद सहित सभामुख अथवा अध्यक्षलाई बुझाई अनुमति लिनु पर्नेछ । सभामुख अथवा अध्यक्षले अनुमति नदिएमा सांसदले राष्ट्रभाषाको बाहेक अन्य भाषाको प्रयोग गर्न पाउने छैनन । | |
| ५८. | भरतमान कार्की, हात्तिखर्क ५, धनकुटा | ० राष्ट्रिय सम्पत्तिको संरक्षणको जिम्मा स्थानीय स्तरमा दिनु पर्ने । | |
| ५९. | चेतनशील मुस्लिम नागरीक समाज संघर्ष समिति, सुनसरी | ० अविलम्ब मुस्लिम आयोगको गठन गराई दिनु पर्ने छ ।<br>० हज मन्त्रालयको छुट्टै व्यवस्था मिलाई दिनु पर्ने छ । | |
| ६०. | नेपाल आदिवासी जनजाति महासंघ, जिल्ला समन्वय परिषद सिन्धुपाल्चोक | ० स्थानीय भाषा, लिपि, कला र संस्कृतिको अनुसन्धान, संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय आयोगको गठन गरीनुपर्छ ।<br>० सबै जातजाति, भाषा भाषिका समुदायको भाषा, लिपी, कला र संस्कृतिको | नागरीक समाज तथा सामाजिक संस्थाहरुद्वारा |

| | | | |
|---|---|---|---|
| | | जगेर्ना र प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालन गरीनुपर्छ ।<br>○ नेपालभित्र बोलिने प्रमुख भाषालाई राष्ट्रिय भाषाका रुपमा मान्यता प्रदान गर्दै बहुभाषिक नीति अवलम्बन गरीनुपर्छ ।<br>○ बोक्सी, दाइजो, बालविवाह लगायतका सामाजिक कुसंस्कार तथा अपराधहरुलाई बढवा तथा प्रश्रय दिने जोकोहीलाई पनि कानुनी सजायको व्यवस्था गरीनुपर्छ ।<br>○ प्राचीन तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण गरीनुपर्छ ।<br>○ सबै जातजाति, भाषा भाषी र धर्म मान्ने समुदायका रीतिरिवाज र परम्परालाई राष्ट्रिय मान्यता प्रदान गरीनुपर्छ ।<br>○ नेपाली समाजको विशेषताको रुपमा रहेका सबैखाले सामाजिक तथा सांस्कृतिक विविधताको संरक्षण गरीनुपर्छ ।<br>○ परम्परादेखि मानिआएको परम्परागत संस्कृतिलाई संवैधानिक सुरक्षा प्रदान गरीनुपर्छ ।<br>○ सबै जातजाति, भाषाभाषीबीच भातृत्वको भावना विकास गर्दै राष्ट्रपति वफादार बनाइनुपर्छ ।<br>○ लोपोन्मुख जाति, कला सँस्कृति, भाषाहरुको पहिचान गरी तिनीहरुको संरक्षण गरीनुपर्छ । | संकलित। सिन्धुपाल्चोक जिल्लामा अवस्थित विभिन्न २ वटा सामाजिक संघसस्था, संजाल तथा महासंघहरू सहभागि संघसंस्थाको सुझाव। |
| ६१. | नेपाल उत्पीडित जातिय मुक्ति समाज , जिल्ला कमिटि सिन्धुपाल्चोक | ○ छुवाछुतको अन्त्यका लागि संवैधनिक प्रावधानको व्यवस्था गर्नुपर्दछ । दण्डहीनताको अन्त्य गर्नका लगि छुवाछुतलाई राज्यविरुद्धको अपराध गरेको ठहर गरी कडा दण्ड सजायको व्यवस्था गर्नु पर्दछ ।<br>○ अन्तरजातीय विवाहवाट प्रभावित भएका परिवारलाई संरक्षण र प्रोत्साहनको कानूनी व्यवस्था गरी विस्थापितलाई स्थापित गर्ने प्रावधानहरु राखिनु पर्दछ ।<br>○ दलित समुदायको कला, सीप, भाषा र संस्कृतिलाई मान्यता दिदै त्यसको संरक्षण र प्रवर्द्धन गर्नु पर्दछ । | " |
| ६२. | डोल्मा लामाङ, सभासद् नेकपा एमाले, सिन्धुपाल्चोक | ○ प्राथमिक तहसम्म मातृभाषामा शिक्षा हुनु पर्ने ।<br>○ लोपउन्मुख भाषाको संरक्षण । | " |
| ६३. | ग्रामीण महिला सिर्जनशील परिवार, सिन्धुपाल्चोक | ○ प्राचीन एवं पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण गरीनुपर्छ ।<br>○ सबै जातजाति, भाषाभाषी र धर्म मान्ने समुदायका रीतिरिवाज र परम्परालाई राष्ट्रिय मान्यता प्रदान गरीनुपर्छ । | " |

| | | | |
|---|---|---|---|
| | | ○ नेपाली समाजको विशेषताको रुपमा रहेका सवैखाले सामाजिक तथा सांस्कृतिक विविधताको संरक्षण गरीनुपर्छ ।<br>○ परम्परादेखि मानिआएको परमपरागत संस्कृतिलाई संवैधानिक सुरक्षा प्रदान गरीनुपर्छ ।<br>○ सवै जातजाति, भाषाभाषीवीच भातृत्वको भावना विकास गर्दै राष्ट्रपति वफादार वनाइनुपर्छ । | |
| ६४. | ग्रामीण महिला सिर्जनशील परिवार सिन्धुपाल्चोक समेत ६ वटा संस्था को संयुक्त | ○ बोक्सी, दाइजो, वालविवाह लगायतका सामाजिक कुसंस्कार तथा अपराधहरुलाई वढुवा तथा प्रश्रय दिने जोकोहीलाई पनि कानुनी सजायको व्यवस्था गरीनुपर्छ ।<br>○ एकल महिलाको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको संरक्षणगर्न सवैधानिक व्यवस्था गरीनुपर्छ ।<br>○ महिलाहरुको अस्मिताको अपहेलना हुने खालका चलचित्र, गीतसंगीत, बोलिव्यवहार तथा सो प्रकृतिका विज्ञापन सामग्रीहरुको प्रचार प्रसार रोक लगाई विद्युतीय सञ्चार तथा छापामाध्यमलाई लैङ्गिक उत्तरदायी वनाउने नीति वनाई कार्यान्वयन गरीनुपर्छ । | " |
| ६५. | राजकुमार श्रेष्ठ, सभासद सिन्धुपाल्चोक | ○ संविधान जातिय, क्षेत्रिय र लिङ्गिय विभेदमुक्त वन्नुपदंछ ।<br>○ वहुविवाहको अन्त्य गर्ने, महिलाले महिलालाई हेप्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । छोरा र छोरीबीचको विभेदको अन्त्य हुनुपर्छ ।<br>○ दलितमाथी हालसम्म गरीएको भेदभावको क्षतिपूर्तिको व्यवस्था गरीनुपर्छ ।<br>○ विभिन्न धर्म, संस्कृति, जाति, समुदाय, सम्प्रदाय, उत्पत्ति र भाषा भाषीहरुका बीच समानता एवं सह अस्तित्वका आधारमा स्वस्थ र सुमधुर सामाजिक सम्वन्ध विकसित गरी सवैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको समान विकासद्वारा देशको संस्कृतिक विविधता कायम राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्वन गर्नुपर्छ । | " |
| ६६. | विष्णु वहादुर मिजार, काभ्रे | ○ धार्मीक, सांस्कृतिक सामाजिक तवरवाट हुने सवैखाले उत्पीडनवाट सवै वर्ग लिङ्ग, जाति क्षेत्र मुक्त हुनु पर्छ । | " |
| ६७. | शुशिला पौडेल, महादेवस्थान , काभ्रे | ○ छुवाछुत प्रथा हटाउनु पर्ने ।<br>○ महिला माथि हुने घरेलु हिंसा अन्त्य हनु पर्ने । | " |
| ६८. | गतिशील ग्रामिण उत्थान समुह सिन्धुपाल्चोक | ○ राष्ट्र भाषा एउटा मात्र (नेपाली) हुनुपर्ने । | |

| | | | |
|---|---|---|---|
| | | ० नेपाली भाषालाई आधार बनाएर मातृभाषाको पनि संरक्षण तथा सम्वर्द्धन गरीनु पर्छ । त्यसको लागि स्वतन्त्र रुपमा आफ्ना भाषा प्रयोग गर्न र प्राथमिक स्तर सम्म मातृभाषामा शिक्षा दिने व्यवस्था मिलाइनु पर्छ ।<br>० अन्तर्राष्ट्रिय भाषा हाल विश्वमा मान्यता प्राप्त भाषा (अंग्रेजी) हुनु पर्ने ।<br>० नेपाली भाषालाई जसरी राज्यले मान्यता दिएको छ त्यसै गरी अन्य विभिन्न भाषालाई पनि राष्ट्रिय रुपमा मान्यता प्रदान गरी प्रोत्साहित गर्नु पर्ने ।<br>० सहिष्णुता र मैत्री भावको विकास गरी एकले अर्को धर्मलाई सम्मान गर्ने, धर्मका नाकारात्मक पक्षलाई कानूनी बन्देज गरीनु पर्ने ।<br>० धर्म निरपेक्षक हुनुपर्छ ।<br>० धर्मले ल्याएको विकृतिलाई बन्देज लगाई सकारात्मक पक्षलाई मात्र संरक्षण गरीनु पर्छ साथै राज्य भित्र रहेका सम्पूर्ण धर्मले समान रुपमा मान्यता प्राप्त गर्नुपर्छ ।<br>० धर्मको नाममा गरीने शोषण अन्त्य गर्नुपर्ने । | " |
| ६९. | विष्णुहरी सापकोटा | ० सामाजिक व्यवहार सुधार सहिता : धर्म, संस्कृति, रितिथीति, परम्परा जीवनयापनका राम्रा पक्षको जगेर्ना गर्दै कूल आडम्वर त्याग्ने परिपाटीले मात्र हामी हाम्रो लक्ष्यमा पुग्न सकिन्छ । मानव मानव सवैखाले भेदभाव अन्त्य गर्दै खराव कार्यको भेदभाव गरीनुपर्दछ ।<br>० धार्मिक परिषदको स्थापना ।<br>० जात जाती प्रतिष्ठानको स्थापना । | " |
| ७०. | श्री सुस्त मनस्थिति अभिभावक समूह, बनेपा २, काभ्रे | ० बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको भविष्य अति नै संवेदनशील र जोखिमपूर्ण छ । आमा बावुको शेषपछि अधिकांश यस्ता व्यक्तिहरुको सम्पति अरुले खाइदिने, सडकमा बेवारिसे भई अकालमै मृत्यु हुने, दुखःद अवस्थामा यस्ता व्यक्तिहरुको सामाजिक तथा आर्थिक सुरक्षा, सम्पत्तिको रक्षा, मानवोचित रुपमा बाँच्न पाउने हक, अधिकार, विशेष शिक्षा (समावेशी शिक्षा), स्वास्थ्य, रोजगारी र भरणपोषणको सुनिश्चितता हुने गरी संविधानका उपयुक्त धाराहरुमा लेखिनु पर्दछ । | " |
| ७१. | माधव खड्का समेत ३ काभ्रे होक्से | ० अव बन्ने संविधानमा बिपन्न तथा पिछडीएका अपहेलित गरीएका राज्यको मूलधारबाट निरन्तर रुपमा किनारा लगाइएका वर्ग जाति जनजाती सम्पूर्णको उत्थान हुने कानूनी बुँदाहरु समावेश गरीएको हुनु पर्दछ । | " |

| | | | |
|---|---|---|---|
| ७२. | दामोदर प्रसाद नेपाल,<br>मण्डन चडेनी, | ० दाइजो प्रथा तथा अनावश्यक तडक भडकमा कडा कानून ल्याइनु पर्ने ।<br>० छुवा छुत तथा जात भात प्रथाको अन्त्य गर्न कडा कानून ल्याइनु पर्ने ।<br>० महिला र पुरुषमा भेदभाव नगरी दुवैलाई समान व्यवहार गराउने खालको कानुन वनाइनु पर्ने । | " |
| ७३. | महादेवस्थान महिला भेलावाट प्रस्तुत सुझावहरु | ० कुनै पनि मनसायले दाइजो लिने प्रयत्न वा अप्रत्यक्षरुपले धाक धम्की कर काम प्रथा वा परम्परालाई हटाउनु पर्दछ ।<br>० देउकी, झुमा, छाउपडि आदिलाई जरैदेखि समाप्त गरीनुपर्दछ ।<br>० वाल विवाह, वहुविवाह, ढाँटि विवाह, वोक्सिको आरोप घरेलु हिंसा आदि हिंसा गर्ने पिडकलाई दण्ड सजाय हुनुपर्दछ ।<br>० डर त्रास, धाक, धम्की मनोवल गिराउने किसिमका हिंसालाई सजायको व्यवस्था हुनुपर्दछ । | " |
| ७४. | किरांत याक्थुङ चुम्लुङ | **संघीय सरकारको भाषिक नीति**<br>० संघीय सरकारको कामकाजी भाषा बहुभाषिक हुनु पर्दछ ।<br>० संघीय सरकारी कामकाजको भाषा राज्य सरकारमा प्रयोग हुने प्रमुख भाषा पनि एक हुनुपर्दछ । साथै संघीय सरकारी कामकाजको भाषामा सम्पर्क भाषा र अन्तराष्ट्रिय भाषा समेतको व्यवस्था हुनुपर्दछ ।<br>० राज्य राज्यवीच र स्थानीय र राज्यवीचमा भाषा प्रयोगको आधारमा सम्पर्क भाषा निर्धारण गर्नु पर्दछ ।<br>० संघीय र राज्य सरकारले लोपोन्मुख भाषाहरुको संरक्षण सम्वर्द्धनको लागि विशेष व्यवस्था गर्नु पर्दछ ।<br>**मातृभाषामा शिक्षा**<br>० आधारभूत तहदेखि उच्च शिक्षासम्म मातृभाषामा शिक्षा अनिवार्य हुनुपर्दछ ।<br>० सम्पर्क भाषा र अन्तराष्ट्रिय भाषालाई विषयगत रुपमा राख्नुपर्दछ ।<br>**सबै सँस्कृतिको संरक्षण र विकास**<br>० सवै सांस्कृतिक समुदायको सहभागितामा राष्ट्रिय वहुसंस्कृतिक नीति निर्माण गरी संस्कृतिको संरक्षण र विकास गर्नुपर्दछ । | |
| ७५. | कमला शर्मा (दहाल) समेत ३ ,ओखर वोटे सामुदायिक अध्ययन केन्द्र | ० वृद्ध वृद्धा र विधुवाहरुलाई उचित सम्मान र संरक्षण हुनुपर्ने ।<br>० सवै वालवालिकालाई शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षाको हक हुनु पर्दछ ।<br>० लोपउन्मुख र सीमान्तकृत जाति र समुदायलाई आ–आफ्नो भाषा संस्कृति र | तेह्रथुम संखुवासभा टोर्ल नं. ५ वाट प्राप्त |

| | | | |
|---|---|---|---|
| | | परम्पराको संरक्षणको व्यवस्था गर्नु पर्ने ।<br>○ दलितलाई छुवाछुत तथा सामाजिक भेदभाव विरुद्धको विशेष अधिकार हुनु पर्ने ।<br>○ दुर्गम तथा पिछडिएको उत्पीडित क्षेत्रका जनतालाई विकासको समान अवसर दिनु पर्ने ।<br>○ सम्पूर्ण जात जातिहरुको भाषा शिक्षाको लागि सरकारले विशेष कार्यक्रम ल्याउनु पर्ने । | राय सुझावहरु |
| ७६. | तेह्रथुम जिल्ला बाटप्रप्त सुझाव , (नाम नखुलेको) | ○ आफ्नो पैतृक, जातीय, धर्म ,संस्कृति र भाषा राज्य द्वारा सम्मान र संबोधन गर्नु पर्ने । | " |
| ७७. | पदम धौलाकोटी, सित्तलपाटी २, संखुवासभा | ○ आर्थिक सामाजिक राजनैतिक रुपबाट पछाडि परेको वर्ग, समुदायलाई राष्ट्रिय मुलधारमा ल्याउन हरेक क्षेत्रमा पर्याप्त आरक्षणको व्यवस्था हुनुपर्ने ।<br>○ सदियौं देखि सामाजिक विभेदले पिल्सिएका समुदायका नागरीकहरुलाई दलित भन्ने शब्दले सम्वोधन गर्न हिनतावोध उत्पन्न हुने भएकाले उनिहरुलाई सम्वोधन गर्न अर्को उपयुक्त शब्द खोजि गर्नु पर्ने ।<br>○ कथित दलित भनिएको समुह भित्र झण्डै तीन दर्जन जात जाति पर्ने हुंदा उनीहरु हरेकको आफ्नो छुट्टै प्रकारको संस्कार, संस्कृति, परम्परा, रितिरिवाज र जातिगत पहिचान गुम्न गएको हुनाले अव बन्ने संविधानमा उनीहरुलाई एकमुष्ट कुनै यो वा त्यो समूहमा नराखि छुट्टा छुट्टै रुपमा सम्वोधन गर्नु पर्ने ।<br>○ समाजको कलंकको रुपमा अझैसम्म रहेको छुवाछुत प्रथालाई उन्मूलनका प्रभावकारी व्यवस्था हुनुपर्ने । | " |
| ७८. | डाकेन्द्र पौडेल,<br>आँखिभुइं ७, संखुवासभा | ○ कुनै पनि जाती धर्म भाषाका नाममा अन्य कुनै पनि जाती भाषाका मानिसहरुले अपहेलित भएको महसुस गर्ने हुनु हुदैन ।<br>○ देशको धरोहरको रुपमा रहेको सास्कृतिक सम्पदाहरुको संरक्षण संवर्धन तथा पुन निर्माण गर्दै देशको अमुल्य साँस्कृतिक पहिचानलाई भावि पुस्तामा हस्तान्तरण गर्ने नीति वनाइयोस । | " |
| ७९. | ललितवहादुर राई, संखुवासभा | ○ वहुभाषि, वहुजाति, धार्मिक सवैलाई समेटनु पर्छ ।<br>○ देशवासी हसिला खुसीला पार्न सकोस । | " |

| | | | |
|---|---|---|---|
| | | ○ छुवाछुत भेदभाव सवै समान होस । | |
| ८०. | माधव किराती राई, संखुवासभा | ○ जातीय, भाषीक र भाषा<br>१) राष्ट्रिय भाषा<br>२) मातृभाषा<br>३) अन्तराष्ट्रिय भाषा | " |
| ८१. | किरांत याक्थुङ्ग चुम्लुङ, केन्द्रिय कार्यालय | ○ लिम्बुवानमा त्रिभाषिक नीति अपनाइनेछ ।<br>○ त्रिभाषा अन्तर्गत पर्ने लिम्बु, खसनेपाली र अंग्रेजी बाहेकका अन्य लिम्बुवानका भाषाहरु प्रादेशिक/राज्य भाषाको रुपमा स्थापित गरीनेछ । यी भाषाहरुको संरक्षण र विकासको लागि सम्वन्धीत समुदायको इच्छा वमोजिम व्यवस्था हुनेछ ।<br>○ लिम्बुवानमा स्थापित विश्वविद्यालयअन्तर्गत विभिन्न समुदायको चाहनावमोजिम भाषा शिक्षण विभागहरु स्थापना गरीनेछ । | " |
| ८२. | एकिकृत ने.क.पा (माओवादी) १० नं. एरिया संखुवासभाको सुझाव | ○ सवै भाषा, धर्म र संस्कृतिलाई समान रुपमा सम्मान गरीनु पर्दछ । र त्यस भित्र भएको जातिय भेदभाव र छुवाछुतको अन्त्य गरीनु पर्दछ । संस्कार र संस्कृतिको नाममा भएको विकृतिको अन्त गर्दै महिलाहरु माथि हुने सवै खाले दमन शेषण र भेदभावको अन्त्य हुनु पर्छ ।<br>○ लोपोन्मुख जातीको संरक्षण गर्दै राज्यका अंगहरुमा प्रतिनिधित्व गराइनु पर्छ । जस्तै कुशुन्डा, राउटे आदि । | " |
| ८३. | संघिय लिम्बुवान राज्य परिषद् संखुवासभा लिम्बुवान नेपाल | ○ अवको भाषिक नीतिमा राज्य भाषा तोक्ने अधिकार सम्वन्धीत राज्यलाई दिइनु पर्छ साथै एक प्रतिशत भन्दा बढी बोल्ने नेपाली भाषाहरुको अनुसूची बनाई ती अनुसूचित नेपाली भाषामा केन्द्रिय सरकारको सृजना, निर्माण तथा प्रकाशन गरीनु पर्छ साथै नेपाली नोटमा सिरिजंग लिपिमा लिम्बु भाषा पनि समावेश गरीनु पर्छ । | " |
| ८४. | प्रकाश खनाल ,तेह्रथुम | ○ सवै जात जातिको धर्म संस्कृति जोगाउनु पर्ने । | " |
| ८५. | अम्वर वि.क. सोल्मा तेह्रथुम | ○ ठूलो र सानो जातको भनी जातीय विभेदको अन्त्य हुनु पर्ने व्यवस्था अहिलेको संविधानमा उल्लेख हुनु पर्ने । | " |
| ८६. | मुक्ति सिं राई, नेपाली कांग्रेस | ○ आदिवासी जनता वढि भन्दा वढि सुकुम्वासी भएका छन् । भूमि माथिको अधिकार कम गर्न जातिय मुक्ति हुने खालको संविधान वन्नु पर्छ । | " |

| | | | |
|---|---|---|---|
| | | दण्डहिनता कम गर्ने । | |
| ८७. | धप्न प्रसाद भेटवाल | ○ दलित माथीको छुवाछुत कम गर्नु पर्‍यो ।<br>○ जग्गाको राजिनामा गर्दा पुरुषको सहमति लिनु पर्ने छ । | " |
| ८८. | मुक्त सिंह राई | ○ सम्पूर्ण जात जाति माथिको विभेद अन्त्य हुनु पर्छ ।<br>○ आदिवासीहरुको हक अधिकारको संरक्षण गर्नु पर्छ ।<br>○ जात जातिको संरक्षण र सम्वर्द्धन हुनु पर्छ । | " |
| ८९. | जोगी समुदाय शसक्तिकरण मञ्च नेपाल, तेह्रथुम | ○ जोगी समुदाय कुनै पनि विशिष्टिकृत जातीय समूह अर्न्तगत सूचिकृत भई राष्ट्रिय पहिचान स्थापित हुन नसकेको हुँदा राज्यले अविलम्व यस जातिलाई जनजाति समूहभित्रको सिमान्तकृत समुदायको रुपमा अविलम्व सूचिकरण गर्नुपर्दछ ।<br>○ सरकारले नेपालका जोगी सहित पहिचान प्राप्त गर्न नसकेको जाति र समुदायहरुको जातीय इतिहासको खोज अनुसन्धान गरी अभिलेख खडा गर्नु पर्दछ, सिमान्तकृत समुदायको भाषा, संस्कृति, परम्परा र इतिहासको संरक्षण सम्वर्द्धन गर्ने दायित्व राज्यले लिनुपर्दछ । | " |
| ९०. | तेह्रथुम स्थित नागरीक समाजको प्रतिनिधित्व गर्ने विभिन्न १३ वटा संस्थाहरुद्वारा प्रस्तुत | **विभिन्न तहका संघीय इकाईहरुमा सरकारी कामकाजको भाषा**<br>○ सबै संघीय इकाईमा नेपाली र अंग्रेजी भाषालाई सरकारी कामकाजको भाषाका रुपमा राखिनु पर्ने । संघीय इकाईमा बाहुल्यता रहेको भाषालाई पनि सरकारी कामकाजको भाषाका रुपमा अपनाउने । बाहुल्यता भएको भाषाहरुलाई पहिचान गरी संविधानमा सूचीकृत गरीनु पर्ने ।<br>○ संघीय इकाईमा बाहुल्यता नरहेको तर उक्त इकाईमा अन्य समुदायको मातृभाषाका रुपमा बाहुल्यता रहेका भाषाका हकमा त्यस्ता भाषा भएका नागरीकहरुका लागि सरकारी कामकाजको निमित्त दोभाषो उल्थाकर्ता को व्यवस्था हुने व्यवस्था उल्लेख हुनु पर्ने ।<br>○ केन्द्रीय तथा सबै संघीय इकाईहरुमा वहिरा अपांङ्गता भएका व्यक्तिका लागि सरकारी कामकाजको भाषाका रुपमा सांकेतिक भाषालाई पनि व्यवस्था गरीनु पर्ने ।<br>○ सरकारी निकायमा पदपूर्तिका लागि लिइने परीक्षामा केन्द्रिय तहकामा नेपाली र अंग्रेजीमा, संघीय इकाई तहमा उक्त इकाईमा प्रयोग गरीने सरकारी कामकाजको भाषामा र स्थानीय निकायमा भए स्थानीय भाषा प्रयोग गरीने | " |

| | | | |
|---|---|---|---|
| | | व्यवस्था गरीनु पर्ने ।<br>**राष्ट्रभाषा तथा सँस्कृतिको संरक्षण**<br>○ देशभर बोलिने सबै भाषालाई राष्ट्रभाषाका रुपमा सूचिकृत गरीनु पर्ने ।<br>○ राष्ट्रिय भाषाका रुपमा नेपाली भाषा लगायत नेपालमा प्रचलित अन्य मुख्यभाषाहरुलाई समेत सूचिकृत गरीनु पर्ने ।<br>○ स्थानीय तहमा प्राथमिक तहसम्मको पढाई स्थानीय क्षेत्रमा बाहुल्यता रहेको मातृभाषामा समेत गरीने व्यवस्था राखिनु पर्ने । प्राथमिक भन्दा माथिको तहमा भने स्थानीय भाषाहरुलाई ऐच्छिक विषयका रुपमा राखिनु पर्ने ।<br>○ सबै राष्ट्रिय भाषाहरुमा भने उच्च शिक्षा(विश्वविद्यालय) सम्मको अध्ययन गर्न पाइने व्यवस्था गरीनु पर्ने ।<br>○ सबै खाले संस्कृतिको संरक्षण र सम्वर्द्धनगर्न केन्द्र तथा संघीय इकाईले समान दायित्व लिनु पर्ने । संघीय इकाईहरुमा समेत बिदा तथा सुविधाका कुरामा सबै खाले सँस्कृतिहरुलाई समान व्यवहार गर्नु पर्ने ।<br>○ सबै भाषाहरुको सम्वर्द्धन गर्ने भाषा प्रज्ञा प्रतिष्ठानको व्यवस्था गरीनु पर्ने ।<br>○ दृष्टिविहिनका लागि ब्रेल लिपिलाई पनि सबै विद्यालयहरुमा अनिवार्य व्यवस्था गरीनु पर्ने ।<br>**ऐक्यबद्धताका आधार निर्धारण**<br>○ नेपाली भाषालाई सम्पर्क भषाका रुपमा राखिनु पर्ने ।<br>○ जातीय, साँस्कृतिक, धार्मिक, सहिष्णुता र ऐक्यबद्धता प्रवर्द्धन गर्ने दायित्व सबै संघीय इकाईहरुको हुने व्यवस्था गरीनु पर्ने ।<br>○ हरेक संघीय इकाईहरुमा बिदा वा सुविधामा सबै खाले सँस्कृतिहरुलाई समान व्यवहार गर्नु पर्ने ।<br>○ नागरीकहरु कुनै पनि धर्म मान्न स्वतन्त्र हुने तर आफनो धर्म मान्दा अन्यको धर्म वा सँस्कृतिमा सिधै नकारात्मक असर पर्ने कुनै पनि कुरामा निषेधात्मक व्यवस्था हुनु पर्ने ।<br>○ प्राकऐतिहासिक, पौराणिक, धार्मिक र पर्यटकिय सम्पदाहरुको सम्वर्द्धन, प्रवर्द्धन तथा संरक्षण गर्न अन्तरसंघीय ऐक्यबद्धता/जिम्मेवारी हुनु पर्ने व्यवस्था राखिनु पर्ने ।<br>○ सामाजिक(लैङ्गिक, जातिय वा अन्य) भेदभावलाई प्रश्रय दिने कुनै पनि चलन | " |

| | | | |
|---|---|---|---|
| | | वा परम्परालाई कुनै पनि संघीय इकाईले प्रवर्द्धन गर्नलाई निषेधात्मक व्यवस्था गरीनु पर्ने ।<br>० हरेक संघीय इकाईहरुमा प्रदान गरीने विदा वा सुविधामा सवै खाले संस्कृतिलाई समान व्यवहार गरीने व्यवस्था गरीनु पर्ने ।<br>० अपाङ्गता भएका व्यक्तिहरुलाई सम्वोधन गर्ने भाषा र व्यवहार सम्मानजनक रुपमा हुनु पर्ने व्यवस्था गरीनु पर्ने । | |
| ९१. | नागरीक सम्वन्ध समिति मार्फत प्राप्त राय सुझावहरु | ० सामाजिक व्यवहारलाई पूर्ण व्यवस्थित गरीनु पर्ने ।<br>० वृद्धभत्ताको सम्वन्धमा महीला पुरुष विच उमेरको समानता गरीयोस ।<br>० नेपाल वहुभाषिक राज्य भएकोले नेपाल भरिका सवै भाषाहरुलाई राष्ट्रिय भाषाको रुपमा स्थापित गरीनु पर्छ ।<br>० संघात्मक संरचना भित्र कुन राज्य कुन काम काजको भाषा र सम्पर्क हुने भन्ने निर्णय गर्ने अधिकार सम्बन्धीत राज्यको व्यवस्थापिकालाई रहनु पर्दछ र नेपाल भरी सम्पर्कको भाषा नेपाली नै हुनु पर्दछ ।<br>० विभिन्न संस्कृतिको पहिचान गरी राज्यले संरक्षण गर्नु पर्दछ ।<br>० वृद्ध, अपाङ्ग, अन्धालाई राज्यले संरक्षण गरी काम गर्न सक्नेलाई तालिमको व्यवस्था र काम गर्न नसक्ने लाई राज्यले हेर्ने व्यवस्था होस ।<br>० अपाङ्ग, वृद्धलाई भत्ता वृद्धि गर्नु पर्ने ।<br>० ६० वर्ष पुगेका वृद्ध वृद्धालाई प्रत्येक वडामा वृद्ध आश्रम हुनु पर्‍यो ।<br>० दलितलाई आरक्षणको व्यवस्था दिनु पर्‍यो ।<br>० जुन भाषामा अध्ययन अध्यापन भएको हो त्यही आधारमा प्रश्नपत्र सोधिनु पर्ने ।<br>० दलित आदिवासी, लगायत सवैलाई जागरुक पर्ने राम्रो संविधान होस ।<br>० एकल महिला भत्ता जुन सुकै उमेरमा एकल हुँदाको अवस्थामा पाउने व्यवस्था संविधानमा ग्यारेन्टी गरीनु पर्‍यो ।<br>० दलित, जनजाति, अल्पसंख्यक वर्गहरुको हक, अधिकार सुनिश्चित हुनु पर्‍यो ।<br>० वृद्ध भत्ताको व्यवस्था राज्यले पर्याप्त पुग्ने गरी दिनु पर्‍यो । | (व्यक्ति वा संस्थाको नाम नखुलेका ) |

| | | | |
|---|---|---|---|
| ९२. | पुर्ण वहादुर खालिङराइ, धापासी | ◦ किरात भूमि वनाई मन्दिर स्थापना गरीनु पर्ने । | |
| ९३. | नेपालमा दिगो शान्तिका लागि बौद्ध प्रयास विषयक गोष्ठी, पोखरा | ◦ बुद्ध जन्म स्थाललाई राष्ट्रिय प्रतिककोरुपमा घोषणा गरीनु पर्ने । | |
| ९४. | देवी प्रसाद शर्मा, नौवस्था गा.वि.स. | ◦ भाषा, संस्कृति र धर्मको पूर्ण छुट हुनुपर्ने ।<br>◦ नेपालीहरुमा रहेको जात जातिलाई अलग गरी पहाड तराईमा वसेका सम्पूर्ण नेपालीको एउटै जात हुनुपर्ने ।<br>◦ ७० वर्ष पुगेका सवैलाई प्रतयेक गा.वि.स.मा गृह आश्रम खोली सवै सरकारका तर्फबाट खाने लाउने व्यवस्था गरीनुपर्ने । | |
| ९५. | नेपाल क्याथोलिक काउन्सील | ◦ राष्ट्रले राष्ट्रियता, जातिय, सांस्कृतिक, धार्मिक, भाषिक पहिचान र अस्तित्वको संरक्षण गर्नुपर्ने । | |
| ९६. | नेपाली इसाई समाज, नेपाल | ◦ महत्वपूर्ण धार्मिक र सांस्कृतिक चाड पर्वहरुमा राष्ट्रिय विदा दिने व्यवस्था हुनुपर्ने । | |
| ९७. | लोकतान्त्रिक नेवा: मिसा संघर्ष समिति | ◦ त्रिभाषिक नीति अपनाउनुपर्छ ।<br>◦ सबै प्रदेशका आ–आफ्नो मातृभाषाको संरक्षण हुनुपर्छ ।<br>◦ राष्ट्र भरिका लिपि संरक्षण गर्नु पर्छ । | |
| ९८. | पूर्ण वहादुर खालिङ राई , धापासी | ◦ किरात भूमि मन्दिर स्थापना गरीनुपर्छ । | |
| ९९. | नेपाल राष्ट्रिय मण्डली परिषद् | ◦ राज्यले सवै धर्म प्रति समान दृष्टिकोण राखि व्यवहार गर्नु पर्ने । | |
| १००. | नेपाल हिन्दी साहित्य परिषद्, वीरगंज | ◦ हिन्दी लगायत नेपालमा वोलिने र वुझिने सवै भाषालाई भावि संविधानमा यथोचित स्थान दिनु पर्छ । | |
| १०१. | रुद्र राज शर्मा समेत ३ जना | ◦ कार्यालयको कामकाजी भाषा नेपाली नै हुनुपर्छ । | |
| १०२. | मुस्लिम समाज जागरण समिति, पर्सा विरगंज | ◦ मुस्लिम समुदायलाई राज्यका हरेक अंगका जनसंख्याको अनुपातमा समावेश गरीनुपर्ने । | |
| १०३. | गुरुङ(तमु) राष्ट्रिय परिषद् र तमु छोज धी केन्द्रिय कार्य समिति | ◦ नेपालमा वोलिने सवै भाषा राष्ट्रभाषा हुनेछन् । | |

# अनुसूची – १२

## भाषा, सँस्कृति तथा सामाजिक ऐक्यबद्धताका सम्बन्धमा दलहरुका अवधारणा*

**भाषा**

| सि.नं. | दलको नाम | अवधारणा | कैफियत |
|---|---|---|---|
| १. | एकिकृत ने.क.पा. (माओवादी) | **संघीय राज्यमा भाषा व्यवस्थापन सम्बन्धमा सुझाव :**<br>○ नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषा हुन् । संविधानमा नेपालमा बोलिने सबै मातृभाषाहरुको राष्ट्रभाषाको रुपमा सूचि समावेश गरीनुपर्दछ ।<br>○ ती सबै भाषाको सम्मान, संरक्षण र सम्बर्द्धन राज्यको दायित्व हुनुपर्दछ ।<br>○ नेपालमा रहेका ९२ भाषामा १ प्रतिशतभन्दा बढी जनसंख्याले बोल्ने भाषा निम्न छन्<br>१. खस भाषा (देवनागरी लिपिको नेपाली भाषा)<br>२. मगर भाषा<br>३. तामाङ भाषा<br>४. नेवार (रन्जना लिपिको नेपाल भाषा)<br>५. थारु भाषा (डगौरा/राना)<br>६. राई (किरात) भाषा<br>७. लिम्बु भाषा<br>८. मैथिली भाषा<br>९. भोजपुरी भाषा<br>१०. अवधि भाषा<br>११. गुरुङ भाषा<br>○ माथि उल्लेखित भाषाहरुलाई संघीय तथा प्रादेशिक भाषाको सूचिमा राख्नु उपयुक्त हुन्छ । यसमा थप दुई भाषा"वज्जिका" र "कोच/राजवंशी" भाषा पनि क्रमशः बाहुल्य भाषामा पर्दछन् । तर यी भाषाहरुको भौगोलिक रुपमा सघन र सन्निकटता छैन् । त्यस्तै हिमाली क्षेत्रको "भोटे" भाषाको पनि स्थिति त्यस्तै छ । तर कोचिला प्रदेशका लागि कोच भाषालाई संघीय/प्रादेशिक भाषा बनाउन सकिन्छ ।<br>○ तर संविधानमा पहिले नेपालमा बोलिने सबै मातृभाषाहरुलाई राष्ट्रिय सूचिका रुपमा समावेश | |

* यस समितिमा उपलब्ध भएसम्मका अवधारणाहरु समावेश गरिएको छ ।

| | | | |
|---|---|---|---|
| | | गरीनुपर्दछ र संघीय तथा प्रादेशिक भाषा तोक्नु राम्रो हुन्छ ।<br>○ उपरोक्त अनुसार संघीय एवं प्रादेशिक सूचिमा परेका प्रमुख भाषाहरुलाई संघीय एवं प्रदेश(राज्य)को कामकाजी भाषा बनाउँदा उपयुक्त हुन्छ । राज्यका सबै कानूनी दस्तावेजहरु मातृभाषाहरुमा हुने र कार्यालयहरुमा दोभासेको व्यवस्था गर्नुपर्दछ ।<br>○ प्रदेशहरुले आ–आफ्नो प्रदेशको प्रादेशिक भाषाको सूचि बनाउनुपर्दछ र प्रदेश(राज्य) भित्र पर्ने सबै मातृभाषाहरुलाई सम्बन्धीत जाति/समुदायको स्वायत्त/स्वशासित क्षेत्रमा पहिलो भाषाको अधिकार दिंदै कामकाजी/प्रयोगको अधिकार दिनुपर्दछ । तर जनतालाई यही नै भाषा प्रयोग गर्नुपर्छ भनेर थोपर्नु हुँदैन । जनतालाई भाषा प्रयोगको स्वतन्त्रता दिनुपर्दछ ।<br>○ यसरी कम्तिमा त्रि–भाषिक नीतिका आधारमा प्रत्येक स्वायत्त प्रदेश/क्षेत्र/इलाकाको सरकारी कामकाज/पठनपाठनको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।<br>○ मातृभाषालाई शिक्षाको माध्यम बनाइनुपर्दछ ।<br>○ लिपि र साहित्यको विकास भइनसकेका र लोपोन्मुख अवस्थामा रहेका भाषाहरुको सूचि अलग्गै तयार गरी ती भाषाहरुको संरक्षण र विकासका लागि राज्यले विशेष नीतिको तर्जुमा गर्नुपर्दछ ।<br>○ नेपालमा बोलिने खस भाषा बाहेक अन्य भाषाहरु राज्यको लामो उत्पीडनका कारण विलोपकिरणतिर उन्मुख छन् । अतः ती भाषाहरुको संरक्षण र सम्बर्द्धनका लागि राज्यले"भाषा प्रतिष्ठान" को अलग्गै व्यवस्था गर्नुका साथै, "भाषा तालिम विद्यालय तथा भाषा विश्वविद्यालय" हरुको केन्द्रिय एवं प्रादेशिक रुपमा व्यवस्था गर्नुपर्दछ ।<br>○ सारमा, बहुभाषिक नीतिका आधारमा भाषाको व्यवस्थापन गर्नुपर्दछ । भाषाको क्षेत्रमा कुनै पनि एक भाषालाई विशेषाधिकार दिनु गलत हुन्छ । "सम्पर्क भाषा", "माध्यम भाषा" वा "सरकारी भाषा" को नाममा कुनै पनि एक भाषालाई मान्यता दिनुको अर्थ अन्य भाषामाथि उत्पिडन थोपर्नु हो । नेपालको सन्दर्भमा संघीय सरकारको रुपमा तोकिएका सबै प्रादेशिक भाषाहरु संघीय सरकारको लिंक भाषा हुन् र प्रदेशको सूचिमा परेका सबै भाषाहरु प्रादेशिक सरकारको लिंक भाषा हुन् । यसो गरीयो भने नेपालका सबै भाषाहरुको अस्तित्वको रक्षा मात्र होइन, एक साथ विकास पनि हुन्छ ।<br>○ अन्तर्राष्ट्रिय भाषाको सूचि पनि तयार गर्दा राम्रै हुन्छ । त्यस्मा अंग्रेजी, हिन्दी र उत्तरमा तिब्बती/चिनियाँ भाषालाई समेटन् सकिन्छ । | |
| २. | **नेपाली कांग्रेस** | ○ नेपालका सबै मातृभाषालाई समान रुपले राष्ट्रिय भाषा मानिनेछ ।<br>○ नेपाली भाषा केन्द्रका लागि सरकारी कामकाज र राष्ट्रिय सम्पर्क भाषा हुनेछ ।<br>○ प्रादेशिक सरकारी भाषा कुन भाषा हुने भन्ने सम्बन्धीत प्रदेशको व्यवस्थापिकाले निर्णय गर्नेछ ।<br>○ औपचारिक भाषाका बाहेक न्यायालय र सरकारी कार्यालयमा सबै नागरीकलाई मातृभाषामा आफ्नो | |

| | | | |
|---|---|---|---|
| | | भनाइ राख्ने अधिकार हुनेछ । | |
| ३. | ने. क. पा. (एमाले) | ○ नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन् ।<br>○ दवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।<br>○ अंग्रजी भाषा अन्तराष्ट्रिय सम्पर्क भाषा हुनेछ ।<br>○ प्रादेशिक र स्थानीय सरकारले आफ्नो तहमा नेपाली भाषाका अतिरिक्त अन्य राष्ट्रभाषालाई पनि सरकारी कामकाजको भाषा तोक्न सक्नेछ । | |
| ४. | मधेशी जन अधिकार फोरम | ○ संघीय शासनको कामकाजको भाषा नेपाली खस तथा हिन्दी हुने ।<br>○ प्रादेशिक भाषा प्रादेशिक सरकारद्वारा मान्यता प्राप्त भाषा र नेपाली भाषा हुने ।<br>○ अन्तर्राष्ट्रिय सम्पर्क भाषा अंग्रेजी हुनेछ । | |
| ५. | तराई मधेश लोकतान्त्रिक पार्टी | ○ नेपाली र हिन्दीको प्रयोग कामकाजी र सम्पर्क भाषाको रुपमा हुनेछ र सबै मातृभाषाहरु राष्ट्रभाषाको रुपमा रहनेछन् तथा कुनै व्यक्तिले कुनै पनि तहको सरकारी तथा गैरसरकारी कार्यालयमा निवेदन, मुद्दा, संवाद गर्दा आफ्नो मातृभाषा प्रयोग गर्ने अधिकार हुनेछ र दोभासेको व्यवस्था गर्नु गराउनु संघीय सरकारको कर्तव्य हुनेछ । प्रत्येक नागरीकलाई आफ्नो मातृभाषा वा बोलिचालीको भाषामा सपथ लिने स्वतन्त्रता हुनु पर्नेछ । | |
| ६. | सद्भावना पार्टी | ○ संघीय सरकारको कामकाजको भाषा नेपाली र हिन्दी हुनेछ ।<br>○ प्रदेशमा नेपाली, हिन्दी र प्रदेशले तोकेको भाषा प्रादेशिक सरकारको कामकाजको भाषा हुनेछ ।<br>○ प्रदेशमा बोलिने सम्पूर्ण मातृभाषाको संरक्षण एवं सम्वर्धन गर्ने कर्तव्य संघीय र प्रादेशिक सरकारको हुनेछ । | |
| ७. | रा.प्र.पा | ○ देवनागरी लिपिमा नेपाली सरकारी कामकाजको भाषा हुने ।<br>○ स्थानीय वा कार्यालयमा मातृभाषाको प्रयोग गर्न सकिने ।<br>○ अन्तर्राष्ट्रिय सम्पर्क भाषाको रुपमा अंग्रेजी भाषा रहने ।<br>○ प्रदेश वा राज्यमा स्थानीय भाषालाई प्रयोगमा ल्याउन सकिने र सम्पर्क भाषाको रुपमा भने नेपाली भाषालाई अनिवार्य रुपमा अपनाउनु पर्ने । | |
| ८. | ने.क.पा.(माले) | ○ नेपाली भाषा मुख्य सरकारी र माध्यम भाषा हुने ।<br>○ प्रादेशिक सरकारले नेपाली साथै अर्को समक्ष राष्ट्रिय भाषालाई प्रयोग गर्न सक्ने छन् ।<br>○ स्वदेशी मातृभाषा नेपालका समान राष्ट्रिय भाषा हुन् । | |
| ९. | ने.क.पा. संयुक्त | ○ नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषा हुन् ।<br>○ केन्द्र तथा प्रान्तमा बहुभाषिक नीति अवलम्बन गरीने । | |
| १०. | रा.प्र.पा. नेपाल | ○ देवनागरी लिपिमा नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने । | |

| | | | |
|---|---|---|---|
| | | ○ देशका विभिन्न भागमा बोलिने मातृभाषाहरु राष्ट्रिय भाषा हुने ।<br>○ स्थानीय निकायमा सम्वन्धीत क्षेत्रको मातृभाषालाई वैकल्पिक सरकारी कामकाजको भाषा कायम गर्न सकिनेछ । | |
| ११. | रा.ज.मो. | ○ देशमा बोलिने सम्पूर्ण भाषालाई राष्ट्रिय भाषाका रुपमा स्वीकार गरीने ।<br>○ सम्पर्क भाषाका रुपमा नेपाली भाषालाई मान्यता दिने ।<br>○ सरकारी कामकाजको भाषा नेपाली हुने र खास प्रदेशमा बहुसंख्यक नागरीकले बोल्ने मातृभाषा सरकारी कामकाजको लागि द्वितीय भाषाको रुपमा मान्यता दिनुपर्ने । | |
| १२. | ने.म.कि.पा. | ○ नेपालमा बोलिने सवै भाषा राष्ट्रभाषा हुने ।<br>○ नेपाली भाषा राज्यहरुबीचको माध्यम भाषा हुने ।<br>○ नेपाली भाषा र राज्यहरुमा बोलिने मातृभाषा सरकारी कामकाजको भाषा हुनेछ । | |
| १३. | समाजवादी प्रजातान्त्रिक जनतापार्टी | ○ नेपालमा बोलिने सवै मातृभाषाहरु राष्ट्रभाषा हुने ।<br>○ देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने।<br>○ प्रत्येक नागरीकलाई मातृभाषा, राष्ट्रभाषा र अन्तराष्ट्रिय भाषा मध्ये कुनै एक भाषा रोज्ने र प्रयोग गर्ने त्रिभाषिक स्वतन्त्रता हुनेछ । | |
| १४. | नेपाल परिवार दल | ○ नेपालमा बोलिने सवै मातृभाषा राष्ट्रभाषा हुने ।<br>○ देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने । | |
| १५. | नेपाः राष्ट्रिय पार्टी | ○ प्रादेशिक कामकाज वा माध्यम भाषा सो प्रदेशको मातृभाषा हुनेछ । अरु भाषाको प्रचलनमा प्रादेशिक सरकार जिम्मेवार हुनेछ ।<br>○ प्रान्तमा सो प्रान्तभित्रको सवै मातृभाषाहरु सरकारी भाषा हुनेछ । माध्यम भाषाका रुपमा सो प्रान्त भित्रकै कुनै भाषा लाई सहमतिमा राखिनेछ ।<br>○ केन्द्रमा माध्यम भाषाहरु रहनेछन् । एउटै भाषा मात्रै माध्यम भाषाका रुपमा रहने छैन् । | |
| १६. | नेपाल लोकतान्त्रिक समाजवादी दल | ○ नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन् ।<br>○ देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुनेछ ।<br>○ स्थानीय निकाय तथा कार्यालयमा मातृभाषा प्रयोग गर्न सकिने र त्यसरी प्रयोग गरेको भाषालाई सरकारी कामकाजको भाषामा रुपान्तरण गरी अभिलेख राखिने छ । | |
| १७. | चुरे भावर राष्ट्रिय एकता पार्टी नेपाल | ○ नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुने ।<br>○ देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने ।<br>○ प्रत्येक नागरीकलाई मातृभाषा, राष्ट्रभाषा र अन्तर्राष्ट्रिय भाषा मध्ये कुनै एक भाषा रोज्ने र प्रयोग गर्ने त्रिभाषिक स्वतन्त्रता हुनेछ । | |

## सँस्कृति

| सि.नं. | दलको नाम | अवधारणा | कैफियत |
|---|---|---|---|
| १. | नेपाली काँग्रेस | ○ विभिन्न भाषा, जाति र संस्कृति को सम्मान, पहिचान र हक अधिकारको संवैधानिक मान्यता र प्रवर्धनका लागि संवैधानिक संस्थागत व्यवस्था गरीने छ । | |
| २. | ने. क. पा. (एमाले) | ○ नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सास्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्धन गर्ने हक हुनेछ । | |
| ३. | मधेशी जनअधिकार फोरम | ○ महिला विरुद्धका विभदकारी कानूनको अन्त्य र सबै प्रकारका विभेद समाप्त गर्ने ।<br>○ सबै समुदायको भेष, भुषा, धर्म, भाषा, संस्कृति तथा पर्वहरुलाई राष्ट्रिय मान्यताका साथ सम्पन्न गर्ने संवैधानिक प्रतिवद्धता हुनुपर्ने ।<br>○ प्रत्येक नागरीकलाई आ–आफ्नो भाषा तथा संस्कृतिको संरक्षण गर्ने अधिकार हुने । | |
| ४. | सद्भावना पार्टी | ○ संस्कृतिको संरक्षण एवं सम्वर्धन गर्ने संघीय सरकार र प्रादेशिक सरकारको कर्तव्य हुने । | |
| ५. | रा.प्र.पा | ○ प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ । | |
| ६. | ने.क.पा.(माले) | ○ शिक्षा तथा संस्कृति सम्बन्धी हक हुनेछ । | |
| ७. | ने.क.पा. संयुक्त | ○ सबै प्रान्त तथा इकाईमा रहेका सबै प्राकृतिक तथा सांस्कृतिक धरोहर आम जनतालाई प्राकृतिक तथा न्यायिक रुपमा वितरण हुनेगरी परिचालन र दोहन र नियन्त्रणको अधिकार हुने । | |
| ८. | ने.म.कि.पा. | ○ केन्द्रिय सरकार वा प्रान्तिय सरकारले कुनै निश्चित क्षेत्र, नगर वा गाउंलाई त्यहांको पुरातात्विक र ऐतिहासिक स्मारक संरक्षण गर्न तथा त्यहांका कला, संस्कृति, भाषा, जाति एवं पहिचानलाई जोगाउन सांस्कृतिक क्षेत्र, नगर वा गांउ घोषणा गर्न सक्नेछन् । | |
| ९. | ने.क.पा. एकिकृत | ○ प्रत्येक व्यक्ति, परिवार, समुदायलाई समान एवं स्वायत्त रुपमा आफ्नो भाषा, धर्म, लिपि, संस्कृति र परम्पराको संरक्षण र संवर्द्धन गर्ने अधिकार हुनेछ । | |

# अनुसूची - १३

## संविधान सभा
## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति
## भाषा सम्बन्धी उपसमिति बैठक विवरणहरु

१) **बैठक १ : २०६५ माघ २८ समय दिनको १२:०० बजे समयावधि २ घण्टा २० मिनेट**

- अवधारणाको ढाँचा र अवधारणा पत्रमा समावेश गर्ने विषय वस्तुका सम्बन्धमा छलफल ।

२) **बैठक २ : २०६५ फाल्गुन ३ समय दिनको १:०० बजे समयावधि ३ घण्टा ३० मिनेट**

- अवधारणाको ढाँचा र अवधारणा पत्रमा समावेश गर्ने विषय वस्तुका सम्बन्धमा छलफल ।

३) **बैठक ३ : २०६५ चैत्र ३० समय बिहान ११:०० बजे समयावधि ३ घण्टा २५ मिनेट**

- उपसमितिमा रहनु हुने माननीय सदस्यहरुलाई आफ्नो दलको भाषा सम्वन्धी अवधारणा उपसमिति समक्ष ल्याउन अनुरोध गर्ने निर्णय ।

४) **बैठक ४ : २०६६ बैशाख ११ समय बिहान १२:३० बजे समयावधि ३ घण्टा**

- भाषा सम्वन्धी प्रारम्भिक अवधारणा सम्वन्धमा छलफल ।

५) **बैठक ५ : २०६६ बैशाख १४ समय बिहान ९:०० बजे समयावधि २ घण्टा ३० मिनेट**

- भाषा सम्वन्धी अवधारणा पत्र सम्वन्धमा छलफल ।

६) **बैठक ६ : २०६६ बैशाख १५ समय दिनको १२:०० बजे समयावधि ३ घण्टा ३० मिनेट**

- भाषा सम्वन्धी अवधारणा पत्र सम्वन्धमा छलफल ।

७) **बैठक ७ : २०६६ बैशाख १६ समय दिनको १२:०० बजे समयावधि ४ घण्टा**

- भाषा सम्वन्धी अवधारणा पत्र सम्वन्धमा छलफल ।

८) बैठक ८ : २०६६ बैशाख १८ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा

- भाषा सम्बन्धी अवधारणा पत्र सम्बन्धमा छलफल ।

९) बैठक ९ : २०६६ बैशाख १९ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा ३५ मिनेट

- भाषा सम्बन्धी अवधारणा पत्र सम्बन्धमा छलफल ।

१०) बैठक १० : २०६६ बैशाख २१ समय बिहान ८:०० बजे समयावधि १ घण्टा १५ मिनेट

- भाषा सम्बन्धी अवधारणा पत्र सम्बन्धमा छलफल ।

११) बैठक ११ : २०६६ जेष्ठ ५ समय बिहान ८:३० बजे समयावधि २ घण्टा ३० मिनेट

- भाषा सम्बन्धी प्रारम्भिक मस्यौदा माथि छलफल ।
- भाषा सम्बन्धी अवधारणा पत्र सम्बन्धमा छलफल ।

१२) बैठक १२ : २०६६ जेष्ठ ६ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा ३० मिनेट

- भाषा सम्बन्धी प्रारम्भिक मस्यौदा माथि छलफल ।
- भाषा सम्बन्धी अवधारणा पत्र सम्बन्धमा छलफल ।

१३) बैठक १३ : २०६६ जेष्ठ ७ समय बिहान ८:३० बजे समयावधि २ घण्टा ३० मिनेट

- भाषा सम्बन्धी अवधारणा पत्र सम्बन्धमा छलफल ।

१४) बैठक १४ : २०६६ जेष्ठ ८ समय बिहान ८:३० बजे समयावधि ४ घण्टा

- भाषा सम्बन्धी अवधारणा पत्र सम्बन्धमा छलफल ।

१५) बैठक १५ : २०६६ जेष्ठ ११ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा ३० मिनेट

- यस समितिले तयार पारेको भाषा सम्बन्धी अवधारणा पत्र र प्रारम्भिक मस्यौदा समिति समक्ष पेश गर्ने निर्णय ।

# अनुसूची - १४

## संविधान सभा
## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति
## साँस्कृतिक र सामाजिक ऐक्यबद्धता सम्बन्धी उपसमिति बैठक विवरणहरु

१) **बैठक १ : २०६५ फाल्गुन ४ समय दिनको १२:०० बजे समयावधि १ घण्टा १५ मिनेट**

- साँस्कृतिक र सामाजिक ऐक्यबद्धता सम्बन्धी अवधारणा पत्रमा समावेश गर्नु पर्ने विषय वस्तुहरु उपसमितिको आगामि बैठकमा सबै माननीय सदस्यहरुबाट लिखित तथा मौखिक रुपमा उपलब्ध गराउन अनुरोध ।

२) **बैठक २ : २०६५ फाल्गुन १३ समय दिनको १२:०० बजे समयावधि २ घण्टा ३० मिनेट**

- साँस्कृतिक र सामाजिक ऐक्यबद्धता सम्बन्धी अवधारणा पत्रमा समावेश गर्नु पर्ने विषय वस्तुहरुका सम्बन्धमा विस्तृत छलफल ।

३) **बैठक ३ : २०६५ चैत्र २० समय दिनको १२:०० बजे समयावधि १ घण्टा २० मिनेट**

- संस्कृति संरक्षण र सामाजिक ऐक्यबद्धता सम्बन्धी प्रारम्भिक अवधारणा पत्र माथि सामान्य छलफल

४) **बैठक ४ : २०६६ बैशाख ११ समय दिनको ८:०० बजे समयावधि ३ घण्टा ५० मिनेट**

- संस्कृति संरक्षण र सामाजिक ऐक्यबद्धता सम्बन्धी अवधारणा सम्बन्धमा ।

५) **बैठक ५ : २०६६ बैशाख १३ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा ३५ मिनेट**

- संस्कृति संरक्षण र सामाजिक ऐक्यबद्धता सम्बन्धी अवधारणा सम्बन्धमा छलफल ।

६) **बैठक ६ : २०६६ बैशाख १४ समय दिनको १२:०० बजे समयावधि ३ घण्टा ३० मिनेट**

- संस्कृति संरक्षण र सामाजिक ऐक्यबद्धता सम्बन्धी अवधारणा सम्बन्धमा छलफल ।

७) **बैठक ७ : २०६६ बैशाख १६ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा ५ मिनेट**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

८। **बैठक ८ : २०६६ बैशाख १७ समय बिहान ८:०० बजे समयावधि ३ घण्टा ३० मिनेट**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

९। **बैठक ९ : २०६६ बैशाख २० समय बिहान १२:०० बजे समयावधि ४ घण्टा ५ मिनेट**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

१०। **बैठक १० : २०६६ बैशाख २१ समय बिहान १२:०० बजे समयावधि २ घण्टा ३० मिनेट**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

११। **बैठक ११ : २०६६ बैशाख २३ समय बिहान ८:३० बजे समयावधि ५ घण्टा**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

१२। **बैठक १२ : २०६६ बैशाख २७ समय बिहान ८:०० बजे समयावधि ६ घण्टा ५ मिनेट**

○ साँस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्वन्धी विषयको प्ररम्भिक मस्यौदा माथि छलफल ।

१३। **बैठक १३ : २०६६ बैशाख २८ समय बिहान ८:०० बजे समयावधि ३ घण्टा ५५ मिनेट**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

१४। **बैठक १४ : २०६६ जेष्ठ ५ समय बिहान ११:०० बजे समयावधि ३ घण्टा ८ मिनेट**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

१५। **बैठक १५ : २०६६ जेष्ठ ६ समय बिहान ११:०० बजे समयावधि ४ घण्टा ३० मिनेट**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

१६। **बैठक १६ : २०६६ जेष्ठ ७ समय बिहान ११:०० बजे समयावधि ५ घण्टा**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

१७) **बैठक १७ : २०६६ जेष्ठ ८ समय बिहान ११:०० बजे समयावधि २ घण्टा १० मिनेट**

○ संस्कृति संरक्षण र सामाजिक ऐक्यवद्धता सम्वन्धी अवधारणा सम्वन्धमा छलफल ।

१८) **बैठक १८ २०६६ जेष्ठ १४ समय दिनको १२:३० बजे समयावधि ५ घण्टा ३० मिनेट**

○ सामाजिक ऐक्यवद्धता आधार निर्धारण सम्वन्धी अवधारणा पत्र संस्कृति संरक्षण सम्वन्धी अवधारणा पत्र र तिनैको आधारमा तयार पारिएको प्रारम्भिक मस्यौदा समितिका सभापति समक्ष वुभ्काउने निर्णय

# अनुसूची- १५

## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति
## अन्तर्गत
## भाषा सम्बन्धि उपसमितिको प्रतिवेदन

संविधान सभा, साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको मिति २०६५ माघ १९ गते बसेको बैठकले समितिको कार्यक्षेत्र अन्तर्गत केन्द्र देखि विभिन्न तहका संघीय इकाईहरुमा सरकारी कामकाजको भाषा र भाषा सम्बन्धी अन्य विषयहरुमा अवधारणा पत्र तयार गरी मिति २०६५ फागुन १४ गते भित्र समितिमा प्रतिवेदन पेश गर्न २२ सदस्यीय भाषा सम्बन्धि उपसमिति गठन गरेको थियो । संविधान सभाबाट संविधान निर्माणको कार्यतालिका संसोधन भए अनुसार समितिको मिति २०६५ साल फागुन १३ गते र २०६६ साल वैशाख २० गतेको बैठकले उपसमितिको कार्यावधि २०६६ साल वैशाख मसान्तसम्म थप गर्नुकका साथै आफु सम्बन्ध विषयको संविधानमा समावेश गर्न प्रारम्भिक मस्यौदा समेत तयार गर्ने गरी कार्याभार थप गर्ने निर्णय गऱ्यो ।

उपसमितिको मिति २०६५ साल माघ २८ गते बसेको बैठकले उपसमितिका सदस्य माननीय श्री बोध नारायण सरदारलाई सर्वसम्मतले संयोजक चयन गऱ्यो ।

माननीय श्री बोध नारायण सरदारको मिति २०६५ साल फागुन ३० गते मोटरसाईकल दुर्घटनामा परी असामयीक निधन भएपछि समितिको मिति २०६६ साल वैशाख ४ गतेको बैठकले माननीय श्री गोपाल ठाकुरलाई सर्वसम्मतले संयोजक तोक्यो । त्यस्तै समितिले संविधान सभाबाट यस समितिमा समावेश गराईएका दुई जना माननीय सदस्यहरु श्री सन्तोष कुमार बुढामगर र जयराम यादवलाई मिति २०६६ साल वैशाख २० गतेको बैठकले यस उपसमितिमा थप गर्ने निर्णय गऱ्यो र हाल यस उपसमितिमा देहायका माननीय सदस्यहरु रहनु भएको छ ।

मा श्री गोपाल ठाकुर -संयोजक
मा श्री इन्द्रावती अधिकारी (दनुवार)
मा श्री कविन्द्रनाथ ठाकुर
मा श्री कालीबहादुर मल्ल
मा श्री कृष्णा ठाकुर
मा श्री गौरी महतो कोइरी
मा श्री गौरी शंकर खड्का

मा.श्री चन्द्रबहादुर गुरुङ्ग
मा. श्री जयराम यादव
मा. श्री तारा कुमारी घर्तिमगर
मा. श्री तिर्थराम डंगोल
मा. श्री दलबहादुर राना
मा. श्री धर्मराज वि.क.
मा. श्री नेत्रप्रसाद पन्थी
मा.श्री पार्वती रसाईली
मा. श्री मातृका प्रसाद यादव
मा. श्री मुगालाल महतो
मा. श्री रामवती चौधरी
मा. श्री रामशिला ठाकुर
मा. श्री लिलाकुमारी बगाले (सोमई)
मा.श्री सन्तोष कुमार बुढामगर
मा. श्री हरिनारायण यादव
मा.श्री शारदा नेपाली

यस समयावधिमा उपसमितिको जम्मा १५ वटा बैठक बसेको र उक्त बैठकहरुमा उपसमितिको विषयहरुमा विस्तृत छलफल गरी अवधारणा पत्र र प्रारम्भिक मस्यौदा यसै प्रतिवेदन साथ पेश गरिएको व्यहोरा सभापतिज्यू समक्ष जानकारी गराउदछु ।

श्री गोपाल ठाकुर
(संयोजक)

# अनुसूची - १६

**साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति**
**अन्तर्गत**
**साँस्कृतिक र सामाजिक ऐक्यबद्धता सम्बन्धि उपसमितिको प्रतिवेदन**

संविधान सभा, सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण समितिको मिति २०६५ साल माघ १९ गते बसेको बैठकले समितिको कार्यक्षेत्र अन्तर्गत संस्कृतिको संरक्षण तथा सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण सम्बन्धी विषयहरुमा अवधारणा पत्र तयार गरी मिति २०६५ साल फागुन १४ गते भित्र समिति समक्ष प्रतिवेदन पेश गर्न २१ सदस्यीय सांस्कृतिक र सामाजिक ऐक्यवद्धतासम्बन्धि उपसमिति गठन गरेको थियो । संविधान सभाबाट संविधान निर्माणको कार्यतालिकामा भएको संसोधन अनुसार समितिको मिति २०६५ साल फागुन १३ गते र २०६६ साल वैशाख २० गते बसेको बैठकले उपसमितिको कार्यावधि २०६६ साल वैशाख मसान्तसम्म थप गर्नुका साथै आफु सम्वद्ध विषयको प्रारम्भिक मस्यौदा तयार गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने निर्णय भए अनुसार यो प्रतिवेदन तयार गरिएको छ ।

समितिको मिति २०६६ साल वैशाख ४ गतेको बैठकले समितिका सदस्य माननीय श्री शुपमा शर्मा घिमिरेलाई यस उपसमितिको संयोजक पदमा सर्वसम्मतले चयन गर्‍यो । यस उपसमितिमा देहायका माननीय सदस्यहरु रहनु भएको छ ।

| | |
|---|---|
| मा श्री शुपमा शर्मा घिमिरे | संयोजक |
| मा श्री अर्जुन प्रसाद जोशी | सदस्य |
| मा श्री उषा गुरुङ्ग | सदस्य |
| मा श्री कमला शर्मा | सदस्य |
| मा श्री करीमा बेगम | सदस्य |
| मा श्री गौरी महतो कोईरी | सदस्य |
| मा श्री चन्द्रीराम टमटा | सदस्य |
| मा श्री डवल बहादुर शाह | सदस्य |
| मा श्री तुलसी सुब्बा | सदस्य |
| मा श्री दुर्गा कुमारी वि क | सदस्य |
| मा श्री बिना ज्ञवाली | सदस्य |
| मा श्री मंगल वि क | सदस्य |
| मा श्री रणध्वज लिम्बु | सदस्य |

| | |
|---|---|
| मा श्री रामनाराण सिंह | सदस्य |
| मा श्री रामशीला ठाकुर | सदस्य |
| मा श्री लेखराज भट्ट | सदस्य |
| मा श्री शारदा नेपाली | सदस्य |
| मा श्री सविता देवि यादव | सदस्य |
| मा श्री सुकदैया चौधरी | सदस्य |
| मा श्री हिमकुमारी सुनार | सदस्य |
| मा श्री श्रामणेर आनन्द | सदस्य |

हालसम्म उपसमितिको बैठक जम्मा १८ वटा बसेको थियो । ती बैठकहरुमा आफु संग सम्वद्ध विषयहरुमा व्यापक तथा विस्तृत छलफल गरी अवधारणा पत्र तयार गर्नुका साथै सोही आधारमा प्रारम्भिक मस्यौदा तयार गरीएको छ । यसरी तयार भएको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा यसै प्रतिवेदन साथ समिति समक्ष पेश गरिएको व्योहोरा जानकारी गराउदछु ।

**मा. श्री शुषमा शर्मा घिमिरे**
**(संयोजक)**

मितिः २०६६/०२/१४

# अनुसूची - १७

## संविधान सभा
## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति
## बैठक सम्बन्धी विवरणहरु

१) **बैठक १ : २०६५ पुष १ समय दिनको २:०० बजे समयावधि १ घण्टा ४५ मिनेट**

- जनशक्ति र विशेषज्ञ, कार्यक्षेत्रको पहिचान ।
- कार्यतालिका निर्माण सम्वन्धमा छलफल ।

२) **बैठक २ : २०६५ पुष ४ समय दिनको १:०० बजे समयावधि २ घण्टा १५ मिनेट**

- समितिको कार्यक्षेत्र निर्धारण र कार्यतालिका निर्माण गरी मिति २०६५ पुष १० गते भित्र प्रतिवेदन पेश गर्ने गरी नौ सदस्यीय उपसमितिको गठन ।

३) **बैठक ३ : २०६५ पुष १० समय दिनको २:०० बजे समयावधि २ घण्टा**

- कार्यक्षेत्र र कार्यतालिका निर्माण उपसमितिका संयोजक मा.श्री उषा गुरुङ्द्वारा प्रतिवेदन पेश ।
- उक्त प्रतिवेदन माथि छलफल भई सर्वसम्मतले पारित ।

४) **बैठक ४ : २०६५ पुष १३ समय दिनको १:०० बजे  समयावधि ५० मिनेट**

- विशेषज्ञ सेवाको कार्यविवरण (TOR) र
- सन्दर्भ सामग्रीका सम्वन्धमा छलफल ।

५) **बैठक ५ : २०६५ पुष १४ समय दिनको २:०० बजे**

- गणपुरक संख्या नपुगेकोले बैठक स्थगित ।

६) **बैठक ६ : २०६५ पुष १६ समय दिनको १:०० बजे समयावधि २ घण्टा ५ मिनेट**

- विशेषज्ञ सेवको कार्यविवरण (TOR) का सम्वन्धमा छलफल भई पारित ।

७) **बैठक ७ : २०६५ पुष २२ समय दिनको १:३० बजे समयावधि १ घण्टा ३० मिनेट**

- समितिको लागि आवश्यक पर्ने सन्दर्भ सामग्रीहरु (पाठ्यपुस्तकहरु)को नामावली संविधान सभा, क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समितिमा लेखि पठाउने निर्णय ।

८) **बैठक ८ : २०६५ पुष २३ समय दिनको १:३० बजे समयावधि १ घण्टा ४५ मिनेट**

- समितिको आफ्नो कार्यक्षेत्र भित्र पर्ने भाषा, संस्कृतिका संरक्षण, सम्बर्द्धन र रुपान्तरण तथा सामाजिक ऐक्यवद्धताको आधार निर्धारण सम्बन्धी विषयवस्तुका बारेमा स्वदेश तथा विदेशमा रहेका सबै नेपालीहरुबाट राय सुझाव संकलनका लागि विभिन्न सञ्चार माध्यमहरु मार्फत विभिन्न भाषामा सूचना प्रचार प्रसार गर्ने निर्णय ।
- समितिका माननीय सदस्यहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गर्न श्रोत सामग्री उपलब्ध गराई दिन क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समितिमा लेखि पठाउने निर्णय ।

९) **बैठक ९ : २०६५ पुष २४ समय बिहान ९:०० बजे समयावधि २ घण्टा ५ मिनेट**

- समितिको कार्यक्षेत्र भित्रका विषयहरुमा छलफल गर्नका लागि सम्वन्धीत विषयका विज्ञहरुलाई पत्राचार गर्ने निर्णय ।

१०) **बैठक १० : २०६५ पुष २७ समय बिहान ११:०० बजे समयावधि ३ घण्टा १० मिनेट**

- सांस्कृतिक सम्वन्धी विषयमा डा. साफल्य अमात्यसँग अन्तरक्रिया ।
- सांस्कृतिक सामाजिक ऐक्यवद्धता आधार निर्धारण सम्वन्धी विषयमा प्रा.डा. प्रेम कुमार खत्रीसँग अन्तरक्रिया ।

११) **बैठक ११ : २०६५ पुष २९ समय बिहान ८:०० बजे समयावधि १ घण्टा ३० मिनेट**

- समितिको सभापति पदमा समितिका सदस्य माननीय श्री नवोदिता चौधरी निर्विरोध निर्वाचित भएको घोषणा ।

१२) **बैठक १२ : २०६५ माघ २ समय दिनको १:०० बजे समयावधि ३ घण्टा २० मिनेट**

○ समितिका जेष्ठ सदस्य माननीय श्री राम नारायण सिंहले हाल सम्म समितिको सभापति भै गर्नु भएको सहयोगका लागि समितिको तर्फबाट धन्यवाद प्रस्ताव पारित ।

○ भाषा सम्बन्धी विषयमा प्रा.डा. योगेन्द्र प्रसाद यादवसँग अन्तरक्रिया ।

१३। **बैठक १३ : २०६५ माघ ४ समय बिहान ११:०० बजे समयावधि ४ घण्टा १० मिनेट**

○ भाषा र संस्कृति सम्बन्धी विषयमा प्रा.केदार भक्त माथेमासँग अन्तरक्रिया ।

○ भाषा, संस्कृति र जातजातिको संकलित तथ्याङ्का सम्बन्धमा केन्द्रिय तथ्याङ्क विभागका महानिर्देशक श्री तुङ्ग शिरोमणि वास्तोला र राधा कृष्ण जी.सी सँग जनगणना २०५८का बारेमा छलफल ।

१४। **बैठक १४ : २०६५ माघ ६ समय दिनको १२:०० बजे समयावधि २ घण्टा १५ मिनेट**

○ सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्बन्धी विषयमा समाजशास्त्री चैतन्य मिश्रसँग अन्तरक्रियात्मक छलफल ।

१५। **बैठक १५ : २०६५ माघ ११ समय दिनको १२:०० बजे समयावधि २ घण्टा १० मिनेट**

○ भाषा सम्बन्धी विषयमा संविधान विद् श्री पूर्णमान शाक्यसँग अन्तरक्रिया ।

१६। **बैठक १६ : २०६५ माघ १२ समय बिहान ११:०० बजे समयावधि २ घण्टा ३० मिनेट**

○ सामाजिक ऐक्यवद्धता सम्बन्धी विषयमा प्रा. कृष्ण खनालसँग अन्तरक्रियात्मक छलफल

१७। **बैठक १७ : २०६५ माघ १३ समय दिनको १२:०० बजे समयावधि ३ घण्टा ५ मिनेट**

○ सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्बन्धी विषयमा माननीय मन्त्री श्री देव प्रसाद गुरुङसँग अन्तरक्रिया ।

१८। **बैठक १८ : २०६५ माघ १४ समय दिनको १२:०० बजे समयावधि २ घण्टा ३० मिनेट**

○ भाषा र संस्कृति सम्बन्धी विषयमा प्रा.डा. नोवल किशोर राईसँग अन्तरक्रिया ।

१९) **बैठक १९ : २०६५ माघ १५ समय दिनको १ :०० बजे समयावधि ३ घण्टा ३० मिनेट**

- सामाजिक ऐक्यवद्धता सम्बन्धमा डा. कृष्ण वहादुर भट्टचनसँग अन्तरक्रिया ।
- सँस्कृति सम्वन्धी विषयमा श्री जगमान गुरुङ्गसँग अन्तरक्रिया ।

२०) **बैठक २० : २०६५ माघ १७ समय दिनको १२:०० बजे समयावधि ३ घण्टा**

- सामाजिक ऐक्यवद्धता सम्वन्धी विषयमा प्रा. युवराज संग्रौला र डा. हरिवंश झासँग अन्तरक्रिया ।

२१) **बैठक २१ : २०६५ माघ १९ समय दिनको १ :०० बजे समयावधि १ घण्टा ४५ मिनेट**

- नयाँ संविधानमा समावेश गर्नु पर्ने भाषा सम्वन्धी अवधारणा पत्र तयार गर्न २२ सदस्यीय भाषा सम्वन्धी उपसमिति गठन ।
- सँस्कृतिको संरक्षण र साँस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण सम्वन्धी विषयमा अवधारणा पत्र तयार गर्न २१ सदस्यीय साँस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्वन्धी उपसमितिको गठन ।
- समितिमो कार्यक्षेत्र अन्तरगत आवश्यक प्रश्नावली तयार गर्न १० सदस्यीय प्रश्नावली उपसमिति गठन ।

२२) **बैठक २२ : २०६५ माघ २० समय विहान ८:३० बजे समयावधि २ घण्टा २५ मिनेट**

- भाषा सम्वन्धी मगर भाषा विशेषज्ञ डा. केशरजंङ्ग वरालसंग अन्तरक्रिया ।

२३) **बैठक २३ : २०६५ माघ २३ समय दिनको १२:०० बजे समयावधि ३ घण्टा**

- सास्कृतिक सामाजिक ऐक्यवद्धताका् आधार सम्वन्धमा श्री नजरुल हुँसेन फलाही अमिर र श्री हंडकङ राना मगरसँग अन्तरक्रिया ।

२४) **बैठक २४ : २०६५ माघ २७ समय दिनको १:०० बजे समयावधि ३ घण्टा २५ मिनेट**

- प्रश्नावली उपसमितिका संयोजक मा. श्री कृष्णा ठाकुरद्वारा समिति समक्ष प्रतिवेदन पेश ।
- प्रस्तुत प्रतिवेदन माथि छलफल गरी सामान्य संशोधन सहित प्रतिवेदन पारित ।

२५। **बैठक २५ : २०६५ माघ २९ समय बिहान ८:०० बजे समयावधि ३ घण्टा १५ मिनेट**

- विभिन्न तहका संघीय इकाईहरुमा सरकारी कामकाजको भाषा तोक्ने र भाषाहरुको संरक्षण सम्बन्धमा नेपाल र एशियाली अनुसन्धान केन्द्र र सामाजिक समावेशीकरण अनुसन्धान कोष SIRF/SNV का प्रतिनिधिहरु बीच अन्तरक्रिया तथा छलफल।

२६। **बैठक २६ : २०६५ फाल्गुन १३ समय दिनको १२:०० बजे समयावधि ४ घण्टा ३५ मिनेट**

- भाषा, साहित्य, संस्कृति र सामाजिक ऐक्यवद्धता सम्वन्धमा डा. सुभद्रा दाहाल र श्री सुधा त्रिपाठीसँग अन्तरक्रिया।
- भाषा सम्वन्धी उपसमिति र सांस्कृति र सामाजिक ऐक्यवद्धता सम्वन्धी उपसमितिको समयावधि २०६५ चैत्र मसान्त सम्म समय वढाउने निर्णय।

२७। **बैठक २७ : २०६५ चैत्र १८ समय दिनको १:०० बजे समयावधि ३० मिनेट**

- यस समितिका सदस्य मा.श्री वोध नारायण सरदारको मिति २०६५ फाल्गुन ३० गते मोटर साइकल दुर्घटनामा परी असमायिक निधन भएकोमा शोक प्रस्ताव पारित।

२८। **बैठक २८ : २०६६ बैशाख ४ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा ३५ मिनेट**

- भाषा सम्वन्धी उपसमितिको संयोजकमा मा.श्री गोपाल ठाकुर र सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्वन्धी उपसमितिको संयोजक मा.श्री सुषमा शर्मा घिमिरेलाई सर्व सम्मतले चयन।
- राय सुझाव संकलन टोली द्वारा समतिमा प्राप्त सुझावहरुको विश्लेषण समितिका प्रत्येक माननीय सदस्यहरुले गर्ने निर्णय।

२९। **बैठक २९ : २०६६ बैशाख २० समय दिनको १२:०० बजे समयावधि ४ घण्टा**

- अवधारणा पत्र तयार पार्न गठित उपसमितिहरुको म्याद थप गर्नुका साथै ती उपसमितिहरुलाई आफ्नो विषयवस्तुका सम्वन्धमा संविधानमा समावेश गरीने प्रारम्भिक मस्यौदा समेत तयार पारि समिति समक्ष बुझाउने निर्णय।
- संविधान सभाको बैठकवाट यस समितिमा थप हुनु भएका माननीय सदस्य श्री जयराम यादव र मा.श्री सन्तोष कुमार बुढामगरलाई भाषा सम्वन्धी उपसमितिमा समावेश गर्ने निर्णय।

३०। **बैठक ३० : २०६६ जेष्ठ ११ समय दिनको १:०० बजे समयावधि ४५ मिनेट**

- भाषा सम्बन्धी उपसमितिले तयार पारेको अवधारणा र प्रारम्भिक मस्यौदा उपसमितिका संयोजक मा.श्री गोपाल ठाकुरले पेश गर्नु भएको ।

३१। **बैठक ३१ : २०६६ जेष्ठ १२ समय बिहान ८:३० बजे समयावधि ४ घण्टा**

- भाषा सम्बन्धी उपसमितिले बुझाएको अवधारणा पत्र माथि विस्तृत छलफल ।

३२। **बैठक ३२ : २०६६ जेष्ठ १३ समय बिहान ८:३० बजे समयावधि ५ घण्टा ५ मिनेट**

- भाषा सम्बन्धी अवधारणा पत्र सर्व सम्मतले पारित ।

३३। **बैठक ३३ : २०६६ जेष्ठ १४ समय बिहान ८:३० बजे समयावधि ४ घण्टा ३० मिनेट**

- भाषा सम्बन्धी प्रारम्भिक मस्यौदा माथि छलफल ।

३४। **बैठक ३४ : २०६६ जेष्ठ १५ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा**

- भाषा सम्बन्धी प्रारम्भिक मस्यौदा माथि विस्तृत छलफल ।

३५। **बैठक ३५ : २०६६ जेष्ठ १७ समय बिहान ८:३० बजे समयावधि ४ घण्टा**

- भाषा सम्बन्धी प्रारम्भिक मस्यौदा माथि विस्तृत छलफल ।

३६। **बैठक ३६ : २०६६ जेष्ठ १९ समय बिहान ८:३० बजे समयावधि ३.३० घण्टा**

- सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्बन्धी उपसमितिले बुझाएको संस्कृति सम्बन्धी अवधारणा पत्रमा विस्तृत छलफल ।

३७। **बैठक ३७ : २०६६ जेष्ठ २० समय बिहान ८:०० बजे समयावधि ३ घण्टा ४५ मिनेट**

- सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्बन्धी उपसमितिले बुझाएको संस्कृति सम्बन्धी अवधारणा पत्रमा विस्तृत छलफल ।

३८) **बैठक ३८ : २०६६ जेष्ठ २१ समय बिहान ८:०० बजे समयावधि ३ घण्टा ५० मिनेट**

- सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्वन्धी उपसमितिले वुझाएको संस्कृति सम्वन्धी अवधारणा पत्रमा विस्तृत छलफल र सामान्य संशोधन सहित पारित ।
- अवधारणा पत्रमा भएका केहि राजनैतिक शव्दावलीहरुमा फरक मत दर्ज गर्ने सहमति ।

३९) **बैठक ३९ : २०६६ जेष्ठ २२ समय बिहान ८:३० बजे समयावधि ४ घण्टा**

- सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्वन्धी उपसमितिले वुझाएको सामाजिक ऐक्यवद्धताको आधार निर्धारण सम्वन्धी अवधारणा पत्रमा व्यापक छलफल ।

४०) **बैठक ४० : २०६६ जेष्ठ २३ समय बिहान ८:३० बजे समयावधि ९ घण्टा २५ मिनेट**

- सांस्कृतिक र सामाजिक ऐक्यवद्धता सम्वन्धी उपसमितिले वुझाएको अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा माथि विस्तृत छलफल ।
- अवधारणा पत्र र प्रारम्भिक मस्यौदामा रहेका केही राजनैतिक प्रकतिको शव्दावलीहरुमाथि समितिको अर्को वैठकमा पुनः छलफल गर्ने सहमति ।

४१) **बैठक ४१ : २०६६ जेष्ठ २४ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा २५ मिनेट**

- वैठकमा सांस्कृतिक र सामाजिक ऐक्यवद्धताको आधार निर्धारण सम्वन्धी उपसमितिले तयार गरी समितिलाई वुझाइएको अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा माथि विस्तृत छलफल ।
- समितिलाई प्राप्त हुन आएका अवधारणा पत्र एवं प्रारम्भिक मस्यौदाहरुमा रहेका केहि शव्दहरु (शसस्त्र संघर्ष, शसस्त्र युद्ध तथा जनयुद्ध जस्ता शव्दहरु) माथि पुनः छलफल गरी निष्कर्षमा पुग्ने गरी अवधारणा पत्र तथा प्रारम्भिक मस्यौदा माथिको छलफल सम्पन्न ।

४२) **बैठक ४२ : २०६६ जेष्ठ २५ समय बिहान ८:३० बजे समयावधि २ घण्टा १० मिनेट**

- अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदामा रहेका केही शव्दहरुलाई समझदारी कायम गर्नका लागि आधा घण्टा स्थगित ।

४३) **बैठक ४३ : २०६६ जेष्ठ २५ समय बिहान ११:१५ बजे समयावधि १ घण्टा ५० मिनेट**

- अवधारणा पत्रहरु र अवधारणा पत्रमा आधारित व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदामा रहेका सशस्त्र द्वन्द्व र जनयुद्ध भन्ने शब्दहरु मध्ये सशस्त्र द्वन्द्व वा जनयुद्ध शब्द मध्ये कुन शब्द राख्ने भन्ने सम्बन्धमा मतदान गर्ने निर्णय ।
- मतदान प्रक्रियाद्वारा मत विभाजन गर्दा सशस्त्र द्वन्द्व शब्द राख्ने भन्ने पक्षमा १९ मत र जनयुद्ध शब्द राख्ने भन्ने पक्षमा १२ मत परेको हुनाले समितिले तयार पार्ने अवधारणा पत्रहरु र आवधारणा पत्रमा आधारित व्याख्यात्मक टिप्पणी सहितको प्रारम्भिक मस्यौदामा सशस्त्र द्वन्द्व शब्द राख्ने निर्णय ।

४४) **बैठक ४४ : २०६६ जेष्ठ २६ समय बिहान ९:०० बजे समयावधि २ घण्टा ४५ मिनेट**

- समितिको तर्फबाट संविधान सभामा पेश गरीने अवधारणा पत्रहरु सहितको प्रारम्भिक मस्यौदाको प्रतिवेदनमा रहने प्रारम्भिक भाग समेतका विषय र अनुसूचिमा रहने विषयहरुमाथि विस्तृत छलफल भई पारित ।

४५) **बैठक ४५ : २०६६ जेष्ठ २८ समय बिहान ८:३० बजे समयावधि ३ घण्टा १५ मिनेट**

- समितिले तयार पारेको प्रतिवेदन सम्बन्धमा छलफल ।

४६) **बैठक ४६ : २०६६ जेष्ठ ३१ समय बिहान ८:३० बजे समयावधि २ घण्टा ४५ मिनेट**

- प्रतिवेदनका विषयमा सहमतिका लागि समितिको बैठक आधा घण्टा पछि बस्ने गरि स्थगित ।

४७) **बैठक ४७ : २०६६ जेष्ठ ३१ समय बिहान ११:५० बजे समयावधि १५ मिनेट**

- समितिले तयार पारेको प्रतिवेदन सम्बन्धमा छलफल ।

४८) **बैठक ४८ : २०६६ आषाढ ३ समय बिहान ८:३० बजे समयावधि २ घण्टा ५५ मिनेट**

- समितिले तयार पारेको अवधारणा पत्रहरु सहितको प्रारम्भिक मस्यौदाको प्रतिवेदन पारित भई संविधान सभामा पेश गर्ने निर्णय ।